

१९ औं साधारणसभामा प्रमुख अतिथिबाट संरक्षित पुँजी फिर्ता कोष वितरण गर्दै



बागमती प्रोस्कूनबाट उत्कृष्ट बचत कारोवारको पुरस्कार ग्रहण गर्दै



संघको २० औं स्थापना दिवसको उपलक्ष्यमा उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार प्राप्त संस्थाहरु



नगरस्तरीय ६७ औं राष्ट्रिय सहकारी दिवस मनाउँदै



सञ्चालक क्षमता अभिवृद्धि तालिम




आन्तरिक लेखा परीक्षण तालिम




वार्षिक योजना तथा बजेट निर्माण तालिम



महिला नेतृत्व तथा उद्यमशीलता उत्प्रेरणा तालिम

"दिगो सहकारी विकासका लागि संघ"

आबद्धता

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

## Bhaktapur District Saving & Credit Co-operative Union Ltd.

सूर्यविनायक न.पा.-८, भक्तपुर




# २० औं वार्षिक साधारणसभा

## ANNUAL GENERAL MEETING PROGRESS REPORT 2023/024

## प्रगति प्रतिवेदन २०८०/०८१

२०८१ कार्तिक २२ गते, बिहीबार

नेपाल सम्वत् ११४५, कछला थ्व, षष्ठी, बिहीबाः

website: www.bhaktapurdcu.coop.np

Phone : 01- 6614605, 6614305 (Head Office)
01-6630868 (Service Center, Thimi)
E-mail : bktsaccu@gmail.com/bktsaccuthimi@gmail.com

# सञ्चालक समिति (आ. व. २०७८/७९ - २०८१/०८२)


कृष्णगोविन्द लाखाजू
अध्यक्ष


हरिकृष्ण बल्ल
उपाध्यक्ष


जगनाथ प्रजापति
सचिव


कान्छाभक्त घजू
कोषाध्यक्ष


पञ्चकृष्ण श्रेष्ठ
संचालक सदस्य


कृष्णश्वरी प्रजापति
संचालक सदस्य


काजीबहादुर पञ्च
संचालक सदस्य


इन्द्रप्रसाद ब्यान्जू
संचालक सदस्य


सन्तोषी खतिवडा
संचालक सदस्य

# लेखा सुपरिवेक्षण समिति


बालमुकुन्द उपाध्याय
संयोजक


श्रीप्रसाद त्यातजू
सदस्य


शुशिला पराजुली बराल
सदस्य

## सहकारी समन्वय उपसमिति


हरिकृष्ण बल्ल
संयोजक


सुरेन्द्र था श्रेष्ठ
सदस्य


विवेक श्रेष्ठ
सदस्य


जीवन गिरी
सदस्य


बलराम प्रजापति
सदस्य

## शिक्षा तथा संस्थागत विकास उपसमिति


जगनाथ प्रजापति
संयोजक


विकुलाल सुवाल
सदस्य


चण्डिका छुकां
सदस्य

## अन्तरलगानी तथा वित्तीय सेवा प्रवर्द्धन उपसमिति


कान्छाभक्त घजू
संयोजक


राजाराम गोसाई
सदस्य


राजकुमार लघु
सदस्य

## सदस्यता उपसमिति


पञ्चकृष्ण श्रेष्ठ
संयोजक


योगेन्द्रबहादुर खर्बुजा
सदस्य


निर्मला सुवाल
सदस्य

## महिला सशक्तिकरण उपसमिति


कृष्णश्वरी प्रजापति
संयोजक


निर्जला ढुंगेल
सदस्य


सुवर्णप्रभा गुरागाई
सदस्य

## प्रकाशन उपसमिति


काजीबहादुर पञ्च
संयोजक


शिवराम बोहजू
सदस्य


मोहनकृष्ण प्रजापति
सदस्य

## तालिम व्यवस्थापन उपसमिति


इन्द्रप्रसाद ब्यान्जू
संयोजक


तुल्सीहरि प्रजापति
सदस्य


सत्यनारायण पक्का
सदस्य

द.नं.: ९०/०६१/६२
स्थायी लेखा नं. : ३०१८९२६२३

'दिगो सहकारी विकासका लागि संघ'

आबद्धता NEFSCUN

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
## Bhaktapur District Saving & Credit Co-operative Union Ltd.

च.नं. : ३११/२०८१/०८२ मितिः २०८१/०६/२९

श्री अध्यक्षज्यू,
संघमा आबद्ध बचत तथा ऋण सहकारी संस्था लि.
भक्तपुर

**विषय : २० औं वार्षिक साधारणसभामा उपस्थित हुने बारे ।**

प्रस्तुत विषयमा यस संघको विनियम, २०८० को दफा ३० को उपदफा १ अनुसार मिति २०८१ असोज २२ गतेको सञ्चालक समितिको ७ औं बैठकको निर्णय नं. २ अनुसार २० औं वार्षिक साधारण सभा देहायका विषयमा छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा हुने सहर्ष जानकारी गराउँदछु । सो सभामा त्यस संस्थाबाट एक जना प्रतिनिधि उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ । साथै प्रतिनिधिको विवरण २०८१ कार्तिक १४ गतेभित्र संघमा पठाइदिनुहुन हार्दिक अनुरोध गरिन्छ ।

छलफलका विषयहरु :–
क) आ.व.२०८०/०८१ को वार्षिक प्रगति प्रतिवेदन र आ.व. २०८१/०८२ को प्रस्तावित कार्यक्रमहरु,
ख) आ.व.२०८०/०८१ को आर्थिक प्रगति प्रतिवेदन र आ.व. २०८१/०८२ को अनुमानित बजेट,
ग) आ.व.२०८०/०८१ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन,
घ) आ.व.२०८०/०८१ को बाह्य लेखा परीक्षण प्रतिवेदन,
ङ) आ.व. २०८१/०८२ को लेखापरिक्षक नियुक्ति र निजको पारिश्रमिक तोक्ने,
च) लाभांश प्रस्ताव,
छ) संरक्षित पुंजी फिर्ता सम्बन्धमा,
ज) नीति तथा कार्यविधि सम्बन्धमा,
झ) निर्णय प्रमाणीकरणको लागि प्रतिनिधि चयन,
ञ) विविध ।




कार्यक्रम :–
मिति : २०८१ कार्तिक २२ गते, बिहीबार ।
समय : विहान ७ :३० बजे ।
स्थान : भक्तपुर बैंक्वेट, हाकुफोहिटी, भक्तपुर ।

**जगनाथ प्रजापति**
(सचिव)

**नोट :**
१) संघको विनियम, २०८० को दफा २० बमोजिम आ.व.२०८१/०८२ को सदस्यता नवीकरण तथा नियमित बचत जम्मा भई नसकेको भए सोही मिति भित्र २०८१ कार्तिक मसान्तसम्मको नियमित बचत जम्मा गर्न हार्दिक अनुरोध गर्दछु ।
२) साविककै प्रतिनिधिको हकमा थप विवरण आवश्यक नहुने ।

*Head office:* Suryabinayak-8, Bhaktapur
Tel.: 01-6614305/6614605, E-mail: bktsaccu@gmail.com
*Service Centre:* Thimi-6, Bhaktapur
Tel.: 01-6630868, E-mail: bktsaccuthimi@gmail.com

# अध्यक्षको भनाइ



**कृष्णगोविन्द लाखाजु**
**अध्यक्ष**

राज्यको दस्ताबेजहरूमा सहकारी क्षेत्रलाई महत्व दिएको पाइन्छ । नेपालको संविधान, २०७२ मा राज्यको अर्थ, उद्योग र वाणिज्यसम्बन्धी नीतिमा 'सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने' उल्लेख छ । संविधानको यस धारा अनुसार नेपालको अर्थनीति तीनखम्बे (सरकार, निजी र सहकारी) हो । हुन पनि अहिलेको नेपालको अर्थतन्त्रमा सहकारी क्षेत्रले उल्लेखनीय स्थान ओगटेको छ । विशेष गरी वित्तीय सहकारी संस्थाको भूमिका बढ्दोछ । सहकारीलाई व्यवस्थित नबनाई अब नेपालको अर्थतन्त्र सुदृढ हुन सक्दैन ।

सहकारी संस्था सङ्ख्यात्मकभन्दा गुणात्मक हुनुपर्ने बहस चल्दैछ । सहकारीमा सुदृढीकरण पनि आवश्यक छ । समाजमा आर्थिक तथा सामाजिक विकासमा टेवा पुऱ्याउनुपर्ने, सहकारी क्षेत्रमा व्यक्तिगत आर्थिक स्वार्थसिद्ध गर्न पल्केका ठूलठूला पुँजीपतिहरू र राज्यमा पहुँच भएका राजनैतिक नेताहरू समेतले सहकारीमार्फत बचत दुरूपयोग गरेका खबरले सहकारीक्षेत्र अहिले आक्रान्त छ । राज्यले सहकारी क्षेत्रमा देखापरेका समस्या समाधान गर्न पटक, पटक आयोग, कार्यदलहरू गठन गरेका छन्, तर त्यसले दिएका सुझावहरू कार्यान्वयन हुन सकेका छैन ।

सहकारी क्षेत्रलाई बलियो र भरपर्दो बनाउनका लागि अभियान नै अग्रसर भएर लाग्नुपर्ने भएको छ । सहकारीको अन्तराष्ट्रिय छैठौं सिद्धान्त 'सहकारी सहकारीबीच पारस्परिक सहयोग' हो । उक्त सिद्धान्त बमोजिम एक आपसमा सहयोग पुऱ्याउन जिल्ला, प्रदेश, केन्द्रिय र महासंघ जस्ता संरचनाहरू बनेका छन् । हामी बिषयगत जिल्लास्तरीय सङ्घको भूमिकामा छौं । सहकारीलाई समुदाय र सदस्यमा आधारित हुनुपर्ने कुरामा जोड दिइरहेका छौं । यसका लागि बहस र पैरवी जारी छन् । सहकारी क्षेत्रमा समय समयमा विभिन्न समस्या आउने गरेको छ । त्यसलाई हल गर्न अभियानको एउटा साझा जिम्मेवारीको रूपमा कार्य गर्दैछौं । बचत तथा ऋण सहकारीमा आइक्यानले लेखा परीक्षणको न्युनतम शुल्क अत्याधिक बढाएको र ऋण लगानी गर्दा धितो बन्धकीमा मालपोत कार्यालयमा अत्याधिक शुल्क तोकिएकोमा हाम्रो सङ्घ समेतको पहलमा आइक्यानबाट लेखापरीक्षण न्युनतम शुल्क संसोधन हुने र मालपोत कार्यालयले शुल्क नलिने भएको छ ।

सदस्य संस्थाको आर्थिक कारोवारमा सहजता पुऱ्याउन सङ्घले अन्तरलगानी कार्यक्रम गर्दै आएको छ । सदस्य संस्थाहरूको क्षमता बृद्धि र संस्थागत विकासका लागि तालिमहरू पनि नियमित रूपमा हुँदै आएको छ । सदस्य संस्थाहरूको अवस्था र समग्र विश्लेषणका लागि सर्भे गर्ने कार्य पनि भएका छन् । आत्मनिर्भर सङ्घको रूपमा परिचित यस सङ्घलाई यस वर्ष बागमती प्रदेश बचत तथा ऋण सहकारी संङ्घबाट प्रदेश भित्रको उत्कृष्ट र नेपाल बचत तथा ऋण केन्द्रीय सङ्घ (नेफ्स्कुन)बाट देशभरिको उत्कृष्ट जिल्ला बचत सङ्घ घोषणा गरिएको छ । त्यसको उपलक्ष्यमा सवै सदस्य संस्था र सम्बन्धित सबैमा बधाई र आभार प्रकट गर्दछु ।

★

# प्रतिबद्धता



**बालकृष्ण धोजु**
**प्रमुख कार्यकारी अधिकृत**

समुदायको आर्थिक, सामाजिक र सांस्कृतिक उत्थानको संवाहक सहकारी हो । सहकारीले बैंकिङ कारोबार गर्दैन । सहकारीले सदस्यबिचमा मात्र बचत सङ्कलन र ऋण लगानी गर्ने कार्य गर्दछ । सदस्यको व्यक्तित्व, सिप, क्षमता अभिवृद्धिलगायतका लागि कार्य गर्दछ । सहकारीको सञ्चालनका आफ्नै विधि र पद्धति छ । सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ बमोजिम सहकारी स्थापना र सञ्चालन हुन्छ । संस्थामा स्विकृत विनियम हुन्छ । विनियमअन्तर्गत नीति र कार्यविधिहरू बनाइएका हुन्छन् । यसैबाट संस्था सञ्चालनको विधि स्थापित हुन्छ ।

सहकारीलाई स्वनियम र स्वायत्तताको नाममा निजी स्वार्थ परिपूर्तिको माध्यम बनाइनु हुँदैन । सदस्य केन्द्रीत सेवा र सञ्चालन नै सहकारी हो । सहकारीलाई संगठित, मर्यादित र व्यवसायीक बनाउन सम्पूर्ण सहकारीकर्मीहरू र व्यवस्थापन एकजुट हुनुपर्दछ । सहकारीका ऐन, नियम र विनियम बमोजिम संघ सञ्चालनमा व्यवस्थापन प्रतिबद्ध छ ।

संघले सदस्य संस्थाहरूको संवर्धन र प्रवर्धनका लागि कार्य गर्दै आइरहेको छ । सदस्य संस्थाहरूको संस्थागत र जनशक्ति विकासका लागि निरन्तर तालिम कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । सहकारीमैत्री कानुन निर्माण तथा संशोधनका लागि कानुनी बहस पैरवी कार्यलाई निरन्तरता दिइएको छ । सदस्य संस्थाहरूको माग बमोजिमका तालिम, गोष्ठी र अन्तर्क्रिया मार्फत सदस्य संस्थालाई सुसूचित गर्ने कार्य भइरहेको छ ।

संघ सदस्य संस्थाको वित्तीय विश्वसनीयताको स्रोत बनेको छ । सदस्य संस्थाको तरलता व्यवस्थापनमा संघले विशेष जोड दिएको छ । सहकारी ऐन, कानुन अनुसार संघको विनियम, नीति तथा कार्यविधिहरूको पुनर्लेखन गर्ने कार्य भएको छ । सदस्य संस्थाको चाहना अनुसारको वस्तु तथा सेवाको निर्माण र सञ्चालनमा प्रतिबद्ध छौं । संघले भौतिक तथा प्राविधिक विकासलाई जोड दिदै आएको छ । जस अनुरुप संघले एम आइ एस सहितको कर्जा सूचना प्रणालीको विकासका लागि कार्य गरिरहेको छ ।

सहकारीमा देखिएको सङ्कट र जोखिमको मापन गर्न सदस्य संस्थाको सर्वेक्षण गरिएको छ । सर्वेक्षणको नतिजाअनुसार संघले कार्य योजना बनाई व्यवसायिक दक्षता प्रदर्शनमा प्रतिबद्ध छौं । महाभुकम्प, कोभिड, बाढी पहिरो, डुबान जस्ता विषम परिस्थितीहरूको सामना गर्दै संयमित भई निरन्तर संस्था सञ्चालनमा रहेको छ । हालको विषम परिस्थितिमा पनि संयमता अपनाई सदस्यको दु:ख सुखको सारथीको रूपमा सहकारीलाई अगाडि बढाउने कार्यमा क्रियाशिल छौं । सहकारीको विकास तथा प्रवर्धनमा रचनात्मक भूमिकाका साथै दक्षता प्रदर्शनमा प्रतिबद्ध छौं ।

★

# प्रगति प्रतिवेदन तथा प्रस्तावित कार्यक्रमहरू



**जगनाथ प्रजापति**
**सचिव**

सभाध्यक्ष महोदय,

प्रमुख अतिथि, अतिथि, साधारण सभामा पाल्नुभएका प्रतिनिधि तथा पर्यवेक्षक मित्रहरू, पत्रकारबन्धु तथा शुभेच्छुक महानुभावहरू ।

अर्थतन्त्रको तेस्रो खम्बाको रूपमा लिइएको सहकारी क्षेत्रले राज्यलाई सकारात्मक रूपमा पुऱ्याएको आर्थिक, शैक्षिक, सामाजिक, सांस्कृतिक योगदानको चर्चा भन्दा यसका नकारात्मक समाचारहरूले प्रसय पाएको छ । सहकारीकै कारणले सदनदेखि सडक तातिरहेको छ । सिनेमाको दृश्य झैं देखिने सहकारी ठगी, नक्कली भौचर, नक्कली ऋण खाता, नक्कली सम्बन्धविच्छेद आदि कतै सहकारी क्षेत्रलाई निमिट्यान्न पार्ने सुनियोजित षड्यन्त्र त होइन? सहकारीका ठगहरूलाई राजनैतिक संरक्षण नदिई हदैसम्मको कार्बाही गर्ने हो भने सहकारी क्षेत्रको धेरै समस्या समाधान हुन्थे । राजनैतिक दलका नेता, सभासद, मन्त्रीहरू नै प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहकारी ठगीमा संलग्न भएकोले यसको दीर्घकालीन समाधान गर्न कठोर कदम चाल्न विलम्ब गर्नु हुँदैन ।

सहकारी क्षेत्रको समस्या समाधान गर्न धेरै आयोगहरू गठन भई प्रतिवेदन बुझाउने काम मात्र भयो तर ती आयोगहरूले दिएका सुझावहरू कार्यान्वयन गर्नेतर्फ सरकार कहिल्यै लागेन । ती सुझावहरू रद्दीको टोकरीमा मिल्काइयो र परिणाम आज हामी भोग्दैछौं । विभिन्न कार्यदलहरूले दिएको सकारात्मक सुझाव कार्यान्वयनमा विलम्ब गर्नु हुँदैन भने हाम्रो मान्यता छ ।

देशभर कुन प्रकृतिको कतिवटा सहकारी संस्था विद्यमान छन् भन्ने यकिन तथ्याङ्क सहकारी विभाग र प्रदेश सहकारी विभाग एवम् स्थानिय नियामक निकायसँग समेत नभएको गुनासो रहेको वर्तमान अवस्थामा सिमित स्रोत साधनबाट सहकारी क्षेत्रको अनुगमन निरीक्षण र नियन्त्रण कठिन रहेको छ । तसर्थ सहकारी क्षेत्रको अनुगमन तथा निरीक्षणको लागि आवश्यक जनशक्ति स्रोत साधन सहित छुट्टै संयन्त्र तत्काल परिचालन गर्नु आजको आवश्यकता हो ।

सहकारी समुदायद्वारा समुदायको निम्ति परिचालित संस्था हो । सहकारी ऐन, २०७४ मा समेत दृष्टिबन्धक पारित गर्दा कुनै पनि दस्तुर लिने छैन भन्ने उल्लेख हुँदाहुँदै पनि बागमती प्रदेश सरकारले पटक-पटक ऐन निर्माण गरी दृष्टिबन्धकी पारित गर्दा साविकभन्दा १५ गुणाभन्दा बढी रकम लिने गरिएको थियो । त्यसविरूद्ध यस संघलगायतले मुद्दा दर्ता गरी छुट मिनाहा गरिएको यहाँहरूमा जानकारी गराउँदछु ।

यस संघले व्याज कर एकपटक मात्र लिनुपर्दछ भन्ने मान्यता बोकेको छ । त्यसअनुसार प्रारम्भिक, संघ, प्रदेश र केन्द्रीय संघले जम्मा गरेको बचतमा दोहोरो व्याजकर लगाउनु हुँदैन भन्ने हाम्रो मान्यता हो । समुदायमा आधारित सहकारी संस्थाको छाता संघ रहेको हुँदा संघले अनुगमन तथा निरीक्षणपश्चात् मात्र सदस्यता प्रदान गरेको छ । साथै प्रारम्भिक संस्थाहरूको नियमित अनुगमन कार्यलाई निरन्तरता दिएको छ । यस वर्ष सदस्य संस्थाहरूको सांगठनिक, आर्थिक, जोखिम, सुशासन र सामाजिक उत्तरदायित्वको अवस्थाबारेमा आबद्ध संस्थाहरू मध्ये २०० वटा संस्थाहरूको स्थलगत सर्वेक्षण गरियो । उक्त सर्वेक्षणबाट प्राप्त नतिजाको मूल्याङ्कन गरी आगामी दिनमा संस्थाहरूको सबलीकरण र जोखिम न्यूनीकरणका योजना तथा कार्यक्रम निमार्ण गर्ने व्यहोरा अनुरोध छ । साथै सर्वेक्षणको प्रारम्भिक विवरण सहकारी बुलेटिनमा प्रकाशित गरिएको छ ।

अब म आ.व. २०८०/०८१ को संघको वार्षिक प्रगति प्रतिवेदन यहाँहरूसमक्ष संक्षेपमा प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**१. साधारणसभाको समीक्षा**

संघको उन्नाइसौं वार्षिक साधारण सभा मिति २०८० मंसिर ९ गते भक्तपुर बैक्वेट, हाकुफोहिटी, भक्तपुरमा कुल २०४ सदस्य संस्थामध्येबाट १५७ वटा संस्था (७६.९६ प्रतिशत) सदस्य संस्थाका प्रतिनिधिहरूको उपस्थितिमा सम्पन्न भयो । संघको १९ औं वार्षिक साधारणसभा सञ्चालक समितिका अध्यक्ष कृष्णगोविन्द लाखाजूको अध्यक्षतामा र नेपाल मजदुर किसान पार्टीका केन्द्रीय अध्यक्ष श्री नारायणमान बिजुक्छेँको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।

**२. सदस्यता**

समुदायमा आधारित बचत तथा ऋण सहकारी संस्थाहरूको साझा संगठनको रूपमा अगाडि बढिरहेको यस संघले ऐच्छिक तथा खुल्ला सदस्यता सिद्धान्तलाई अंगिकार गरी समुदायमा आधारित भई सहकारी मूल्य, मान्यता र सिद्धान्तअनुरूप सञ्चालनको सुनिश्चितता कायम गर्ने आवेदक संस्थाहरूको स्थलगत निरीक्षण पश्चात् सदस्यता प्रदान गर्दै आईरहेको छ । आ.व. २०७९/०८० मा २०२ वटा सदस्य रहेकोमा यस आ. व. मा देहाय २ वटा थप हुँदा जम्मा २०४ वटा सदस्य संख्या कायम भएको जानकारी गराउँदछु ।

**नयाँ सदस्यता**

| संस्थाको नाम | ठेगाना |
|---|---|
| १. सारथी बचत तथा ऋण सहकारी संस्था लि. | मथिनपा १, लोकन्थली |
| २. न्हुज बचत तथा ऋण सहकारी संस्था लि. | भनपा ७, गोलमढी |

**३. वित्तीय प्रगति**

संघको २० औं वार्षिक साधारण सभा समक्ष प्रस्तुत भएको वार्षिक योजना तथा कार्यक्रमबाट आर्थिक मन्दीको अवस्थामा पनि देहायका व्यावसायिक लक्ष्य प्राप्ति गर्न संघ सक्षम भएको छ ।

| क्र.सं. | शिर्षक | लक्ष्य | उपलब्धी | |
|---|---|---|---|---|
| | | | अंकमा रू. | प्रतिशत |
| १ | शेयर पुँजी | ७,९९,००,०००.०० | ७,७१,३४,४००.०० | ९७% |
| २ | कुल बचत निक्षेप | २,२३,७४,००,०००.०० | ३,२९,०९,७६,८५६.२८ | १४७% |
| ३ | कुल ऋण लगानी | १,२३,००,००,०००.०० | ३९,४६,७७,६७३.१९ | ३२% |
| ४ | कुल सम्पत्ति | २,४५,०५,००,०००.०० | ३,५१,४३,०३,०३५.६७ | १४३% |
| ५ | कुल बचत | ३,९०,८०,०००.०० | ५,९६,८१,५०४.८३ | १५३% |

## ४. तालिम तथा कार्यक्रम

संघको प्रमुख सेवाहरू मध्ये तालिम तथा शिक्षा कार्यक्रम पनि हो । सदस्य संस्थाहरूको संस्थागत तथा व्यावसायिकता विकास हुने तालिम तथा कार्यक्रमहरू गर्दै आइरहेको यहाँहरूमा सर्वविदितै छ । यस आ.व.मा निर्वाचनसहितको साधारण सभा सम्पन गरेका सदस्य संस्थाहरूलाई निःशुल्क प्रशिक्षक सहयो गमा सदस्य सक्षमता विकास तालिम उपलब्ध गराउने योजनाबमोजिम ५ वटा संस्थालाई प्रशिक्षक सहयोग उपलब्ध गराएको छ । आ.व. २०८०/०८१ मा सम्पन्न तालिम तथा शिक्षा अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

## ५. कार्यालय सञ्चालन तथा कर्मचारी व्यवस्थापन

कार्यालय समय बिहान १०:०० बजे देखि बेलुकी ५:०० बजेसम्म सार्वजनिक बिदाबाहेक हरेक दिन कार्यालय सञ्चालन हुदैं आएको छ । संघले सेवा केन्द्र र मुख्य कार्यालयमा संघको कर्मचारी प्रशासन नीति २०६८ (संशोधन सहित) बमोजिम कर्मचारी व्यवस्थापन गरिएको छ । हाल संघको कार्यालय दैनिक प्रशासन सहजताको लागि कार्यविभाजनसहितको १० जना कर्मचारीहरू व्यवस्थापन गरिएको छ ।

## ६. संघ/संस्थाको साधारण सभामा सहभागिता

सदस्य संघ/संस्थाहरूको साधारण सभामा संघको प्रतिनिधित्व अनुसूची २ मा प्रस्तुत गरिएको छ ।

## ७. सूचना तथा प्रकाशन

आम जनमानस र सदस्य संस्थाहरूमा छिटो, छरितो तरिकाले संघ र माथिल्लो संघका सूचना सम्प्रेशन गर्न आधुनिक सञ्चारका माध्यम ईमेल bktsaccu@gmail.com / bktsaccuthimi@gmail.com, फेसबुक www.facebook.com/bktsaccu र वेवसाइट www.bhaktapurdcu.coop.np का साथै पत्रपत्रिकाहरूको उपयोगका साथै संघ एवम् सदस्य संस्थाहरूको गतिविधिहरूलाई प्रोत्साहित गर्न सहकार्य बुलेटीन प्रकाशन गर्दै आइरहेको कुरा अवगत गराउँदछु । संघको आर्थिक एवम् अन्य गतिविधिहरूलाई सदस्य समक्ष पारदर्शिताको लागि वार्षिक प्रगति प्रतिवेदन प्रकाशित गर्दै आईरहेको छ ।

## ८. समिति तथा उपसमितिको बैठक सङ्ख्या

आ.व. २०८०/०८१मा समिति, उपसमितिको बैठक निम्नअनुसार भएको छ ।

| क्र.सं. | विवरण | बैठक सङ्ख्या |
|---|---|---|
| १ | सञ्चालक समिति | २० |
| २ | लेखा सुपरिवेक्षण समिति | ५ |
| ३ | सहकारी समन्वय उपसमिति | ३ |
| ४ | शिक्षा तथा संस्थागत विकास उपसमिति | ४ |
| ५ | अन्तरलगानी तथा वित्तीय सेवा प्रवर्द्धन उपसमिति | १२ |
| ६ | प्रकाशन उपसमिति | २ |
| ७ | महिला सशक्तिकरण उपसमिति | ४ |
| ८ | सदस्यता उपसमिति | २ |
| ९ | तालिम व्यवस्थापन उपसमिति | ३ |
| १० | भक्तपुर नगर सहकारी समन्वय उपसमिति | ५ |
| ११ | मध्यपुर थिमि नगर सहकारी समन्वय उपसमिति | २ |
| १२ | सूर्यविनायक नगर सहकारी समन्वय उपसमिति | १ |
| १३ | चाँगुनारायण नगर सहकारी समन्वय उपसमिति | २ |
| १४ | पदपूर्ति उपसमिति | ४ |
| १५ | बजेट उपसमिति | १ |

**९. कार्यक्रममा सहभागिता**

विभिन्न संघ/संस्थाद्वारा आयोजित कार्यक्रमहरूमा संघको सहभागिता अनुसूची ३ मा प्रस्तुत गरिएको छ ।

**१०. राष्ट्रिय सहभागिता**

संघले सहकारीका राष्ट्रिय तालिम, गोष्ठी र कार्यक्रममा सहभागिता जनाउँदै आइरहेको छ । यस वर्ष राष्ट्रिय कार्यक्रमहरूमा सहभागी भएको कार्यक्रमको विवरण अनुसूची ४ मा प्रस्तुत गरिएको छ ।

**११. नीति तथा कार्यविधि पुनर्लेखन सम्बन्धमा**

हाल सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ जारी भएको अवस्थामा संघको विनियम पुनर्लेखन भई नियामक निकायबाट स्विकृति प्राप्त भइसकेको व्यहोरा यस सम्मानित सभामा जानकारी गराउँदछु । पुनःलिखित विनियम अनुसार संघको विद्यमान नीतिहरू पनि पुनर्लेखन गरी पारितका लागि यस सम्मानित सभामा पेश गर्दछु ।

क) आन्तरिक सुशासन नीति, २०८१
ख) सदस्यता सम्बन्धी कार्यविधि, २०८१
ग) बचत नीति, २०८१
घ) ऋण नीति, २०८१
ङ) कर्मचारी प्रशासन नीति, २०८१
च) आर्थिक प्रशासन नीति, २०८१
छ) निवार्चन निर्देशिका, २०८१
ज) सेवा केन्द्र स्थापना तथा सञ्चालन कार्यविधि, २०८१
झ) तालिम/गोष्ठी सञ्चालन निर्देशिका, २०८१
ञ) सदस्य संस्था नीरीक्षण तथा अनुगमन नीति, २०८१

**१२. भावी कार्यक्रमहरू**

संघको आ.व. २०८१/०८२ को प्रस्तावित कार्यक्रमहरू अनुसूची ५ मा प्रस्तुत गरिएको छ ।

**१३. सहकारी दिवस कार्यक्रम**

संघले हरेक वर्ष राष्ट्रिय सहकारी दिवस बृहत प्रभातफेरी कार्यक्रमका साथ मनाउँदै आइरहेकोमा आ.व २०८०।०८१ मा २०८० चैत्र २० गते ६७ औँ राष्ट्रिय सहकारी दिवस भक्तपुर जिल्लाका चार वटै नगरमा एकै समयमा नगर प्रमुखहरूको आतिथ्यतामा नगरस्तरीय प्रभातफेरी कार्यक्रमसहित मनाइएको थियो । संघको नगर सहकारी समन्वय उप-समिति समेतको समन्वयमा मध्यपुर थिमि, सूर्यविनायक, चाँगुनारायण नगरपालिकाको आयोजनामा आयोजना प्रभातफेरी सम्पन्न भएको थियो । भक्तपुर नगरपालिकामा संघको भक्तपुर नगर सहकारी समन्वय उपसमितिको आयोजनामा र भक्तपुर नगरपालिकाको समन्वयमा प्रभातफेरी कार्यक्रम भक्तपुरको टौमढीमा संघका सचिव जगनाथ प्रजापतिको सभापतित्वमा र भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यतामा सम्पन्न गरेको थियो । सो कार्यक्रममा जिल्ला सहकारी संघ र विषयगत जिल्ला संघहरूको आतिथ्यतामा ७१ वटा संस्थाहरूबाट करिब २००० जनाको उपस्थिति रहेको थियो ।

**१४. स्थापना दिवस**

संघको २०औँ स्थापना दिवस मिति २०८१ बैशाख २१ गते भक्तपुर बैक्वेट, हाकुफोहिटी, भक्तपुरमा सञ्चालक समितिका अध्यक्ष कृष्णगोविन्द लाखाजूको अध्यक्षता र नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.को अध्यक्ष श्री चन्द्रप्रसाद ढकालको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । सो दिवस

"सहकारी संस्थामा तरलताको स्थिति र समस्या समाधानका उपायहरू" विषयक अन्तरक्रिया कार्यक्रम सहित मनाइयो । साथै संघले सहकारी दिवसमा घोषित सदस्य संस्थाहरूलाई पुरस्कार वितरण कार्यक्रम गरेको थियो ।

**१५. सदस्य सम्मान तथा पुरस्कार**

संघको सदस्य संस्थाहरूमध्ये वित्तीय तथा अन्य क्रियाकलापमा सहकारी अभियानमा अनुकरणीय कार्य गर्ने संस्थालाई उत्कृष्ट सहकारी व्यवसाय पुरस्कृत गर्ने उद्देश्यले संघको उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार कार्यविधि, २०७८ (संशोधन) बमोजिम मूल्याङ्कनबाट बढी अंक प्राप्त गर्ने सफल तपसिलका सदस्य संस्थाहरूलाई संघको स्थापना दिवसमा पुरस्कृत गरियो । साथै सहकारी दिवसको उपलक्ष्यमा आयोजित प्रभातफेरी कार्यक्रममा उत्कृष्ट सहभागिता जनाउने तपसिलका संस्थाहरूलाई प्रशंसा पत्र तथा पुरस्कार वितरण गरेको थियो ।

**तपसिल**

| क्र.सं. | पुरस्कारको विधा | पुरस्कृत संस्था |
|---|---|---|
| १ | जिल्लास्तरीय उत्कृष्ट सहकारी व्यवसाय | चमेली कल्याणकारी बचत तथा ऋण सहकारी संस्था लि. सू.न.पा. १ |
| २ | भक्तपुर नगरस्तरीय उत्कृष्ट सहकारी व्यवसाय | इन्द्रायणी बचत तथा ऋण सहकारी संस्था लि, भ.न.पा. २ |
| ३ | मध्यपुरथिमि नगरस्तरीय उत्कृष्ट सहकारी व्यवसाय | महालक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि., म.थि.न.पा. ८ |
| ४ | सूर्यविनायक नगरस्तरीय उत्कृष्ट सहकारी व्यवसाय | शुभकामना बचत तथा ऋण सहकारी संस्था लि, सू.न.पा. ६ |
| ५ | चाँगुनारायण नगरस्तरीय उत्कृष्ट सहकारी व्यवसाय | सयपत्री बचत तथा ऋण सहकारी संस्था लि, चा.न.पा.-९ |
| ६ | ६७ औँ सहकारी दिवस प्रभातफेरी उत्कृष्ट सहभागिता | भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि. सू.न.पा.-९ |
| ७ | ६७ औँ सहकारी दिवस प्रभातफेरी उत्कृष्ट सहभागिता | बालाखु गणेश बचत तथा ऋण सहकारी संस्था लि. भ.न.पा.-२ |
| ८ | ६७ औँ सहकारी दिवस प्रभातफेरी उत्कृष्ट सहभागिता | कमलविनायक बचत तथा ऋण सहकारी संस्था लि. भ.न.पा.-१० |

**१६. सेवा केन्द्र**

संघको सेवालाई विस्तार गर्न सदस्य सेवा केन्द्र मध्यपुर थिमि नगरपालिका वडा नं. ६, पाटी विहार भक्तपुरमा निरन्तर सञ्चालनमा रहेको छ ।

**१७. बहस पैरवी पहलकदमी**

क) मिति २०८० असोज ६ गते र २०८० मंसिर २६ गते सहकारी विभागमा पछिल्लो अद्यावधिक भएको कोपोमिसमा प्रारम्भिक संस्था आबद्ध रहेको संघ छनोट गर्नेमा जिल्ला तहको संरचना हटाई प्रदेश, केन्द्रीय र राष्ट्रिय सहकारी बैंकको संरचना मात्र रहेकोमा वागमती प्रदेशका जिल्ला बचत तथा ऋण सहकारी संघहरूको ध्यानाकर्षण गराएको छ । जुन हाल सो प्रणालीमा छुट भएको व्यहोरा सच्याइसकेको छ ।

ख) सहकारी विभागबाट मिति २०८०/०८/१० गते सहकारी ऐन, २०७४ को दफा ४१ को उप दफा ५ मा हुँदै नभएको कुनै प्रारम्भिक संस्था वा विषयगत जिल्ला वा प्रदेश संघको सञ्चालक केन्द्रीय संघमा निर्वाचित

भई निर्वाचित पदको सपथ ग्रहण लिएपछि त्यसअघिको कायम रहेको संस्थाको सञ्चालक समितिको पद स्वत नरहने व्याख्याले समग्र सहकारी अभियानलाई कमजोर बनाउने गरी गरेको व्याख्याप्रति महासंघ मार्फत सहकारी विभागको ध्यानाकर्षण गराएको छ ।

ग) मिति २०८१ पौष ९ गते राष्ट्रिय सहकारी महासङ्घमा सहकारी क्षेत्र सुधार कार्यदलको प्रतिवेदनले दिएका सुझावहरूको तत्काल कार्यान्वयन गर्न/गराउन ध्यानाकर्षण गराएको छ ।

घ) मिति २०८१ असार ९ गते, संघको आयोजनामा जिल्ला सहकारी संघ लि. बिच सहकारी अभियानका बारेमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

ङ) मिति २०८१ असार ११ गते, संघको आयोजनामा जिल्लागत सहकारी अभियानका विषयमा बागमती प्रदेशका जिल्ला बचत संघहरूबिच अर्न्तक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

च) मिति २०८१ असार १२ गते सहकारी कर्जा सूचना केन्द्र स्थापना, कर्जा असुली न्यायाधीकरणको गठन, बचत सुरक्षण कोष लगायतका महत्वपूर्ण विषयहरू कार्यान्वयनमा महासंघले नीति तथा कार्यविधि मस्यौदा बनाई तत्काल लागू गर्न राज्यलाई दबाव दिन राष्ट्रिय सहकारी महासंघलाई ध्यानाकर्षण गराएको थियो ।

## १८. सुसूचित अभियान

क) मिति २०८०भाद्र २० गते "सहकारी सम्बन्धी अवधारणागत गोष्ठी २०८० अर्न्तगत नेपाल वित्तीय प्रतिवेदनमान, सामाजिक सुरक्षा कोष, स्थिरीकरण कोष र कर्जा जानकारी केन्द्र विषयमा गोष्ठी सम्पन्न गरेको थियो । सङ्घको सञ्चालक समितिका अध्यक्ष कृष्णगोविन्द लाखाजूको अध्यक्षतामा टिप्पणीकर्ताको रूपमा काठमाडौं, ललितपुर, काभ्रेपलाञ्चोक, दोलखा जिल्ला बचत तथा ऋण सहकारी संघ लि. का अध्यक्षज्यूहरू रहेको उक्त कार्यक्रममा १५१ जनाको उपस्थिति रह्यो । उक्त कार्यक्रम तपसिलका ७ बुँदे निष्कर्ष सहित सम्पन्न भएको थियो ।

- नेपाल चार्टड एकाउन्टेन्स संस्थाले वित्तीय कारोवार गर्ने संस्थाहरूले नेपाल वित्तीय प्रतिवेदनमान अनुसार लेखापरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, सो प्रतिवेदनमा जारी निर्देशन अनुसार संस्थाका सञ्चालक, लेखा सुपरिवेक्षण समिति र कर्मचारीहरूले अध्ययन गर्ने गराउने र ५० करोड भन्दा बढी वासलात भएका संघ संस्थाले व्यवहारमा ल्याउन आवश्यक प्रबन्ध मिलाउने ।

- सहकारी संस्थामा कार्यरत कर्मचारीहरूको सुरक्षाका लागि संस्था सामाजिक सुरक्षा कोषमा आवद्ध हुन आवश्यक छलफल गरी प्रक्रिया अघि बढाउने ।

- सहकारीको रक्षा कवज स्थिरीकरण कोषमा आवद्ध भएपछि सहि समयमा अनुगमन र सहकारीमा समस्या पर्ना साथ स्थिरीकरण कोषले संस्थाको जिम्मा लिने व्यवस्था हुने गरी कोषमा आवद्ध हुने ।

- सहकारी कर्जा सूचना केन्द्र स्थापना नभएको अवस्थामा विद्यमान कर्जा सूचना केन्द्रमा सहकारीको सूचनाको पहुँच पुन्याउनुपर्ने र विद्यमान विकल्पहरूमध्ये उपयुक्त विकल्प मार्फत कर्जा सूचनाको जानकारी सुनिश्चित गर्ने ।

- सहकारीले पालना गर्नुपर्ने कानुनी उत्तरदायित्व सुसूचित भई सो परिपालना गर्दै साझा धारणाको विकास, प्रवर्धन, अन्तरक्रिया र गोष्ठी कार्यक्रम सञ्चालन गरी कार्यान्वयनमा प्रतिबद्ध हुने ।

- सहकारीको हालको विषम परिस्थितिमा सहकारीको बचत सुरक्षाको लागि जोखिम मूल्याङ्कन गरी न्यूनीकरणको लागि सामूहिक छलफल, सहकार्य र असल अभ्यासको आदान प्रदान गर्ने ।

- सहकारीको असल अभ्यास मार्फत सदस्यको सेवा सुविधा एवं सदस्यको आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा जोड दिई सदस्यको बचत सुरक्षाको प्रत्याभूति दिने ।

ख) मिति २०८० पौष १५ गते सहकारी समन्वय उपमसतिको आयोजनामा सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८० को प्रतिवेदन विषयक अन्तरक्रिया तथा सहकारी ऐन, २०७४ परिमार्जनका लागि सुझाव सङ्कलन कार्यक्रम नेफ्स्कूनका अध्यक्ष चन्द्रप्रसाद ढकालको प्रमुख आतिथ्यतामा सम्पन्न भयो । सो कार्यक्रममा १४९ जनाको उपस्थिति रह्यो ।

## १९. करमा योगदान

आयकर ऐन, २०५८ अनुसार राज्यलाई बुझाउनुपर्ने सम्पुर्ण कर महिना महिनामै बुझाई मासिक इटिडिएस समेत गर्दै आएको छ । यस वर्ष संघले राज्यलाई ब्याजकर, भत्ता कर, सामाजिक सुरक्षा कर, आय कर लगायत कुल रू. ३,२८,६४,८१८.०३ (तीन करोड अठाईस लाख चौसाठी हजार आठ सय अठार रूपैँया तीन पैसा मात्र) रकमको योगदान गरेको व्यहोरा जानकारी गराउन चाहन्छु ।

## २०. संस्था अनुगमन

संघले सदस्य संस्थाको अनुगमन तथा निरीक्षणको लागि छुट्टै कार्यविधि बनाई अनुगमन गर्ने कार्यलाई निरन्तरता दिइएको छ । संघले सदस्यता आबेदक संस्थाको स्थलगत अनुगमन र पहिलो चोती ऋण माग गर्ने ऋणी संस्थाको समेत अनुगमन गरी सदस्यता र ऋण प्रदान गर्ने गरेको छ । साथै नगरपालिकाको अनुगमन तथा निरीक्षणमा संघलाई समेत संलग्न गराई अनुगमन गरेको छ । संघले यस वर्ष तपसिल बमोजिम १० वटा संस्थालाई अनुगमन तथा निरीक्षण गरेको छ ।

तपसिल

| क्र.सं. | अनुगमन तथा निरीक्षण | संख्या |
|---|---|---|
| १ | संघको अनुगमन टोलीबाट | ३ वटा |
| २ | वित्तीय सेवा प्रवर्द्धन उपसमितिबाट | ५ वटा |
| ३ | सदस्यता उपसमितिबाट | २ वटा |

## २१. संघको अनुगमन

संघ नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि., बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. र राष्ट्रिय सहकारी महासंघमा आबद्ध भई सहकारी अभियानमा ऐक्यबद्धता जनाउँदै आएको छ । सहकारीको उपल्लो संघ बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.बाट मिति २०८१ असार ५ गते कार्यक्रम अधिकृत नवराज घोरसाइने र व्यवसाय अधिकृत सुदर्शन दाहालको नेतृत्वमा संघको स्थलगत निरीक्षण भएको थियो ।

## २२. पुरस्कृत

संघले आ.व. २०८०/०८१ मा वागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.मा आबद्ध संघ संस्थाहरूमध्येबाट उत्कृष्ट बचत कारोबार गर्ने संघको पुरस्कार प्राप्त गर्न सफल भएको छ ।

अन्त्यमा, संघले अन्तरलगानी, तालिम र अभियानलाई महत्व दिदैं आफ्ना क्रियाकलापहरू अगाडि बढाइरहेको छ । तसर्थ २० औँ वार्षिक साधारण सभामा प्रस्तुत गरिएका आ. व. २०८०/०८१ को प्रगति प्रतिवेदन तथा आ. व. २०८१/०८२ को प्रस्तावित कार्यक्रम माथि छलफल गरी पारित गरिने विश्वासका साथ बिदा हुन्छु ।

जय सहकारी ।

# आर्थिक प्रगति तथा अनुमानित बजेट



**कान्छाभक्त घजु**
**कोषाध्यक्ष**

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. को २० औं वार्षिक साधारण सभाका सभाध्यक्ष, प्रमुख अतिथि, अतिथि एवम् सहभागीहरूमा हार्दिक सहकारी अभिवादन व्यक्त गर्दछु ।

संघ समुदायमा आधारित सदस्य केन्द्रीत बचत तथा ऋण सहकारी संस्थाहरूको छाता संगठन हो । गैर समुदायमा आधारित बचत तथा ऋण सहकारी संस्थाहरूलाई निरूत्साहित पार्नुका साथै सहकारी क्षेत्रमा देखापरेको विकृति, विसंगति हटाई सहकारी आन्दोलनलाई सही दिशामा अगाडि बढाउन संघको स्थापना भएको हो । सहकारी मूल्य, मान्यता एवम् सिद्धान्तलाई आत्मसात गर्दै समुदायमा आधारित बचत तथा ऋण सहकारी संस्थाहरूलाई स्थानीय स्तरमा विकास गर्न गराउन संघले भूमिका खेलेको छ ।

केहि सहकारीमा देखिएका समस्याहरू सदस्य केन्द्रीत सहकारीहरूमा देखिएन । तर सहकारीमा नियमन निकाय र सहकारी शिक्षाको कमीले सहकारीका सदस्यहरू सहकारीबाट पिडित हुनु परेको छ । सहकारीका समस्या समाधानका लागि सरकारले धेरै समितिहरू गठन गरेको थियो । सहकारी सुधारका धेरै प्रविवेदनहरू पेश भइसकेको छ । प्रतिवेदन पेश हुने तर कार्यान्वयन नहुने हुँदा सहकारीमा समस्या थपिदैं गएको छ । विभिन्न आयोगहरूले सहकारी सुधारका लागि दिइएको सुझावहरू राज्यले क्रमश कार्यान्वयन गर्दै जानु पर्नेमा प्रतिवेदनमात्र थप्ने काम भइरहेको छ । सहकारी ऐनमै व्यवस्था भएको कर्जा असुली न्यायाधिकरण, कर्जा सूचना केन्द्र, कालो सूचीको व्यवस्थालगायतका व्यवस्थाहरू कार्यान्वयनमा आउन सकेको छैन । हालै मिति २०८१ भाद्र ३१ गते सहकारी संस्थामा बचत दुरूपयोग सम्बन्धी संसदीय विशेष छानविन समितिले ११२४ पृष्ठको लामो प्रतिवेदन पेश गरेको छ । उक्त प्रतिवेदनले पनि सहकारी ऐनका व्यवस्थाहरू कार्यान्वयन गर्नुपर्ने सुझावलाई जोडदिएको छ ।

सहकारीको समस्या बाह्य र भित्री गरी दुई भागमा बाँड्न सकिन्छ । सहकारी स्वनियम र स्वयत्तताको नाममा स्वच्छन्द हुँदा समस्या बढेको हो । ऐन नियममा आधारित भई सहकारी संस्था सञ्चालन गर्नुपर्नेमा केही सञ्चालक तथा व्यवस्थापकले निजी स्वार्थमा संस्था सञ्चालन गरेको देखिएको छ । हुन त हरेक क्षेत्रमा राम्रो र नराम्रो पक्ष हुन्छ । तर सर्वसाधारणको आर्थिक पक्षसंग जोडिएको सहकारी क्षेत्र निकै संवेदनशील हुनुपर्नेमा हरेक क्षेत्रबाट उपेक्षित भएको देखिन्छ । यस क्षेत्रलाई संगठित, मर्यादित र व्यावसायीक बनाउन सम्पूर्ण सहकारीकर्मीहरू एकजुट हुनुपर्ने देखिन्छ ।

संघमा आबद्ध सदस्य संस्थाहरूमा अन्तरलगानीको सेवामार्फत वित्तीय स्थायित्वका लागि काम गरिँदै आएको छ । सदस्य संस्थामा तरलता अभाव हुन नदिन तरलता व्यवस्थापन ऋण, व्यवसाय निरन्तरताको लागि विशेष ऋण र संस्थाको वित्तीय सन्तुलनका लागि ५ वर्षे मासिक किस्ताबन्दी र दिगो सहकारी ऋण सञ्चालनमा छ । संघको नीति तथा कार्यविधिहरूलाई हालको मौजूदा कानुनसंग अद्यावधीक गरिएको छ । यस वर्ष देशमा आर्थिक गतिविधिले गति लिन सकेन । व्यापार व्यवसाय तुलनात्मक रूपमा कम चलायमान भएको छ ।

सदस्य संस्थाहरूमा लगानी गरिएका ऋण असुलीमा कमी आएको छ । साथै ऋण मागमा समेत कमी आई तरलता अत्याधिक बढेको छ । यसले संघको निक्षेप अनुमानितभन्दा अत्यधिक बढेको छ । तरलता व्यवस्थापनमा सकस भएको छ । तैपनि सदस्य संस्थाको कारोबार सञ्चालनमा सहज होस् भन्ने सोचले बैंक तथा वित्तीय संस्था भन्दा बढी ब्याज प्रदान गरिँदै आएको छ । तसर्थ, संघमा आवधिक बचतको भार अधिक रहेको छ । नियमित बचतमा निक्षेपको भार कम भएकोले संघको नियमित बचत बढाउन प्रोत्साहित गरिएको छ । संघमा ऋण माग न्यून छ । ऋण लगानीलाई प्रोत्साहन गर्न समय-समयमा ब्याजदर परिमार्जन गरिँदै आएको छ । हाल मासिक किस्ताबन्दी ऋणमा ८ प्रतिशत ब्याजदरमा ऋण लगानी भै रहेको छ । साथै महिलाबाट सञ्चालित सहकारी संस्थालाई उल्लेखित ब्याजदरमा ०.५ प्रतिशत सहुलियत दिने व्यवस्था बजेटमा प्रस्ताव गरिएको व्यवहोरा जानकारी गराउन चाहन्छु ।

श्रद्धेय अध्यक्षज्यू,

संघले आ.व. २०८०/०८१ मा गरेको वित्तीय कृयाकलापहरूको यथार्थ स्थितिको जानकारी सञ्चालक समितिको तर्फबाट कोषाध्यक्षको हैसियतले दिनु मेरो दायित्व हो । यस कुरालाई शिरोपर गरी संघको चालु आ.व.मा संघको कार्यालय सञ्चालन, लेखा, कारोबार, भौतिक सम्पत्ति लगायतका क्षेत्रको व्यवस्था तथा सुरक्षा सम्बन्धमा यस गरिमामय साधारण सभासमक्ष राख्ने अनुमति चाहन्छु ।

### १. संघको लेखा पद्धति र सुरक्षात्मक व्यवस्था

क) संघको लेखा सञ्चालन गर्न आ.व. २०८०।०८१ देखि प्रिमियम कम्पनीले विकास गरेको ISO Certified प्रिमियम सि.वि.एस. एप्लीकेशन सफ्टवेयर प्रयोग गरिदै आएको छ ।

ख) संघको कारोबारको सुरक्षा र गोपनियताका लागि सफ्टवेयरको डाटा क्लाउड सर्भरमा राख्ने व्यवस्था गरिएको छ ।

ग) संघको कारोबार दोहोरो लेखा प्रणालीमा आधारित रही नेपाल सरकारले तोकेको प्रचलित नेपाल मानको ढाँचामा राख्ने गरिएको छ । आ.व. २०८०।८१ देखि संघको लेखापरिक्षण प्रतिवेदन Nepal Financial Reporting Standards (NFRS) अनुसार तयार गरिएको छ ।

### २. बचत खाताको सुरक्षा र गोपनियता :

क) संघका सदस्य संस्थाहरूको खातामा रहेको मौज्दात खाता खोल्दा व्यवस्था गरेको हस्ताक्षरअनुसारका व्यक्तिहरूको आधिकारिक पत्रबाट मात्र कारोबारको विवरण हेर्न मिल्ने व्यवस्था गर्नुका साथै संघ संस्थाको आधिकारिक मेलमा मात्र उपलब्ध गराउने व्यवस्था गरिएको छ । साथै संस्थाको आधिकारिक व्यक्तिले इन्टरनेट बैंकिङमार्फत पनि खाताको विवरण हेर्न सकिने व्यवस्था गरिएको छ ।

ख) सदस्य संस्थालाई कारोबार गर्न सहजताको लागि निःशुल्क भुक्तानी पुर्जाको व्यवस्था गरिँदै आएको छ ।

ग) सम्पत्ति शुद्धीकरण निवारणको कार्यवधि बनाई कार्यान्वयन गरिएको छ ।

घ) सदस्य संस्थाले बचत गर्दा वा झिक्दाको जानकारी संघको एप्स वा इन्टरनेट बैंकिङ मार्फत तुरून्त प्राप्त गर्न सकिने गरी कारोबार सुनिश्चितताको व्यवस्था गरिएको छ ।

ङ) सदस्य संस्थाको बचत सुरक्षाको लागि ऋण लगानी गर्दै संघमा रहेको तरलतालाई बैंक/वित्तीय संस्थामा पोर्टफोलियोका आधारमा आवधिक बचत लगानी मार्फत व्यवस्थापन गरिएको छ ।

### ३. नगद सुरक्षा तथा जिम्मेवारी

क) संघको कारोबारबाट प्राप्त हुने नगद सुरक्षाका लागि सगरमाथा इन्स्योरेन्स कम्पनी लि. मार्फत सूर्यविनायक कार्यालय र मध्यपुर थिमि सेवा केन्द्रमा संघमा रहेको नगद र भल्टको बिमा गरी सुरक्षा गरिएको छ ।

## ४. ऋण स्वीकृतिसम्बन्धी व्यवस्था

क) संघले बचत तथा ऋण नीति, २०६८ बमोजिम बचत तथा ऋणको व्यवस्थापन गर्दै आएको छ । यस नीतिबमोजिम सदस्य संस्थाको जगेडा कोष र शेयर पुँजीको आधारमा तरलता व्यवस्थापन ऋण रू. ६०,००,०००। (साठी लाख रूपैंयासम्म) वित्तीय सेवा प्रवर्द्धन उपसमितिको सिफारिसमा र सञ्चालक समितिका तर्फबाट अध्यक्षको स्वीकृतिमा ऋण प्रदान गरिँदै आएको छ । सोभन्दा माथिको ऋण वित्तीय सेवा प्रवर्धन उपसमितिको सिफारिस र सञ्चालक समितिको स्वीकृतिमा ऋण प्रदान गरिँदै आएको छ ।

ख) संघको व्यवस्थापन प्रमुखलाई संस्थाको आवधिक बचत धितो रसिदको आधारमा ऋण स्विकृतिको अधिकार प्रत्यायोजन गरिएको छ ।

ग) संघले धितोमा ऋण लगानी गर्दा संस्थागत धितो मुल्याङ्कनकर्ताको मुल्याङ्कन अनुसारको रकममा ६० देखि ७० प्रतिशतसम्म ऋण लगानी सिफारिस र स्वीकृत गर्ने गरिएको छ ।

## ५. बैंक खाता सञ्चालन

क) संघले सबै बैंक तथा वित्तीय संस्था वा माथिल्लो संघहरूमा रहेको खाता सञ्चालक समितिको तर्फबाट अध्यक्ष र कोषाध्यक्ष एवं व्यवस्थापनको तर्फबाट व्यवस्थापक र वित्त तथा प्रशासन अधिकृतको हस्ताक्षरबाट सञ्चालन गरिएको छ ।

ख) संघले सदस्य सेवा केन्द्रका बैंक तथा वित्तीय संस्था वा माथिल्लो संघहरूमा रहेको खाता सञ्चालक समितिको तर्फबाट अध्यक्ष र कोषाध्यक्ष एवं व्यवस्थापनको तर्फबाट व्यवस्थापक र सेवा केन्द्र इन्चार्जको हस्ताक्षरबाट सञ्चालन गरिएको छ ।

ग) संघले बैंक तथा वित्तीय संस्था वा विषयगत संघहरू र राष्ट्रिय सहकारी बैंकमा रहेको खाताको मासिक रूपमा बैंक हिसाब मिलान विवरण तयार गर्दै आएको छ ।

घ) संघले बैंक तथा वित्तीय संस्था वा विषयगत संघहरू र राष्ट्रिय सहकारी बैंकमा रहेको खाताको तुरून्त जानकारी प्राप्त गर्न इन्टरनेट बैंकिङ सेवा लिई उपयोग गरिएको छ ।

## ६. कर्मचारीको सेवा सुविधा

क) संघमा कार्यरत कर्मचारीहरूलाई संघको कर्मचारी प्रशासन नीति, २०६८ (संशोधन सहित) बमोजिम सेवा सुविधाको व्यवस्था गरिएको छ ।

ख) संघमा कार्यरत कर्मचारीहरूको न्युनतम ७ लाख बराबरको दुर्घटना बिमा र १ लाख बराबरको स्वास्थ्य बिमा गरिएको छ । स्थायी कर्मचारीहरूलाई संचयकोष र उपदानको व्यवस्था गरिँदै आएको छ ।

## ७. कार्यालय व्यवस्थापन खर्च

क) संघमा दैनिक रूपमा कार्यालय सञ्चालनमा आइपर्ने सानातिना खर्च गर्न रू. १०,०००/- सम्मको सानो नगदी कोषको व्यवस्था गरी वित्त तथा प्रशासन अधिकृतको मातहतमा सञ्चालन गरिँदै आएको छ ।

ख) संघको कार्यालय सञ्चालनका स्टेशनरी तथा छपाइ, कार्यालय उपकरणहरू, फर्निचरहरूको खरिद संघको आर्थिक प्रशासन नीति, २०६८ बमोजिम रितपूर्वक खरिद तथा निर्माण गरिएको छ ।

## ८. भौतिक सामानको उपयोग तथा सुरक्षा

क. संघको आफ्नै भवनबाट दैनिक कारोबार सञ्चालन गरिँदै आएको छ । भवन र कारोबारको सुरक्षाका लागि दुई जना सुरक्षा गार्डको व्यवस्था गरिएको छ । साथै यस वर्ष भवनको बिमा गर्न बजेटको व्यवस्था गरिएको छ ।

ख. यस वर्ष संघले आफ्नै भवनसँग जोडिएको भक्तपुर जिल्ला साविक सिपाडोल गा.वि.स. वडा नं. २ (ख) (हाल सूर्यविनायक न.पा. वडा नं. ८ कित्ता नं. १५८१, क्षेत्रफल ०-३-२-३ भएको जग्गामा पार्किङ तथा कार्यक्रम गर्न सकिने गरी अस्थायी टहरा निर्माणको लागि बजेट व्यवस्था गरिएको छ ।

ग. संघको कार्य सम्पादनका लागि आवश्यक उपकरणहरू र नियमित बैठकको लागि छुट्टै बैठक हल व्यवस्था गरिएको छ ।

## ९. लाभांश प्रस्ताव

संघको आर्थिक कारोबारको आधारमा आ.व. २०८०/०८१ को कुल नाफालाई विनियममा व्यवस्था भएबमोजिम कोष बाँडफाँड गरी लाभांश कोषको रकमबाट १५ प्रतिशत लाभांश प्रदान गर्ने सञ्चालक समितिको निर्णय प्रस्ताव पारितका लागि यस सभामा पेश गर्दछु ।

## १०. संरक्षित पुँजी फिर्ता कोष

यस आ.व २०८०/०८१ मा बचत र ऋण कारोबारको आधारमा संघको संरक्षित पुँजी फिर्ता कोषमा छुट्याएको रकम मध्ये रू. ३०,००,०००|- (तीस लाख) मात्र ऋणबाट प्राप्त व्याजको आधारमा ६० प्रतिशत र बचतमा दिएको व्याजको आधारमा ४० प्रतिशत संरक्षित पुँजी फिर्ता कोष वितरण गर्ने प्रस्ताव पारितको लागि अनुरोध गरिन्छ । सो अनुसार आ.व. २०८०/०८१ मा आबद्ध सदस्य संस्थाहरू मध्येबाट बचत र ऋणमा बढी कारोबार गर्ने तपसिलका छ वटा संस्थालाई संरक्षित पुँजी फिर्ता कोषको रकम सहित पुरस्कृत गर्ने सञ्चालक समितिको निर्णय जानकारी गराउँदछु ।

आ.व. २०८०/०८१ मा पुरस्कृत हुने संस्थाको नाम र योगदानको विवरण

| क्र.सं. | पुरस्कृत हुने संस्थाको नाम, ठेगाना | पुरस्कृत हुने कारोबार | कारोबारमा योगदान प्रतिशत |
|---|---|---|---|
| १. | भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि., भ.न.पा.-९ | बचत तर्फ | २२.९९% |
| २. | उपकार बचत तथा ऋण सहकारी संस्था लि., म.थि.न.पा. | बचत तर्फ | २१.३२% |
| ३. | संगम बचत तथा ऋण सहकारी संस्था लि., भ.न.पा.-४ | बचत तर्फ | १२.४५% |
| ४. | बंगलामुखी बचत तथा ऋण सहकारी संस्था लि., सू.न.पा.-२ | ऋण तर्फ | १३.१९% |
| ५. | संचित बचत तथा ऋण सहकारी संस्था लि., भ.न.पा.-४ | ऋण तर्फ | ८.२९% |
| ६. | तौडोलछाप बचत तथा ऋण सहकारी संस्था लि., सू.न.पा.-८ | ऋण तर्फ | ४.१३% |

अब म चालु आ.व. २०८०/०८१ मा संघले तय गरेको अनुमानित बजेट र गत वर्षको तुलनामा यस वर्ष हासिल गरेको वित्तीय प्रगति विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**श्रोततर्फको प्रगति** **रू. हजारमा**

| विवरण | २०७९/०८० असारसम्मको यथार्थ | २०८०/०८१ को अनुमानित | २०८०/०८१ असारसम्मको यथार्थ | गत वर्ष भन्दा बृद्धि प्रतिशत | वार्षिक लक्ष्यमा प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| शेयर पुँजी | ७,२६,४० | ७,९९,०० | ७,७१,३४ | ६% | ९७% |
| निक्षेप | २,०४,५७,८१ | २,२३,७४,०० | ३,२९,०९,७७ | ६१% | १४७% |
| जगेडा कोष तथा अन्यकोष | ८,९२,७४ | १२,२८,३२ | १३,०६,९८ | ४६% | १०६% |
| अन्य दायित्व | १,०१,९२ | १,०३,६८ | १,५४,९४ | ५२% | १४९% |
| जम्मा | २,२१,७८,८७ | २,४५,०५,०० | ३,५१,४३,०३ | ५८% | १४३% |

उपयोगतर्फको प्रगति रू. हजारमा

| विवरण | २०७९/०८० असार सम्मको यथार्थ | २०८०/०८१ को अनुमानित | २०८०/०८१ असारसम्मको यथार्थ | गत वर्ष भन्दा बृद्धि प्रतिशत | वार्षिक लक्ष्यमा प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| ऋण लगानी | ६७,८६,०४ | १,२३,००,०० | ३९,४६,७८ | (४२% | ३२% |
| वित्तीय लगानी | ७५,३३,२१ | ७५,००,०० | २,०५,४८,६० | १७३% | २७४% |
| चल सम्पति | १७,३० | १३,७० | १९,८७ | १५% | १४५% |
| जग्गा तथा भवन निर्माण | ३,४६,०४ | ३,५९,२५ | ३,४४,०८ | (१% | ९६% |
| चालु सम्पत्ति | ४,७९,५४ | ५,६९,८७ | ७,३९,९२ | ५४% | १३०% |
| तरलता | ७०,१६,७४ | ३७,६२,१८ | ९५,४३,७८ | ३६% | २५४% |
| जम्मा | २,२१,७८,८७ | २,४५,०५,०० | ३,५१,४३,०३ | ५८% | १४३% |

आम्दानीतर्फको प्रगति रू हजारमा

| विवरण | २०७९/०८० असार सम्मको यथार्थ | २०८०/०८१ को अनुमानित | २०८०/०८१ असारसम्मको यथार्थ | वार्षिक लक्ष्यमा प्रगति प्रतिशत |
|---|---|---|---|---|
| ऋण लगानीबाट आम्दानी | १०,२९,६९ | ११,५०,८८ | ६,२६,०८ | ५४% |
| बचत तथा शेयर लगानीमा आम्दानी | ८,२१,०८ | १०,७६,७५ | १८,५८,४९ | १७३% |
| स्टेश्नरी विक्रिबाट आय | ४,९८ | ५,५० | ३,५५ | ६५% |
| तालिम तथा अन्य आम्दानी | १२,४७ | २७,५० | १०,२६ | ३७% |
| जम्मा | १८,६८,२२ | २२,६०,६३ | २४,९८,३८ | १११% |

खर्चतर्फको प्रगति रू हजारमा

| विवरण | २०७९/०८० असारसम्मको यथार्थ | २०८०/०८१ को अनुमानित | २०८०/०८१ असारसम्मको यथार्थ | वार्षिक लक्ष्यमा प्रगति प्रतिशत |
|---|---|---|---|---|
| बचतमा ब्याज खर्च | १४,१३,६२ | १७,०१,४१ | १७,४०,७९ | १०२% |
| कर्मचारी खर्च | ५३,३६ | ५६,७५ | ५५,१७ | ९७% |
| कार्यालय सञ्चालन खर्च | २९,१० | ७०,३९ | ७८,३५ | १११% |
| सहकारी कार्यक्रम खर्च | १४,४६ | २८,१३ | १७,१० | ६१% |
| स्टेशनरी खरिद | ६,६३ | ४,५० | २,९३ | ६५% |
| ह्रास खर्च | ७,४१ | ८,६५ | ७,२२ | ८३% |
| कुल नाफा/बचत | ३,४३,६४ | ३,९०,८० | ५,९६,८२ | १५३% |
| जम्मा | १८,६८,२२ | २२,६०,६३ | २४,९८,३८ | १११% |

माथि उल्लेखित वित्तीय विवरणले संघको वित्तीय स्थितिमा ५८ प्रतिशतले बृद्धि र लक्ष्यमा १४३ प्रतिशतले प्रगति हासिल भएको देखिन्छ । देशमा सहकारी क्षेत्रमा देखिएको समस्या र आर्थिक मन्दीको बाबजुद पनि संघको वित्तीय विवरणमा प्रगति हुनु सकारात्मक पक्ष हो । सहकारीमा देखिएका समस्याहरूप्रति सचेत भई अधिकांश सदस्य संस्थाले तरलता कायम गरेको छ । यस्तो अवस्थामा ऋण लगानीभन्दा पनि तरलता व्यवस्थापनमा सजग भएको छ । यसले संस्थाको विश्वास बृद्धिमा सकारात्मक भूमिका खेलेको छ । जसको फलस्वरूप संघमा निक्षेप ६१ प्रतिशतले बढेको छ भने ऋण लगानी ४२ प्रतिशत ऋणात्मक भएको छ । सदस्य संस्थाबाट ऋणको मागमा कमी भएको कारण संघमा तरलता गतको भन्दा ३६ प्रतिशतले बृद्धि भएको छ । संघमा रहेको तरलतालाई बैंक तथा वित्तीय संस्थामा छोटो अवधिका लागि वित्तीय लगानी गरी व्यवस्थापन गरिएको छ । तसर्थ वित्तीय लगानी गत वर्षभन्दा १७३ प्रतिशतले बृद्धि भएको छ ।

संघले अन्तरलगानीमा जोड दिँदै ऋण आवेदक संस्थाको अनुगमन गरी सुझावहरू प्रदान गर्नुको साथै प्राथमिकरणका आधारमा तरलता व्यवस्थापनका लागि ऋण प्रदान गर्दै आइरहेको छ । संघले प्राथमिक पुँजी कोषको आधारमा ऋण लगानी सीमित गरेको छ । साथै धित्तो ऋणलाई आकर्षक बनाउन कम व्याजदरमा विशेष ऋण सेवा दिइँदै आएको छ । संघमा कारोबार गर्ने सदस्य संस्थाहरूलाई ऋण लगानीमा प्राथमिकता दिइन्छ । संघले ऋण लगानीलाई प्रवर्धन गर्न अल्पकालिन तथा दीर्घकालिन ऋण सेवा दिँदै आएको छ । सहकारीको दिगो विकासका लागि संस्थाको घर जग्गा धितो राखी ५ वर्षे दिगो सहकारी ऋण सञ्चालनमा ल्याइएको छ । सदस्यको व्यवसाय निरन्तरता र सञ्चालनमा सहजताका लागि मासिक किस्ता बन्दी ऋण ५ वर्षको लागि सञ्चालनमा रहेको जानकारी गराउँदछु ।

संघले लगानी पश्चात बाँकी रहेको रकमलाई वित्तीय तथा तरल लगानी मार्फत संघको आय व्यवस्थापन गरिएकोछ । यसले पाउनुपर्ने अग्रिम व्याजकर दाखिला बढाएको छ । वित्तीय लगानीले अग्रिम व्याजकर दाखिला बढाउने भएकोले संघको ऋण सेवामै जोड दिइने योजना रहेको छ । तसर्थ सदस्य संस्थाहरू सबैले उपभोग गर्न सक्ने गरी कम व्याजदरको ऋण सेवाहरू विकास गर्ने योजना रहेको छ । जसले सदस्य संस्थाहरूले महँगो आवधिक बचत स्वीकार गर्न नपर्ने गरी नयाँ ऋण सेवाको विकास गरिनेछ । संघलाई वित्तीय रूपमा थप सबल र सक्षम बनाउनका लागि सहयोग पुऱ्याउनुहुने सदस्य संस्थाप्रति आभार प्रकट गर्दछु । विगतमा झैं आउँदा दिनमा सम्पूर्ण सदस्य संस्थाहरूले यस संघमा थप वित्तीय कारोबार बिस्तार गर्नुहुने विश्वास गरेको छु ।

अब म आ.व. २०८१/०८२ का लागि तर्जुमा गरिएकाका कार्यक्रमहरूका लागि बजेट, अनुमानित आय व्यय विवरण र खर्चसम्बन्धी प्रस्ताव यस गरिमामय साधारणसभासमक्ष प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**श्रोत तर्फ** **रू. हजारमा**

| विवरण | २०८०/०८१ को अनुमानित | २०८०/०८१ असारसम्मको यथार्थ | २०८१/०८२ को अनुमानित |
|---|---|---|---|
| शेयर पुँजी | ७,९९,०० | ७,७१,३४ | ८,४८,४७ |
| निक्षेप | २,२३,७४,०० | ३,२९,०९,७७ | ३,५४,३५,४८ |
| जगेडा कोष तथा अन्यकोष | १२,२८,३२ | १३,०६,९८ | १४,८६,५४ |
| अन्य दायित्व | १,०३,६८ | १,५४,९४ | ३,०१,३१ |
| जम्मा | २,४५,०५,०० | ३,५१,४३,०३ | ३,८०,७१,८० |

उपयोग तर्फ

रू. हजारमा

| विवरण | २०८०/०८१ को अनुमानित | २०८०/०८१ असारसम्मको यथार्थ | २०८१/०८२ को अनुमानित |
|---|---|---|---|
| ऋण लगानी | १,२३,००,०० | ३९,४६,७८ | ८१,००,०० |
| वित्तीय लगानी | ७५,००,०० | २,०५,४८,६० | २,४०,००,०० |
| चल सम्पति | १३,७० | १९,८७ | १५,९४ |
| जग्गा तथा भवन निर्माण | ३,५९,२५ | ३,४४,०८ | ३,५२,२५ |
| चालु सम्पत्ति | ५,६९,८७ | ७,३९,९२ | ९,२८,८१ |
| तरलता | ३७,६२,१८ | ९५,४३,७८ | ४६,७४,८० |
| जम्मा | २,४५,०५,०० | ३,५१,४३,०३ | ३,८०,७१,८० |

आम्दानी तर्फ

रू. हजारमा

| विवरण | २०८०/०८१ को अनुमानित | २०८०/०८१ असारसम्मको यथार्थ | २०८१/०८२ को अनुमानित |
|---|---|---|---|
| ऋण लगानीबाट आम्दानी | ११,५०,८८ | ६,२६,०८ | ५,९८,४३ |
| बचत तथा शेयर लगानीमा आम्दानी | १०,७६,७५ | १८,५८,४९ | १४,२७,७१ |
| स्टेश्नरी विक्रिबाट आय | ५,५० | ३,५५ | ४,०० |
| तालिम तथा अन्य आम्दानी | २७,५० | १०,२६ | २६,२५ |
| जम्मा | २२,६०,६३ | २४,९८,३८ | २०,५६,३९ |

खर्च तर्फ

रू. हजारमा

| विवरण | २०८०/०८१ को अनुमानित | २०८०/०८१ असारसम्मको यथार्थ | २०८१/०८२ को अनुमानित |
|---|---|---|---|
| बचतमा ब्याज खर्च | १७,०१,४१ | १७,४०,७९ | १३,८८,१९ |
| कर्मचारी खर्च | ५६,७५ | ५५,१७ | ७६,९८ |
| कार्यालय सञ्चालन खर्च | ५५,३९ | २८,३१ | ५४,१३ |
| सहकारी कार्यक्रम खर्च | २८,१३ | १७,१० | २५,०९ |
| स्टेशनरी खरिद | ४,५० | २,९३ | ३,०० |
| ह्रास खर्च | ८,६५ | ७,२२ | ९,३८ |
| कर्जा जोखिम व्यवस्था | १५,०० | ५०,०४ | १५,०० |
| कुल नाफा/बचत | ३,९०,८० | ५,९६,८२ | ४,८४,६२ |
| जम्मा | २२,६०,६३ | २४,९८,३८ | २०,५६,३९ |

अन्तमा "दिगो सहकारी विकासका लागि संघ" भन्ने परिकल्पनाका साथ समुदायमा आधारित सहकारी संस्थाको दिगो विकास र गुणस्तरीय सेवाका लागि प्रयत्नरत यस संघको वार्षिक साधारण सभामा सहभागीता जनाउनका लागि उपस्थित हुनु भएका सम्पूर्ण सहकारीकर्मीहरूलाई हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु । प्रस्तुत वित्तीय प्रगति विवरण र आ.व. २०८१/०८२ को अनुमानित बजेट तथा लेखापरीक्षक आर बराल एसोसियट्सद्वारा प्रस्तुत यस संघको आ.व. २०८०/०८१ को लेखा परीक्षण प्रतिवेदन समेत यस सभाबाट पारित गरिदिनुहुन अनुरोध गर्दछु । धन्यवाद । जय सहकारी ।

★

## २०८१/०७/१३ गतेदेखि लागु हुने गरी यस संघले प्रदान गर्ने ऋण र स्वीकार गर्ने निक्षेपको ब्याजदर

### बचत सेवाहरू

| क्र.स. | बचतको प्रकार | ब्याजदर | ब्याज गणना |
|---|---|---|---|
| १ | नियमित बचत | ६ प्रतिशत | दिनगन्तीअनुसार |
| २ | ऐच्छिक बचत | २.५ प्रतिशत | दिनगन्तीअनुसार |
| ३ | विशेष बचत (न्यूनतम मौज्दात १ करोड) | ३ प्रतिशत | दिनगन्तीअनुसार |
| ४ | आवधिक बचत ३ महिने | ३.२५ प्रतिशत | दिनगन्तीअनुसार |
| ५ | आवधिक बचत ६ महिना देखी ९ महिने | ४ प्रतिशत | दिनगन्तीअनुसार |
| ६ | आवधिक बचत १ वर्ष | ४.५ प्रतिशत | दिनगन्तीअनुसार |

### ऋण सेवाहरू

| क्र.स. | ऋणको प्रकार | अवधि | ब्याजदर | छुट पछिको ब्याजदर |
|---|---|---|---|---|
| १ | तरलता व्यवस्थापन ऋण | ३ महिने | ८.५ प्रतिशत | - |
| | | १ वर्षे | ९.५ प्रतिशत | ९.२५ प्रतिशत |
| २ | विशेष ऋण | २ वर्षे | ९ प्रतिशत | ८.७५ प्रतिशत |
| ३ | दिर्घकालिन ऋण | ३ वर्षे | ९.५ प्रतिशत | ९.२५ प्रतिशत |
| ४ | दिगो सहकारी ऋण | ५ वर्षे | १० प्रतिशत | ९.७५ प्रतिशत |
| ५ | मासिक किस्ताबन्दी ऋण | ५ वर्षे | ८ प्रतिशत | - |

**नोट** :
१) साविक ऋणमा समेत परिवर्तित ब्याजदर लागु हुने छ ।
२) ऋणको ब्याज मासिक बुझाएमा ब्याजदरमै ०.२५ प्रतिशत छुट पाइनेछ ।

# लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन



**बालमुकुन्द उपाध्याय**
**संयोजक**

सभाध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, अतिथिज्यूहरू, सञ्चालक समितिका पदाधिकारीज्यूहरू, लेखा सुपरिवेक्षण समितिका सदस्यज्यूहरू, उपसमितिका सदस्यज्यूहरू तथा यस साधारण सभामा उपस्थित प्रतिनिधि, पर्यवेक्षक, कर्मचारी एवम् पत्रकारज्यूहरू सबैमा हार्दिक अभिवादन ।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. २०६२ बैशाख २१ गते डिभिजन सहकारी कार्यालय भक्तपुरमा दर्ता नं. ९०/०६१/६२ मा दर्ता भएको संघ हो । आफ्नो स्थापनाकाल देखि प्रारम्भिक बचत तथा ऋण सहकारी संस्थाहरूसंग हातेमालो गर्दै आ.व. २०८०/०८१ को अन्त्यसम्ममा २०४ वटा संस्थालाई आबद्ध गराउन यस संघ सफल भएको छ । संघले विषम परिस्थितिमा पनि सदस्य संस्थाहरूलाई निरन्तर शिक्षा, तालिम र अन्तरलगानी सेवा मार्फत सदस्य संस्थाको प्रवर्धन र संवर्धनमा लागिरहेको छ । संघले सहकारी अभियानमा राष्ट्रियस्तरमै उत्कृष्ट, लोकप्रिय र आशा भरोसाको रूपमा आफूलाई उभ्याउन सफल गएको छ ।

लेखा सुपरिवेक्षण समिति एक स्वतन्त्र समिति भएकोले संघमा भएका कामकार्वाही, नीति तथा कार्यविधि, निर्णय, लेखा र लेखा राख्ने विधिको सुक्ष्म अध्ययन अनुगमन गरी आन्तरिक लेखापरीक्षण गर्दै आएको जानकारी गराउँदछु । संघका सम्पूर्ण कारोबारहरू ठीक ढङ्गले इमान्दारीपूर्वक, सहकारी मूल्य, मान्यता, सिद्धान्त, ऐन, नियम, निर्देशन, संघको विनियम, नीति अनुरूप भएका छन् छैनन् भनी सुपरिवेक्षण गरी गल्ती कमजोरी भए समयमै सच्याउन लिखित तथा मौखिक सुझाव यस समितिले दिंदै आएको छ ।

सहकारी ऐन तथा नियमावली बमोजिम संघका सदस्य संस्थाहरूको शेयर, निक्षेप, ऋण र व्याज हिसाबको जाँच गर्ने, आम्दानी खर्चको भौचर आन्तरिक परीक्षण गर्ने एवं सञ्चालक समितिबाट भए गरेका काम कारवाहीको बारेमा सुक्ष्म अध्ययन गरी सुझाव दिंदैआएका छौं । "लेखा सुपरिवेक्षण समितिको रचनात्मक भूमिका, संघ सफलताको आधार" भन्ने नारालाई आत्मसाथ गर्दै सहकारी संघको हक अधिकारप्रति सदैव संवेदनशील भई संघमा सुशासन कायम गर्नको लागि विद्यमान नीति, नियम, विनियम, ऐन, नियमावली, मापदण्ड अनुसार आन्तरिक अनुगमन र नियन्त्रण गर्ने कार्य गर्दै सुझाव दिएका छौं ।

आदरणीय प्रतिनिधिज्यूहरू,

संघको लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सहकारी विभागद्वारा जारी सहकारी संघ संस्था दर्ता सञ्चालन, लेखा परीक्षण, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०६८ अनुसार तयार गरी प्रस्तुत गरिएको छ ।

१) वित्तीय अवस्था विश्लेषण रू. हजारमा

| क्र.सं. | विवरण | आ.व. ०७९/८० को यथार्थ | आ.व. ०८०/८१ को अनुमानित | आ.व. ०८०/८१ को यथार्थ | बृद्धि प्रतिशत |
|---|---|---|---|---|---|
| १ | सदस्य संख्या | २०२ वटा | २२० वटा | २०४ वटा | १% |
| २ | शेयर पूँजी | ७,२६,४० | ७,९९,०० | ७,७१,३४ | ६% |
| ३ | निक्षेप | २,०४,५७,८१ | २,२३,७४,०० | ३,२९,०९,७७ | ६१% |
| ४ | लगानी हिसाव | ७५,३३,२१ | ७५,००,०० | २,०५,४८,६० | १७३% |
| ५ | ऋण लगानी | ६७,८६,०४ | १,२३,००,०० | ३९,४६,७८ | (४२% |
| ६ | चल अचल सम्पत्ति | ३,६३,३४ | ३,७२,९५ | ३,६३,९५ | ०% |
| ७ | व्याज आम्दानी | १८,५०,७७ | २२,२७,६३ | २४,८४,५७ | २८% |
| ८ | व्याज खर्च | १४,१३,६२ | १७,०१,४१ | १७,४०,७९ | १९% |
| ९ | वासलात कुल सम्पत्ति | २,२१,७८,८७ | २,४५,०५,०० | ३,५१,४३,०३ | ५३% |
| १० | बचत (नाफा) | ३,४३,६४ | ३,९०,८० | ५,९६,८२ | ६५% |
| ११ | कोषहरू | ८,९२,७४ | १२,२८,३२ | १३,०६,९८ | ३४% |

उपर्युक्त तालिका अनुसार संघले सदस्यता तथा ऋण लगानी बृद्धि गर्न प्रभावकारी कार्यक्रमहरू ल्याउनुपर्ने देखिन्छ ।

## २. अघिल्लो साधारण सभाको निर्णय

संघको १९ औं वार्षिक साधारण सभा मिति २०८० मंसिर ९ गते भक्तपुर बैङ्क्वेट, भक्तपुरमा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय अध्यक्ष नारायणमान बिजुक्छेंको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । सो सभाबाट पारित संघको पुनः लिखित विनियम, २०८० नियामक निकायबाट स्विकृति प्राप्त हुनुका साथै अन्य महत्वपूर्ण निर्णयहरू कार्यान्वयन भएको देखिन्छ । आ. व. २०८०।८१ मा समयानुकूल व्याजदर समायोजन, प्रस्तावित कार्यक्रमको कार्यान्वयन गर्न सञ्चालक समिति र उपसमितिहरूले बैठक बसी उपयुक्त निर्णय गरी कार्य गरेको देखिन्छ ।

## ३. आ. व. २०८०/०८१ मा बैठक

| क्र.सं. | विवरण | बैठक संख्या |
|---|---|---|
| १ | सञ्चालक समिति | २० |
| २ | लेखा सुपरिवेक्षण समिति | ५ |
| ३ | सहकारी समन्वय उपसमिति | ३ |
| ४ | शिक्षा तथा संस्थागत विकास उपसमिति | ४ |
| ५ | अन्तलगानी तथा वित्तीय सेवा प्रवर्द्धन उपसमिति | १२ |
| ६ | प्रकाशन उपसमिति | २ |
| ७ | महिला सशक्तिकरण उपसमिति | ४ |

| | | |
|---|---|---|
| ८ | सदस्यता उपसमिति | २ |
| ९ | तालिम व्यवस्थापन उपसमिति | ३ |
| १० | भक्तपुर नगर सहकारी समन्वय उपसमिति | ५ |
| ११ | मध्यपुर थिमि नगर सहकारी समन्वय उपसमिति | २ |
| १२ | सूर्यविनायक नगर सहकारी समन्वय उपसमिति | १ |
| १३ | चाँगुनारायण नगर सहकारी समन्वय उपसमिति | २ |
| १४ | पदपूर्ति उपसमिति | ४ |
| १५ | बजेट उपसमिति | १ |

### ४. ऋण लगानीको प्रक्रियामा धितो सुरक्षण

वित्तीय क्षेत्रको एक छातासंस्था भएको नाताले प्रारम्भिक सहकारी संस्थाहरूसँग निक्षेप स्विकार गर्नु र प्रारम्भिक संस्थाहरूलाई ऋण प्रदान गर्नु तथा समयानुकुल व्याजदर परिवर्तन गर्नु संघको प्रमुख कार्य हो । सोही अनुसार प्रारम्भिक संस्थाहरूको वित्तीय विश्लेषण गरी संघले शेयर तथा जगेडा कोष वा वासलातका आधारमा अन्तरलागानी तथा वित्तीय सेवा प्रवर्द्धन उपसमितिको सिफारिसमा संचालक समितिको स्विकृतिमा अल्पकालीन ऋण संस्थाको आवश्यकता र प्राथमिकताका आधारमा प्रदान गर्दै आएको छ । धितो जमानीमा दीर्घकालीन ऋण प्रदान गर्न वित्तीय सेवा प्रवर्द्धन उपसमितिले स्थलगत निरीक्षण गरी मूल्याङ्कन गरेको रकम र संस्थाले संघमा गरेको कारोबारको आधारमा ६०% देखि ७०% ले नबढ्ने गरी वित्तीय सेवा प्रवर्द्धन उपसमितिको सिफारिसमा सञ्चालक समितिले निर्णय गरी दृष्टि बन्धकीसमेत गरेको छ । संघले सहकारी मापदण्ड अनुसार ऋण लगानीमा जोखिम व्यवस्थापन गरेको छ ।

### ५. सहकारी मापदण्डहरुको पालना

यस संघ सहकारी ऐन, नियमावली र सिद्धान्त एवं सहकारी मापदण्ड २०६८ मा तोकिएको मापदण्डहरू बमोजिम परिचालित छ ।

### ६. अनुगमन निर्देशन एवम् सुझाव कार्यान्वयन

यस समितिले संघको निर्णय पुस्तिका, आर्थिक प्रगति प्रतिवेदन र व्यवस्थापकीय प्रक्रियाको नियमित अनुगमन गरी आवश्यक सुझावहरू दिँदै आइरहेको छ । उक्त सुझावहरू अधिकांश पालना भएको देखिन्छ ।

### ७. पदाधिकारी पारिश्रमिक, भत्ता र सुविधा

संघका सञ्चालक, लेखा सुपरिवेक्षण समिति र उपसमितिका पदाधिकारीहरूले सहकारी ऐन तथा मापदण्ड विपरित कुनै पारिश्रमिक, भत्ता र सुविधा लिएको छैन । संघको निर्णय अनुसार देहाय अवस्थामा पारिश्रमिक, भत्ता तथा सुविधा लिएको पाइन्छ ।

(७.१) भत्ता - संघको सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र उपसमितिका पदाधिकारीहरूलाई प्रति बैठक भत्ता रू.१,२००।- (एक हजार दुई सय रूपैँया मात्र) का दरले प्रदान गरिएको छ ।

(७.२) सुविधा - संघको तर्फबाट प्रतिनिधि भई जाँदा पदाधिकारीहरूलाई प्रति दिन परिवहन खर्च रू. ८००।- (आठ सय रूपैया मात्र) का दरले प्रदान गरिएको छ ।

(७.३) संघका अध्यक्ष र कोषाध्यक्षलाई परिवहन खर्च मासिक क्रमशः ६,०००। (अक्षरेपी छ हजार रूपैंया) र रू. ५,०००।- (पाँच हजार रूपैँया) प्रदान गरिएको छ ।

### ८. कर्मचारी प्रशासन

संघलाई व्यवस्थित र मर्यादित बनाउन कर्मचारीहरूको महत्वपूर्ण भूमिका रहन्छ । कर्मचारी

व्यवस्थापनको लागि कर्मचारी प्रशासन नीति बमोजिम व्यवस्थापन कार्यलाई व्यवस्थित गरेकोछ । तसर्थ कर्मचारी प्रशासनलाई परिवर्तनशील बनाउन श्रम ऐन अनुसार कर्मचारी प्रशासन नीति परिमार्जन गर्दै आएको छ ।

### ८.१ कर्मचारी प्रशासन नीति र यसको प्रयोग

संघमा हाल कर्मचारी प्रशासन नीति, २०६८ पारित भई कर्मचारी भर्ना लगायत प्रशासनिक कार्यको लागि श्रोत सामग्रीको समुचित उपयोग भइरहेको छ ।

### ८.२ कर्मचारी कार्य विभाजन

संघले सबै कर्मचारीहरूलाई योग्यता र सक्षमताको आधारमा कार्य विभाजन गरेको छ । कार्यालय प्रमुख वा अन्य पदाधिकारीहरूले कुनै पनि कर्मचारीमाथि पुर्वाग्रह राखी व्यवहार गरेको पाइँदैन ।

### ८.३ व्यवस्थापन प्रमुखको योग्यता

संघका प्रमुख कार्यकारी अधिकृत त्रिभुवन विश्व विद्यालयबाट व्यवस्थापन विषयमा स्नातकोत्तर उत्तीर्ण हुनुहुन्छ । उहाँ शैक्षिक एवं सामाजिक रूपले योग्य हुनुको साथै व्यवसायिक सीपका हिसाबले दक्ष तथा सक्षम व्यक्ति हुनुहुन्छ ।

### ८.४ कर्मचारी विवरण

यस संघमा हाल तपसिल बमोजिमका कर्मचारी कार्यरत रहेका छन् :-

| | | |
|---|---|---|
| जम्मा कर्मचारीः १० जना | पुरूषः ५ जना | महिलाः ५ जना |
| स्थायी कर्मचारीः ७ जना | पुरूषः ३ जना | महिलाः ४ जना |
| करार कर्मचारीः ३ जना | पुरूषः २ जना | महिलाः १ जना |

## ९. पर्ल्स (PEARLS) विश्लेषणको आधारमा

- तरलता अनुपात बचतका आधारमा कम्तिमा १५ प्रतिशत हुनु पर्नेमा आवधिक बचतलाई समेत गणना गर्दा ९०.९६ प्रतिशत देखिएकोले ऋण लगानीलाई नै बृद्धि गरी तरलता व्यवस्थापन गर्नु पर्ने देखिन्छ ।
- कुल सम्पतिमा शेयर पुँजीको अनुपात १० देखि २० प्रतिशत हुनु पर्नेमा २.१९ प्रतिशत मात्र देखिएको ले शेयर पुँजी बृद्धि गर्नु पर्ने देखिन्छ ।
- कूल सम्पतिमा खुद संस्थागत पुँजीको अनुपात १० देखि २० प्रतिशत हुनु पर्नेमा २.८२ प्रतिशतमात्र दे खिएकोले संस्थागत पुँजी बृद्धितर्फ ध्यान दिनु पर्ने देखिन्छ ।
- सदस्ता बृद्धिको अनुपात सदस्य संस्थाको आधारमा कम्तिमा १२ प्रतिशत हुनु पर्नेमा ०.९९ प्रतिशत मात्र भएकोले सदस्यता बृद्धि गर्नु पर्ने देखिन्छ ।

## १०. बजेट अनुसार आर्थिक प्रशासनिक नीति अध्ययन

संघको आर्थिक प्रशासन नीति साधारण सभाबाट पारित भएको छ । तसर्थ, आर्थिक प्रशासन नीति तथा संघको त्रिवर्षीय योजना बमोजिम बजेट बनाइएको र बजेटको सीमाभित्र रही कार्यान्वयन पक्षमा लगिएको छ । संघको त्रिवर्षीय योजनाको अवधि समाप्त भएकोले चारवर्षीय व्यावसायिक योजना बनाई बजेट तर्जुमा गरिएको छ ।

## ११. नगद, तरलता र भौतिक सम्पति उपयोग अवस्था

संघले काउन्टर सेवाको शुरूवात गरेदेखि नै नगद कारोवार गर्दै आईरहेको छ । निक्षेप फिर्ता नगद तथा चेकबाट र ऋण लगानी बैंकबाट गर्दै आइरहेको छ । तसर्थ कुल सम्पत्तिको १% मा नबढाई नगद मौज्दात राख्ने गरिएको छ । साथै उक्त नगद मौज्दातको सुरक्षाको लागि सेफमा रहेको रू. २५,००,०००।- (पच्चिस लाख), काउन्टरमा रहेको रू. १५,००,०००।- (पन्ध्र लाख) र कार्यालय सामानको

समेत बिमा गरिएको छ । संघको तरलता असार मसान्तसम्ममा २९% रहेको छ । संघमा रहेको भौतिक सम्पत्ति सामानहरूको स्टक नं. दिएर लेखाङ्कन गरिएको छ । ती सम्पत्तिहरू सुरक्षितकासाथ उपयोग हुँदै आइरहेकोछ ।

### १२. सहकारी शिक्षा, तालिम र सूचना

संघले सहकारी तालिम तथा शिक्षालाई महत्वपूर्ण स्थानमा राखिएको छ । सदस्य संस्थाको संस्थागत विकास हुने विभिन्न किसिमका तालिमहरू सहकारी लेखा व्यवस्थापन तालिम, पर्ल्स अनुगमन तालिम, ऋण व्यवस्थापन तालिम, ऐन कानुन तथा निर्देशिकाबारेमा अन्तरक्रिया, गोष्ठी आदि कार्यक्रमहरू आयोजना गरिएका छन् । माथिल्लो संघहरूको सूचना र संघका कार्यक्रमहरू एवम् अन्य महत्वपूर्ण जानकारीहरू संघले वेभसाईट, पत्रपत्रिका, ईमेल, एस. एम. एस. तथा चिठीमार्फत सूचना सम्प्रेषण गर्दै आइरहेको छ ।

### १३. विगतका सुझावहरु

लेखा समितिले सञ्चालक समितिलाई राय, सुझाव र सल्लाह समय समयमा दिँदै आइरहेको छ र भविष्यमा पनि यसलाई निरन्तरता दिँदै जानेछ । विगतमा यस समितिले खातापाता सञ्चालन र लेखा राख्ने क्रममा बिलभरपाई रूजु गर्दा सुधार गर्नुपर्ने बुँदाहरू, निर्णय र निर्णय कार्यान्वयन गर्ने क्रममा गरिएका कार्यहरू, निर्णय तथा कार्यहरूको विषयमा दिएका अधिकांश सुझावहरू कार्यान्वयन भएका छन् ।

### १४. बाह्य लेखा परीक्षकको सुझाव

लेखा परीक्षकबाट आ.व. २०८०/०८१ को सन्दर्भमा दिइएका सुझावहरूलाई संघले अवलम्बन गरेको देखिन्छ ।

### १५. सहभागितात्मक तालिम सम्बन्धमा

संघको परिवार बढ्दै गएको सन्दर्भमा क्षेत्रीयस्तरमा संघको थोरै लगानीमा ठूलो उपलब्धी हासिल गर्न संघले सहभागितात्मक तालिम एवम् शिक्षातर्फ जोड दिनुपर्ने र जिल्लास्तरमा सम्पन्न प्रशिक्षक प्रशिक्षण तालिम (TOT) लाई निरन्तरता दिनुपर्ने देखिन्छ । कोपोमिस र गोएमएल तालिम सम्बन्धमा पालिकास्तरमा गर्दै आएको सचेतना कार्यक्रमलाई पनि निरन्तरता दिनुपर्ने देखिन्छ ।

### १६. लेखा समितिको टिप्पणी

यस सहकारी संघ आबद्ध सम्पूर्ण संस्थाहरूको साझा संघ हो । सदस्य संस्थाको हितलाई सर्वोपरी ठानी संघले विगतका कमीकमजोरीबाट शिक्षा लिनु पर्दछ, तबमात्र सहकारी संघ सफल हुन सक्दछ । आजको प्रतिस्पर्धात्मक युगमा समय सापेक्ष रूपमा नीति र कार्ययोजना बनाई संघ अगाडि बढ्नु पर्दछ ।

### १७. लेखा समितिको सुझावहरु

संघको दिगो विकासको निम्ति विगत र वर्तमानको समीक्षा गर्दै निम्न सुझावहरू प्रस्तुत गरेका छौंः-

१७.१ सहकार्य बुलेटीनको नियमित प्रकाशन तथा वितरण मार्फत संघका गतिविधिहरूको जानकारी सम्प्रेषण गर्नुपर्ने ।

१७.२ संघले लगानी गरेका धितो ऋणहरूको बिमा गर्नुपर्ने ।

१७.३ संघले सदस्यता बृद्धि सुस्त हुनुका कारण खोजी सो बृद्धिको कार्यक्रमलाई जोड दिनुपर्ने ।

१७.४ संघले बचत तथा ऋण कार्यक्रममा विविधीकरण गरी आवश्यक नीति तर्जुमा गर्नुपर्ने ।

१७.५ सदस्य संस्था अवलोकन भ्रमण कार्यक्रमलाई निरन्तरता दिनुपर्ने ।

१७.६ प्रारम्भिक सदस्य बचत तथा ऋण सहकारी संस्थाहरूको अनुगमन कार्यलाई व्यापकता दिनुपर्ने ।

१७.७ सहकारी रेडियो सहकार्य कार्यक्रमलाई नयाँ ढंगबाट सञ्चालन गर्नुपर्ने ।

१७.८ संघमा आवद्ध सदस्य संस्थाहरूको गुणस्तर सुनिश्चितता गर्ने खालका जोखिममा न्यूनीकरणमुखी सुपरिवेक्षण र प्रोवेशन जस्ता कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने ।

१७.९ संघको सेवाकेन्द्र सञ्चालनको प्रभावकारीता तथा उपलब्धी मूल्यांकन गर्नुपर्ने ।

अन्तमा हामीले आ.व. २०८०।०८१ मा संघको लेखा सुपरिवेक्षण समितिका तर्फबाट आवश्यक अनुगमन निरीक्षण गर्दा प्राप्त भएका कैफियतहरू, सुझावहरू र संघको अग्रगतिका लागि विवेकले भ्याएसम्म प्रयत्न गरेका छौं । यति गर्दा गर्दै पनि कुनै कमीकमजोरी रहेमा सुझाव प्रदान गरी हामीलाई मार्गदर्शन गराउनु हुनेछ भन्ने विश्वास सहित यो प्रतिवेदन पारित गरिदिनु हुन हार्दिक अनुरोध गर्दछौं । धन्यवाद ।

★

**R.BARAL & ASSOCIATES**
CHARTERED ACCOUNTANTS
Firm Registration No. 643
VAT No.: 605200009

Ref. No.

## सदस्य महानुभावहरुमा स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

### वित्तीय विवरणको लेखापरिक्षणको प्रतिवेदन

हामीले श्री **भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.** ("संघ")को संलग्न वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौ। वित्तीय विवरणमा २०८१ आषाढ मसान्तको वित्तिय स्थितिको विवरण र सोही सो मितिमा समाप्त भएको आर्थिक वर्ष २०८०/८१ को नाफा वा नोक्सानको विवरण, अन्य विस्तृत आयको विवरण, नाफा वा नोक्सानको विनियोजन विवरण, इक्वीटिमा भएको परिवर्तन सम्बन्धी विवरण, नगद प्रवाह विवरण, कर्जा जोखिम व्यवस्था, तथा प्रमुख लेखा निति तथा लेखा सम्वन्धी टिप्पणीहरु समावेश गरिएका छन्ः।

### राय

हाम्रो रायमा र हामीलाई दिइएका स्पष्टीकरणहरु अनुसार वित्तीय विवरणले सारभूतरुपमा २०८१ आषाढ मसान्तको वित्तीय स्थिति, सो मितिमा समाप्त भएको आर्थिक वर्षको करोबारको नतिजा र नगद प्रवाहले सामान्यतया स्वीकृत लेखा सिद्धान्त तथा नेपाल लेखामान बमोजिम सहि र यथार्थ चित्रण गर्दछ।

### रायको लागि आधार

हामीले नेपाल लेखापरिक्षण मापदण्ड अनुरुप लेखापरिक्षण गरेका थियौ.। ती मापदण्ड अन्तर्गत हाम्रो उत्तरदायित्व यस प्रतिवेदनको *वित्तीय विवरणको लेखापरिक्षणमा लेखापरिक्षकको उत्तरदायित्व* भागमा वर्णन गरिएका छन्। हामी वित्तीय प्रतिवेदनको लेखापरिक्षणलाई उपयुक्त नैतिक आवश्यकता तथा *नैतिकताको मापदण्ड (Code of Ethics)* बमोजिम संस्थासंग स्वतन्त्र छौं र तिनमा उल्लेख बमोजिम नैतिक जिम्मेवारी पूर्णरुपमा पालना गरेका छौं। हामी विश्वास गर्दछौं कि हामीले प्राप्त गरेका प्रमाणहरु हाम्रो रायको लागि आधार प्रदान गर्न पर्याप्त र उचित छन्।

### प्रमुख लेखापरिक्षण मामिलाहरु

प्रमुख लेखापरिक्षण मामिलाहरु ती विषयहरु हुन, जुन हाम्रो व्यवसायिक निर्णयमा, यस लेखापरिक्षणमा सबैभन्दा महत्वपूर्ण थिए। यी विषयहरु हाम्रो लेखापरिक्षणको सन्दर्भमा सम्बोध नगरिएको थियो र ती विषयहरुमा हामी छुट्टै राय प्रदान गर्दैनौं। हामीले यस प्रतिवेदन मार्फत संचार गर्नपर्ने प्रमुख लेखापरिक्षण मामिलाहरु रहेको छैन।

### वित्तीय विवरण उपर व्यवस्थापनको उत्तरदायित्व

प्रचलित कानून तथा नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) बमोजिम वित्तीय विवरणको तयारी र यथार्थ प्रस्तुतिकरण गर्नु यस संस्थाको व्यवस्थापनको उत्तरदायित्व हो। यस उत्तरदायित्व अर्न्तगत वित्तीय विवरण गलत आंकडा, जालसाजी वा त्रुटिको कारण, रहित छ भनी तयारी र प्रस्तुतिकरण गर्ने कार्यसंग सम्बन्धित नियन्त्रण प्रणलीको तर्जुमा गर्ने, लागु गर्ने र अद्यावधिक बनाई राख्ने, उपयुक्त लेखानीतिको छनौट गर्ने र लागु गर्ने तथा तत्कालिन अवस्थामा उपयुक्त लेखा अनुमानहरु गर्ने कार्यहरु पर्दछन्।

वित्तीय विवरण तयार गर्दा संस्थाको भविष्यमा संचालन हुने क्षमताको मूल्यांकन गर्ने दायित्व व्यवस्थापनको रहन्छ। व्यवस्थापनले संस्था दामसाह गर्ने वा संचालन बन्द गर्ने बाहेकका अन्य विकल्प

Kathmandu, Nepal
Email: rba957@gmail.com Mob: 9846857180

नभएसम्म संस्था भविष्यमा पनि संचालन भइरहन्छ भन्ने सिद्धान्त बमोजिम लेखा पद्धति प्रयोग गर्ने दायित्व व्यवस्थापनको रहन्छ ।

**वित्तीय विवरणको लेखापरिक्षणमा लेखापरिक्षकको उत्तरदायित्व**

प्रस्तुत वित्तीय विवरणहरु माथि लेखापरिक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हामो उत्तरदायित्व हो । लेखापरिक्षणको सर्वमान्य सिद्धान्त तथा नेपाल लेखापरिक्षण मानको आधारमा लेखापरिक्षण सम्पन्न गरिएको छ । वित्तीय विवरण सारभूतरुपमा गलत आँकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनको लागि ती लेखापरीक्षण मान अनुसार लेखापरीक्षण योजना तयार गरी तदनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्ट्याई गर्न प्रमाणको छड्के परिक्षणलाई समेत लेखापरिक्षणमा समावेश गरिएको छ । संस्थाले अवलम्वन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेको महत्वपूर्ण अनुमान तथा वित्तीय विवरण प्रस्तुतिको समग्र स्थितिको मूल्यांकन पनि लेखापरिक्षणमा समावेश गरिएको छ ।

**सहकारी ऐन, नियमावली तथा मापदण्डको परीपालना उपर प्रतिवेदन**

१. हाम्रो लेखा परिक्षणमा हामीलाई आवश्यक जानकारी र स्पष्टीकरण प्राप्त गरेका छौं ।
२. ऐनको आवश्यकता बमोजिम संस्थाले लेखा तथा खाता पाता राखेको छ ।
३. वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) तथा ऐनको प्रावधान बमोजिम तयार पारिएको छ ।
४. वित्तीय विवरण संस्थाको लेखा तथा खाता पातासंग सम्भौतामा छ तथा खाता पाता प्रचलित कानून बमोजिम राखिएको छ ।
५. लेखापरिक्षणको क्रममा हाम्रो जानकारी र हामीलाई दिइएको स्पष्टीकरणको आधारमा लेखा सम्बन्धी धोखाधडीका मामिलाहरु भेट्टाएनौं । त्यस्ता केसहरुमा जहाँ व्यवस्थापक, संचालक वा कुनै पदाधिकारीहरुले ऐनको प्रावधान विपरीत कार्य गरेको तथा संस्थाको कोष दुरुपयोग गरेको पनि भेट्टाएनौं ।

रमेश बराल, एफ.सि.ए.
(प्रोप्राइटर)
UDIN: 241024CA00957tctSE

स्थान : काठमाण्डौ
मिति : २०८१/०६/२२

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

सुर्यविनायक ८, भक्तपुर

## वित्तिय स्थितिको विवरण

## असार ३१, २०८१ को

(रकम रु.मा)

| सम्पति | टिप्पणी | आ.व. २०८०.०८१ | आ.व. २०७९.०८० | २०७९ श्रावण १ |
|---|---|---|---|---|
| **क. गैर चालु सम्पत्ति** | | | | |
| १ सम्पति, कारखाना तथा उपकरण | ४.१ | ३६,००५,२६०.३८ | ३६,१९४,०१७.८२ | १८,२६९,११०.५५ |
| २ लगानी हिसाव | ४.२ | ३,८५९,८५४.३५ | ३३,३२०,८९४.०३ | २,२८४,३७४.८६ |
| ३ प्रयोगको अधिकार सम्पत्ति (पट्टा सम्पत्ति) | ४.३ | ३९०,२२७.३९ | १३९,४५२.९० | ३६०,६११.८२ |
| ४ स्थगन (डिफर्ड) कर सम्पत्ति | ४.४ | – | – | – |
| **कुल गैर चालु सम्पत्ति** | | **४०,२५५,३४२.१२** | **६९,६५४,३६४.७५** | **२०,९१४,०९७.२३** |
| **ख. कर्जा लगानी** | ४.५ | ३९४,६७७,६७३.१९ | ६७८,६०४,२७०.४१ | ९२७,७६९,८७४.६७ |
| **कुल कर्जा लगानी** | | **३९४,६७७,६७३.१९** | **६७८,६०४,२७०.४१** | **९२७,७६९,८७४.६७** |
| **ग. चालु सम्पत्ति** | | | | |
| १ लगानी हिसाव | ४.६ | २,०५१,000,000.00 | ७२०,000,000.00 | २९५,000,000.00 |
| २ धरौटी तथा पेश्की | ४.७ | – | १८,७५०.00 | १८,७५०.00 |
| ३ सापट तथा पाउनुपर्ने | ४.८ | ७३,८४६,४१५.९० | ४७,७३०,४७५.४२ | ३६,८१८,०७७.३९ |
| ४ नगद तथा नगद सरह | ४.९ | ९५४,३७८,३२३.५३ | ७०१,६७४,१३०.२४ | ४०५,३३१,१६०.०४ |
| ५ अन्य चालु सम्पत्ति | ४.१० | १४५,२८०.९३ | २०४,७३५.०८ | २४२,४६५.00 |
| **कुल चालु सम्पत्ति** | | **३,०७९,३७०,०२०.३६** | **१,४६९,६२८,०९०.७४** | **७३७,४१०,४५२.४३** |
| **कुल सम्पति** | | **३,५१४,३०३,०३५.६७** | **२,२१७,८८६,७२५.९०** | **१,६८६,०९४,४२४.३३** |

| पूँजीकोष तथा दायित्व | टिप्पणी | आ.व. २०८०.०८१ | आ.व. २०७९.०८० | २०७९ श्रावण १ |
|---|---|---|---|---|
| **क. पूँजीकोष** | | | | |
| १ शेयर पूँजी | ४.११ | ७७,१३४,४००.00 | ७२,६३९,७००.00 | ६३,०७०,९००.00 |
| २ कोष हिसाव | ४.१२ | १३०,६९८,३४३.७९ | ८९,२७४,१८२.३५ | ६८,६३२,५०१.४२ |
| **शेयर सदस्यका लागि श्रेय योग्य पूँजीकोष** | | **२०७,८३२,७४३.७९** | **१६१,९१३,८८२.३५** | **१३१,७०३,४०१.४२** |
| ३ गैर नियन्त्रण लाभ | | – | – | – |
| **कुल पूँजीकोष** | | **२०७,८३२,७४३.७९** | **१६१,९१३,८८२.३५** | **१३१,७०३,४०१.४२** |
| **ख. गैर चालु दायित्व** | | | | |
| १ अन्य कोष | ४.१३ | ३,२९२,०३८.९३ | २,७८१,४०७.७१ | १,९७७,३७२.६४ |
| २ पट्टा दायित्व | ४.१४ | १५८,५५२.९२ | – | १४४,३३१.०८ |
| ३ स्थगन (डिफर्ड) कर दायित्व | ४.४ | ६१,९६५.३६ | ३१,०५०.६५ | – |
| **कुल गैर चालु दायित्व** | | **३,५१२,५५७.२१** | **२,८१२,४५८.३६** | **२,१२१,७०३.७२** |
| **ग. निक्षेप बचत** | ४.१५ | ३,२९०,९७६,८५६.२८ | २,०४५,७८१,२३६.५१ | १,५४६,७०५,७४२.०६ |
| **कुल निक्षेप बचत** | | **३,२९०,९७६,८५६.२८** | **२,०४५,७८१,२३६.५१** | **१,५४६,७०५,७४२.०६** |
| **घ. चालु दायित्व** | | | | |
| १ भुक्तानी दिनुपर्ने | ४.१६ | ५,८२६,२४०.८५ | ५,५३२,१५६.१५ | ३,९९३,८०८.४५ |
| २ पट्टा दायित्व | ४.१४ | २३७,७८९.00 | १४४,३३१.०८ | २१६,२८०.७४ |
| ३ व्यवस्था | ४.१७ | ५,९१६,८४८.५४ | १,७०२,६६१.४५ | १,३५३,४८७.९४ |
| **कुल चालु दायित्व** | | **११,९८०,८७८.३९** | **७,३७९,१४८.६८** | **५,५६३,५७७.१३** |
| **कुल पूँजी तथा दायित्व** | | **३,५१४,३०३,०३५.६७** | **२,२१७,८८६,७२५.९०** | **१,६८६,०९४,४२४.३३** |

यसै मितिको हाम्रो संलग्न प्रतिवेदनको आधारमा

रमेश बराल, एफ.सि.ए.
आर बराल एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

कृष्णगोविन्द लाखाजू – अध्यक्ष
हरि कृष्ण बल्ल – उपाध्यक्ष
जगनाथ प्रजाप्रति – सचिव
कान्छाभक्त घ:जु – कोषाध्यक्ष
पञ्चकृष्ण श्रेष्ठ – सदस्य

कृष्णश्वरी प्रजापति – सदस्य
काजी बहादुर पञ्च – सदस्य
सन्तोषी खतिवडा – सदस्य
इन्द्रप्रसाद ब्याञ्जु – सदस्य

वासुमुकुण्द उपाध्याय – ले.सु.स. संयोजक
श्रीप्रसाद त्यातजू – ले.सु.स. सदस्य
सुशिला पराजुली बराल – ले.सु.स. सदस्य
बालकृष्ण धोजू – प्रमुख कार्यकारी अधिकृत
कृष्णश्वरी ह्यौमिखा – वित्त तथा प्र.अधिकृत

स्थान: भक्तपुर
मिति: २०८१/०६/२२

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

## सुर्यविनायक ८, भक्तपुर

## नाफा वा नोक्सानको विवरण
## आ.व. २०८०/८१को लागि

(रकम रु.मा)

| | टिप्पणी | आ.व. २०८०.०८१ | आ.व. २०७९.०८० |
|---|---|---|---|
| कर्जा लगानीबाट आम्दानी | ४.१८ | ६२,६०८,२४८.४२ | १०२,९६८,८४७.७३ |
| बचत तथा शेयर लगानीमा आम्दानी | ४.१९ | १८५,८४८,८३६.९४ | ८२,१०७,७३३.२१ |
| अन्य आम्दानी | ४.२० | १,३८०,५०४.१४ | १,७४५,२५२.३६ |
| **जम्मा आम्दानी** | | **२४९,८३७,५८९.५०** | **१८६,८२१,८३३.३०** |
| बचतमा ब्याज खर्च | ४.२१ | १७४,०७९,३८१.३४ | १४१,३६२,३४७.४३ |
| कर्मचारी खर्च | ४.२२ | ५,५१६,६७५.०८ | ५,३३६,४१२.८७ |
| कार्यालय संचालन खर्च | ४.२३ | ४,८१६,९४८.९६ | ४,१९५,८७८.७४ |
| ह्रास कट्टी तथा अपलेखन खर्च | ४.२४ | ७२२,२२९.७१ | ७४१,४३८.६५ |
| **संचालनबाट नाफा / (नोक्सान)** | | **६४,७०२,३५४.४१** | **३५,१८५,७५५.६१** |
| वित्त लागत | ४.२५ | १६,७८९.३६ | १८,३९१.२६ |
| कर्जा जोखिम व्यवस्था | ४.५ | ५,००४,०६०.२२ | ८०३,६३०.२६ |
| **कर अघिको नाफा / (नोक्सान)** | | **५९,६८१,५०४.८३** | **३४,३६३,७३४.०९** |
| आय कर | | | |
| यस आ.व.को कर | ४.२६ | ५,९१६,८४८.५४ | १,७०२,६६१.४५ |
| डिफर्ड (स्थगन) कर | ४.४ | ३०,९१४.७१ | ३१,०५०.६५ |
| **यस वर्षको कुल नाफा / (नोक्सान)** | | **५३,७३३,७४१.५८** | **३२,६३०,०२१.९९** |
| आधारभूत प्रति शेयर कमाई | | ६९.६६ | ४४.९२ |
| **कुल नाफा / (नोक्सान) को श्रेय :** | | | |
| शेयर सदस्य | | ५३,७३३,७४१.५८ | ३२,६३०,०२१.९९ |
| गैर नियन्त्रण लाभ | | – | – |

R. Baral & Associates, Chartered Accountants, Nepal

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
## सुर्यविनायक ८, भक्तपुर

## अन्य विस्तृत आयको विवरण
## आ.व. २०८०/८१को लागि

(रकम रु.मा)

| | आ.व. २०८०.०८१ | आ.व. २०७९.०८० |
|---|---|---|
| यस वर्षको कुल नाफा र (नोक्सान) | ५३,७३३,७४१.५८ | ३२,६३०,०२१.९९ |
| **अन्य विस्तृत आय, आय कर बाहेक** | | |
| **क. पछि नाफा वा नोक्सानको विवरणमा पुनः वर्गिकरण नहुने :** | | |
| शेयर लगानीलाई सही (fair) मुल्यमा मापन गर्दाको नाफा / (घाटा) | | - |
| पुनर्मूल्यांकन गर्दाको नाफा / (घाटा) | | - |
| परिभाषित लाभ योजनाको अभिलेखिकरणीय नाफा / (घाटा) | | - |
| माथिका शीर्षकहरुमा आय कर | | - |
| **पछि नाफा वा नोक्सानको विवरण पुनः वर्गिकरण नहुने कुल विस्तृत आय** | **५३,७३३,७४१.५८** | **३२,६३०,०२१.९९** |
| **ख. पछि नाफा वा नोक्सानको विवरणमा पुनः वर्गिकरण हुने वा हुन सक्ने:** | | |
| नगद प्रवाह हेजिङमा नाफा / (घाटा) | | - |
| विदेशी विनिमय साटासाटमा नाफा / (घाटा) | | - |
| माथिका शीर्षकहरुमा आय कर | | - |
| नाफा वा नोक्सानको विवरणमा पुनः वर्गिकरण | | - |
| **यस वर्षको कुल विस्तृत आय** | **५३,७३३,७४१.५८** | **३२,६३०,०२१.९९** |

कृष्णगोविन्द लाखाजू
अध्यक्ष

हरि कृष्ण बल्ल
उपाध्यक्ष

जगनाथ प्रजाप्रति
सचिव

कान्छाभक्त घ:जु
कोषाध्यक्ष

पञ्चकृष्ण श्रेष्ठ
सदस्य

कृष्णश्वरी प्रजापति
सदस्य

काजी बहादुर पञ्च
सदस्य

सन्तोषी खतिवडा
सदस्य

इन्द्रप्रसाद ब्याञ्जु
सदस्य

वासमुकुन्द उपाध्याय
ले.सु.स. संयोजक

श्रीप्रसाद त्यातिजू
ले.सु.स. सदस्य

सुशिला पराजुली बराल
ले.सु.स. सदस्य

बालकृष्ण धोमू
प्रमुख कार्यकारी अधिकृत

कृष्णश्वरी ह्यौमिखा
वित्त तथा प्र.अधिकृत

यसै मितिको हाम्रो संलग्न प्रतिवेदनको आधारमा
रमेश बराल, एफ.सि.ए.
आर बराल एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

R. Baral & Associates, Chartered Accountants, Nepal, M. No.: 957, COP No.: 738

स्थान: भक्तपुर
मिति: २०८१/०६/२२

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

## सुर्यविनायक ८, भक्तपुर

### नाफा वा नोक्सानको विनियोजन विवरण
### आ.व. २०८०/०८१को लागि

| | | | | कुल |
|---|---|---|---|---|
| **यस वर्षको कुल विस्तृत आय** | | **५३,७३३,७४१.५८** | | **५३,७३३,७४१.५८** |
| **बाँडफाँड नगरेको खुद बचत** | | | **२७९,४५४.४०** | **२७९,४५४.४०** |
| जगेडा कोष | २५.००% | १३,४३३,४३५.०० | ६९,८६३.६० | १३,५०३,२९८.६० |
| **अन्य कोषहरु** | **७५.००%** | ४०,३००,३०६.५८ | २०९,५९०.८० | ४०,५०९,८९७.३८ |
| संरक्षित पूँजी फिर्ता कोष | २५.००% | १०,०७५,०७६.६५ | ५२,३९७.७० | १०,१२७,४७४.३५ |
| सहकारी प्रर्बधन कोष | ०.५०% | २०१,५०१.५३ | १,०४७.९५ | २०२,५४९.४८ |
| **अन्य कोषहरु** | **७४.५०%** | ३०,०२३,७२८.४० | १५६,१४५.१५ | ३०,१७९,८७३.५५ |
| शेयर लाभांश कोष | ६५.००% | १९,५१५,४२३.४६ | १०१,४९४.३३ | १९,६१६,९१७.७९ |
| कर्मचारी बोनस कोष | ५.००% | १,५०१,१८६.४२ | ७,८०७.२६ | १,५०८,९९३.६८ |
| स्थिरीकरण कोष | ५.००% | १,५०१,१८६.४२ | ७,८०७.२६ | १,५०८,९९३.६८ |
| घाटा पुर्ति कोष | ५.००% | १,५०१,१८६.४२ | ७,८०७.२६ | १,५०८,९९३.६८ |
| सामुदायिक विकास कोष | ५.००% | १,५०१,१८६.४२ | ७,८०७.२६ | १,५०८,९९३.६८ |
| सहकारी विकास कोष | ५.००% | १,५०१,१८६.४२ | ७,८०७.२६ | १,५०८,९९३.६८ |
| सहकारी शिक्षा कोष | ५.००% | १,५०१,१८६.४२ | ७,८०७.२६ | १,५०८,९९३.६८ |
| अन्य जोखिम व्यवस्थापन कोष | ५.००% | १,५०१,१८६.४२ | ७,८०७.२६ | १,५०८,९९३.६८ |

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
सुर्यविनायक ८, भक्तपुर

## इक्वीटिमा भएको परिवर्तन सम्बन्धी विवरण
## असार ३१, २०८१ को

(रकम रु.मा)

| | शेयर पूँजी | यस बर्षको नाफा | जगेडा कोष (नोक्सान) | अन्य कोष | जम्मा |
|---|---|---|---|---|---|
| २०७९ श्रावण १ मौज्दात | ६३,०७०,९००.०० | – | ४९,३००,२९८.२७ | १९,३३२,२०३.१५ | **१३१,७०३,४०१.४२** |
| लेखा नीतिमा भएको परिवर्तनको असर | | – | | | – |
| **परिवर्तित मौज्दात** | **६३,०७०,९००.००** | **–** | **४९,३००,२९८.२७** | **१९,३३२,२०३.१५** | **१३१,७०३,४०१.४२** |
| सम्पतिमा भएको थप वा घट मुल्याङ्कन | | | | | – |
| लगानीमा भएको थप वा घट मुल्याङ्कन | | | | | – |
| विदेशी मुद्रा सटहीमा भएको फरक | | | | | – |
| यस बर्षको नाफा वा नोक्सान वा थप घट | | (३२,६३०,०२१.९९) | ८,०८७,६४१.९० | २४,५४२,३८०.०९ | – |
| जगेडा कोष (नोक्सान) | | ८,०८७,६४१.९० | ७,१४३,८६२.०८ | (७,१४३,८६२.०८) | **८,०८७,६४१.९०** |
| अन्य कोष | | २४,५४२,३८०.०९ | | (११,९८८,३४१.०६) | **१२,५५४,०३९.०३** |
| शेयर जारी | ९,५६८,८००.०० | | | | **९,५६८,८००.००** |
| **असार ३१, २०८० को मौज्दात** | **७२,६३९,७००.००** | **–** | **६४,५३१,८०२.२५** | **२४,७४२,३८०.१०** | **१६१,९१३,८८२.३५** |
| सम्पतिमा भएको थप वा घट मुल्याङ्कन | | | | | – |
| लगानीमा भएको थप वा घट मुल्याङ्कन | | | | | – |
| विदेशी मुद्रा सटहीमा भएको फरक | | | | | – |
| यस बर्षको नाफा वा नोक्सान वा थप घट | | (५३,७३३,७४१.५८) | १३,४३३,४३५.०० | ४०,३००,३०६.५८ | – |
| जगेडा कोष (नोक्सान) | | ५३,७३३,७४१.५८ | १२,१५३,३४५.५५ | (२४,४६२,९२५.६९) | **४१,४२४,१६१.४४** |
| अन्य कोष | | | | | – |
| शेयर जारी | ४,४९४,७००.०० | | | | **४,४९४,७००.००** |
| **असार ३१, २०८१ को मौज्दात** | **७७,१३४,४००.००** | **–** | **९०,११८,५८२.८०** | **४०,५७९,७६०.९९** | **२०७,८३२,७४३.७९** |

कृष्णगोविन्द लाखाजू
अध्यक्ष

हरि कृष्ण बल्ल
उपाध्यक्ष

जगनाथ प्रजापति
सचिव

कान्छाभक्त घ:जु
कोषाध्यक्ष

पञ्चकृष्ण श्रेष्ठ
सदस्य

यसै मितिको हाम्रो संलग्न प्रतिवेदनको आधारमा
रमेश बराल, एफ.सि.ए.
आर. बराल एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

कृष्णश्वरी प्रजापति
सदस्य

काजी बहादुर पञ्च
सदस्य

सन्तोषी खतिवडा
सदस्य

इन्द्रप्रसाद ब्याञ्जु
सदस्य

वासुमुकुन्द उपाध्याय
ले.सु.स. संयोजक

श्रीप्रसाद त्यातिजू
ले.सु.स. सदस्य

सुशिला पराजुली बराल
ले.सु.स. सदस्य

बालकृष्ण धोमु
प्रमुख कार्यकारी अधिकृत

कृष्णश्वरी ह्यौमिखा
वित्त तथा प्र.अधिकृत

स्थान: भक्तपुर
मिति: २०८१/०६/२२

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
## सुर्यविनायक ८, भक्तपुर

**नगद प्रवाह विवरण**
**असार ३१, २०८० को**

(रकम रु.मा)

| | आ.व. २०८०.०८१ | आ.व. २०७९.०८० |
|---|---|---|
| **संचालन नाफा र (नोक्सान)** | ५३,७३३,७४१.५८ | ३२,६३०,०२१.९९ |
| समायोजन | | |
| ह्रासकट्टी | ७२२,२२९.७१ | ७४१,४३८.६५ |
| वित्त लागत | १६,७८९.३६ | १८,३९१.२६ |
| व्यवस्था | १०,९५१,८२३.४७ | २,५३७,३४२.३६ |
| **चालु पूँजीमा भएको परिवर्तन अघिको नगद प्रवाह** | **६५,४२४,५८४.१२** | **३५,९२७,१९४.२६** |
| बचतमा वृद्धि (कमी) | १,२४५,१९५,६१९.७७ | ४९९,०७५,४९४.४५ |
| चालु दायित्वमा बृद्धि (कमी) | ३८७,५४२.६२ | १,४६६,३९८.०४ |
| कर्जा लगानीमा कमी (बृद्धि) | २७८,९२२,५३७.०० | २४९,१६५,६०४.२६ |
| चालु सम्पतिमा कमी (बृद्धि) | (१,३५७,०३७,७३६.३३) | (४३५,८७४,६६८.११) |
| आय कर भुक्तानी | (१,७०२,६६१.४५) | (१,३५३,४८७.९४) |
| **संचालन गतिविधिवाट खूद नगद प्रवाह** | **२३१,१८९,८८५.७३** | **३४८,४०६,५३४.९६** |
| स्थिर सम्पति बिक्री (खरिद) | (३०५,६०३.२८) | (१८,४४५,१८७.००) |
| गैर चालु सम्पतिमा कमी (बृद्धि) | (४७८,६४३.४८) | - |
| लगानीमा कमी (बृद्धि) | २९,४६१,०३९.६८ | (३१,०३६,५१९.१७) |
| **लगानी गतिविधिबाट खुद नगद प्रवाह** | **२८,६७६,७९२.९२** | **(४९,४८१,७०६.१७)** |
| शेयर पूजीको बृद्धि (कमी) | ४,४९४,७००.०० | ९,५६८,८००.०० |
| कोषमा तथा कर्जा जोखिम व्यवस्थामा बृद्धि (कमी) | (२,७०८,५३८.१८) | (२,६४८,१०८.१३) |
| गैर चालु दायित्वमा बृद्धि (कमी) | ६६९,१८४.१४ | (१४४,३३१.०८) |
| ऋण बृद्धि (कमी) | - | - |
| वित्त लागत | (१६,७८९.३६) | (१८,३९१.२६) |
| लाभाशं भुक्तानी | (९,६०१,०४१.९६) | (९,३३९,८२८.१२) |
| **वित्तिय गतिविधिबाट खुद नगद प्रवाह** | **(७,१६२,४८५.३६)** | **(२,५८१,८५८.५९)** |
| यस वर्षको खूद नगद प्रवाह विवरण | २५२,७०४,१९३.२९ | २९६,३४२,९७०.२० |
| यस वर्षको शुरुको नगद तथा बैंक मौज्दात | ७०१,६७४,१३०.२४ | ४०५,३३१,१६०.०४ |
| **यस वर्षको जम्मा नगद तथा बैंक मौज्दात** | **९५४,३७८,३२३.५३** | **७०१,६७४,१३०.२४** |
| **हिसाब अनुसार** | ९५४,३७८,३२३.५३ | ७०१,६७४,१३०.२४ |

यसै मितिको हाम्रो संलग्न प्रतिवेदनको आधारमा

| | | | | |
|---|---|---|---|---|
| कृष्णगोविन्द लाखाजू<br>अध्यक्ष | हरि कृष्ण बल्ल<br>उपाध्यक्ष | जगनाथ प्रजापति<br>सचिव | कान्छाभक्त घःजु<br>कोषाध्यक्ष | पञ्चकृष्ण श्रेष्ठ<br>सदस्य |
| कृष्णश्वरी प्रजापति<br>सदस्य | काजी बहादुर पञ्च<br>सदस्य | सन्तोषी खतिवडा<br>सदस्य | इन्द्रप्रसाद ब्याञ्जु<br>सदस्य | |
| बालमुकुन्द उपाध्याय<br>ले.सु.स. संयोजक | श्रीप्रसाद त्यातजू<br>ले.सु.स. सदस्य | सुशिला पराजुली बराल<br>ले.सु.स. सदस्य | बालकृष्ण धोमू<br>प्रमुख कार्यकारी अधिकृत | कृष्णश्वरी ह्यौमिखा<br>वित्त तथा प्र.अधिकृत |

रमेश बराल, एफ.सि.ए.
आर. बराल एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

स्थानः भक्तपुर
मितिः २०८१/०६/२२

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
सुर्यविनायक ८, भक्तपुर

## प्रमुख लेखा नीति तथा लेखा सम्वन्धी टिप्पणीहरु

### १. सामान्य जानकारी
श्री भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. (संघ) २०६२/०१/२१ मा साविकको डिभिजन सहकारी कार्यालय, भक्तपुरमा भक्तपुर जिल्लाभरका बचत तथा ऋण संस्थाहरु बीच बचत तथा ऋणको कारोबार गर्ने गरि दर्ता भएको बचत तथा ऋण सहकारी संघ हो । यस संघ आन्तरिक राजस्व कार्यालय, भक्तपुरमा २०६२/०३/१९मा दर्ता (स्थायी लेखा नं. ३०१८९२६२३) भएको छ ।

यस संघमा आ.व. २०८०/०८१ मा २०४ वटा बचत तथा ऋण सहकारी संस्थाहरु आवद्ध रहेको छ । यस संघ राष्ट्रिय सहकारी महासंघ नेपाल, नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि., राष्ट्रिय सहकारी बैंक लि. र बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. मा आवद्ध रहेको छ । यस संघको कार्यक्षेत्र भक्तपुर जिल्लाभरि रहेको छ । यस संघको मुख्य कार्यालय सूर्यविनायक न.पा.वडा नं.८, इतबुँ, आफ्नै भवनमा संचालित रहेको छ । साथै संघको सदस्य सेवा केन्द्र मध्यपुर थिमि न.पा.वडा नं.६, पाटीविहारमा रहेको छ ।

### २. तयारीको आधार
#### २.१. पालनको विवरण
यस संघको वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standard – NFRS) का आधारमा रही लेखामान बोर्ड (Accounting Standards Board – ASB) बाट जारी भई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संघ (The Institute of Chartered Accountants of Nepal – ICAN) द्वारा अनुपालनको लागि सुचित गरिएका व्यवस्था अनुसार तयार गरिएका छन् । वित्तीय विवरणमा वित्तीय स्थितिको विवरण, नाफा वा नोक्सानको विवरण, अन्य विस्तृत आयको विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण, नगद प्रवाह विवरण र प्रमुख लेखा निति तथा लेखा सम्बन्धी टिप्पणीहरु समावेश गरिएका छन् । संघले गरेका लगानीहरु सहयोगी, सहायक वा संयुक्त व्यवस्थाका रूपमा वर्गिकृत नगर्ने भएकाले समेकित वित्तीय विवरण (Consolidated Financial Statements) तयार गर्न आवश्यक रहको छैन ।

संघद्वारा आर्थिक वर्ष २०८०/८१ को बार्षिक वित्तीय विवरणहरू नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standard –NFRS) भएका व्यवस्था अनुसार पहिलो पटक तयार गरिएको छ । अघिल्ला GAAP बाट NFRSमा रुपान्तरणको प्रभाव यस वित्तीय विवरणको टिप्पणी ५.९ मा दिइएको छ ।

विगत आर्थिक वर्षहरुको विवरणहरुलाई यस आर्थिक वर्ष २०८०/८१ को तुलनात्मक रूपमा एकरुपता ल्याउन आवश्यक भए अनुसार पुनः वर्गिकरण तथा पुनः लेखांकन गरिएका छन् ।

#### २.२ प्रतिवेदनको अवधि तथा वित्तीय विवरणको स्वीकृति
##### २.२.१. प्रतिवेदनको अवधि
संघले नेपाल लेखामान बोर्ड (Accounting Standards Board – ASB) बाट जारी प्रतिवेदन नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standrard–NFRS) का आधारमा रही आ.व. २०८०/८१ को लागि प्रथम पटक ग्रहण (First Time Adoption) गरी वित्तीय विवरण तयार पारेको छ । NFRS को पालना गर्न देहाय बमोजिका मितिहरु समीक्षा अवधिको लागि लिइएका छन् ।

| सान्दर्भिक वित्तीय विवरण मिति / अवधि | नेपाली मिति / अवधि | अंग्रेजी मिति / अवधि |
|---|---|---|
| प्रतिवेदनको मिति | ३१ आषाढ २०८१ | १५ जुलाई २०२४ |
| तुलनात्कम प्रतिवेदनको मिति | १ श्रावण २०८० - ३१ आषाढ २०८१ | १७ जुलाई २०२३ - १५ जुलाई २०२४ |
| प्रतिवेदनको अवधि | ३१ आषाढ २०८० | १६ जुलाई २०२३ |
| तुलनात्कम प्रतिवेदनको अवधि | १ श्रावण २०७९ - ३१ आषाढ २०८० | १७ जुलाई २०२२ - १६ जुलाई २०२३ |
| शुरुवातको मिति | १ श्रावण २०७९ | १७ जुलाई २०२२ |

संघले नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standrard –NFRS) बमोजिम प्रथम पटक ग्रहण (First Time -Adoption) गर्दा विगत दुई आर्थिक वर्षहरु क्रमशः आ.व. २०७८/७९ र आ.व. २०७९/८० का वित्तीय

## भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
सुर्यविनायक ८, भक्तपुर

### प्रमुख लेखा नीति तथा लेखा सम्वन्धी टिप्पणीहरु

विवणरहरुमा पुन:वर्गिकरण, पुन:गठन र पुन:मूल्यांकन गरेको छ । सोहि बमोजिमको वित्तीय प्रभावहरुलाई समेटी यस चालु आ.व. २०८०/८१ को वित्तीय विवरण तयार पारिएको छ ।

**२.२.२. वित्तीय विवरणको स्वीकृति**
संस्थाको सञ्चालक समितिको मिति २०८१/०६/२२ मा बसेको बैठकले आ.व. २०८०/८१ को लेखापरिक्षण भएको वित्तीय विवरण उपर स्वीकृत गरी आगामी साधारण सभामा पेश गर्ने निर्णय गरेको छ । वित्तीय विवरण उपर सञ्चालक समिति सम्पुर्ण रुपमा जिम्मेवार रहेको छ । यस वित्तीय प्रतिवेदन साधारण सभाबाट स्वीकृत नहुन्जेलसम्म सञ्चालक समितिले परिवर्तन गर्न सक्नेछ । साधारण सभाले वित्तीय विवरण स्वीकृत नगर्ने निर्णय गर्न सक्नेछ तर यसमा परिवर्तन गर्न सक्नेछैन ।

**२.२.३. वित्तीय विवरणको उत्तरदायित्व**
NFRS मा रुपान्तरण गरिएको वित्तीय विवरणमा निम्न विवरणहरु समावेश गरिएका छन् ।

(क) संघको ३१ आषाढ २०८१ मा कायम वित्तीय अवस्थाको जानकारी प्रदान गर्ने वित्तीय स्थितिको विवरण (Statement of Financial Position)
(ख) संघको आर्थिक वर्ष २०८०/८१ को वित्तीय प्रगतिको जानकारी प्रदान गर्ने आय व्ययको विवरण तथा अन्य विस्तृत आयको विवरण (Statement of Profit or Loss and Statement of Other Comprehensive Income)
(ग) संघको आर्थिक वर्ष २०८०/८१ को नगद प्रवाहको जानकारी प्रदान गर्ने नगद प्रवाह विवरण (Statement of Cash Flow)
(घ) संघको आर्थिक वर्ष २०८०/८१ मा जेथामा भएको परिवर्तनको जानकारी प्रदान गर्ने ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण (Statement of Change In Equity), तथा
(ङ) संघको वित्तीय विवरण तयार गर्दा अवलम्बन गरिएको प्रमुख लेखा नीतिहरु र वित्तीय विवरणसंग सम्बन्धित अन्य सान्दर्भिक जानकारीहरु समेटिएको लेखा सम्बन्धी टिप्पणीहरु । (Notes to Accounts)

**२.३. कार्यात्मक तथा प्रस्तुतीकरण मुद्रा**
वित्तीय विवरणहरु नेपाली रुपैयामा तयार पारिएका छन् जुन संघको कार्यात्मक मुद्रा रहेको छ ।

**२.४. अनुमान, धारणा र स्वविवेकको प्रयोग**
नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) बमोजिम वित्तीय विवरण तयार गर्दा संघले निश्चित निर्णय, अनुमान र धारणाहरु बनाउन आवश्यक हुन्छ । यी अनुमानहरु उपलब्ध जानकारी र संघको व्यवस्थापनका स्वविवेकमा आधारित छन् । यसले पछि अन्य विकल्पहरु अझ बढी उपयुक्त हुन सक्थे भन्ने पनि निर्धारण हुन सक्नेछ ।

वित्तीय विवरणका विभिन्न विषयहरुसँग सम्बन्धित लेखा नीतिहरु उपयुक्त विषयहरुसँगै टिप्पणीका रुपमा समावेश गरिनुका साथै सो को परिवर्तनको असर तथा प्रकृति समेत खुलाइएको छ ।

वास्तविक परिमाणहरु मुल्यांकन गरे भन्दा फरक पर्न सक्दछन् र कहिले काहीँ यस्ता भिन्नताहरु महत्वपूर्ण पनि हुन सक्छन् । संघले तयार गरेको NFRS बमोजिमको वित्तीय विवरणमा उल्लेख भएका आफ्ना सम्पत्ति तथा दायित्वहरुको Fair Value अनुमान गर्न विभिन्न मुल्यांकन मोडेल र प्रविधिहरु प्रयोग तथा नाफा वा नोक्सानको अनुमान गरिएको छ । संघले गरेका अनुमानहरु तथा वित्तीय विवरण समय समयमा परिमार्जन गर्दै लैजाने योजना रहेको छ । लेखाको अनुमानमा गरिएको परिमार्जनलाई जुन अवधिमा परिमार्जन गरिएको हो सोही अवधिबाट लागू हुने गरी लेखांकन गरिन्छ ।

विवरणमा अनुमान गरिएको व्यहोरा सम्बन्धित स्थानमा उल्लेख गरिएको छ । त्यहाँ अनुमानमा परिवर्तन हुँदा पर्ने असर र परिर्वतनलाई समेत उल्लेख गरिएको छ ।

**२.५ लेखा नीतिमा परिवर्तन**
नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) मा उल्लिखित लेखा नीतिमा निर्दिष्ट भई वित्तीय विवरण तयार गरिएको छ । NFRS बमोजिम वित्तीय विवरण तयार पार्दा नेपाल वित्तीय प्रतिवेदनमान बमोजिमका लेखा नीतिहरु अवलम्बन गरी लागू

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
सुर्यविनायक ८, भक्तपुर

## प्रमुख लेखा नीति तथा लेखा सम्वन्धी टिप्पणीहरु

गरिएका छन् । लेखा नीतिमा भएका परिवर्तनहरुको सम्भव भएसम्म असरहरु समेत खुलाइएको छ । NFRS मा उल्लेख नभएका लेखांकनका सम्बन्धमा सर्वमान्य लेखाका सिद्धान्त (Generally Accepted Accounting Principles–GAAP) लाई अवलम्बन गरिएकोछ ।

**२.६ डिस्काउन्टिङ (Discounting)**
सम्पत्ति र दायित्व गैर चालू (non–current) भएको र Discounting को प्रभाव महत्वपूर्ण भएको अवस्थामा NFRS बमोजिम Discounting प्रयोग गरिएको छ ।

**२.७ पट्टामा नयाँ र संशोधित मानक अपनाउने**
संघले चालू आर्थिक वर्षमा नेपाल लेखामान बोर्डले (Accounting Standards Board – ASB) जारी गरेअनुसार नेपाल वित्तीय प्रतिवेदनमान (NFRS 16–Lease) पट्टामा भएको व्यवस्था पालन गरेको छ । सो व्यवस्थाहरु १ श्रावण, २०७९ वा पछि सुरु हुने वार्षिक अवधिका लागि प्रभावकारी हुन्छ ।

संघले पट्टा (Lease) को पहिचान, मापन तथा लेखांकन NFRS 16 – Lease को प्रावधान बमोजिम गरेको छ । NFRS 16 अनुसार पट्टालाई सम्झौताको रुपमा परिभाषित गरिएको छ जस अनुसार कुनै पहिचान गरिएको सम्पत्ति कुनै मूल्यको बदलामा केही समय अवधिको लागि नियन्त्रण गर्ने अधिकार उक्त सम्झौताले प्रदान गर्छ । NFRS 16 अनुसार छोटो अवधि (१२ महिना भन्दा कम) को पट्टा तथा अंतर्निहित सम्पत्ति कम मूल्य भएको पट्टाको हकमा भाडा भुक्तानी खर्चको लेखांकन पट्टा अवधि भर समदर (Straight Line Basis) गणना विधि अनुसार गरिएको छ भने अन्य पट्टाहरुको हकमा भने आर.ओ.यू सम्पत्ति र पट्टा दायित्वको रुपमा लेखांकन गर्ने गरेको छ ।

**पूर्व सञ्चालन पट्टाहरू**
NFRS16 ले पहिले NAS 17 अन्तर्गत सञ्चालन भाडाको रूपमा वर्गिकृत लिजहरूको लागि संघले कसरी खाताहरू राख्छ भन्ने तरिका परिवर्तन गर्दछ, जो वासलात बाह्यका पाटा (Off–Balance Sheet Items) हुने गर्दथे ।

**पट्टा दायित्वको मापन**
प्रारम्भिक मितिमा बाँकी रहेको पट्टा अवधि भरी भुक्तानी गर्नुपर्ने पट्टा रकमलाई पट्टमा निहित दर वा पट्टेदरको वृद्धिशील उधार दरले (Lending Rate) वर्तमान मूल्यमा मापन गर्नुपर्छ ।
संघले पट्टा दरको वृद्धिशील उधार दर ७ प्रतिशतको दरले पट्टादायित्वको मापन गरेको छ ।

**आर.ओ.यू सम्पत्ति**
आर.ओ.यू सम्पत्तिलाई शुरुमा लागतमा लेखांकन गरिन्छ । आर.ओ.यू सम्पत्तिको लागतमा निम्न रकमहरु जोडिएका हुन्छन्।

- आर.ओ.यू सम्पत्ति = प्रारम्भिक प्रत्यक्ष लागत + NAS 37 अनुसार स्थापित गर्न, हटाउन वा पुनः स्थापना गर्न लाग्ने अनुमानित लागत + प्रिपेड लिज भुक्तानी -प्राप्त पट्ट प्रोत्साहन

**पछिको मापन (Subsequent Measurement)**

**आर.ओ.यू सम्पत्ति**
प्रारम्भिक मिति पश्चात्त, आर.ओ.यू सम्पत्तिलाई NAS 16 अन्तर्गत पुनःमूल्यांकन मोडल लागू नगरेको खण्डमा लागत मोडलमा मापन गरिन्छ ।

लागत मोडलमा मापन गरिएको आर.ओ.यू सम्पत्तिलाई त्यसको लागतमा सञ्चित ह्रासकट्टि र संचित हानी नोक्सानी घटाई धारा ३४.३ मा निर्दिष्ट गरिएको पट्टा दायित्वको पुनःमापन बापतको रकम समायोजन गरी देखाउने गरेको छ । संघले लागत मोडलमा मापन गरिएको आर.ओ.यू सम्पत्तिलाई NAS 16 सम्पत्ति तथा उपकरणको प्रावधान अनुसार नै ह्रासकट्टिको लेखांकन गर्ने गरिएको छ ।

**भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.**
**सुर्यविनायक ८, भक्तपुर**

## प्रमुख लेखा नीति तथा लेखा सम्वन्धी टिप्पणीहरु

**पट्टा दायित्व**

पट्टा दायित्वलाई अन्य वित्तीय दायित्व सरह (जस्तै परिशोधित लागतको आधारमा) नै लेखांकन गर्ने गरिन्छ । पट्टा दायित्वलाई प्रारम्भिक मिति पश्चात्त निम्न हिसाबले मापन गरिन्छ :

- पट्टा दायित्वमा प्रतिविम्वित हुने व्याज खर्चले वृद्धि गर्ने,
- पट्टा दायित्वको भुक्तानीलाई प्रतिविम्वित गर्ने रकमले कम गर्ने र
- कुनै प्रकारको पुनःमूल्यांकन वा पट्टा संशोधन वा संशोधित फिक्स्ड लिज भुक्तानीको प्रतिविम्बित गर्ने खालको पुनःनिर्धारित रकम

**खर्चको पहिचान र मापन**

पट्टामा लिने पक्षले पट्टासँग सम्बन्धित निम्न खर्चहरुको पहिचान गर्ने गर्दछ ।

- आर.ओ.यू सम्पत्तिको ह्रासकट्टी
- पट्टा दायित्वमा व्याज खर्च
- आर.ओ.यू सम्पत्तिको हानी
- परिर्वतनशिल पट्टा भुक्तानी रकम जुन पट्टा दायित्वमा समावेश गरिएको थिएन ।

**३. महत्वपूर्ण लेखा नीतिहरू**

**३.१ मापनको आधार**

संघको वित्तीय विवरण अन्यथा लेखिएको अवस्थामा बाहेक ऐतिहासिक लागतको (Historical Cost Convention) आधारमा तयार गरिएको छ

**३.२ व्यवसाय प्राप्ति र साख**

व्यवसाय प्राप्ति र साखलाई नियन्त्रण प्राप्त हुँदाको समयमा NFRS 3 बमोजिम "Acquisition Method" अनुसार लेखांकन गरिएको छ :

उक्त Acquisition Method को लागिः

- नियन्त्रण प्राप्त गर्नेको पहिचान हुनु पर्छ ।
- नियन्त्रण प्राप्तिको मिति तय भएको हुनु पर्छ ।
- सम्पत्ति, दायित्व तथा Non-Controlling Interest को मापनहुनु पर्छ ।
- नियन्त्रण प्राप्त गर्दा को Goodwill (साख) वा Bargain Purchase बाट हुने लाभको मापन हुनु पर्छ ।

उक्त व्यवसाय प्राप्ति र साखको Acquisition Method अनुसारको लेखांकनमा Goodwill को रकम Negative आएमा सो रकमलाई NFRS 3 बमोजिम व्यापार प्राप्ति गर्दाको लाभको रुपमा नाफा नोक्सान खातामा आम्दानी जनाउने गरिन्छ । संघले यस आ.व.मा कुनै प्राप्ति गरेको छैन ।

**३.३ वित्तीय सम्पत्ति र वित्तीय दायित्व**

**क) पहिचान र लेखाङ्कन**

संघले प्रारम्भिक रुपमा आफ्नो वित्तीय अवस्थाको विवरणमा वित्तीय उपकरणहरुको अनुबन्धात्मक व्यवस्थाको सिर्जना भएमा वित्तीय सम्पत्ति वा दायित्वलाई लेखाङ्कन गर्दछ । संघको उपकरणहरुको अनुबन्धन व्यवस्थाको सिर्जना भए पश्चात वित्तीय सम्पत्ति वा दायित्वको उत्पत्ति भएको मितिको आधारमा संघले सदस्यहरुलाई प्रवाह गरेको कर्जा, बैंक तथा वित्तीय संघबाट प्राप्तकर्जा/सापटी, सदस्यहरुको निक्षेप र सहायक  दायित्वहरूलाई वित्तीय सम्पत्ति वा दायित्व भनी लेखांकन गरेको छ । वित्तीय सम्पत्तिको नियमित हुने खरिद र बिक्रीलाई चुक्ता हुने मितिमा लेखाङ्कन गरिएको छ ।

**ख) वर्गीकरण**

**अ) वित्तीय सम्पत्ति**

संघले वित्तीय सम्पत्तिहरू व्यवस्थापन गर्नका लागि व्यापार मोडल र वित्तीय सम्पत्तिको अनुबन्धित नगद प्रवाह विशेषताहरुको आधारमा परिशोधित लागत Amortized Cost वा Fair Value मा मापन गरिने वित्तीय सम्पत्तिको रुपमा वर्गीकरण गर्छ । वित्तीय सम्पत्तिको दुई वर्गहरु यस प्रकार छन् :

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
**सुर्यविनायक ८, भक्तपुर**

## प्रमुख लेखा नीति तथा लेखा सम्वन्धी टिप्पणीहरु

**अ (१) परिशोधित लागतमा मापन गरिने वित्तीय सम्पत्ति (Amortized Cost )**
संघले देहायका दुवै शर्तहरु पूरा भएको खण्डमा परिशोधित लागतमा सम्पत्तिको मापन गरी वित्तीय सम्पत्तिको रुपमा वर्गीकरण गरेको छ।

- अनुबन्धित नगद प्रवाह संकलन गर्नको लागि सम्पत्ति राख्ने उद्देश्य भएको व्यापार मोडल अन्तर्गत सम्पत्ति रहेमा र,
- वित्तीय सम्पत्तिको सम्झौता शर्तहरूले निर्दिष्ट मितिमा नगद प्रवाह हुन्छ र त्यो मूल रकमको साँवा वा व्याज रकमको मात्र भुक्तानी हो।

**अ (२) Fair Value मा मापन गरिएको वित्तीय सम्पत्ति**
परिशोधित मूल्यमा मापन गरिएको बाहेकका वित्तीय सम्पत्ति Fair Value मा मापन गरिएको छ। Fair Value मा मापन गरिएको वित्तीय सम्पत्ति देहाय बमोजिम वर्गीकरण गरिन्छ :

- **नाफा वा नोक्सान मार्फत Fair Value मा मापन गरिने वित्तीय सम्पत्ति (FVTPL)**

व्यापारको लागि राखिएको अथवा नाफा वा नोक्सानको माध्यमबाट Fair Value मा निर्दिष्ट भएका वित्तीय सम्पत्तिहरुलाई Fair Value मापन गरी नाफा वा नोक्सानको मार्फत लेखांकन गरिएको छ। वित्तीय सम्पत्तिको प्रारम्भिक पहिचान र लेखांकनमा कारोबार लागतलाई अधिग्रहण लागत मापन गरी नाफा वा नोक्सानको मार्फत लेखांकन गरिएको छ। त्यस्ता, सम्पत्तिपछि Fair Value मा मापन गरिएको छ र Fair Value मा परिवर्तनहरू नाफा वा नोक्सानको विवरणमा पहिचान र लेखांकन गरिएको छ।

- **अन्य विस्तृत आम्दानी मार्फत Fair Value मा मापन गरिने वित्तीय सम्पत्ति (FVTOCI)**

व्यापारको लागि नराखिएको र प्रारम्भिक रुपमा लेखांकन नगरिएको इक्विटी उपकरणमा गरिएको लगानी, संघले अपरिवर्तनीय छनौट सहित वित्तीय उपकरणको Fair Value मा भएको परिवर्तनलाई अन्य विस्तृत आयमा लेखाङ्कन गर्ने गरी वर्गीकरण गरेको वित्तीय सम्पत्तिहरुलाई अन्य विस्तृत आम्दानी मार्फत Fair Value मा मापन गरिएको छ। त्यस्ता सम्पत्तिहरुलाई पछि Fair Value मा मापन गरिएको छ र Fair Value मा भएको परिवर्तनहरूलाई अन्य विस्तृत आम्दानीमा लेखाङ्कन गरिएको छ।

**आ) वित्तीय दायित्व**
संघले वित्तीय जमानत र ऋण प्रतिबद्धता बाहेक अन्य वित्तीय दायित्वहरुलाई निम्नानुसार वर्गीकरण गरेको छ।

- **नाफा वा नोक्सान मार्फत Fair Value मा मापन गरिने वित्तीय दायित्वहरु (FVTPL)**

वित्तीय दायित्वहरु व्यापारको लागि राखिएको अथवा नाफा वा नोक्सानको माध्यमबाट Fair Value मा निर्दिष्ट भएका वित्तीय दायित्वहरुलाई Fair Value मापन गरी नाफा वा नोक्सानको मार्फत लेखांकन गरिएको छ। वित्तीय दायित्वको प्रारम्भिक पहिचान र लेखांकनमा कारोबार लागतलाई अधिग्रहण लागत मापन गरी नाफा वा नोक्सानको मार्फत लेखांकन गरिएको छ। तोकिएको विशेष दायित्वहरू बाहेक, दायित्वको कर्जा जोखिमम ाभएको परिवर्तनको कारण Fair Value मा भएको परिवर्तनलाई अन्य विस्तृत आम्दानीमा लेखांकन गरिएको छ।

- **परिशोधित लागतमा मापन गरिएको वित्तीय दायित्वहरु (Amortized Cost)**

नाफा वा नोक्सानको माध्यमबाट Fair Value मा मापन गरिएको वित्तीय दायित्वहरु बाहेक अन्य वित्तीय दायित्वहरुलाई परिशोधित लागतमा प्रभावकारी व्याजदर विधि प्रयोग गरी पछि मापन गर्ने परिशोधित लागतमा वर्गीकरण गरिन्छ।

**ग) मापन**
**अ) प्रारम्भिक मापन**
नाफा वा नोक्सानको माध्यमबाट मापन गरिएको बाहेकको वित्तीय सम्पत्ति वा वित्तीय दायित्व सुरुको Fair Value मा कारोबार र कम जोडेर वा घटाएर मापन गरिएको छ। नाफा वा नोक्सान मार्फत Fair Value मा मापन गरिने वित्तीय सम्पत्ति र वित्तीय दायित्वको सम्बन्धमा कारोबार लागत नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गरिएको छ।

**आ) पछिको मापन**
वित्तीय सम्पत्ति वा वित्तीय दायित्व पछि वर्गीकरणको आधारमा Fair Value मा वा परिशोधित लागतमा मापन गरिएको छ। परिशोधित लागतमा मापन गरिएको वर्गिकृत सम्पत्ति वा दायित्वपछि प्रभावकारी व्याज दर विधि (Effective Interest

## भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
**सुर्यविनायक ८, भक्तपुर**

### प्रमुख लेखा नीति तथा लेखा सम्वन्धी टिप्पणीहरु

Rate) प्रयोग गरेर परिशोधित लागतमा मापन गरिएको छ । वित्तीय सम्पत्ति वा वित्तीय दायित्व प्रारम्भिक लेखाङ्कन गरिएको रकममा साँवाको पुर्ण भुक्तानीलाई घटाई, प्रभावकारी व्याज विधिद्वारा मापन गरिएको संचित परिशोधन (प्रारम्भिक रकम र परिशोधित रकमको भिन्नता) लाई घटाई अथवा जोडी र क्षति वा असंकलनको कारण हुने कमीलाई घटाई परिणाम स्वरुप आएको रकमलाई वित्तीय सम्पत्ति वा वित्तीय दायित्वको परिशोधित लागत मूल्यमा मापन वित्तीय सम्पत्ति वा दायित्व भनिन्छ । विभिन्न बैंक तथा वित्तीय संघबाट प्राप्तकर्जा/सापटी र सोमा लाग्ने प्रशासनिक शुल्कहरुको प्रभावकारी व्याज दर विधिलाई कार्यान्वयन गरिएको छैन । Fair Value मा वर्गीकरण गरिएका वित्तीय सम्पत्ति पछि Fair Value मा मापन गरिएको छ । वित्तीय सम्पत्तिको Fair Value मा नाफा वा नोक्सानको माध्यमबाट पछि हुने Fair Value परिवर्तनलाई नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गरिन्छ जबकी अन्य विस्तृत आय मार्फत Fair Value मापन गरिने वित्तीय सम्पत्तिलाई अन्य विस्तृत आयमा पहिचान र लेखांकन गरिएको छ ।

**घ) अपलेखांकन**
**वित्तीय सम्पत्तिको अपलेखांकन**
संघको वित्तीय सम्पत्तिबाट नगद प्रवाहको अनुबन्धित अधिकार समाप्त भएको वा संघले कारोबारमा अनुबन्धित नगद प्रवाह प्राप्त गर्ने अधिकार हस्तान्तरण भएको र वित्तीय सम्पत्तिको सबै जोखिम र प्रतिफल हस्तान्तरण भएको साथै वित्तीय सम्पत्ति उपर कुनै नियन्त्रण नरहने अवस्थाको आधारमा संघले वित्तीय सम्पत्तिलाई अपलेखाङ्कन गरेको छ । हस्तान्तरण गरी सकिएको वित्तीय सम्पत्तिमा संघद्वारा बनाइएको वा कायम राखिएको कुनै पनि स्वार्थ रहेमा सो लाई छुट्टै सम्पत्ति वा दायित्वका रूपमा लेखाङ्कन गरिएको छ । वित्तीय सम्पत्तिको अपलेखांकनमा, सम्पत्तिको (वा हस्तान्तरण सम्पत्तिको अंश विनियोजन गरिएको रकम) र प्राप्त प्रतिफल (जसमा कुनै नयाँ सम्पत्ति समावेश गरी नयाँ दायित्व ग्रहण घटाइयो) को भिन्नता नाफा वा नोक्सानमा लेखांकन गरिएको छ ।

**वित्तीय दायित्व अपलेखाङ्कन**
वित्तीय दायित्वहरुको भरपाई गरियो वा रद्द गरियो वा म्याद समाप्त भएको अवस्थामा वित्तीय दायित्वलाई अपलेखांकन गरिएको छ । विद्यमान वित्तीय दायित्व एकै ऋणदाताबाट अरु बिभिन्न शर्तहरू वा विद्यमान दायित्वका शर्तहरूमा पर्याप्त संशोधन गरिएको र नयाँदायित्वले साटासाट गरिएको र सोको साटासाट वा संशोधनभएको खण्डमा मूलदायित्वको अपलेखांकन र नयाँ दायित्वको लेखाङ्कन गरिने गरिएको छ । मूल वित्तीय दायित्वको किताबी मूल्य र भुक्तान गरिएको प्रतिफल बीचको भिन्नता नाफा व नोक्सानको विवरणमा लेखांकन गरिएको छ ।

**(ङ) उचित मुल्यको (Fair Value) निर्धारण**
मपन गरिएको मितिमा बजारमा सहभागीहरू बीच व्यवस्थित कारोबार भएको अवस्थामा सम्पत्ति बेच्दा पाईने वा दायित्व हस्तान्तरण गर्दा तिरिने रकमलाई Fair Value भनिन्छ । दायित्वको Fair Value मापनले दायित्व भुक्तानीको अर्न्तनिहित गैर कार्यगत जोखिम प्रतिबिम्बित गर्ने गर्दछ ।
निम्न तह अनुसार Fair Value निर्धारण गरिन्छ :

**तह १ :** Fair Value मापन ती हुन् जुन समान सम्पत्ति वा दायित्वका लागि सक्रिय बजारमा असमायोजित सूचीकृत मूल्यहरूबाट व्युत्पन्न हुन्छन् ।

**तह २ :** Fair Value मापन जसको निम्ति सक्रिय बजारमा उस्तै उपकरणहरूको लागि सूचीकृत मूल्यहरू छन् वा निष्क्रिय बजारमा समान वा यस्तै उपकरणहरूका लागि सूचीकृत मूल्यहरू र वित्तीय उपकरणहरूको मूल्यांकनको निम्ति मोडेलहरू प्रयोग हुन्छ जहाँ सबै महत्वपूर्ण आगतहरू भेटिन्छन् ।

**तह ३ :** पोर्टफोलियोहरु ती हुन् जहाँ कम्तिमा एक आगत, जसले उपकरणको मूल्यांकनमा महत्वपूर्ण प्रभाव पार्न सक्छ, बजारको आंकडामा आधारित हुदैनन् । जब उपलब्ध हुन्छ, संघले वित्तीय उपकरणको Fair Value त्यो उपकरणको सक्रिय बजारमा सूचीकृत मूल्यहरू प्रयोग गर्दै मापन गर्दछ । बजारलाई सक्रिय मानिन्छ यदि सूचीकृत मूल्यहरू सजिलैसँग र नियमित रूपमा उपलब्ध छन् र Arm's length को आधारमा वास्तविक र नियमित रूपमा हुने बजार कारोबार प्रतिनिधित्व गर्दछ । यदि एक वित्तीय उपकरणको लागि बजार सक्रिय छैन भने, संघले मूल्यांकन विधि प्रयोग गरी Fair Value स्थापना गर्दछ । मूल्य निर्धारण जानकार, इच्छुक सरोकारवालाहरू (यदि उपलब्ध छ) बीचको Arm's length कारोबार समावेश हुन्छ ।

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

सुर्यविनायक ८, भक्तपुर

## प्रमुख लेखा नीति तथा लेखा सम्वन्धी टिप्पणीहरु

प्रारम्भिक लेखांकन गर्दा वित्तीय उपकरणको Fair Value को उत्तम प्रमाण भनेको कारोबार मूल्य हुने गर्दछ (अर्थात् दिइएको वा प्राप्त गरिएको प्रतिफलको Fair Value) । यद्यपि प्रारम्भिक पहिचान र लेखांकनमा वित्तीय उपकरणको Fair Value यसको कारोबार मूल्यमा भिन्न हुन सक्छ । यदि त्यस्तो Fair Value उही उपकरणमा हालको अन्य प्रत्यक्ष बजार कारोबारको साथ तुलना गरेर प्रमाणित गरिएको छ (संशोधनबिना) वा मूल्यांकन विधि प्रयोग गरी Variable मा केवल प्रत्यक्ष बजारबाट आंकडा॰ समावेश गरिएको छ भने, भिन्नता शुरुवाती पहिचान र लेखांकनमा नाफा वा नोक्सानमा पहिचान र लेखांकन गरिएको छ । अन्य परिस्थितिमा, भिन्नता नाफा वा नोक्सानमा तुरुन्त लेखांकन गरिएको छैन तर उपयुक्त आधारमा वा उपकरणको जीवनभरिमा लेखांकन गरिएको वा उपकरण साटिएको, बेचिएको वा हस्तान्तरण अवस्थामा अन्य विस्तृत आम्दानीमा लेखांकन गरिएको छ । सबै सूचीकृत नभएका इक्विटी लगानी लागतमा लेखांकन गरिएको छ, वासलातको मितिसम्म संघपक शेयरको गैर व्यापारलाई ध्यानमा राखी, यस्तो शेयरको बजार मूल्य निश्चित गर्न सकिदैन । तसर्थ, यी लगानीहरु लगतमा क्षति प्रभार घटाई पहिचान र लेखांकन गरिएको छ ।

**च) हानी (Impairment)**

प्रत्येक रिपोर्टिङ मितिमा संघले सम्पत्तिमा हानी भएको वा नभएको कुनै संकेत छ कि छैन भनी मूल्यांकन गर्छ । यदि कुनै संकेत छ भने, पुर्न प्राप्ति योग्य रकम निर्धारण गरिन्छ । वित्तीय सम्पत्ति वा वित्तीय सम्पत्तिको समूहमा हानी नोक्सानी लेखांकन गरिन्छ, यदि सम्पत्तिको प्रारम्भिक लेखांकन पछि हुने एक वा बढी घटनाहरूको परिणामको रूपमा हानीको वस्तुगत प्रमाण छ (नोक्सान घटना), र त्यो नोक्सान घटना (वा घटनाहरू) का कारण वित्तीय सम्पत्ति वा वित्तीय सम्पत्ति समूहको अनुमानित भविष्य नगदी प्रवाहमा कुनै प्रभाव छ कि छैन भनी विश्वसनीय अनुमान गर्न सकिन्छ ।
हानीको वस्तुगत मूल्यांकनको लागि संघले निम्नानुसारको बुँदालाई ध्यान दिन्छ :

- ऋणीले व्याज वा साँवाको भुक्तानी नतिरेको भए;
- जब ऋणीले टाट पल्टिएको घोषणा गर्ने प्रक्रिया अघि बढाउँछ तब उसको दायित्व भरपाईमा ढिलाई वा मुक्त हुन्छ ।
- जहाँ संघले ऋणीको कर्जा दायित्वको सन्दर्भमा पुर्न प्राप्तीको कानुनी सहारा सुरु गर्छ ।
- जहाँ संघले ऋणको भौतिक माफी वा तोकिएको भुक्तानीहरूको स्थगनको कारण प्रदर्शन गर्छ र आर्थिक दायित्व कम हुने गरी दायित्वको पुनर्संरचनाको लागि सहमति जनाउँछ ।
- तथ्यांकले वित्तीय सम्पत्ति समूहको भविष्यको अनुमानित नगद प्रवाहमा मापनयोग्य कमी छ भन्ने सूचित गरे पनि यद्यपी अझै पृथक वित्तीय सम्पत्तिको कमी लेखांकन गर्न सक्दैन ।

संघले कर्जा सापटीको र भुक्तानी मितिसम्म धारण गरिएको लगानी धितोहरूको हानीको प्रमाण पृथक सम्पत्ति र सामूहिक स्तर दुबैमा तहमा विचार गर्दछ । सबै पृथक रूपमा महत्वपूर्ण सापटीहरु र परिशोधित लागतमा मापन गरिएका लगानी धितोहरु विशेष हानीको लागि मूल्यांकन गरिन्छ ।

परिशोधित लागतमा मापन गरिएका एकल रुपमा महत्वपूर्ण नभएका कर्जा सापटी तथा परिशोधित लागतमा मापन गरिएका लगानी सुरक्षणपत्रहरुलाई परिशोधित लागतमा मापन गरिएका उस्तै खाले जोखिम चरित्र भएका कर्जा सापटी र परिशोधित लागतमा मापन गरिएका लगानी सुरक्षणपत्रहरु सँगै राखेर सामूहिक रुपमा मूल्यांकन गरिएको छ । अन्य वित्तीय सम्पत्तिको क्षति परीक्षण आन्तरिक र बाह्य सूचकांक निरीक्षण गरी वार्षिक रुपमा गरिएको छ । सामूहिक क्षतिको आँकलन गर्दा संघले ऋण नतिर्ने सम्भावना (Probability of Default), पुर्नस्थापनाको समय र नोक्सान रकमको ऐतिहासिक प्रवृत्तिहरूको तथ्यांकीय मोडल प्रयोग गर्दछ । नोक्सान दरहरू र भविष्यको पुर्नप्राप्तीको अपेक्षित समय नियमित रूपमा वास्तविक परिणामहरूको विरूद्ध बेन्चमार्क हुन्छन् ।

वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था मापन गर्दाको, किताबी मूल्य तथा सो सम्पत्तिबाट भविष्यमा प्राप्त हुन सक्ने भनी आंकलन गरिएको नगद प्रवाहलाई उक्त सम्पत्तिको पहिलो पटक पहिचान र लेखांकन गर्दा प्रयोग गरिएको समायोजित व्याजदरले Discounting गर्दा हुन आउने रकम बीचको फरकलाई जनाईन्छ । यस्तो नोक्सानी व्यवस्थालाई नाफा नोक्सान खातामा खर्च जनाइन्छ र वित्तीय सम्पत्तिको किताबी मूल्यबाट उक्त नोक्सानी बराबरको रकमलाई घटाएर प्रस्तुत गरिन्छ ।

नोक्सानी व्यवस्था गर्नु पर्ने भनी उजागर गर्ने प्रमाणहरुले दर्शाएको अवस्थामा सुधार हुँदा सो सम्पत्तिमा पहिले गरिएको नोक्सानी व्यवस्थालाई फिर्ता गरी नाफा नोक्सान खातामा आम्दानी जनाइन्छ तथा यसरी पहिले गरिएको नोक्सानी व्यवस्थाबाट फिर्ता गर्दा सो सम्पत्तिको किताबी मूल्यलाई फिर्ता भए बराबरको रकमले बढाएर देखाइन्छ ।

**एकल ऋणको नोक्सानी व्यवस्था**

## भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
**सुर्यविनायक ८, भक्तपुर**

### प्रमुख लेखा नीति तथा लेखा सम्वन्धी टिप्पणीहरु

एकल रुपमा महत्वपूर्ण ऋणको नोक्सानी व्यवस्था गर्न निम्न आधारहरुलाई मध्यनजर गरिएको हुन्छः

- सो एकल सदस्य समूहमा प्रवाहित सम्पूर्ण ऋण रकम
- सदस्यको व्यापारको सम्भाव्यता तथा ऋण भुक्तानी गर्न सक्ने क्षमता
- भुक्तानीतथा असुलीको अनुमानित रकम र भुक्तानीमिति
- धितोबाट उठ्न सक्ने अनुमानित रकम

**सामुहिक ऋण नोक्सानी व्यवस्था**

उस्तै प्रकृतिका ऋणहरुलाई समूहमा वर्गीकरण गरिन्छ । सामुहिक ऋण नोक्सानी व्यवस्थाको आंकलन साँख्यिकीय (Statistical) पद्धतिको माध्यमबाट गरिन्छ । यस्तो सामुहिक ऋणमा बिगतमा भएको नोक्सानी दरलाई “Net Flow Rate” विधिबाट निर्धारण गरिन्छ । यस विधि अनुसार विगतमा प्रवाहित ऋणहरुलाई समूह अनुसार भाखा नाघेको आधारमा विभिन्न अवधिमा वर्गीकरण गरी सो समूहको ‘Default’को सम्भाव्यता अनुमान गरिन्छ । उक्त सम्भाव्यतालाई आवधिक रुपमा पूनरावलोकन गर्ने गरिन्छ ।

**पूनरसंरचना र पूनरतालिकीकरण भएका ऋणको नोक्सानी व्यवस्था**

संघले सम्भव भएसम्म ऋणको धितो अधिग्रहण गर्नु भन्दा सम्भाव्यताको आंकलन गरी त्यस्ता ऋणलाई पूनरतालिकीकरण अथवा पूनरसंरचना गरिएको हुन्छ । यसरी पूनरतालिकीकरण वा पूनरसंरचनाको लागि संघतथा ऋणी दुवै पक्ष सहमत भएपश्चात् सो ऋणमा गर्नु पर्ने ऋण नोक्सानी व्यवस्था सो ऋणको सुरुवातको समायोजित व्याज दरकै आधारमा गरिन्छ । यसरी ऋण नोक्सानी व्यवस्था गरे पश्चात सो ऋणलाई भाखा नाघेको ऋणको रुपमा गणना गरिँदैन । यस्ता ऋणलाई एकल रुपमा महत्वपूर्ण राख्ने वा सामुहिकृत ऋणमा वर्गीकरण गरी ऋण नोक्सानी व्यवस्थाको आंकलन गर्ने गरिन्छ ।

**NFRS 9 - वित्तीय उपकरण पहिचान, लेखाकंन तथा मापन (ऋण नोक्सानी व्यवस्था सम्बन्धी)**

NFRS 9 को Para 5.5 को व्यवस्था बमोजिम बैंक तथा वित्तीय संघहरुले ऋण नोक्सानी व्यवस्था (Loan Loss Provision) कायम गर्दा “Expected Credit Loss Model” अपनाएर गनुपर्ने प्रावधान अनुसार गर्न नसकिने अवस्था हुँदा वैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने व्यवस्था गरेको छ। यो अनिवार्य व्यवस्था अनुसार संघले सहकारी विभागको निर्देशन तथा पर्ल्स बमोजिम आएको ऋण नोक्सानी व्यवस्था वा NFRS 9 को Para 5.5 बमोजिम आएको ऋण नोक्सानी व्यवस्था मध्ये जुन बढि हुन्छ सोलाई ऋण नोक्सानी व्यवस्था गरी लेखांकन गर्नुपर्ने प्रावधान रहेको छ । नेपाल लेखामान बोर्डको सिफारिसमा नेपाल चार्टड एकाउन्टेन्ट्स संघले नेपाल वित्तीय प्रतिवेदन मानमा भएको प्रावधान बमोजिम आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन तयार गर्दा तल उल्लेखित केही वैकल्पिक व्यवस्था (Carve Out) अपनाउन सकिने गरी बैंक तथा वित्तीय संघहरुको लागि मात्र व्यवस्था गरिएतापनि यस सहकारी संघले व्यवहारिक कठिनाई र Materiality लाई मध्ये नजर राख्दै नेपाल वित्तीय प्रतिवेदन मान अनुपालनको लागि वैकल्पिक व्यवस्था अनुसार आफ्नो वित्तीय प्रतिवेदन तयार पारेको छ । यस संघले सहकारी विभागद्वारा जारी एकिकृत निर्देशिनको बुँदा नं २० बमोजिम आएको ऋण नोक्सानी व्यवस्था वा NFRS 9 बमोजिम आएको ऋण नोक्सानी व्यवस्थामध्ये जुन बढि हुन्छ सोलाई ऋण नोक्सानी व्यवस्था गरी लेखांकन गरेको छ ।

***तर, आवश्यक तथ्याङ्कहरुको अभावका कारण तथ्याङ्क मूल्याङ्कन र तथ्याङ्कीय विश्लेषणमा आएको बाधाका कारण संघले नियामक आवश्यकताका बमोजिम ऋण नोक्सानी व्यवस्था लेखांकन गरिएको छ । व्यवस्थापनले आंकलन गरेको छ कि नियामक आवश्यकता अनुसार लेखांकन गरिएको ऋण नोक्सानी व्यवस्था NFRS 9 बमोजिम लेखांकन गर्नुपर्ने ऋण नोक्सानी व्यवस्था भन्दा अधिक रहेको मान्यता छ ।***

**NFRS –9 वित्तीय उपकरण पहिचान तथा मापन (समायोजित ब्याज दर - Effective Interest rate सम्बन्धी)**

NFRS 9 को Para 5.4 व्यवस्था बमोजिम बैंक तथा वित्तीय संघहरुले ऋण लगानीबाट हुने व्याज आम्दानी गणना गर्दा सेवाशुल्क र कमिशनलाई समेत समायोजन गरी हुन आउने समायोजित ब्याज दर (Effective Interest Rate) मा गणना गर्ने व्यवस्था रहेकोमा सो गर्न अव्यवहारिक भएको अवस्थामा वैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने छ । वैकल्पिक व्यवस्था बमोजिम ऋण लगानी गर्दा प्राप्त हुने सेवा शुल्क तथा कमिशनलाई ऋणबाट प्राप्त व्याज आम्दानी लेखाइनको लागि समायोजित ब्याज दरमा समायोजन नगरी प्रोदभावी (Accrual Basis) लेखाइनका आधारमा सो सेवा शुल्क तथा कमिशन आम्दानी पाकेकै वर्ष लेखाइन गर्न सकिने छ। संघले उपरोक्त वैकल्पिक व्यवस्था अवलम्बन गरेको छ ।

**प्रचलित ब्याज दर भन्दा कममा कर्मचारीलाई प्रवाहित सापटी**

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

सुर्यविनायक ८, भक्तपुर

## प्रमुख लेखा नीति तथा लेखा सम्वन्धी टिप्पणीहरु

संघले आफ्ना कर्मचारीहरुलाई मानव संशाधन व्यवस्थापन नियमावलीको प्रावधान भित्र रही सहुलियत व्याज दरमा ऋण सापटी प्रवाह गर्ने गरेको छ । कर्मचारीबाट ऋण सापटीको भुक्तानीका लागि भविष्यमा प्राप्त हुने नगद प्रवाहलाई सोही प्रकृतिका ऋणको बजारमा प्रचलित ब्याज दरले Discounting गरी सो ऋणको बजार मूल्य निर्धारण गरिन्छ । ऋणको शुरुवाती Transaction Price तथा उक्त बजार मूल्यको फरक कर्मचारी सुविधाको रुपमा र बाकी रकमलाई वित्तीय सम्पत्तिको रुपमा Amorised Cost मा मापन गर्ने गरी लेखाकंन गरिएको छ ।

कर्मचारीलाई प्रवाहित ऋण सापटीसँग सम्बन्धित अग्रिम भुक्तानी भएको कर्मचारी सुविधालाई उक्त ऋण सापटीको अवधिमा परिशोधन गरी खर्च लेख्ने गरिन्छ । सो ऋणको बजार मूल्यमा समायोजित व्याज दर अनुसार हुने ब्याज आम्दानीको फरकलाई परिशोधन खर्चको रुपमा उक्त अग्रिम भुक्तानी भएको कर्मचारी सुविधाबाट परिशोधन गर्दै लेखाकंन गरिएको छ ।

**Amortized Cost को मापन**

कुनै वित्तीय सम्पत्ति तथा दायित्वको Amortized Cost को रुपमा सो को सुरुवाती किताबी मूल्यमा साँवा भुक्तानीको रकम, संचित परिशोधन खर्च तथा संचित नोक्सानी व्यवस्थाको रकम समायोजन गरे पछिको रकमलाई जनाईन्छ । कुनै पनि वित्तीय सम्पत्तिबाट भविष्यमा प्राप्त हुने वा वित्तीय दायित्वको लागि भविष्यमा भुक्तानी हुने रकमलाई Discount गर्दा हुन आउने मूल्य सो वित्तीय सम्पत्ति तथा दायित्वको आजको किताबी मूल्य बराबर हुन्छ भने, यसरी भविष्यमा प्राप्त हुने वा भुक्तानी हुने रकमलाई Discount गर्न प्रयोग भएको उक्त व्याज दरलाई समायोजित व्याजदर भनिएको छ । संघले समायोजित व्याजदरका आधारमा वित्तीय सम्पत्ति तथा दायित्वको Amortized Cost मापन गर्ने गरेको छ ।

**३.४ व्यापारिक सम्पत्ति**

संघले निकट भविष्यमा बिक्री गर्ने वा पुनःखरिद गर्ने उद्देश्य सहित लिएको वा छोटो अवधिको लाभ वा अवस्थिति लिनको लागि राखिएको सम्पत्ति/दायित्वलाई व्यापारिक सम्पत्ति र दायित्वहरु भनी लेखांकन गरेको छ । व्यापारिक सम्पत्ति र दायित्वहरुलाई प्रारम्भिक रुपमा Fair Value मा लेखाङ्कन गरिएको छ र त्यसपछि वित्तीय अवस्थाको विवरणमा पनि Fair Value मा मापन गरिन्छ भने उक्त कारोबार खर्चलाई नाफा वा नोक्सानमा लेखांकन गरिएको छ । Fair Value मा भएको सबै परिवतर्नलाई नाफा वा नोक्सान खातामा Fair Value मानिए जसरी नै खुद व्यापारिक आम्दानीको रुपमा लेखाङ्कन गरिएको छ । तर, संघसँग २०८१ आषाढ मसान्तसम्म व्यापारिक सम्पत्तिको रूपमा मान्यता दिइने त्यस्तो सम्पत्ति छैन ।

**३.५ व्युत्पन्न सम्पत्ति र दायित्वहरु**

व्यापारिक उद्देश्य वा जोखिम व्यवस्थापन गर्ने प्रयोजनार्थ विभिन्न कारोबारहरु जस्तैः व्याजदर स्वाप, मुद्रा स्वाप, फरवार्ड विदेशी विनिमय करार आदी व्युत्पन्न उपकरण अर्न्तगत पर्दछ । व्युत्पन्न वित्तीय उपकरणहरु प्रारम्भिक रुपमा करार मितिको आधारमा Fair Value मा मापन गरिन्छ र त्यसपछि पुनः रिपोर्टिङ्ग मितिमा Fair Value मा पुनःमापन गरिन्छ । तर संघको मिति २०८१ आषाढ मसान्तसम्म कुनै पनि ब्युत्पन्न सम्पत्ति वा दायित्वहरु रहेको छैन ।

**३.६ सम्पत्ति र उपकरण**

**लेखांकन र मापन**

उल्लेखित शर्तहरु पुरा हुने अवस्थाको आधारमा संघले सम्पत्ति र उपकरणको लेखांकन गरेको छ ।

- संघमा सम्पत्ति र उपकरणहरुबाट भविष्यमा सम्भावित आर्थिक लाभहरू प्रवाहित हुनेछन् र
- सम्पत्ति र उपकरणको लागत विश्वसनीय रुपमा मापन गर्न सकिन्छ ।
  लागतले कुनै खरिद मूल्यमा र व्यापार छूट घटाए पछिको कुनै पनि गैर फिर्ती योग्य करहरू र व्यवस्थापनले चाहेको स्थानमा ल्याउँदाको खर्च र चाहेको शर्तमा सञ्चालन गर्दा हुने यस्ता अन्य लागतहरू पनि समेट्छ :
  स्वनिर्मित सम्पत्तिका खर्चहरु निम्नानुसार रहेका छन :
- निर्माण सामग्रीको लागत र प्रत्यक्ष श्रम खर्च,
- प्रत्यक्ष रूपमा काम गर्ने अवस्थामा सम्पत्तिहरू ल्याउनको लागि आवश्यक पर्ने कुनै पनि लागतहरु र
- योग्य सम्पत्तिको लागि हुने Borrowing Costs

सबै वर्गको सम्पत्ति र उपकरणहरूको लागि संघले लागत मोडेल (Cost Model) अंगीकार गरेको छ । संघले सम्पत्ति र उपकरणको वर्ग पुनर्मूल्यांकन मोडेल (Revaluation Model) र रिपोर्टिङ मितिमा Fair Value मापन गरी दुवै मोडेलको मापन विधि अङ्गिकार गरेको छैन । सम्पत्ति र उपकरणहरु लगत मूल्यमा सञ्चित ह्रासकट्टी र impairment losses कट्टा गरी मापन गरेको छ । सम्बन्धित उपकरणहरूको कार्यक्षमतासँग अभिन्न हुने कम्प्युटर सफ्टवेयर उपकरणको अंशको

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

सुर्यविनायक ८, भक्तपुर

## प्रमुख लेखा नीति तथा लेखा सम्वन्धी टिप्पणीहरु

रूपमा पूँजीकृत गरिएको छ । सम्भावित आर्थिक लाभहरुलाई ध्यानमा राखी प्रारम्भिक रुपमा गरिएको खर्चको पूँजीकरण गरिएको छ । सम्पत्तिलाई चलायमान राख्नको लागि गरिने मर्मत सम्भार खर्च जसलाई नाफा नोक्सानमा लेखांकन गरिएको छ । सम्पत्ति र उपकरणहरुको निसर्ग गर्दा कुनै लाभ वा नोक्सानलाई (वस्तु नष्ट गर्दाको कूल आय र वस्तुको किताबी मूल्यबीचको भिन्नता गणना) नाफा वा नोक्सानको अन्य आय/व्यय अर्न्तगत लेखाङ्कन गरिएको छ ।

**ह्रासकट्टी व्यवस्था**

संघले आ.व.२०८०/८१ बाट नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम वित्तीय प्रतिवेदन तयार गर्दा प्रयोगयोग्य आयुका आधारमा हिसाब गरिएको छ । ह्रासकट्टी हिसाब गर्दा आ.व. २०७८/०७९ को अन्तिम मौजदातमा प्रयोगयोग्य आयुको आधार लिइएको छ । प्रयोगयोग्य आयुका आधारमा हिसाब गरिएको ह्रासकट्टी तथा आयकर ऐन २०५८ को अनुसूची २ ले निर्दिष्ट गरेको दर तथा तरिकाले घट्दो प्रणाली (Written Down Value Method) मा हिसाब गरिएको ह्रासकट्टीको फरकले आयकरमा निम्त्याउने फरकलाई स्थगन (डिर्फड) करमा समावेश गरिएको छ । यस संघद्वारा प्रयोग निर्धारण गरिएको प्रयोगयोग्य आयु देहाय बमोजिम रहेको छ ।

| सम्पत्तिको वर्गीकरण | प्रयोगयोग्य आयु |
|---|---|
| घर | ४० वर्ष |
| फर्निचर तथा फिक्चर्स | १५ वर्ष |
| कार्यालय उपकरण | ५ वर्ष |
| कम्प्यूटर तथा प्रिन्टर | ८ वर्ष |
| आर. ओ. यू सम्पत्ति | पट्टाको अवधि |
| लिज होल्ड सम्पत्ति | पट्टाको अवधि |

**३.७ ख्याती/अमूर्त सम्पत्ति ख्याती**

व्यापार एकीकरणमा अधिग्रहण योग्य खुद सम्पत्तिका Fair Value खरिद मूल्य भन्दा अधिक भएमा अधिक भएको रकमलाई ख्यातीको रुपमा लेखाङ्कन गरिन्छ । प्रारम्भिक लेखांकन पछि, ख्याती कुनै सञ्चिति क्षति नोक्सानलाई घटाई मापन गरिन्छ । ख्यातीको क्षतिको वार्षिक रुपमा समीक्षा गरिन्छ र यदि घटना वा परिस्थितिमा आएको परिवर्तनले भारित मूल्यमा क्षति पुगेको संकेत भएमा त्यो भन्दा कम समयमा पनि समीक्षा गरिन्छ । हालसम्म संघको ख्याती अर्न्तगतको रकम वित्तीय विवरणमा समावेश गरिएको छैन ।

**अधिग्रहण गरिएको अमूर्त सम्पत्ति**

अमूर्त सम्पत्तिहरु प्रारम्भिक रुपमा Fair Value मा मापन गरिन्छ र अपेक्षित उपयोगी जीवनको आधारमा परिशोधित मूल्यमा मापन गरिन्छ ।

**कम्प्युटर सफ्टवेयर**

खरिद गरिएको कम्प्युटर सफ्टवेयर लाइसेन्सहरुको खरिद गर्न र प्रयोग गर्न सकिने अवस्थामा ल्याउनको निम्ति लागेको लागतलाई पूँजीकृत गरिएको छ । सफ्टवेयरको विकाससँग सम्बन्धित लागतहरू पूँजीकृत गरिएको छ जसले भविष्यमा लागतको अधिकमा सम्भावित आर्थिक लाभहरू उत्पन्न गर्ने गर्दछ । कम्प्युटर सफ्टवेयर लागत अपेक्षित उपयोगी जीवनको आधारमा परिशोधित गरिएको छ । सफ्टवेयर उपयोग योग्य गर्न लागेको सम्बन्धि तलागतहरू खर्चको रूपमा पहिचान र लेखांकन गरिएको छ । सफ्टवेयर प्रयोगको लागि उपलब्ध भएको मितिदेखि यसको अनुमानित उपयोगी जीवनमा समदर ह्रासकट्टीविधि (Straight Line Method) नाफा वा नोक्सानमा परिशोधित गरिदै आएको छ । लेखाको नितिमा परिवर्तन गर्न पुर्व देखि नै समदर ह्रासकट्टीविधि (Straight Line Method) अवलम्बन गरी ह्रासकट्टी गर्ने गरिएको थियो । हालको र तुलनात्मक अवधिको लागी सफ्टवेयरको उपयोगी जीवन पाँच वर्ष अनुमान गरिएको छ ।

परिशोधन विधिहरू, उपयोगीजीवनहरू र अवशिष्ट मानहरू प्रत्येक रिपोर्टिङ मितिमा समीक्षा गरिन्छ र उपयुक्त छ भने समायोजित गर्दै लगिने छ ।

**३.८ लगानी हिसाब**

**लगानी सम्पत्ति**

## भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
सुर्यविनायक ८, भक्तपुर

### प्रमुख लेखा नीति तथा लेखा सम्वन्धी टिप्पणीहरु

लगानी सम्पत्तिले जमिन वा जमिन र भवनहरू समावेश गरिन्छ, अन्य सम्पत्ति र उपकरणहरूको रूपमा वर्गिकृत नगरी बिक्रीको लागि राखिएको गैरचालु सम्पत्तिहरू जनाउँछ । सामान्यतया, यसमा संघले गैरबैंकिंग सम्पत्तिहरूको रूपमा अधिग्रहित जमिन, जमिन र भवन समावेश गरिन्छ जुन रिपोर्टिङ मितिमा बिक्री भएको हुदैन । कर्जा र सापटीमा सुरक्षणबाट प्राप्त भएको सम्पत्ति संघले लगानी सम्पत्तिको रुपमा लेखांकन गरेको छ । यस आ.व.मा संघको कुनै पनि लगानी सम्पत्ति रहेको छैन ।

**३.९ नगद र नगद सरह**

नगद र नगद सरह भन्नाले नगद तथा खरिद गरेको अथवा Placement गरिएको समय पश्चात तीन महिना वा सो भन्दा कम अवधिमा परिपक्व हुने मौद्रिक सम्पत्ति अथवा Placement लाई जनाउँदछ। प्रतिबन्धित मौज्दातलाई नगद र नगद सरहमा समावेश गरिएको छैन र परिशोधित लागतमा जनाइनुका साथै वित्तीय स्थितिको विवरणमा भिन्नै स्थानमा (Line ltem) प्रस्तुत गरिएको छ ।

**३.१० आय कर**

कर व्ययले चालु र स्थगत कर खर्चलाई समावेश गरिन्छ । प्रत्यक्ष इक्विटीमा वा अन्य विस्तृत आयमा लेखाङ्कन नगरिएको हदसम्म चालु कर र स्थगन करलाई नाफा वा नोक्सानमा लेखांकन गरिएको छ ।

**क) चालु कर**

चालु कर उक्त वर्षको करयोग्य आम्दानी वा नोक्सानमा अघिल्लो वर्षको कर तिर्नुपर्ने दरमा भएको कुनै समायोजन र रिपोर्टिङ मितिमा कार्यान्वयनमा रहेको वा व्यवहारिक रुपमा कार्यान्वयन भएको कर दरहरु प्रयोग गरी अनुमान गरिएको तिर्न योग्य वा पुर्न प्राप्ती योग्य कर रहेको छ ।

**ख) स्थगन कर**

स्थगन कर वित्तीय रिपोर्टिङ्ग उद्देश्यको लागि सम्पत्ति र दायित्वहरूको किताबी रकम र कर प्रयोजनका लागि प्रयोग गरिएको रकम बीचको अस्थायी भिन्नताको आधारमा लेखांकन गरिएको छ । स्थगन आयकर संघमा लागू हुने कर दरको प्रयोग गरी निर्धारण गरिएको छ जुन सम्बन्धित स्थगन आयकर सम्पत्ति साकार भएपछि वा स्थगन आयकर दायित्व चुक्ता हुँदा रिपोर्टिङ्ग मितिमा लागू हुने अपेक्षा गरिएको हुन्छ । भविष्यमा हुने करयोग्य आयमा दावी गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएका स्थाई भिन्नतामा स्थगन कर सम्पत्ति (वा स्थगन कर दायित्व)को रुपमा पहिचान गरिदैन । यस आर्थिक वर्ष २०८०/८१ को लागि यस संघलाई लागू हुने परिवर्तित आयकर दर १०% ले स्थगन कर सम्पत्ति र दायित्वको मापन गरिएको छ ।

**३.११ निक्षेप र सुरक्षण नराखिएको सहायक आवधिक ऋण**

**निक्षेप** संघले आफ्ना सदस्यहरुबाट दैनिक/मासिक वा सदस्यको स्वइच्छा बमोजिम निक्षेप/बचत स्वीकार गर्दै आएको छ । यी वित्तीय कारोबारहरु संघको किताबमा (Books of Account) संघको दायित्वको रुपमा लेखांकन गरिएको छ र संघका सदस्यहरुको माग बमोजिम फिर्ता गर्नुपर्ने हुन्छ ।

**सुरक्षण नराखिएको सहायक आवधिक ऋण**

निक्षेपकर्ताहरुको दावी भुक्तानी पश्चात भुक्तानीको लागि योग्य रहेको दायित्वहरु जसलाई सहायक दायित्व समेत भन्ने गरिन्छ । संघको वित्तीय अवस्थाको विवरणमा त्यस्ता दायित्वहरु छैनन् ।

**३.१२ व्यवस्थाहरु र सम्भावित दायित्वहरु**

**व्यवस्थाहरु**

विगतको घटनाको परिणाम स्वरूप संघको वर्तमानमा सिर्जित वा कानुनी दायित्व रहन्छ जुन विश्वसनीय तरिकाले मापन गर्न सकिन्छ र दायित्व पूरा गर्न आर्थिक लाभको बहिर्गमन हुन्छ भने त्यसलाई संघले व्यवस्थाको रुपमा लेखांकन गरिएको छ । विगतको घटनाको परिणाम स्वरूप सिर्जना भएको कुनै सम्भावित वा वर्तमान दायित्वको कारण सम्भवतः संसाधनहरूको बहिर्गमनको सम्भावनालाई दायित्व सिर्जना गरी सम्भावित दायित्वको प्रकटीकरण गरिन्छ । सम्भावित वा वर्तमान दायित्व छ र जसको कारणले स्रोतको बहिर्गमनको सम्भावना कम छ भएको अवस्थामा कुनै व्यवस्थावा प्रकटीकरण गरिदैन । जब एउटा सम्झौताबाट संघले लिने अपेक्षित लाभहरू सम्झौत ।अन्तर्गत आफ्नो दायित्व पूरा गर्नको लागि व्यहोर्नुपर्ने अपरिहार्य लागत भन्दा कम हुन्छ तब अत्यधिक सम्झौताको व्यवस्था लेखांकन गरिएको हुन्छ ।

## भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
सुर्यविनायक ८, भक्तपुर

### प्रमुख लेखा नीति तथा लेखा सम्वन्धी टिप्पणीहरु

व्यवस्थाहरू प्रत्येक रिपोर्टिंग मितिमा समीक्षा गरिन्छ र वर्तमानको उत्तम अनुमानलाई प्रतिबिम्बित गर्न समायोजितगरिन्छ । दायित्व चुक्ता गर्नको लागि स्रोतहरुको बर्हिगमन आवश्यक पर्ने दीर्घकालिन सम्भावना छैन भने व्यवस्था फिर्ता गर्ने गरिन्छ । रकम प्राप्तगर्ने सम्भावना छैन भने सम्भावित सम्पत्तिलाई वित्तीय विवरणमा उल्लेख गरिएको छैन । यदि सम्भावना छ भने सम्भावित सम्पत्तिको खुलासा गरिन्छ । तर, सम्भावित सम्पत्तिलाई निरन्तर मूल्यांकन गरिन्छ र आर्थिक लाभ प्राप्तहुने निश्चित छ भने उक्त सम्पत्ति र सम्बन्धित आयलाई परिवर्तन आउने अवधिमा लेखांकन गरिन्छ ।

**सम्भावित दायित्वहरु**
संघले सम्भावित दायित्वहरुको पहिचान तथा लेखांकन NAS 37 – Provisions, Contigent liabilities & Contingent Assets को प्रावधान बमोजिम गर्ने गरेको छ । सम्भावित दायित्वहरुमा देहाय बमोजिमका विषयहरु समावेश गरिएका छनः

३.१२.१ विगतका घटनाक्रमबाट उत्पन्न हुन सक्ने त्यस्ता सम्भावित दायित्वहरु जसको अस्तित्व संघको नियन्त्रण भन्दा बाहिर रहेका भविष्यका एक वा एकभन्दा बढि अनिश्चित घटनाक्रमहरुले निर्क्यौल गर्दछ ।

३.१२.२ विगतका घटनाक्रमबाट उत्पन्न भएका तर देहायका कारणले गर्दा हाल लेखाङ्कन नगरिएका दायित्वहरु
- दायित्व निसर्ग गर्नका लागि आर्थिक लाभ हुने श्रोत बाहिरिने सम्भावना नरहेको
- दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको

संघको जानकारीमा आएको सम्पूर्ण सारभूत (Material) दायित्वको लागि पर्याप्त व्यवस्था गरिएको छ । सारभूत दायित्वको भविष्यमा उत्पन्न हुने परिणाम मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको खण्डमा त्यस्ता दायित्वलाई सम्भावित दायित्व अन्तर्गत देखाइन्छ ।

**३.१३ आयको लेखाङ्कन**
आय भनेको संघको साधारण वित्तीय गतिविधि हरूको क्रममा उत्पन्न हुने कुल आर्थिक लाभहरूको प्रवाह हो र त्यस्ता लाभहरुले इक्विटीको वृद्धि गर्दछ । संघमा प्रवाह हुने आर्थिक लाभहरुलाई भरपर्दो रुपमा मापन गर्न सकिने आधारमा आयको रुपमा लेखांकन गरिदै आइएको छ । आयहरुको प्राप्तीको सम्भव छैन भने अनुमान भएमा तिनलाई आय अवधिमा लेखांकन गरिदैन । संघको आयमा कर्जा लगानीमा व्याज आम्दानी, बचत तथा शेयर लगानीमा आम्दानी र अन्य आम्दानी समावेश छ र आय लेखांकनको आधारहरू निम्नानुसार छन् :

**क) कर्जा लगानीबाट आम्दानी**
सदस्यहरुबाट असुली हुने कर्जा तथा सापटीको व्याज आम्दानीलाई प्रभावकारी व्याजदर अनुसार नगरिने भएकाले प्रारम्भिक शुल्कलाई परिशोधन गरिदैन र त्यस्तो प्रारम्भिक शुल्क थोरै हुने रहेको छ । प्रभावकारी व्याजदरको ठिक गणना गर्दा लाग्ने शुल्क त्यसबाट आउने फाइदाभन्दा बढी हुने संघको अनुमान रहेको छ ।
संघको नाफा नोक्सान हिसाबमा कर्जा लगानीबाट हुने आम्दानीमा निम्न आम्दानीहरु समावेश गरिएका छन् ;
- सदस्यहरुबाट असुली हुने विलम्व शुल्क तथा कर्जा सम्बन्धित अन्य आम्दानी ।
- संघद्वारा NFRS 9 अनुच्छेद ५.४ (Carve Out) प्रयोजन गरि सेवा शुल्कलाई प्रभावकारी व्याज दरमा आय गणना नगरी प्राप्ति भएकै वर्षमा व्याज आम्दानीमा समावेश गरिएको

त्यस्ता आम्दानीहरु प्राप्त गर्न गरिएका खर्चहरु घटाएर नेट (Net) आम्दानी देखाइएको छ ।

**ख) बचत तथा शेयर लगानीमा आम्दानी**
संघलाई शेयर लगानीबाट प्राप्त हुने नगद लाभांश, सो लाभांश प्राप्त हुने अधिकार स्थापित भएको मितिमा आयमा लेखांकन गरिन्छ । सहकारी बैंक, संघ तथा संघहरुबाट प्राप्त हुने संरक्षित पुँजी फिर्ता कोष आम्दानी प्राप्त हुने अधिकार स्थापित भएको मितिमा आयमा लेखांकन गरिन्छ । बैंक तथा बचतमा व्याज आम्दानी पाकेको आधारमा (Accrual Basis) लेखाङ्कन गरिएको छ ।

**३.१४ बचतमा व्याज खर्च**
निक्षेपमा प्रदान गरिएको व्याज खर्च शीर्षक अन्तर्गत नाफा वा नोक्सानमा पाकेको आधारमा (Accrual Accounting) लेखांकन गरिएको छ ।

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

सुर्यविनायक ८, भक्तपुर

## प्रमुख लेखा नीति तथा लेखा सम्वन्धी टिप्पणीहरु

**३.१५ कर्मचारी खर्च**

**अल्पकालीन कर्मचारी खर्चहहरु**

तलब, भत्ता र बिदा वापतको रकम भुक्तानी, नाफामा आधारित बोनस तथा प्रत्येक आर्थिक वर्ष समाप्त भएको १२ महिनाभित्र भुक्तानी गरिने त्यस्ता सुविधाहरु (सवारी साधन सुविधा, सहुलियत पूर्ण ऋण) अल्पकालीन कर्मचारी खर्चहरुमा पर्दछन् । अल्पकालीन कर्मचारी खर्चको लेखांकन कर्मचारीले सेवा प्रदान गरे पश्चात् वा सेवा प्रदान गरेको कारण क्षतिपूर्ति प्राप्त गर्ने अधिकार सिर्जना भए पश्चात गरिन्छ । सेवा निवृत्त भएपछि भुक्तानी हुने खर्चको लेखांकन कर्मचारीले सेवाप्रदान गरेको कारण त्यस्तो क्षतिपूर्तिहरु (पारितोषिक) प्राप्त गर्ने अधिकारको सृर्जना भएमा गरिन्छ ।

**कर्मचारी बोनस**

संघले कर्मचारी बोनसको व्यवस्था बोनस ऐन बमोजिम नगरि सहकारी ऐन, २०७४ तथा सहकारी नियमावली, २०७५ को दफा २७ बमोजिम गरिएको छं ।

**रोजगार पछिको सुविधा**

**परिभाषित योगदान योजना**

परिभाषित योगदान योजना सेवा पछिको लाभ योजना हो जस अन्तर्गत संघले योगदानलाई छुट्टै संघमा भुक्तान गर्दछ र थप रकम तिर्न कुनै कानुनी वा रचनात्मक दायित्व हुँदैन । परिभाषित योगदान योजनाको दायित्वहरू सम्बन्धित सेवाहरू प्रदान गरिएको समयमा कर्मचारी खर्चको रूपमा पहिचान र लेखांकन गरिएको छ । परिभाषित योगदान योजनामा हुनुपर्ने योगदान जुन कर्मचारीले दिएको सेवाको रिपोर्टिङ्ग अवधिको १२ महिनापछि सम्म भुक्तानी भएको हुँदैन त्यसलाई Discount गरेर वर्तमान मूल्यमा लेखाङ्कन गरिएको छ । संघले परिभाषित योगदान योजना अन्तर्गत सामाजिक सुरक्षा कोषमा योगदान गरेको छैन ।

**परिभाषित लाभ योजना**

परिभाषित लाभ योजना भनेको परिभाषित योगदान योजना बाहेकका अन्य रोजगार पछिको सेवा सुविधा हो । यसर्थ NAS 19 बमोजिम कर्मचारी उपदानलाई परिभाषित लाभ योजना मानिएको छ । संस्थाको नीति अनुसार नियुक्त भएका कर्मचारीहरुको सेवा अवधिको आधारमा उपदानको निम्ति व्यवस्था गरिन्छ । उपदान अन्तर्गत पुरा दायित्वको हिसाब निर्धारण गर्न प्रत्येक वर्ष विमाङ्किक मूल्याङ्कन गरिन्छ । संस्थाको परिभाषित लाभ दायित्व गणना गर्नको निम्ति कर्मचारीले वर्तमान तथा पूर्व अवधिको सेवाबाट आर्जन हुने भविष्यको लाभ रकमलाई discount गरी वर्तमान मूल्य निर्धारण गरिन्छ र त्यसमा योजना सम्पत्तिको उचित भ्यालु घटाएर खुद रकम वित्तीय अवस्थाको विवरणमा देखाइन्छ । योजना सम्पत्तिको मूल्य आर्थिक लाभको आजको मूल्य योजनाबाट रिफण्डको रुपमा प्राप्त हुने अथवा भविष्यको योजना योगदानबाट घट्ने रकममा सिमित हुन्छ । आर्थिक लाभको आजको मूल्य निर्धारण गर्न संस्थाको कुनै योजनामा लागू हुने न्युनतम लगानी आवश्यकतालाई विचार गरिन्छ । योजना दायित्वको राफसाफ गर्दा वा योजनाको समयावधिमा लाभ प्राप्त भएमा संस्थालाई आर्थिक लाभ उपलब्ध हुन्छ । वार्षिक अवधिको शुरुवातमा हिसाब गरिने परिभाषित लाभ दायित्वको Discount दर लागू गरी संस्थाले निर्धारित लाभ दायित्वको व्याज खर्चको निर्धारण गर्छ । सरकारी ऋणपत्र जसको अवधि परिभाषित लाभ योजनाको अवधि समान हुन्छ त्यसको औषत Yield लाई आधार मानेर Discount दरको निर्धारण गरिन्छ । कर्मचारीले सेवा दिए वापत उपदान दायित्वको वृद्धिलाई नाफा नोक्सान विवरणको कर्मचारी खर्च अन्तर्गत खुद व्याज खर्चका साथ देखाइएको छ । संस्थाको दायित्वको हिसाब गर्दा उपदानमा आउने कुल विमाणिक नाफा नोक्सानलाई अन्य विस्तृत आम्दानीमा देखाइएको छ । मूल्याङ्कन गर्दा Demographic assumptions स्वरुप सेवा निवृत्ति उमेर ६० वर्ष, सेवाबाट पूर्ण अवधि अवकाश, स्वेच्छिक अवकाश र स्वास्थ्यका कारण अवकाश जस्ता निवृत्तिहरु व्यवस्था भएपनि हालसम्म त्यस्ता अवकास भएका छैनन् ।

संघले उक्त दायित्वको मूल्याङ्कन खर्च स्वतन्त्र एकचुअरी (Actuary) बाट गराउन सकेको छैन । एक्चुरियल मूल्याङ्कनको लागि Discount दर, सम्पत्तिको अनुमानित प्रतिफल दर, अनुमानित तलब बढोत्तरीको दर, मृत्यु दर आदिको बारेमा विभिन्न धारणाहरु (Assumptions) अबलम्बन गरिएको हुन्छ ।

संस्थाले उक्त परिभाषित लाभ दायित्वको अवधिसँग मिल्ने नेपाल सरकारद्वारा जारी ऋणपत्रको ब्याज दरलाई Discount दरको रुपमा लिनुपर्ने हुन्छ । उपरोक्त धारणाहरु उपलब्ध भएसम्म मिल्दो जुल्दो सार्वजनिक रुपमा उपलब्ध आधिकारिक तथ्याङ्कहरुलाई आधार बनाई अवलम्बन गरिएको हुन्छ ।

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
सुर्यविनायक ८, भक्तपुर

## प्रमुख लेखा नीति तथा लेखा सम्वन्धी टिप्पणीहरु

**अन्य दिर्घाकालिन कर्मचारी सुविधा**
**कर्मचारी बिदा वापतको खर्च**

(क) संघको स्वीकृत नियमावली बमोजिम कर्मचारीहरुलाई वार्षिक घर बिदा, बिरामी बिदा, भैपरी बिदा, सुत्केरी बिदा तथा किरिया बिदा वापत प्रदान गरिने क्षतिपूर्तिहरु कर्मचारी बिदा वापतको खर्चमा समावेश गरिन्छ ।

ख) बिदा वापतका क्षतिपूर्ति दुई वर्गमा पर्दछन्

१. सञ्चित हुने, र
२. सञ्चित नहुने ।

ग) संघले बिदा वापतका खर्चहरु यस प्रकारले लेखाङ्कन गर्दछ

- सञ्चय गर्न सकिने विदाको हकमा कर्मचारीहरुले सेवा प्रदान गर्दै आएको कारण भविष्यमा उपयोग गर्न सकिने बिदाका दिनहरु वृद्धि भएमा,
- सञ्चय गर्न नसकिने बिदाहरुको हकमा कर्मचारीले बिदा लिएको अवस्थामा ।

(घ) घर बिदा बढिमा ४५ दिन र बिरामी बिदा बढिमा ९० दिन प्रत्येक शीर्षकमा सञ्चित गर्न सकिन्छ र सञ्चित बिदाहरुलाई भविष्यको प्रयोगका लागि आगामी वर्षहरुमा सारिन्छ । कुल बढिमा सञ्चित गर्न सकिने दिनको अवधिभन्दा बढि सञ्चित भएको विदा वापतको रकमलाई प्रत्येक वर्ष नगदमा भुक्तानी गरिन्छ । प्रत्येक वर्षको आषाढ मसान्तसम्म कर्मचारीहरुको नाममा समानुपातिक रुपमा पाकेको विदा मध्ये उपयोग नभई बाँकी रहेको विदा अवधिलाई संस्थाको दायित्वको रुपमा गणना गरिन्छ र नाफा नोक्सान हिसाबमा सो वापतको खर्च व्यवस्था गरिन्छ ।

ङ) विदा वापतको दायित्वको गणना गर्दा संस्थाले Actuarial Valuation गरेको छैन ।

### ३.१६ पट्टा

सञ्चालन पट्टा अन्तर्गत पट्टा भुक्तानी पट्टा अवधिमा भुक्तानी गर्नुपर्ने रकमलाई डिस्काउटिङ्ग गरी हालको मूल्यमा गणना गरिएको छ । पूर्व निर्धारित करार बमोजिम तोकिएको पट्टा अवधि सम्मको लागि Discounting Rate लाई ७ प्रतिशत समायोजन गर्ने गरी Discounting गरी हालको लागत निर्धारण गरीएको छ ।

### ३.१७ वित्त लागत

बाह्य कर्जा सुविधाहरुमा तिरेको ब्याज तथा प्रशासनिक शुल्क वित्त लागत खर्च शीर्षक अर्न्तगत पाकेको आधारमा ( Accrual Accounting) नाफा वा नोक्सानमा लेखांकन गरिएको छ ।

### ३.१८ शेयर पूँजी र जगेडा कोषहरु

शेयर पुँजीलाई चुक्ता मूल्यमा लेखाङ्कन गरिन्छ । सहकारी ऐन, २०७४ को दफा ३० मा भएको व्यवस्था अनुसार संघको कार्यक्षेत्र भित्र दर्ता भएका प्रारम्भिक बचत तथा ऋण सहकारी संस्था कम्तिमा दुई थान शेयर खरिद गरी सदस्य हुन पाउने व्यवस्था गरिएको छ । हरेक शेयर सदस्यको साधारण सभामा प्रति सदस्य एक मत र वार्षिक लाभांशको हकदार हुन्छन् । संघको साधारण शेयर बाहेक अन्य कुनै प्रकृतिका शेयर जस्तै अग्राधिकार शेयर, बोनस शेयर आदि रहेको छैन । संघले निम्न प्रकारका जगेडा तथा कोष कायम गरेको छ ।

**कोषहरु**

कोष अन्तर्गत जगेडा कोष, संरक्षित पूँजी फिर्ता कोष, सहकारी प्रर्बधन कोष, शेयर लाभांश कोष, कर्मचारी बोनस कोष, स्थिरीकरण कोष, घाटापुर्ति कोष, सामुदायिक विकास कोष, सहकारी विकास कोष, सहकारी शिक्षा कोष, अन्य जोखिम व्यवस्थापन कोष र बाँडफाँड नगरेको खुद वचत पर्दछन् ।

**बाँडफाँड नगरेको खुद वचत**

संघले NFRS बमोजिमको लेखानीति अपनाएर वित्तीय विवरण बनाउने क्रममा यस अघिको लेखानीतिको तुलनामा भएको परिर्वतन र सोका कारण सम्पत्ति तथा दायित्वको मूल्याङ्कनमा देखिने भिन्नतालाई बाँडफाँड नगरेको खुद वचत अन्तर्गत प्रस्तुत गरि यस आ.व.मा विनियोजन नीति बमोजिम बाँडफाँड गर्ने संचालकको बैठकद्वारा निर्णय लिएको छ ।

**जगेडा कोष**

सहकारी ऐन, २०७४ को दफा ६८ मा भएको व्यवस्था अनुसार संघले आर्थिक वर्षको खूद मुनाफा रकमको कम्तिमा २५ प्रतिशत रकम साधारण जगेडा कोषमा बाँडाफाँड गर्नुपर्ने प्रावधान अनुरुप व्यवस्था गरेको छ ।

**संरक्षित पूँजी फिर्ता कोष**

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
सुर्यविनायक ८, भक्तपुर

## प्रमुख लेखा नीति तथा लेखा सम्वन्धी टिप्पणीहरु

सहकारी ऐन, २०७४ को दफा ६९ बमोजिम साधारण जगेडा कोषमा जम्मा गरे पश्चातको खुद मुनाफा रकमको २५ प्रतिशत र कम संरक्षित पूँजी फिर्ता कोषमा बाँडाफाँड गर्नुपर्ने प्रावधान अनुरुप व्यवस्था गरेको छ।

### सहकारी प्रवर्द्धन कोष
सहकारी ऐन, २०७४ को दफा ७० बमोजिम साधारण जगेडा कोषमा जम्मा गरे पश्चातको खुद मुनाफा रकमको ०.५ प्रतिशत रकम सहकारी प्रवर्द्धन कोषमा बाँडाफाँड गर्नुपर्ने प्रावधान अनुरुप व्यवस्था गरेको छ।

### अन्य नियमनकारी कोष
सहकारी नियमावली, २०७५ को दफा २७ बमोजिम खुद मुनाफाबाट जगेडा कोष, संरक्षित पुँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषको रकम कट्टा गरे पश्चातको खुद मुनाफा रकमको कम्तिमा ५ प्रतिशत रकम निम्न लिखित प्रत्येक कोषहरुमा बाँडाफाँड निम्न उल्लेखित बमोजिम गर्ने नीति लिएको छ।

| कोष | विनियोजन |
|---|---|
| शेयर लाभांश कोष | ६५% |
| कर्मचारी बोनस कोष | ५% |
| घाटापूर्ती कोष | ५% |
| सहकारी शिक्षा कोष | ५% |
| सहकारी विकास कोष | ५% |
| सामुदायिक विकास कोष | ५% |
| स्थिरीकरण कोष | ५% |
| अन्य जोखिम व्यवस्थापन कोष | ५% |
| **कुल** | **१००%** |

### वितरणयोग्य नाफा
संघले नाफाबाट वितरण गर्दा नगद प्राप्ति नभएको आम्दानी घटाएर आउने नगदी नाफाको आधारमा वितरणयोग्य नाफा हिसाब गरि वितरण नीति अवलम्बन गरिएको छ।

### ३.१९ गैर वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था
संघले आफ्ना गैर वित्तीय सम्पत्ति (लगानी सम्पत्ति तथा स्थगन कर सम्पत्ति बाहेक) मा भएको नोक्सानीको आवधिक परीषण गर्ने गरेको छ। उक्त सम्पत्तिको किताबी मूल्य सो सम्पत्तिबाट प्राप्त हुन सक्ने रकम भन्दा बढि भएको अवस्थामा नोक्सानी व्यवस्था गरिन्छ। नोक्सानी व्यवस्थालाई नाफा नोक्सान खातामा खर्च लेखी सम्बन्धित सम्पत्तिबाट घटाएर प्रस्तुत गरिन्छ। यसरी आवधिक नोक्सानीको परीक्षण गर्दा पहिले व्यवस्था गरिएको नोक्सानी बढि हुन गएको खण्डमा सो नोक्सानी व्यवस्थाबाट फिर्ता गरी नाफा नोक्सान खातामा आम्दानी जनाईन्छ। एक बर्ष भन्दा कम अवधिको गैर वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था नगर्ने नीति अवलम्बन गरिएको छ।

### ३.२० प्रतिशेयर आम्दानी
संघले आफ्नो साधारण शेयरको लागि आधारभूत प्रति सेयर आम्दानी (EPS) तथ्याङ्कलाई प्रस्तुत गर्छ। आधारभूत EPS साधारण शेयर धनीहरुको लागि हुने नाफा अथवा नोक्सानलाई सो अवधिको अन्त्यमा रहेका भारित औसत शेयरधनीका संख्याले विभाजन गरी गणना गरिन्छ। संघलाई Diluted EPS लागु हुदैन।

### ३.२१ नगद प्रवाह विवरण
संघले नगद प्रवाहको विवरण NAS 07 – Statement of Cash Flows को Indirect method अनुसार तयार गरेको छ। नगद मौज्दातमा भएको उतार चढावलाई यस विवरणले चित्रण गरेको हुन्छ। प्रस्तुत नगद प्रवाह विवरणले सो आर्थिक वर्षभरि भएको विभिन्न नगद प्रवाहलाई निम्न अनुसार प्रस्तुत गरेको छ

१. सञ्चालन कारोबारबाट भएको नगद प्रवाह
२. लगानीबाट भएको नगद प्रवाह
३. वित्तीय कारोबारबाट भएको नगद प्रवाह

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
सुर्यविनायक ८, भक्तपुर

## प्रमुख लेखा निति तथा लेखा सम्वन्धी टिप्पणीहरु

### ४. लेखा सम्वन्धी टिप्पणीहरु

(रकम रु.मा)

टिप्पणी ४.१ : सम्पति, कारखाना तथा उपकरण

(क) मुर्त सम्पत्ति

| | जग्गा | भवन | फर्निचर तथा फिक्चर्स | कार्यालय उपकरण | सवारी साधन | कुल |
|---|---|---|---|---|---|---|
| लागत अथवा मानिएको लागत | | | | | | |
| २०७९ श्रवाण १ को | ८,९३२,६५७.०० | ८,१७२,२८९.७२ | १,५३५,४२०.६० | १,७३१,७७८.२४ | १७४,५००.०० | २०,५४६,६४५.५६ |
| खरिद | १८,२३१,१८७.०० | | - | २१४,०००.०० | - | १८,४४५,१८७.०० |
| पुँजीकरण | | | | | | - |
| व्यवसाय संयोजन मार्फत प्राप्त सम्पत्ति | | | | | | - |
| कुल थप | १८,२३१,१८७.०० | - | - | २१४,०००.०० | - | १८,४४५,१८७.०० |
| बिक्रि तथा निपटान | | | | | | - |
| पुर्नमुल्यांकन / समायोजन | | | | | | - |
| अन्य | | | | | | - |
| २०८० असार ३१ को | २७,१६३,८४४.०० | ८,१७२,२८९.७२ | १,५३५,४२०.६० | १,९४५,७७८.२४ | १७४,५००.०० | ३८,९९१,८३२.५६ |
| खरिद | | | २१८,६०३.२८ | ८७,०००.०० | | ३०५,६०३.२८ |
| पुँजीकरण | | | | | | - |
| व्यवसाय संयोजन मार्फत प्राप्त सम्पत्ति | | | | | | - |
| कुल थप | - | - | २१८,६०३.२८ | ८७,०००.०० | - | ३०५,६०३.२८ |
| बिक्रि तथा निपटान | | | | | | - |
| पुर्नमुल्यांकन / समायोजन | | | | | | - |
| अन्य | | | | | | - |
| २०८१ असार ३१ को | २७,१६३,८४४.०० | ८,१७२,२८९.७२ | १,७५४,०२३.८८ | २,०३२,७७८.२४ | १७४,५००.०० | ३९,२९७,४३५.८४ |

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
## सुर्यविनायक ८, भक्तपुर

### प्रमुख लेखा निति तथा लेखा सम्वन्धी टिप्पणीहरु

### ४. लेखा सम्वन्धी टिप्पणीहरु

(रकम रु.मा)

टिप्पणी ४.१ : सम्पति, कारखाना तथा उपकरण

(क) मुर्त सम्पत्ति

| | जग्गा | भवन | फर्निचर तथा फिक्चर्स | कार्यालय उपकरण | सवारी साधन | कुल |
|---|---|---|---|---|---|---|
| **संचित ह्रासकट्टी तथा अपलेखन** | | | | | | |
| **२०७९ श्रवाण १ को** | - | **५३६,२४३.१९** | **६४०,५११.१२** | **९६९,२५७.८२** | **१५१,०८२.८८** | **२,२९७,०९५.०१** |
| यस आ.व.को ह्रासकट्टी | - | १९५,७९६.०६ | ६६,४९७.७४ | २४४,८६४.०३ | २,६०१.९० | ५०९,७५९.७३ |
| यस आ.व.को अपलेखन | | | | | | - |
| अन्य | | | | | | - |
| बिकि तथा निपटान | | | | | | - |
| **२०८० असार ३१ को** | - | **७३२,०३९.२५** | **७०७,००८.८६** | **१,२१४,१२१.८५** | **१५३,६८४.७८** | **२,८०६,८५४.७४** |
| यस आ.व.को ह्रासकट्टी | - | १९५,७९६.०४ | ७६,४१९.४१ | २१५,०२३.३७ | २,६०१.९० | ४८९,८४०.७२ |
| यस आ.व.को अपलेखन | | | | | | - |
| अन्य | | | | | | - |
| बिकि तथा निपटान | | | | | | - |
| **२०८१ असार ३१ को** | - | **९२७,८३५.२९** | **७८३,४२८.२७** | **१,४२९,१४५.२२** | **१५६,२८६.६८** | **३,२९६,६९५.४६** |
| **ह्रास पश्चातको मुल्य** | | | | | | |
| **२०८१ असार ३१ को** | २७,१६३,८४४.०० | ७,२४४,४५४.४३ | ९७०,५९५.६१ | ६०३,६३३.०२ | १८,२१३.३२ | ३६,०००,७४०.३८ |
| **२०८० असार ३१ को** | २७,१६३,८४४.०० | ७,४४०,२५०.४७ | ८२८,४११.७४ | ७३१,६५६.३९ | २०,८१५.२२ | ३६,१८४,९७७.८२ |
| **२०७९ श्रवाण १ को** | ८,९३२,६५७.०० | ७,६३६,०४६.५३ | ८९४,९०९.४८ | ७६२,५२०.४२ | २३,४१७.१२ | १८,२४९,५५०.५५ |

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
## सुर्यविनायक ८, भक्तपुर

### प्रमुख लेखा निति तथा लेखा सम्वन्धी टिप्पणीहरु

### ४. लेखा सम्वन्धी टिप्पणीहरु

(रकम रु.मा)

टिप्पणी ४.१ : सम्पति, कारखाना तथा उपकरण

(ख) अमुर्त सम्पत्ति

| | वेभसाइट | मोबाइल एप्स | कुल |
|---|---|---|---|
| **लागत अथवा मानिएको लागत** | | | |
| **२०७९ श्रवाण १ को** | ३०,०००.०० | ३३,९००.०० | **६३,९००.००** |
| खरिद | | | - |
| पुँजीकरण | | | - |
| व्यवसाय संयोजन मार्फत प्राप्त सम्पत्ति | | | - |
| **कुल थप** | - | - | - |
| बिकि तथा निपटान | | | - |
| पुर्नमुल्यांकन / समायोजन | | | - |
| अन्य | | | - |
| **२०८० असार ३१ को** | **३०,०००.००** | **३३,९००.००** | **६३,९००.००** |
| खरिद | | | - |
| पुँजीकरण | | | - |
| व्यवसाय संयोजन मार्फत प्राप्त सम्पत्ति | | | - |
| **कुल थप** | - | - | - |
| बिकि तथा निपटान | | | - |
| पुर्नमुल्यांकन / समायोजन | | | - |
| अन्य | | | - |
| **२०८१ असार ३१ को** | **३०,०००.००** | **३३,९००.००** | **६३,९००.००** |
| **संचित ह्रासकट्टी तथा अपलेखन** | | | |
| **२०७९ श्रवाण १ को** | **२४,०००.००** | **२०,३४०.००** | **४४,३४०.००** |
| यस आ.व.को ह्रासकट्टी | ६,०००.०० | ४,५२०.०० | १०,५२०.०० |
| यस आ.व.को अपलेखन | | | - |
| अन्य | | | - |
| बिकि तथा निपटान | | | - |
| **२०८० असार ३१ को** | **३०,०००.००** | **२४,८६०.००** | **५४,८६०.००** |
| यस आ.व.को ह्रासकट्टी | - | ४,५२०.०० | ४,५२०.०० |
| यस आ.व.को अपलेखन | | | - |
| अन्य | | | - |
| बिकि तथा निपटान | | | - |
| **२०८१ असार ३१ को** | **३०,०००.००** | **२९,३८०.००** | **५९,३८०.००** |
| **ह्रास पश्चातको मुल्य** | | | |
| **२०८१ असार ३१ को** | - | ४,५२०.०० | ४,५२०.०० |
| **२०८० असार ३१ को** | - | ९,०४०.०० | ९,०४०.०० |
| **२०७९ श्रवाण १ को** | ६,०००.०० | १३,५६०.०० | १९,५६०.०० |

R. Baral & Associates

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
## सुर्यविनायक ८, भक्तपुर

## प्रमुख लेखा निति तथा लेखा सम्वन्धी टिप्पणीहरु

### ४. लेखा सम्वन्धी टिप्पणीहरु

(रकम रु.मा)

टिप्पणी ४.२ : लगानी हिसाव

| विवरण | आ.व. २०८०.०८१ | आ.व. २०७९.०८० | २०७९ श्रावण १ |
|---|---|---|---|
| उचित मुल्य (fair value) मार्फत अन्य विस्तृत आयमा (FVTOCI) मापन गरिने शेयरमा लगानी | ३,५५०,७००.०० | ३,०५०,७००.०० | २,०५०,७००.०० |
| परिशोधित मुल्यमा गरिएको लगानी | ३०९,१५४.३५ | ३०,२७०,१९४.०३ | २३३,६७४.८६ |
| **जम्मा** | **३,८५९,८५४.३५** | **३३,३२०,८९४.०३** | **२,२८४,३७४.८६** |

टिप्पणी ४.२.१ : उचित मुल्य (**fair value**) मार्फत अन्य विस्तृत आयमा (**FVTOCI**) मापन गरिने शेयरमा लगानी

| विवरण | आ.व. २०८०.०८१ | आ.व. २०७९.०८० | २०७९ श्रावण १ |
|---|---|---|---|
| **शेयर लगानी** | | | |
| सूचिकृत शेयर | - | - | - |
| असूचिकृत शेयर | ३,५५०,७००.०० | ३,०५०,७००.०० | २,०५०,७००.०० |
| **जम्मा** | **३,५५०,७००.००** | **३,०५०,७००.००** | **२,०५०,७००.००** |

टिप्पणी ४.२.२ : शेयर लगानी सम्बन्धि विवरण

| विवरण | आ.व. २०८०.०८१ | आ.व. २०७९.०८० | २०७९ श्रावण १ |
|---|---|---|---|
| **असूचिकृत शेयरमा लगानी** | | | |
| राष्ट्रिय सहकारी बैंक लि. | ५२०,०००.०० | २०,०००.०० | २०,०००.०० |
| राष्ट्रिय सहकारी महासंघ लि. | १०,०००.०० | १०,०००.०० | १०,०००.०० |
| नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. | १,५१८,२००.०० | १,५१८,२००.०० | १,०१८,२००.०० |
| बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून) | १,५०२,५००.०० | १,५०२,५००.०० | १,००२,५००.०० |
| **जम्मा** | **३,५५०,७००.००** | **३,०५०,७००.००** | **२,०५०,७००.००** |

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
## सुर्यविनायक ८, भक्तपुर

### प्रमुख लेखा निति तथा लेखा सम्वन्धी टिप्पणीहरु

### ४. लेखा सम्वन्धी टिप्पणीहरु

(रकम रु.मा)

टिप्पणी ४.२.३ :

| विवरण | आ.व. २०८०.०८१ | आ.व. २०७९.०८० | २०७९ श्रावण १ |
|---|---|---|---|
| **बचतमा लगानी** | | | |
| **क. नियमित बचत** | | | |
| नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सं | २६२,५३८.३५ | २३७,८६६.६९ | २१४,९४८.९३ |
| बागमती प्रदेश बचत तथा ऋण सहकारी स | ४६,६१६.०० | ३२,३२७.३४ | १८,७२५.९३ |
| **ख. प्लेसमेन्ट गरिएका आवधिक बचत** | | | |
| राष्ट्रिय सहकारी बैंक लि. | – | ३०,०००,०००.०० | – |
| | ३०९,१५४.३५ | ३०,२७०,१९४.०३ | २३३,६७४.८६ |
| कमी : हानी नोक्सानी व्यवस्था | – | – | – |
| **जम्मा** | ३०९,१५४.३५ | ३०,२७०,१९४.०३ | २३३,६७४.८६ |

## भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
सुर्यविनायक ८, भक्तपुर

### प्रमुख लेखा निति तथा लेखा सम्वन्धी टिप्पणीहरु

### ४. लेखा सम्वन्धी टिप्पणीहरु

(रकम रु.मा)

टिप्पणी ४.३ : प्रयोगको अधिकार सम्पत्ति (पट्टा सम्पत्ति)

| विवरण | घर | कुल |
|---|---|---|
| लागत | | |
| २०७९ श्रावण १ मा कुल लागत | ३६०,६११.८२ | ३६०,६११.८२ |
| आ.व. २०७९.०८० मा थप | – | – |
| आ.व. २०७९.०८० मा बिक्रि तथा निपटान | – | – |
| **२०८० असार मसान्त सम्मको कुल लागत** | **३६०,६११.८२** | **३६०,६११.८२** |
| आ.व. २०८०.०८१ मा थप | ४७८,६४३.४८ | ४७८,६४३.४८ |
| आ.व. २०८०.०८१ मा बिक्रि तथा निपटान | – | – |
| **२०८१ असार मसान्त सम्मको कुल लागत** | **८३९,२५५.३०** | **८३९,२५५.३०** |
| **ह्रास कट्टी तथा अपलेखन** | | |
| २०७९ श्रावण १ सम्मको संचित ह्रास | – | – |
| आ.व. २०७९.०८० को ह्रास कट्टी | २२१,१५८.९२ | २२१,१५८.९२ |
| आ.व. २०७९.०८० को अपलेखन | – | – |
| बिक्रि तथा निपटान | – | – |
| **२०८० असार मसान्त सम्मको संचित ह्रास** | **२२१,१५८.९२** | **२२१,१५८.९२** |
| आ.व. २०८०.०८१ को ह्रास कट्टी | २२७,८६८.९९ | २२७,८६८.९९ |
| आ.व. २०८०.०८१ को अपलेखन | – | – |
| बिक्रि तथा निपटान | – | – |
| **२०८१ असार मसान्त सम्मको संचित ह्रास** | **४४९,०२७.९१** | **४४९,०२७.९१** |
| **ह्रास पश्चातको मुल्य** | | |
| **२०८१ असार मसान्तको** | **३९०,२२७.३९** | **३९०,२२७.३९** |
| **२०८० असार मसान्तको** | **१३९,४५२.९०** | **१३९,४५२.९०** |
| **२०७९ श्रावण १ को** | **३६०,६११.८२** | **३६०,६११.८२** |

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
## सुर्यविनायक ८, भक्तपुर

## प्रमुख लेखा निति तथा लेखा सम्वन्धी टिप्पणीहरु

### ४. लेखा सम्वन्धी टिप्पणीहरु

(रकम रु.मा)

टिप्पणी ४.४ : स्थगन (डिर्फड) कर सम्पत्ति वा (दायित्व)

| विवरण | स्थगन कर सम्पत्ति | स्थगन कर (दायित्व) | आ.व. २०८०.०८१ | आ.व. २०७९.०८० | २०७९ श्रावण १ |
|---|---|---|---|---|---|
| **अस्थाई भिन्नतामा स्थगन कर** | | | | | |
| सदस्यलाई दिएको कर्जा तथा सापटी | – | – | – | – | – |
| लगानी सम्पत्ति | – | – | – | – | – |
| धितोपत्रमा लगानी | – | – | – | – | – |
| सम्पत्ति र उपकरण | – | (६२,५७६.८१) | (६२,५७६.८१) | (३१,५३८.४७) | |
| अमूर्त सम्पत्ति | – | – | – | – | – |
| परिभासित कर्मचारी लाभ योजना | – | – | – | – | – |
| पट्टा दायित्व (प्रयोगको अधिकार सम्पत्ति (पट्टा सम्पत्ति) घटाएर) | ६११.४५ | – | ६११.४५ | ४८७.८२ | – |
| व्यवस्था | – | – | – | – | – |
| **अस्थाई भिन्नतामा स्थगन कर जम्मा** | **६११.४५** | **(६२,५७६.८१)** | **(६१,९६५.३६)** | **(३१,०५०.६५)** | **–** |
| गत वर्षका बाँकी कर घाटामा स्थगन कर | | | – | – | – |
| करका दरमा परिवर्तन भएकोले सिर्जित स्थगन कर | | | – | – | – |
| **खूद स्थगन कर सम्पत्ति वा (दायित्व), वर्षान्त** | **६११.४५** | **(६२,५७६.८१)** | **(६१,९६५.३६)** | **(३१,०५०.६५)** | **–** |
| खूद स्थगन कर सम्पत्ति वा (दायित्व), अल्या | | | (३१,०५०.६५) | – | – |
| यस वर्षको स्थापित वा रिभर्सल | | | | | |
| नाफा नोक्सानमा देखाइएको स्थगन कर खर्च वा (आम्दानी) | | | ३०,९१४.७१ | ३१,०५०.६५ | – |
| अन्य विस्तृत आयमा देखाइएको स्थगन कर खर्च वा (आम्दानी) | | | – | – | – |
| इक्विटीमा देखाइएको स्थगन कर खर्च वा (आम्दानी) | | | – | – | – |

## भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
सुर्यविनायक ८, भक्तपुर

### प्रमुख लेखा निति तथा लेखा सम्वन्धी टिप्पणीहरु

### ४. लेखा सम्वन्धी टिप्पणीहरु

(रकम रु.मा)

टिप्पणी ४.५ : कर्जा लगानी

| विवरण | आ.व. २०८०.०८१ | आ.व. २०७९.०८० | २०७९ श्रावण १ |
|---|---|---|---|
| **सदस्यलाई ऋण लगानी** | | | |
| दिर्घकालीन ऋण | ९८,१९३,१५३.०० | १३०,८७१,७२५.०० | ९४,५००,०००.०० |
| तरलता व्यवस्थापन ऋण (अल्पकालीन ऋण) | ११३,४४९,७५६.५९ | २९०,४१७,१३२.०० | ६२२,७२५,०००.०० |
| पुर्न निर्माण ऋण | – | – | १,३००,०००.०० |
| दिगो सहकारी ऋण | ८,४००,०००.०० | ८,४००,०००.०० | ८,४००,०००.०० |
| आवधिक धितो ऋण | – | – | ४३,०००,०००.०० |
| मासिक किस्ताबन्दी ऋण | ९४,६४९,४७१.४१ | १३६,१९७,५०२.०० | ३६,००३,३३३.०० |
| विशेष ऋण | ८५,१७२,५००.०० | ११९,५७२,५००.०० | १२७,८९२,५००.०० |
| **कर्मचारीलाई ऋण लगानी** | | | |
| कर्मचारी आवास व्यवस्थापन ऋण | ४,०००,०००.०० | – | – |
| | **४०३,८६४,८८१.००** | **६८५,४५८,८५९.००** | **९३३,८२०,८३३.००** |
| थप : पाउनुपर्ने ब्याज | २,६७१,४४१.०० | | |
| | **४०६,५३६,३२२.००** | **६८५,४५८,८५९.००** | **९३३,८२०,८३३.००** |
| कमी : कर्जा जोखिम व्यवस्था | (११,८५८,६४८.८१) | (६,८५४,५८८.५९) | (६,०५०,९५८.३३) |
| **जम्मा** | **३९४,६७७,६७३.१९** | **६७८,६०४,२७०.४१** | **९२७,७६९,८७४.६७** |

टिप्पणी ४.५.१ : प्रभारका लागि व्यवस्था

| विवरण | आ.व. २०८०.०८१ | आ.व. २०७९.०८० | २०७९ श्रावण १ |
|---|---|---|---|
| श्रावण १ सम्म | ६,८५४,५८८.५९ | ६,०५०,९५८.३३ | २,७१२,४६४.८३ |
| यस आ.व.मा थप | ५,००४,०६०.२२ | ८०३,६३०.२६ | ३,३३८,४९३.५० |
| यस आ.व.मा फिर्ता | – | – | – |
| यस आ.व.मा कर्जा अपलेखन | – | – | – |
| **असार मसान्त सम्म** | **११,८५८,६४८.८१** | **६,८५४,५८८.५९** | **६,०५०,९५८.३३** |

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
## सुर्यविनायक ८, भक्तपुर

## प्रमुख लेखा निति तथा लेखा सम्वन्धी टिप्पणीहरु

### ४. लेखा सम्वन्धी टिप्पणीहरु

(रकम रु.मा)

टिप्पणी ४.५.२ : कर्जाको परिपक्ता वर्गीकृरण बमोजिमको व्यवस्था

| विवरण | आ.व. २०८०.०८१ | आ.व. २०७९.०८० | २०७९ श्रावण १ |
|---|---|---|---|
| वर्गीकरण | | | |
| असल कर्जा | ३८०,८६४,८८१.०० | ६८५,४५८,८५९.०० | ९३३,८२०,८३३.०० |
| भाका नाघेको - १२ महिना सम्म | २३,०००,०००.०० | - | - |
| भाका नाघेको - १२ महिना भन्दा बढी | - | - | - |
| जम्मा | ४०३,८६४,८८१.०० | ६८५,४५८,८५९.०० | ९३३,८२०,८३३.०० |
| जोखिम व्यवस्था | | | |
| असल कर्जा | ३,८०८,६४८.८१ | ६,८५४,५८८.५९ | ६,०५०,९५८.३३ |
| भाका नाघेको - १२ महिना सम्म | ८,०५०,०००.०० | - | - |
| भाका नाघेको - १२ महिना भन्दा बढी | - | - | - |
| जम्मा | ११,८५८,६४८.८१ | ६,८५४,५८८.५९ | ६,०५०,९५८.३३ |
| कुल व्यवस्था प्रतिशत | २.९४% | १.००% | ०.६५% |

कुल कर्जा जोखिम व्यवस्था कुल कर्जाको २.९४ प्रतिशत रहेको छ ।

टिप्पणी ४.६ : लगानी हिसाव

| विवरण | आ.व. २०८०.०८१ | आ.व. २०७९.०८० | २०७९ श्रावण १ |
|---|---|---|---|
| परिशोधित मुल्यमा गरिएको लगानी | २,०५१,०००,०००.०० | ७२०,०००,०००.०० | २९५,०००,०००.०० |
| जम्मा | २,०५१,०००,०००.०० | ७२०,०००,०००.०० | २९५,०००,०००.०० |

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
## सुर्यविनायक ८, भक्तपुर

### प्रमुख लेखा निति तथा लेखा सम्वन्धी टिप्पणीहरु

### ४. लेखा सम्वन्धी टिप्पणीहरु

(रकम रु.मा)

टिप्पणी ४.६.१ : परिशोधित मुल्यमा गरिएको लगानी

| विवरण | आ.व. २०८०.०८१ | आ.व. २०७९.०८० | २०७९ श्रावण १ |
|---|---|---|---|
| **बचतमा लगानी** | | | |
| **क. प्लेसमेन्ट गरिएका आवधिक बचत** | | | |
| क वर्गको वित्तीय संस्था | ६२१,०००,०००.०० | १५५,०००,०००.०० | ६०,०००,०००.०० |
| ख वर्गको वित्तीय संस्था | २४५,०००,०००.०० | १००,०००,०००.०० | ५५,०००,०००.०० |
| ग वर्गको वित्तीय संस्था | ३७०,०००,०००.०० | ९५,०००,०००.०० | ६०,०००,०००.०० |
| राष्ट्रिय सहकारी बैंक लि. | ३६५,०००,०००.०० | १००,०००,०००.०० | - |
| नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. | २७०,०००,०००.०० | १३०,०००,०००.०० | १००,०००,०००.०० |
| बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून) | १८०,०००,०००.०० | १४०,०००,०००.०० | २०,०००,०००.०० |
| | २,०५१,०००,०००.०० | ७२०,०००,०००.०० | २९५,०००,०००.०० |
| कमी : हानी नोक्सानी व्यवस्था | - | - | - |
| **जम्मा** | **२,०५१,०००,०००.००** | **७२०,०००,०००.००** | **२९५,०००,०००.००** |

टिप्पणी ४.७ धरौटी तथा पेश्की

| विवरण | आ.व. २०८०.०८१ | आ.व. २०७९.०८० | २०७९ श्रावण १ |
|---|---|---|---|
| टेलिफोन धरौटी | - | १८,७५०.०० | १८,७५०.०० |
| **जम्मा** | - | **१८,७५०.००** | **१८,७५०.००** |
| कमी : हानी नोक्सानी व्यवस्था | - | - | - |
| **जम्मा** | - | **१८,७५०.००** | **१८,७५०.००** |

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
सुर्यविनायक ८, भक्तपुर

## प्रमुख लेखा निति तथा लेखा सम्वन्धी टिप्पणीहरु

### ४. लेखा सम्वन्धी टिप्पणीहरु

(रकम रु.मा)

टिप्पणी ४.८ : सापट तथा पाउनुपर्ने

| विवरण | आ.व. २०८०.०८१ | आ.व. २०७९.०८० | २०७९ श्रावण १ |
|---|---|---|---|
| श्रोतमा करकट्टी | २६,०५९,१५३.०९ | १०,५७६,५८०.१७ | ३९,९६२,३८०.८० |
| अग्रिम आयकर | ५०,८७०,४६४.१३ | ४०,३०४,९४७.६२ | ६,७४८.९६ |
| अग्रिम खर्च | २८,०९०.०४ | – | – |
| विविध | ४०,८००.०० | – | – |
| अन्य अग्रिम करकट्टी | – | १,०३८.९९ | १,०३८.९९ |
| **जम्मा** | **७६,९९८,५०७.२६** | **५०,८८२,५६६.७८** | **३९,९७०,१६८.७५** |
| कमी : हानी नोक्सानी व्यवस्था | (३,१५२,०९१.३६) | (३,१५२,०९१.३६) | (३,१५२,०९१.३६) |
| **जम्मा** | **७३,८४६,४१५.९०** | **४७,७३०,४७५.४२** | **३६,८१८,०७७.३९** |

टिप्पणी ४.९ नगद तथा नगद सरह

| विवरण | आ.व. २०८०.०८१ | आ.व. २०७९.०८० | २०७९ श्रावण १ |
|---|---|---|---|
| नगद मौज्दात | ३,३२४,२७८.०० | २,५८३,५६७.०० | २,०८३,७६८.०० |
| बैंक मौज्दात | | | |
| क वर्गको वित्तीय संस्था | ७४,३१६,०३२.३८ | ३२,७६०,६९८.२९ | ३५,९८२,२६८.१५ |
| ख वर्गको वित्तीय संस्था | २०,४१८,३७०.९९ | १०,०६२,९७२.३३ | १७,७८६,०१८.८८ |
| ग वर्गको वित्तीय संस्था | ३२,०२२,५७०.१७ | १०,८७९,०८२.२२ | २८,३०१,२४३.६३ |
| सहकारी संघ तथा संस्थामा बचत मौज्दात | | | |
| राष्ट्रिय सहकारी बैंक लि. | ३४,६८४,६८८.६० | ४९,०३१,८४५.१४ | ७०,४३०,००९.६५ |
| नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. | ११२,९४५,४८७.०३ | १२०,८८२,४०६.१९ | ५२,९९६,२५५.०९ |
| बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून) | ५१,६६६,८९६.३६ | ११०,४७३,५५९.०७ | ६६,७५१,५९६.६४ |
| आवधिक बचत – ३ महिना सम्मको परिपक्कता | | | |
| क वर्गको वित्तीय संस्था | – | – | ५६,०००,०००.०० |
| ख वर्गको वित्तीय संस्था | – | – | २५,०००,०००.०० |
| ग वर्गको वित्तीय संस्था | – | – | २०,०००,०००.०० |
| राष्ट्रिय सहकारी बैंक लि. | – | १२५,०००,०००.०० | २०,०००,०००.०० |
| नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. | ३००,०००,०००.०० | १८०,०००,०००.०० | १०,०००,०००.०० |
| बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून) | ३२५,०००,०००.०० | ६०,०००,०००.०० | – |
| **जम्मा** | **९५४,३७८,३२३.५३** | **७०१,६७४,१३०.२४** | **४०५,३३१,१६०.०४** |

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
## सुर्यविनायक ८, भक्तपुर

### प्रमुख लेखा निति तथा लेखा सम्वन्धी टिप्पणीहरु

### ४. लेखा सम्वन्धी टिप्पणीहरु

(रकम रु.मा)

टिप्पणी ४.१० : अन्य चालु सम्पत्ति

| विवरण | आ.व. २०८०.०८१ | आ.व. २०७९.०८० | २०७९ श्रावण १ |
|---|---|---|---|
| मसलन्द मौज्दात | १४५,२८०.९३ | २०४,७३५.०८ | २४२,४६५.०० |
छ) सञ्चालक समितिले सदस्यता स्वीकृति दिएपछि सदस्यता प्रदान गर्ने ।

ज) सदस्यता स्वीकृत संस्थाले संघमा आवद्ध हुन लाग्ने शुल्क सहित निर्णय भएको ३० दिन भित्र सदस्यता लिई सक्नुपर्नेछ। सो अवधि भित्र सदस्य हुन नआएमा मनासिब कारणका आधारमा सञ्चालक समितिले तोकेको दस्तुर लिई म्याद थप गर्न सक्नेछ ।

**३. सदस्य संस्थाहरूले पालना गर्नुपर्ने आचारसंहिता**

संघका सदस्यहरूले देहायको आचार संहिताको पालना गर्नु पर्नेछ अन्यथा सञ्चालक समितिले कार्यवाही गर्नसक्नेछ ।

क) सदस्य संस्थाहरूले नियमित रूपमा तोकिए बमोजिम बचत जम्मा गर्नु पर्छ।

ख) सदस्य संस्थाहरूले ऋणको भाखा नाघ्नु अगावै ऋणको किस्ता तथा ब्याज बुझाउनु पर्छ।

ग) परियोजनाको लागि आवश्यक भन्दा बढी ऋण लिनु हुँदैन ।

घ) संघले समय समयमा दिएका निर्देशनको पालना गर्नु पर्छ।

ङ) संघको हित विपरित हुने किसिमको प्रचार प्रसार गर्नु हुँदैन ।
च) संघले आयोजना गरेका कार्यक्रममा सक्रियताका साथ भाग लिनु पर्छ।
छ) संघको कुनै पनि सम्पत्ति हिनामिना गर्नु वा व्यक्तिगत प्रयोग गर्नु हुँदैन ।
ज) संघमा भएका गलत प्रवृतिहरू थाहा हुनासाथ संघलाई खबर गर्नु पर्छ।
झ) संघका सञ्चालक एवं कर्मचारीहरूबाट भएका कमिकमजोरीहरूलाई प्रचारप्रसार गर्नुको सट्टा संघमा जानकारी दिनुपर्छ।
ञ) कसैबाट संघप्रति गलत प्रचार भएको छ भने त्यसको संघमा जानकारी दिनु पर्छ।
ट) संघको विनियमको दफा २० बमोजिम तोकिएको शुल्क तथा कागजातहरू बुझाई सदस्यता नवीकरण गर्नु पर्छ।
ठ) संस्थाको मासिक आर्थिक विवरण, लेखापरिक्षण प्रतिवेदन, साधारण सभाको प्रतिवेदन नियमित रूपमा संघमा बुझाउनु पर्छ।

**४. आचार संहिता पालना नभएमा सजाँय**

प्रत्येक सदस्यले आचार संहिताको पालना गर्नु पर्छ। साथै संघको विनियमको दफा १३ आकर्षित हुने कार्य गरेको भएमा देहाय बमोजिम कार्वाही हुनेछ ।

क) चेतावनी दिने ।
ख) सदस्यताबाट निलम्बन गर्ने ।
ग) सदस्यताबाट निष्काशन गर्ने ।

**५. कार्यवाही सम्वन्धि व्यवस्था**

१. कुनै सदस्य संस्थाले आचार संहिताको पालना नगरेको पाइएमा के कुराको पालना नभएको हो सोबारे स्पष्ट खुलाई सञ्चालकसमितिमा पेश गरिनेछ र सोको आधारमा सञ्चालकसमितिको निर्णय अनुसार लिखित रूपमा स्पष्टिकरण लिइनेछ ।
२. यसरी सोधिएको स्पष्टिकरणमा चित्त नबुझेमा आफ्नो राय सहित संघमा निवेदन पेश गर्न सक्नेछ ।

**६. कार्यवाही गर्ने अधिकार**

क) सदस्य संस्थाहरूलाई कार्यवाही गर्ने अधिकार सञ्चालकसमितिलाई हुनेछ ।
ख) सञ्चालक समितिका सम्पूर्ण सदस्यहरूको राय लिई सञ्चालकसमितिले सदस्यता सम्बन्धी व्यवस्थाको दफा ४ अनुसारको कार्यवाहीको निर्णय गर्नेछ ।
ग) सञ्चालक समितिले ७ दिन भित्र सम्बन्धित सदस्यलाई सो निर्णयको लिखित जानकारी दिनुपर्नेछ । तोकिएको समयभित्र चित्तबुझ्दो लिखित जानकारी नदिएमा संघको नियमानुसार कार्यवाही हुनेछ ।
घ) समितिको निर्णय चित्त नबुझेमा संघको विनियमको दफा १३ को उपदफा ४ बमोजिम साधारण सभा समक्ष पुनरावेदन गर्न सक्नेछ ।
ङ) साधारण सभाको निर्णय अन्तिम हुनेछ ।

**७. सदस्यसम्बन्धी प्रतिवेदन**

प्रमुख कार्यकारी अधिकृतले सञ्चालक समितिको बैठकमा सदस्यता थप/घट सम्बन्धी प्रतिवेदन पेश गरिनेछ ।

## भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

**सूर्यविनायक न.पा. वडा नं. - ८, भक्तपुर**

| | |
|---|---|
| नीति तथा तथा कार्यविधिको नाम | आन्तरिक सुशासन नीति, २०८१ |
| सञ्चालक समितिको बैठकबाट पुनःलेखन स्वीकृत मिति | २०८१।०४।११ |
| अघिल्लो स्विकृत मिति | २०६८।५।२६ |
| लागू हुने मिति | साधारण सभाबाट अनुमोदन भएपछि |

संघको विनियम, २०८० को दफा १०४ को अधिनमा रही संघलाई व्यवस्थित तथा विधिसम्मत तरिकाले पारदर्शि, नियमित, सुनिश्चित, जवाफदेही रूपमा सञ्चाल गर्न र संघको समिति, उपसमिति र व्यवस्थापनको कार्यविवरण तथा जिम्मेबारी थप स्पष्ट पारी दैनिक क्रियाकलाप सहज र व्यवस्थित बनाउन यो आन्तरिक सुशासन नीति २०८१ तयार गरिएको छ ।

**१) संस्थागत संरचना**

संघको संस्थागत संरचना अनुसूची १ बमोजिम हुनेछ ।

**२) सञ्चालकहरूको आचार संहिता :**

क) सञ्चालकहरूले संघप्रति सधैं सकारात्मक सोचाई राख्नु पर्छ।
ख) संघको कुनै पनि गोपनियता भंग गर्नु हुँदैन ।
ग) संघलाई अहित हुने कार्य गर्नु हुँदैन ।
घ) संघबाट कुनै सुविधा लिने वा ऋण लिने कुरामा सञ्चालकहरूले आफ्नो संस्थालाई मात्र प्राथमिकता दिनु हुँदैन ।
ङ) संघको कारोबारमा कुनै पनि सदस्यहरूलाई पक्षपात गर्नु हुँदैन ।
च) कुनै काम गरिदिए वापतमा कसैबाट कुनै किसिमको पारितोषिक लिनु हुँदैन ।
छ) संघको विरूद्ध कुनै किसिमको प्रचार प्रसार गर्नु हुँदैन ।
ज) संघलाई हानी हुने गरी कुनै किसिमको संस्थागत निर्णय गर्नु हुँदैन ।
झ) संघको आवश्यक काम तत्परताका साथ अघिसरी गर्नु पर्दछ।
ञ) संघको बैठक तथा सभा सम्मेलनमा समयमा नै उपस्थित हुनु पर्छ।
ट) संघको बारेमा अधिकत्तम जानकारी लिने र त्यसबारे विचार विमर्श गर्ने बानीको विकास गर्नु पर्छ।
ठ) व्यक्तिगत स्वार्थलाई त्यागी संघको हितमा सदैब सक्रिय रहनु पर्छ।
ड) नियमित रूपमा संघको रेखदेख तथा निरीक्षण गरिरहनु पर्छ।
ढ) आफ्नो संस्थाले लिएको ऋणको भाखा नघाउनु हुँदैन र नियमित रूपमा बचत गर्नु पर्छ।
ण) संघको नीति, नियम र कार्यक्रमको बारेमा आफूले पूर्ण जानकारी लिनु पर्छर समुदायमा प्रचार प्रसार गर्नु पर्छ ।
त) समुदायमा रहेका संस्थाहरूलाई संघमा सदस्यता लिन अभिप्रेरित गर्नु पर्छ।
थ) ऋण बुझाउन आलटाल गरी वसेका सदस्य ऋणीलाई ऋण तिर्न दबाब दिनु पर्छ।
द) सञ्चालक समितिमा चुनिएपछि कार्यक्षेत्रका अन्य संघको सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र उपसमितिमा सदस्य बन्न पाइने छैन ।
ढ) वार्षिक रूपमा अनुसूची २ को फारामका आधारमा स्वमुल्याङ्कन गर्ने ।

**३. लेखा सुपरिवेक्षण समितिको आचारसंहिता**

**क)** यस कार्यविधिको बुँदा १ बमोजिमको आचारसंहिता लेखा सुपरिवेक्षण समितिलाई पनि लागु हुनेछ ।
**ख)** लेखा सुपरिवेक्षण समितिमा चुनिएपछि कार्यक्षेत्रका अन्य संघको सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र उपसमितिमा सदस्य बन्न पाइने छैन ।

**४. आचारसंहिताको पालना**

क) सञ्चालकहरू र लेखा सुपरिवेक्षण समितिका साथै उप-समितिहरूका सबै सदस्यहरूले पनि बुँदा १ मा व्यवस्था रहेको आचारसंहिताको पूर्ण पालना गर्नु पर्छ।
ख) आचारसंहिताको पालना नगर्ने सञ्चालकहरूलाई विनियममा व्यवस्था भएको अलवा देहाय बमोजिमको कार्यवाही सञ्चालकसमितिले गर्न सक्नेछ ।
अ) चेतावनी दिने ।
आ) निलम्बन गर्ने ।
ग) आचारसंहिताको पालना नगर्ने लेखा सुपरिवेक्षण समितिका सदस्य एवं पदाधिकारीहरूलाई विनियममा व्यवस्था भए अनुसार कार्यवाही हुनसक्नेछ ।
घ) आचारसंहिताको पालना नगर्ने उप-समितिका सदस्यहरूलाई सञ्चालकसमितिले देहाय वमोजिम कार्यवाही गर्नसक्नेछ ।
अ) चेतावनी दिने ।
आ) निलम्बन गर्ने ।

इ) उप-समितिबाट निष्कासन गर्ने ।

**५. समितिको बैठक प्रकृया**

क) सञ्चालक समितिको बैठक सामान्यतया महिनाको एक पटक बस्नेछ तर दुई बैठकको अन्तर ४५ दिन भन्दा बढि हुनेछैन ।

ख) सञ्चालक समितिको बैठक अध्यक्षको परामर्शमा सचिवले बोलाउनेछ । सोको आवश्यक सूचना प्रमुख कार्यकारी अधिकृतले व्यवस्था गर्नेछ ।

ग) बैठकको सूचना र छलफल हुने विषयहरू उल्लेख गरी कम्तीमा २ दिन अगाडि जानकारी दिनेछ तर आकस्मिक बैठक बस्नु परेमा अध्यक्षले तत्काल सूचना दिई बोलाउन सक्नेछ ।

घ) समितिमा गरिने निर्णय बहुमतको आधारमा गरिनेछ । यदि मत बराबर भएमा अध्यक्षको मत निर्णायक हुनेछ ।

ङ) सञ्चालक समितिको कुनै सदस्य उपरको प्रस्तावको छलफल चलिरहेको अवस्थामा जसको विषयमा छलफल चलेको हो उसलाई विषय बस्तुको गम्भिर्यताको आधारमा बैठकमा नराख्न सकिनेछ ।

**६. प्रभावकारी बैठक**

सञ्चालक समितिको बैठक प्रभावकारी बनाउनका लागि देहाय बमोजिमका बुँदाहरूलाई अनुसरण गरिनेछ ।

१. बैठकको एजेण्डा सहितको जानकारी बैठक हुनु भन्दा कम्तीमा २ दिन अगाडि गर्नु पर्नेछ ।

२. सञ्चालकहरू समयमा नै बैठकमा उपस्थित हुनुपर्नेछ । निर्धारित समय भन्दा १५ मिनेट भन्दा बढी ढिला गर्नुहुँदैन। खबर गरेको सम्बन्धमा खबर गरेका सञ्चालकलाई थप ३० मिनेटको सुविधा दिने र ढिला उपस्थित हुने जानकारी अध्यक्ष, सचिव वा प्रमुख कार्यकारी अधिकृतलाई गराउने तथा बैठकमा उपस्थित हुन नसक्ने भएमा अग्रीम जानकारी गराउनुपर्नेछ ।

३. बैठक कक्षमा प्रवेश गर्दा उपस्थित सबैलाई अभिवादन गर्ने ।

४. सञ्चालकहरू निर्धारित स्थानमा स्थान ग्रहण गर्नेछ । अध्यक्षको दायाँतिर उपाध्यक्ष र प्रमुख कार्यकारी अधिकृत तथा बायाँतिर सचिव र कोषाध्यक्षले स्थान ग्रहण गर्नेछन् । सञ्चालकहरूले दायाँ र बायाँ स्थान ग्रहण गर्नेछन् ।

५ स्थान ग्रहण पछि अध्यक्षता गर्नेले गणपुरक संख्याको जानकारी गराई बैठक सञ्चालनको घोषणा गर्नेछ ।

६. अध्यक्षता गर्नेले बैठकको विषयमा प्रवेश गर्नु भन्दा अगाडि गत बैठकको निर्णय कार्यान्वयनका सम्बन्धमा र संघको प्रगति विवरणको जानकारी गर्नेछ वा गर्न लगाउनेछ । त्यसपछि नियमित विषयमा छलफल गरिनेछ । नियमित विषय सकिएपछि अघिल्लो बैठकपछि पत्राचार भएका महत्वपूर्ण पत्रहरूका सम्बन्धमा सचिवले जानकारी गराउनेछ । सबै उपसमितिका संयोजकहरूले आ-आफनो उपसमितिको छोटकरीमा प्रतिवेदन प्रस्तुत गर्नेछ ।

७. पत्रमा उल्लेखीत विषयहरू तथा सञ्चालकहरूबाट प्रस्तुत थप विषयहरूमा मात्र छलफल गर्नेछ ।

८. प्रस्तुत विषयका सम्बन्धमा पत्रमा उल्लेखीत विषयका सम्बन्धमा सचिवबाट र सञ्चालकहरूबाट प्रस्तुत थप विषयका सम्बन्धमा प्रस्तुतकर्ताले प्रस्तुत गर्नेछ ।

९. छलफलका लागि विषय प्रस्तुत गर्दा क्रमैसँग एक/एक वटा विषय प्रस्तुत गर्ने र सोमा छलफल गरी निर्णय गरेपछि मात्र अर्को विषयमा छलफल गर्नेछ ।

१०. अध्यक्षको अनुमति लिएर मात्र विषयमा आफ्नो राय राख्नुपर्नेछ । एक समयमा एक भन्दा बढी सदस्यहरू नबोल्ने।

११. सञ्चालक समितिको बैठक सामान्यतया २ घण्टा मात्र बैठक बस्नेछ ।

१२. निर्धारित समयमा बैठक समाप्त नभई विषय बाँकी भएमा अर्को बैठक बसी बाँकी विषयमा छलफल गर्नेछ ।

१३. बैठक शुरू गर्नु भन्दा पहिले सुझाब पेटीका खोल्ने र प्राप्त सुझाव तथा सुझाव पुस्तिकामा प्राप्त सुझाव बैठकमा प्रस्तुत गर्नेछ ।

१४. बैठक अवधिभर मोवाइल स्वीच अफ गर्ने वा साइलेन्स मोडमा राख्नेछ ।

१५. अध्यक्षता गर्नेको अनुमति नलिई बैठक कक्ष नछोड्ने ।

१६. निर्णय लिइ सकेपछि सबै सञ्चालकसमितिका सदस्यहरूले सो निर्णयलाई मान्नुपर्छ। बैठकका सबै विषयहरू उपर सबै सदस्यहरूको सहमति खोज्ने प्रयास गरिनेछ ।

१७. अध्यक्षता गर्नेले बैठक सम्पन्न भएको घोषणा गर्नु पर्नेछ ।

**७. सचिवालय समिति**

सञ्चालक समितिको बैठक भन्दा अगाडि कुनै अत्यावश्यक निर्णय लिनु पर्ने अवस्थालाई ध्यानमा राखि सचिवालय समिति गठन गर्न सकिनेछ । यस समितिले संघको विनियमको दफा ३५ उपदफा (क) बमोजिम सञ्चालक समितिको विशेष अधिकार सहित कार्य गर्दछ। सञ्चालक समितिको अध्यक्षले सचिवालय समितिको अध्यक्षता गर्नेछ । यसमा उपाध्यक्ष, सचिव र कोषाध्यक्ष समितिमा रहनेछ । मतदान अधिकार नहुने गरी संघको प्रमुख कार्यकारी अधिकृत आमन्त्रित सदस्य हुनेछ । यस समितिका निर्णयहरूलाई आगामी सञ्चालक समितिको बैठकबाट अनुमोदन गराउनु पर्छ ।

**८. उपसमितिहरु**

सञ्चालक समितिले निश्चित अवधि तथा विशेष उद्देश्यहरूको लागि विनियमको दफा ५२ बमोजिम उपसमितिहरू गठन गर्न सक्नेछन् । उपसमितिहरूलाई सञ्चालक समितिले निश्चित अख्तियारी तथा जिम्मेवारी दिनेछ । प्रत्यक्ष रूपमा उपसमितिले कर्मचारीहरूलाई निर्देशन दिने अधिकार हुँदैन । उपसमितिले सञ्चालक समिति मार्फत आफनो कार्यमा सहयोग पुर्‍याउन प्रमुख कार्यकारी अधिकृतलाई आवश्यक श्रोत तथा सहयोगको लागि अनुरोध गर्न सक्दछन् । विनियमको दफा ४६ बमोजिम शिक्षा तथा संस्थागत विकास उपसमिति र दफा ४९ बमोजिमको अन्तर लगानी तथा वित्तीय सेवा प्रबर्द्धन उपसमिति र अन्य उपसमितिको पदावधि सञ्चालक समितिले तोकिए बमोजिम हुनेछ ।

**९. अन्य उपसमितिको गठन**

विनियमको दफा ४६ बमोजिम शिक्षा तथा संस्थागत विकास उपसमिति र दफा ४९ बमोजिमको अन्तर लगानी तथा वित्तीय सेवा प्रबर्द्धन उपसमिति गठन र संचालन विनियममा व्यवस्था भए बमोजिम हुनेछ । अन्य उपसमितिको संयोजक सञ्चालक समितिको सदस्यले गर्दछ । उक्त उपसमितिमा सञ्चालक समितिले सदस्य संस्थाका प्रतिनिधिहरू मध्येबाट मनोनित गरेका सदस्यहरू रहने छन । सम्वन्धित विषय हेर्ने कर्मचारीलाई सहयोगीको रूपमा समावेश गरिनेछ । प्रमुख कार्यकारी अधिकृतलाई आवश्यकता अनुसार उपसमितिको बैठकमा आमन्त्रण गर्नेछ ।

**१०. सदस्यता उप-समिति**

यस उपसमितिमा एक जना संयोजक सहितको तीन जना सदस्यहरू रहने छन् । समितिले तोकेको समितिको एक जना सञ्चालक संयोजक र बाँकी दुईजना सञ्चालक समितिले सदस्य संस्थाका प्रतिनिधिहरू मध्येबाट मनोनित हुने छन् ।

**११. सदस्यता उप-समितिको काम, कर्तव्य र अधिकार**

क) संघको विनियमका आधारमा संघको सदस्यता वित्तरणका लागि र सदस्यता खारेजी गर्न समिति समक्ष सिफारिश गर्ने ।
ख) संघको सदस्यता सम्बन्धी कार्यविधि, २०८१ को बुँदा नं. २ (च) अनुसार सदस्यताको लागि सञ्चालक समितिमा शिफारिस गर्ने ।
ग) संघको सदस्यतासंग सम्बन्धित आवश्यक नीति तथा योजना सिफारिस गर्ने ।
घ) सहकारी मूल्य, मान्यता र सिद्धान्तहरू तथा ऐन कानुनमा रही सेवा र वित्तरण प्रणालीमा न्यूनत्तम एकरूपता कायम गर्न सदस्य संस्थाहरूलाई प्रेरित गर्ने ।

**१२. सहकारी समन्वय उपसमिति**

यस उपसमितिमा एक जना संयोजक सहितको पाँच जना सदस्यहरू रहनेछन् । समितिले तोकेको समितिको एक जना सञ्चालक संयोजक र बाँकी चारजना सञ्चालक समितिले सदस्य संस्थाहरूको प्रतिनिधिहरू मध्येबाट मनोनित गरिनेछ ।

**१३. सहकारी समन्वय उपसमितिको काम कर्तव्य र अधिकार**

क) जिल्लाका सहकारीकर्मीहरू बिच सहकारिताका अवधारणामा एकरूपता ल्याउन समन्वय गर्ने ।
ख) जिल्ला र जिल्लान्तर सहकारी संघ संस्थाहरूको असल अभ्यासहरूको सिकाई आदान प्रदान गर्न समिति उपसमिति र सदस्य संस्थाहरूको अध्ययन अवलोकन भ्रमणको आयोजना गर्ने ।
ग) राष्ट्रिय र अन्तरराष्ट्रिय सहकारीसंग सम्बन्धित दिवस कार्यक्रम व्यवस्थित रूपमा सम्पन्न गर्न संघ संस्थासंग समन्वय गर्ने।
घ) संघ संस्थाबिच समझदारी बढाउन जिल्लामा एकीकृत र प्रभावकारी सहकारी आन्दोलनको विकासमा टेवा पुर्‍याउने ।

**१४. महिला सशक्तीकरण उपसमिति**

उपसमितिमा एक जना संयोजक सहित तीन जना सदस्यहरू रहनेछन् । समितिले तोकेको समितिको एक जना सञ्चालक संयोजक र बाँकी दुई जना सदस्यहरू सदस्य संस्थाहरूको प्रतिनिधिहरू मध्येबाट मनोनित गरिनेछ ।

**१५. महिला सशक्तीकरण उपसमितिको काम कर्तव्य र अधिकार**

क) सहकारिताको माध्यमबाट महिलाहरूको ज्ञान र सीप अभिवृद्धिका लागि कार्यक्रमहरू गर्ने ।
ख) महिला सशक्तीकरणका लागि निर्माण भएका सिद्धान्त, ऐन, कानूनबारे महिलाहरूलाई सचेत पार्ने ।
ग) महिला सशक्तीकरणसंग सम्बन्धित विभिन्न संघ, संस्था र निकायसंग समन्वय गर्ने ।
घ) सहकारी उत्पादन विशेषतः महिला ज्ञान सीपबाट उत्पादन भएका उत्पादनहरूको प्रबर्द्धनका कार्यक्रमहरू गर्ने ।
ङ) महिलाहरूको नेतृत्व विकास हुने कार्यक्रमको आयोजना गर्ने ।

**१६. प्रकाशन उपसमिति**

उपसमितिमा एक जना संयोजक सहित तीन जना सदस्यहरू रहनेछन् । समितिले तोकेको समितिको एक जना सञ्चालक संयोजक र बाँकी दुई जना सदस्यहरू सदस्य संस्थाहरूको प्रतिनिधिहरू मध्येबाट मनोनित गरिनेछ ।

**१७. प्रकाशन उपसमितिको काम कर्तव्य र अधिकार**

क) संघको बुलेटिन 'सहकार्य'को कम्तिमा अर्धवार्षिक रूपमा नियमित प्रकाशन गर्ने ।
ख) समुदायमा आधारित बचत तथा ऋण सहकारी अभियानबारे चेतना अभिवृद्धि गर्ने सामग्रीहरूको प्रकाशन गर्ने ।
ग) सहकारी र वित्तीय व्यवस्थापनसँग सम्बन्धित उपयुक्त सामग्रीहरू संकलन र प्रचारप्रसार गर्ने ।
घ) रेडियो, टेलिभिजन, डिजिटल प्लेफर्म लगायत विद्युतीय माध्यमबाट सहकारीका मूल्य, मान्यता, सिद्धान्त र संघको क्रियाकलापहरू प्रचारप्रसार गर्न आवश्यक सहयोग पुऱ्याउने ।

**१८. तालिम व्यवस्थापन उपसमिति**

उपसमितिमा एक जना संयोजक सहित दुई जना सदस्यहरू रहनेछन् । समितिले तोकेको समितिको एक जना सञ्चालक संयोजक र बाँकी दुई जना सदस्यहरू सदस्य संस्थाहरूको प्रतिनिधिहरूमध्येबाट मनोनित गरिनेछ ।

**१९. तालिम व्यवस्थापन उपसमितिको काम, कर्तव्य र अधिकार**

यस उपसमितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।
क) संघबाट प्रदान गर्ने शिक्षा तथा तालिमको पाठ्यक्रम र लागत तयार गर्न सहयोग गर्ने ।
ख) सदस्य संस्थाबाट माग गरेका तालिमहरूमा प्रशिक्षक एवम् व्यवस्थापनमा सहजीकरण गर्ने ।
ग) सहजकर्ता जनशक्ति पहिचान तथा प्रशिक्षक प्रोफाइल तयार गर्ने ।
घ) संघको व्यवस्थापनबाट संचालित शिक्षा तथा तालीममा सहजीकरण गर्ने ।

**२०. नगरस्तरीय समन्वय उपसमिति**

भक्तपुर जिल्लामा रहेका चार वटा नगरपालिकाहरूमा चारवटै नगरस्तरीय समन्वय उपसमिति गठन गरिनेछ । सञ्चालक एक जना संयोजक, सम्बन्धित नगरपालिका क्षेत्र भित्रका सदस्य संस्थाका प्रतिनिधिहरू प्रत्येक नगरपालिकाबाट बढीमा चार जना गरी नगरस्तरीय समन्वय उपसमिति गठन गरिनेछ ।

**२१. उपसमितिको काम, कर्तव्य र अधिकार**

क) यस उपसमितिले सम्बन्धित नगरपालिकासंग समन्वय र सहकार्य गरी अध्ययन, अन्तरक्रिया, गोष्ठीको आयोजना गर्ने ।
ख) नगरपालिकामा समन्वय गरी सहकारी अभियान अगाडी बढाउन आवश्यक पहल गर्ने ।
ग) स्थानीय सहकारी ऐन नियमावली एकरूपताको लागि पहल गर्ने ।
घ) सम्बन्धित नगरपालिकासंग समन्वय, सहकार्य र साझेदारीमा नगरस्तरीय तालिम तथा कार्यक्रम संचालन गर्ने ।
ङ) सञ्चालक समितिले तोकेको अन्य कार्य गर्ने ।

**२२. उपसमितिहरूको पदावधि, सेवा, सुविधा**

उपसमितिको अवधि, कार्य र सुविधा संघको विनियमको दफा ५२ बमोजिम सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।

**२३. उपसमितिहरूको बैठक**

उपसमितिको बैठक आवश्यकतानुसार बस्न सक्नेछ । संयोजकले उपसमितिको बैठक बोलाउनेछ ।

**२४. उपसमितिको पद रिक्तता**

उपसमितिको समयावधि समाप्त हुनु अगाडि कुनै उपसमितिमा पद रिक्त हुन आएमा संयोजकको हकमा सञ्चालकसमितिका सदस्यहरू मध्येबाट र अन्य सदस्यहरूको हकमा सदस्य संस्थाहरूको प्रतिनिधिहरू मध्येबाट पदपूर्ति गरिनेछ । यसरी गरिएका पदपूर्तिको पदावधि पुरानै उपसमितिका सदस्यको पदावधि सरह हुनेछ ।

**२५. सञ्चालक समिति तथा व्यवस्थापनको जिम्मेवारीहरू**

सञ्चालक समिति तथा कर्मचारीको तर्फबाट कसले के काम गर्ने भन्ने सम्बन्धमा सहयोग गर्न र सो कुराको जानकारी लिन निम्न कार्यहरू सञ्चालक समिति, कर्मचारी वा संयुक्त रूपमा गर्न सुझाव गरिएको छ । यो नीतिलाई सञ्चालक समितिले पुनरावलोकन गरी सञ्चालक समिति तथा कर्मचारीहरू मध्ये कसले कुन काम गर्ने भन्ने कुराको निर्धारण गर्न सक्नेछन् ।

**भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.**

**सूर्यविनायक न.पा. वडा नं. - ८, भक्तपुर**

| | |
|---|---|
| नीति तथा तथा कार्यविधिको नाम | **बचत नीति २०८१** |
| सञ्चालक समितिको बैठकबाट पुनः लेखन स्वीकृत मिति | २०८१।०४।१५ |
| अघिल्लो स्विकृत मिति | २०६८।५।२६ |
| लागू हुने मिति | साधारणसभाबाट अनुमोदन भएपछि |

**प्रस्तवना**

संघले आफ्ना सदस्य संस्थाहरूसंग भएको रकमलाई विभिन्न प्रकारको बचतको रूपमा सङ्कलन गरी सोमा उचित व्याजदर प्रदान गर्ने र सदस्य संस्थाहरूलाई आवश्यकता अनुसार सरल र सलभ तरिकाले वित्तीय सेवा पुऱ्याउन बाञ्छनिय भएकोले संघको विनियम २०८० दफा १०४ को अधिनमा रही यो बचत नीति २०८१ तयार गरिएको छ ।

**१) नाम र प्रारम्भ**

क) यो नीतिको नाम बचत नीति २०८१ हुनेछ ।

ख) यो नीति संघको विनियमको दफा १०४ बमोजिम सञ्चालक समितिले निर्णय भएको मितिबाट लागु गरी साधारण सभाबाट अनुमोदन गर्नुपर्छ।

**२) परिभाषा**

(क) "विनियम" भन्नाले भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडको विनियम २०८० सम्झनु पर्छ ।

(ख) "बचत" भन्नाले सदस्य संस्थाहरूले बचतको रूपमा संघमा जम्मा गरेको रकमलाई सम्झनु पर्छ ।

(ग) "ऋण" भन्नाले संघसंग निश्चित मिति भित्र सांवा ब्याज सहित फिर्ता गर्ने गरी तमसुक गरी लिएको रकम सम्झनु पर्छ ।

(घ) "समिति" भन्नाले संघको सञ्चालक समिति सम्झनु पर्छ ।

(ङ) "उप-समिति" भन्नाले संघको विनियम अनुसार कुनै खास जिम्मेवारी वहन गर्न खास समयमा सोको सञ्चालक समितिद्वारा गठित उपसमिति सम्झनु पर्छ ।

(च) "संघ" भन्नाले भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. भक्तपुरलाई सम्झनुपर्छ ।

(छ) "ऐन" भन्नाले सहकारी ऐन, २०७४ सम्झनु पर्छ ।

(ज) "नियमावली" भन्नाले सहकारी नियमावली २०७५ सम्झनु पर्छ ।

(झ) "आर्थिक वर्ष" भन्नाले प्रत्येक वर्षको श्रावण १ (एक) गते देखि आषाढ मसान्त सम्मलाई सम्झनु पर्छ ।

**३) उद्देश्य**

३.१ संघलाई आर्थिक रूपमा सक्षम बनाउने ।

३.२ सदस्य संस्थाहरूको तरलता व्यवस्थापनमा सहयोग पुऱ्याउर्ने ।

३.३ छरिएर रहेको रकमलाई संकलन गरी कोषको निर्माण गर्ने ।

३.४ सदस्य संस्थाहरूको संस्थागत विकासमा टेवा पुऱ्याउने ।

३.५ सदस्य संस्थाहरूको माध्यमबाट रोजगारी र उत्पादन मूलक कार्यको लागि ऋृण उपलव्ध गराउन भरपर्दो कोषको निर्माण गर्ने ।

**४) बचतको प्रकार**

सञ्चालक समितिले सदस्यको आवश्यकता र क्षमता अनुसार बचत किसिमको व्यवस्था गर्नेछ ।

४.१ मासिक नियमित बचत

४.२ ऐच्छिक बचत

४.३ विशेष ऐच्छिक बचत

४.४ भक्तपुर विशेष बचत

४.५ आवधिक बचत

**५) बचतका विशेषताहरू**

**५.१) मासिक नियमित वचत**

क) सदस्य संस्थाहरूले कम्तीमा मासिक रू १,०००।- (एक हजार) बचत रकम यस खातामा जम्मा गर्नुपर्नेछ ।

ख) मासिक नियमित बचत वार्षिक एकमुष्ठ वा प्रत्येक महिनाको २५ गते भित्र बचत गर्नु पर्नेछ । अन्यथा प्रत्येक महिनाको रू. १०।- विलम्व शुल्क लाग्नेछ ।

ग) यस खातामा दैनिक मौज्दातको आधारमा सञ्चालक समितिले तोके बमोजिम व्याज दिइनेछ ।

घ) त्रैमासिक व्याज सम्बन्धित खातामा जम्मा गरिनेछ ।

ङ) सदस्यता खारेज भएमा जुनसुकै बखतमा पनि व्याज सहित सम्पूर्ण रकम फिर्ता पाउनेछ ।

**५.२) ऐच्छिक बचत**

**यस खाता खोल्न देहाय बमोजिम प्रक्रिया पूरा गर्नुपर्नेछ ।**

क) संस्थाको निर्णयको प्रतिलिपि ।
ख) दस्तखत नमुना कार्डमा संस्थाको छाप अनिवार्य हुनेछ ।
ग) खाता कम्तिमा २ जनाबाट संचालीत हुनुपर्ने ।
घ) खाता सञ्चालकहरूको नागरिकताको प्रतिलिपि ।
ङ) सदस्य संस्थाहरूले यो खाता जुनसुकै बेला पनि निःशुल्क खोल्न सक्नेछ ।
च) यस खातामा दैनिक मौज्दातको आधारमा दैनिक व्याज गणना गर्नेछ । उक्त व्याज त्रैमासिक रूपमा खातामा जम्मा गर्नेछ ।
छ) यस खाता सञ्चालन गर्ने सदस्य संस्थालाई निःशुल्क भुक्तानी पूर्जा उपलब्ध गराइनेछ । उक्त खाताको विवरण संघले उपलब्ध गराएको एप्स र इन्टनेट बैंकिङ्, एस एम एस, इमेल र मौज्दात विवरण पत्र प्रदान गर्नेछ ।
ज) यस खाताबाट कार्यालय समय भित्र रकम जम्मा गर्न र बचत फिर्ता गर्न सकिने छ ।
झ) यस खातामा न्यूनतम रू ५०००।- देखि खाता खोल्नुपर्नेछ ।
ञ) यस खातामा बचत फिर्ता सिमा आवश्यकता अनुसार निर्धारण गर्न सकिनेछ ।

**५.३ विशेष ऐच्छिक बचत**

क) यस बचत खाता ऐच्छिक खाता भएपनि निश्चित न्यूनतम मौज्दातका आधारमा थप व्याज पाउने गरी खोल्न सकिनेछ ।
ख) यस खातामा न्यूनतम मौज्दात र व्याज सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।
ग) यस खाताबाट न्यूनतम मौज्दात कायम गरी बचत फिर्ता गर्न सकिनेछ ।
घ) यस खातामा न्यूनतम मौज्दात रकम कायम नभएमा ऐच्छिक बचतमा परिणत गर्न सकिनेछ ।
ङ) यस खाता सञ्चालन गर्ने सदस्य संस्थालाई निःशुल्क भुक्तानी पूर्जा उपलब्ध गराइनेछ । उक्त खाताको विवरण संघले उपलब्ध गराएको एप्स र इन्टनेट बैंकिङ्, एस एम एस, इमेल र मौज्दात विवरण पत्रमार्फत प्रदान गर्नेछ ।
च) यस खातामा दैनिक मौज्दातको आधारमा दैनिक व्याज गणना गर्नेछ । उक्त व्याज त्रैमासिक रूपमा सम्बन्धित ऐच्छिक बचत खातामा जम्मा गर्नेछ ।
छ) यो खाता सदस्यहरूले जुनसुकै बेलामा पनि निःशुल्क खोल्न सकिनेछ ।

**५.४) भक्तपुर विशेष बचत**

क) संघलाई बचत आवश्यक भएको बखत निश्चित समय अवधिका लागि भक्तपुर विशेष बचत खाता आह्वान गर्न सकिनेछ ।
ख) विशेष बचत खाता खोल्न ऐच्छिक बचत खोल्दा पेश गर्ने कागजातहरू र प्रक्रिया अनुसार नै खोल्न सकिनेछ ।
ग) विशेष बचत खाताको न्यूनतम् मौज्दात, व्याजदर र समयावधि सञ्चालकसमितिले तोके बमोजिम हुनेछ ।
घ) यस खाताको समयावधि सकिएपछि बचत रकम र व्याज सम्बन्धित संस्थाको ऐच्छिक खातामा जम्मा गरिनेछ ।

**५.५) आवधिक बचत**

क) सदस्य संस्थाहरूले न्यूनतम रू. १,००,०००।- (एक लाख रूपैँया मात्र) जम्मा गरी यो खाता खोल्न सक्नेछन् ।
ख) यो खाता देहाय बमोजिम समयावधीका लागि खोल्न सकिनेछ ।

| क्र.स. | आवधिक बचतको समयावधि |
|---|---|
| १ | ३ महिने आवधिक बचत |
| २ | ६ महिने आवधिक बचत |
| ३ | ९ महिने आवधिक बचत |
| ४ | १ बर्षे आवधिक बचत |
| ५ | २ बर्षे आवधिक बचत |
| ६ | ३ बर्षे आवधिक बचत |

ग) समयावधि नसकिएसम्म यस खाताबाट रकम झिक्न पाईने छैन तर रकमको आवश्यकता परेमा पाउने व्याज दर भन्दा २ प्रतिशत बढि तिरी उक्त बचत रकमको ९० प्रतिशतसम्मको ऋण लिन पाउनेछ ।
घ) यस खातामा त्रैमासिक व्याज प्रदान गरिनेछ । खाताको म्याद समाप्त भएपछि आवधिक बचत रकम र सोको व्याज रकम सम्बन्धित संस्थाको ऐच्छिक खातामा जम्मा गरिनेछ ।

**५.६) बचतको सीमा**

सदस्य संस्थाले अन्तरलगानी अन्तर्गत संघमा बचत गर्दा एउटा सदस्य संस्थाले बढीमा संघको तत्काल कायम रहेको कुल सम्पत्तिको १० प्रतिशतसम्म मात्र बचत गर्न पाउने सीमा कायम गरिएकोछ।

**६) बचत फिर्ताको सिमा**

संघ र सदस्य संस्था विच अन्तर लगानी कारोबार गर्दा नेपाल राष्ट्र बैंकले तोकिएको सिमा कारोबारसम्म नगदबाट बचत फिर्ता गर्न सकिनेछ । सो सिमा कारोबार भन्दा बढी बचत फिर्ताको हकमा संस्थाले नगद भुक्तानीको लागि गरेको अनुरोध पत्रको आधारमा बाहेक भुक्तानी पुर्जा वा बैंकको चेक मार्फत भुक्तानी गरिनेछ ।

**७) व्याजदर**

संघबाट सञ्चालन गरिने विभिन्न बचत खाताहरूको व्याजदर सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।

**८) प्रतिवेदन दिनु पर्ने**

प्रमुख कार्यकारी अधिकृतले विभिन्न बचत खाता, संख्या र बचत रकम आदिको प्रतिवेदन सञ्चालक समितिको बैठकमा पेश गर्नु पर्नेछ ।

**भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.**

**सूर्यविनायक न.पा. वडा नं. – ८, भक्तपुर**

| | |
|---|---|
| नीति तथा तथा कार्यविधिको नाम | **ऋण नीति, २०८१** |
| सञ्चालक समितिको बैठकबाट पुनर्लेखन स्वीकृत मिति | २०८१।०४।११ |
| अधिल्लो स्विकृत मिति | २०६८।५।२६ |
| लागू हुने मिति | साधारण सभाबाट अनुमोदन भएपछि |

**प्रस्तावना**

संघको विनियम, २०८० को दफा ७१ बमोजिम संघले आफ्ना सदस्य संस्थाहरूलाई अन्तरलगानीअर्न्तगत तरलता व्यवस्थापन र व्यवसाय निरन्तरताका लागि ऋण लगानी गर्न यो ऋण नीति २०८१ तयार गरिएको छ ।

**१) उद्देश्य**

(क) संघलाई आर्थिक रूपमा सक्षम बनाउने ।
(ख) सदस्य संस्थाहरूको (तरलता) वित्तीय आवश्यकता पूरा गर्ने ।
(ग) सदस्य संस्थाहरूको व्यवसाय निरन्तरतामा टेवा पु¥याउने ।
(घ) संघको आयमा बृद्धि गरी कोषहरूको निर्माण गर्ने ।
(ङ) सदस्य संस्थाहरूको संस्थागत विकासमा टेवा पु¥याउने ।
(च) सदस्य संस्थाहरूको माध्यमबाट रोजगारी र उत्पादनमूलक कार्यमा बृद्धि गर्ने ।

**२) ऋण पाउने योग्यता र निष्पक्षता**

क) सबै सदस्य संस्थाहरूले ऋणको लागि आवेदन गर्न पाउने छन् । संघले यस नीतिको अधिनमा रही संघमा रकम उपलब्ध भएसम्म ऋण प्रदान गर्नेछ । ऋण आवेदकले निम्नानुसारका योग्यता पूरा गर्नु पर्नेछ ।

अ) ऋण आवेदक संघको सदस्य भएको हुनुपर्नेछ ।
आ) ऋणका लागि निवेदन दिने संस्थाको पछिल्लो महिनासम्मको मासिक बचत तिरेको हुनुपर्नेछ ।
इ) ऋण आवेदक संस्थाले विनियमको दफा २० बमोमिजको वार्षिक सदस्यता नवीकरण शुल्क बुझाएको हुनुपर्नेछ ।
ई) सदस्य भएको ३ महिना पुरा भएको हुनुपर्नेछ। तर तरलता व्यवस्थान ऋण सेवाका लागि सदस्य बनेको ६ महिना पुरा भएको हुनुपर्नेछ।
उ) संघको नीति अनुसार ऐच्छिक बचत खाता खोली कारोबारमा न्यूनतम सहभागिता भएको हुनुपर्नेछ ।
ऊ) ऋण मागकर्ता संस्थाको पछिल्लो आर्थिक विवरणको कुल वासलात रकमको सामान्यतया २५ प्रतिशत भन्दा बढी बाह्य ऋण भएमा संघले उक्त संस्थालाई ऋण लगानी गर्नेछैन । तर वित्तीय अवस्थालाई ध्यानमा राखी सञ्चालक समितिले उक्त सिमा थप घट गर्न सकिनेछ ।

**३) ऋणका किसिम**

**३.१) अल्पकालीन ऋण**

क) तरलता व्यवस्थापन ऋण ३ महिने र १ बर्षे
ख) धन जमानी ऋण

**३.२) दिर्घकालीन ऋण**

क) विशेष ऋण
ख) त्रिबर्षिय रिभल्बिङ ऋण
ग) मासिक किस्ताबन्दी ऋण
घ) दिगो सहकारी ऋण

**३.१.१ तरलता व्यवस्थापन ऋण**

क) सदस्य संस्थाहरूलाई तरलता व्यवस्थापनको लागि प्रदान गरिनेछ ।
ख) यो ऋण सदस्य संस्थाहरूको शेयर र जगेडा कोषको आधारमा प्रदान गरिनेछ ।
ग) यो ऋण ३ महिने र १ बर्षको लागि प्रदान गरिनेछ । ३ महिने र १ बर्षका लागि सेवा शुल्क फरक हुनेछ ।
घ) यो ऋणमा न्यूनतम ऋण मौज्दातको ५ प्रतिशत कायम गरी १ बर्षमा ४ पटकसम्म रिभल्भिङ्ग सेवा प्राप्त गर्न सकिनेछ । सोभन्दा बढी रिभल्भिङ्ग सेवा प्राप्त गर्ने संस्थाले तोकेअनुसार थप दस्तुर बुझाउनुपर्नेछ ।
ङ) यो ऋणको लागि आवश्यक कागजात तथा शर्तहरू :

अ) अनुसूची १ बमोजिमको ऋण आबेदन फारम पेश गर्नुपर्नेछ ।
आ) संस्थाको आधिकारीक निवेदन पत्र
इ) ऋणको उद्देश्य, ऋण रकम र अख्तियारी खुलेको निर्णयको प्रतिलिपि
ई) संस्थाको पछिल्लो आर्थिक प्रगति प्रतिवेदन
उ) पछिल्लो लेखा परिक्षण प्रतिवेदन
ऊ) अख्तियारी प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपि
ऋ) पहिलो पटक ऋण कारोबार गर्ने संस्थाको अनिवार्य रूपमा अन्तरलगानी तथा वित्तीय सेवा प्रबर्धन उपसमिति मार्फत संस्थागत निरीक्षण गरिनेछ । साथै पछिल्लो पटक ऋण माग गर्ने संस्थाको पनि निरीक्षण गर्न सक्नेछ ।

**३.१.२ धनजमानी ऋण**

क) आवेदक संस्थाको नियमित बचत तथा आवधिक बचत मौज्दातको आधारमा ऋण प्रदान गर्नेछ ।
ख) अनुसूची २ बमोजिमको ऋण आबेदन फारम पेश गर्नुपर्नेछ ।
ग) आवेदक संस्थाको सञ्चालक समितिको निर्णय पेश गर्नुपर्नेछ ।
घ) संस्थाले पेश गरेको नियमित बचत विवरण र आवधिक बचत रसिद कार्डको आधारमा ९० प्रतिशतसम्म ऋण प्रदान गरिनेछ ।
ङ) यस ऋणमा बचतमा दिइने व्याजदरमा थप २ प्रतिशत लाग्नेछ ।
च) यस ऋणमा सेवा शुल्क लाग्ने छैन ।
छ) यो ऋणको भाखा आवधिक बचत सरह वा १ बर्षसम्म रहनेछ ।

**३.२.१ विशेष ऋण**

क) यस तथा धित्तो जमानी ऋणका लागि संघले तयार गरेको अनुसूची ३ बमोजिम फाराम भरी देहाय अनुसारको कागजातहरू आवेदन फारममा संलग्न गरी पेश गर्नु पर्नेछ ।
१. जग्गा धनी प्रमाण पुर्जा
२. चालु आ.व.को तिरो तिरेको रसिद
३. मन्जुरीनामा (संघमार्फत ऋण लिने गरी)
४. नागरिकताको प्रतिलिपि
५. जग्गा भएको नापी नक्सा
६. प्राविधिक धितो मूल्यांकन
७. चार किल्ला प्रमाणित
८. संस्थाको निर्णय पुस्तिकाको प्रतिलिपि
९. आर्थिक विवरण
१०. सम्बन्धित संस्थाको निवेदन
११. शेयर प्रमाणपत्रको प्रतिलिपि
१२. घर भएमा घर प्रमाणित कागज वा नक्सा पास भएको

ख) यस ऋणको अवधि बढीमा दुई बर्षको हुनेछ ।
ग) यस ऋणको सिमा सञ्चालक समितिले तोकिए बमोजिम हनेछ ।
घ) संघको तर्फबाट फिल्ड निरीक्षण प्रतिवेदन संलग्न गरिनेछ ।

**३.२.२) त्रिबर्षिय रिभल्बिङ ऋण**

क) यस ऋणको लागि आवश्यक कागजातहरू बुँदा नं. ३.२.१ क) बमोजिम हुनेछ ।
ख) यस ऋणको अवधि ३ (तीन) बर्षको हुनेछ ।
ग) यस ऋणमा संघको कुल पुँजी कोषको १० प्रतिशत वा २,००,००,०००० (दुई करोड) मा नबढ्ने गरी ऋण लगानी गर्नेछ ।
घ) यो ऋणमा न्यूनतम स्वीकृत ऋण रकमको ५ प्रतिशत कायम गरी रिभल्भिङ्ग सेवा प्राप्त गर्न सकिनेछ । पछिल्लो बाँकी ऋण भन्दा बढी स्वीकृत ऋण आवश्यक भई रिभल्बिङ सेवा अर्न्तगत थप ऋण माग भएमा थप ऋण मागको ०.२५ प्रतिशत सेवा शुल्क बुझाउनुपर्नेछ ।

**३.२.३) मासिक किस्ताबन्दी ऋण**

क) यस ऋणको लागि आवश्यक कागजातहरू बुँदा नं. ३.२.१ क) बमोजिम हुनेछ ।
ख) यस ऋणको अवधि ५ (पाँच) बर्षको हुनेछ ।
ग) यस ऋणमा संघको तरलता २५ प्रतिशत भन्दा बढी भएको अवस्थामा ऋण आवेदक संस्थाको वासलातको बढीमा २० प्रतिशतसम्म ऋण लगानी गर्नेछ ।
घ) यस ऋणमा मासिक रूपमा साँवा र व्याज तिर्नुपर्नेछ । अन्यथा यस ऋण नीतिको बुँदा नं. ९ अनुसार विलम्ब शुल्क लाग्नेछ ।

**३.२.४) दिगो सहकारी ऋण**

क) यस ऋणको लागि आवश्यक कागजातहरू बुँदा नं. ३.२.१ क) बमोजिम हुनेछ ।
ख) यस ऋणको अवधि ५ (पाँच) बर्षको हुनेछ ।
ग) यो ऋण सदस्य संस्थाको दिगोपना (घर जग्गा खरिद तथा भवन निर्माण)का लागि प्रदान गर्नेछ ।
घ) यो ऋणमा आवेदक संस्था वा सञ्चालकको नाममा रहेको घरजग्गा धितोमा ऋण प्रदान गरिनेछ ।

**४) बहु ऋण व्यवस्था**

एउटा सदस्य संस्थालाई एक वा एकभन्दा बढी किसिमका ऋण लगानी देहायको अवस्थामा हुन सक्नेछ ।
क) संघको तरलता लगातार एक महिनासम्म २५ प्रतिशत भन्दा बढी भएमा ।
ख) ऋण आवेदक सदस्य संस्थाको बाह्य ऋण कुल वासलातको २० प्रतिशत भन्दा बढी नभएमा ।
ग) आवेदक संस्थाको कुल वासलताको २ प्रतिशत भन्दा कम जगेडा कोष नभएको अवस्थामा ।
घ) माथि जुन सुकै उल्लेख भएपनि तरलता व्यवस्थापन अन्तर्गत धित्तो बिनाको बहु ऋण प्रदान गर्नेछैन ।

**५) व्याजदर तोक्ने :**

सञ्चालक समितिले समय समयमा व्याजदर तोक्ने वा परिवर्तन गर्नेछ ।

**६) धित्तो मुल्याङ्कन विधि :**

क) जग्गाको धितो मूल्याङ्कन अनुसूची ४ बमोजिमको फारम भरी गरिनेछ । त्यसरी मूल्याङ्कन गर्दा मालपोत कार्यालयले प्रकाशित न्यूनतम दरको ४० प्रतिशत र प्रचलित मूल्यको ६० प्रतिशत रकमको औषत लिई बढीमा ७० प्रतिशतसम्म मूल्य निर्धारण गरिनेछ ।
ख) ऋणी सदस्य संस्थाले संस्थाको आफ्नै घर जग्गा धित्तो सुरक्षणका लागि पेश भएमा मूल्याङ्कनको बढीमा ७० प्रतिशतसम्म र ऋणी सदस्य संस्थाले संस्थाका सदस्यहरूको निजी वा व्यक्तिगत घर जग्गा धित्तो सुरक्षणका लागि पेश भएमा मूल्याङ्कनको बढीमा ६० प्रतिशतसम्म मूल्य निर्धारण गरिनेछ ।
ग) आधिकारीक मूल्याङ्कनकर्ताबाट मुल्याङ्कित घर जग्गाको मुल्यको मूल्याङ्कन रकम भन्दा बढी हुने गरी मूल्याङ्कन गरिने छैन ।

**७) साँवा भुक्तानी प्रकिया**

संघले ऋणी संस्थालाई ऋण उपलब्ध गर्दा साँवा भुक्तानी मासिक, त्रैमासिक, अर्धवार्षिक, वार्षिक तथा एकमुष्ट मध्ये सम्झौतामा उल्लेख भएअनुसारको अवधिमा साँवा असुल गरिनेछ ।

**८) ऋण स्वीकृती प्रकिया**

**८.१) धन जमानीमा लगानी गरिने ऋणको स्विकृती प्रक्रिया**

क) सदस्य संस्थाबाट प्राप्त माग आवेदन फाराम दर्ता किताबमा दर्ता गर्नुपर्ने ।
ख) आवेदक सदस्य संस्थाको संघमा रहेको बचत तथा शेयर खातामा जम्मा भएको रकम माग पत्रमा सम्बन्धित कर्मचारीले खुलाएर प्रदान गर्न सकिने ऋण रकम सहित ऋण स्वीकृतीको लागि प्रमुख कार्यकारी अधिकृत समक्ष पेश गर्नुपर्नेछ ।
ग) प्रमुख कार्यकारी अधिकृतले ऋण मागपत्र अध्ययन र विश्लेषण गरी स्वीकृत गरेपछि सम्बन्धित कर्मचारीले आवश्यक प्रक्रिया पुरा गरी ऋण निकाशा गर्नुपर्नेछ ।
घ) शेयर/बचतको आधारमा र आवधिक बचत धितोमा ऋण स्वीकृत प्रमुख कार्यकारी अधिकृतले गर्न सक्नेछ । यसरी लगानी गरेको ऋणको विवरणसहितको छुट्टै प्रतिवेदनलगत्तै बस्ने सञ्चालक समितिको बैठकमा पेश गर्नुपर्नेछ ।

**८.२) सदस्य संस्थाको आफ्नो शेयर तथा जगेडा कोषको आधारमा दिइने ऋण स्विकृती प्रक्रिया**

क) सहायक कर्मचारीले ऋण मागपत्र साथ आवश्यक कागजातहरू प्रस्तुत भएनभएको हेर्ने र पुरा भएको भए अधिकृत वा प्रमुख कार्यकारी अधिकृतसमक्ष पेश गर्ने ।
ख) कागजात पुरा भई पेश हुन आएका ऋण माग आवेदन दर्ता किताबमा दर्ता गर्ने ।
ग) ऋण माग संस्थाको शेयर तथा जगेडा कोषमा बाह्य ऋण कट्टी गरी बाँकी रहेको रकम, संघमा गर्ने कारोबार, संघको कार्यक्रममा सहभागिताको विश्लेषण तथा अनुसूची ५ बमोजिम 6C (Character, Capacity, Capital, Condition, Collateral and Climate) आधारमा विश्लेषण गरी वित्त तथा प्रशासन अधिकृतले प्रमुख कार्यकारी अधिकृतसमक्ष सिफारिस प्रतिवेदन पेश गरिने ।
घ) सिफारिस प्रतिवेदनमा प्रमुख कार्यकारी अधिकृतले आवश्यक छानबिन गरी उपयुक्तत्ताका आधारमा व्यवस्थापनको तर्फबाट अन्तरलगानी तथा वित्तीय सेवा प्रबर्धन उपसमितिमा पेश गरिने ।
ङ) अन्तर लगानी वित्तीय सेवा प्रवर्द्धन उपसमितिले पहिलो पल्ट कारोबार गर्ने संस्थाको हकमा संस्थाको निर्णय, ऋण लगानी, ऋण कागज पत्रका इत्यादि प्रक्रियाबारे सम्बन्धित संस्थामा गई स्थलगत निरीक्षण गरिने ।
च) अन्तर लगानी तथा वित्तीय सेवा प्रबर्धन उपसमितिको सिफारिसमा सञ्चालक समितिको तर्फबाट अध्यक्षको स्विकृतिमा ऋण लगानी गरिनेछ ।

८.३ अचल सम्पत्ति धितो राखी दिईने ऋणको स्विकृती प्रक्रिया

क) सहायक कर्मचारीले ऋण मागपत्र साथ आवश्यक कागजातहरू प्रस्तुत भए नभएको हेर्ने र पुरा भएको भए अधिकृत वा प्रमुख कार्यकारी अधिकृत समक्ष पेश गर्ने ।

ख) कागजात पुरा भई पेश हुन आएका ऋण माग आवेदन दर्ता किताबमा दर्ता गर्ने ।

ग) ऋण माग सदस्य संस्थाको अनुसूची ५ बमोजिम 6C आधारमा विष्लेषण गरी वित्त तथा प्रशासन अधिकृतले ऋण प्रदान गर्न प्रमुख कार्यकारी अधिकृत समक्ष शिफारिश प्रतिवेदन पेश गरिनेछ ।

घ) प्रमुख कार्यकारी अधिकृतले सिफारिस प्रतिवेदन आवश्यक छानविन गरी उपयुक्त आधारमा व्यवस्थापनको तर्फबाट अन्तरलगानी तथा वित्तीय सेवा प्रबर्धन उपसमितिमा पेश गरिनेछ ।

ङ) अन्तरलगानी तथा वित्तीय सेवा प्रबर्धन उपसमितिले पहिलो पल्ट कारोबार गर्ने संस्थाको हकमा संस्थाको निर्णय, ऋण लगानी, ऋण कागज पत्र इत्यादि प्रक्रियाबारे सम्बन्धित संस्थामा गई स्थलगत निरीक्षण गरिनेछ ।

च) सदस्य संस्थाले राखेको धितोको निरीक्षण र मुल्याङ्कन गरी अन्तरलगानी तथा वित्तीय प्रवर्द्धन उपसमितिले सञ्चालक समितिलाई सिफारिसको लागि पेश गरिनेछ ।

छ) अन्तरलगानी तथा वित्तीय सेवा प्रबर्धन उपसमितिको सिफारिसमा सञ्चालक समितिको स्विकृतिमा ऋण लगानी गरिनेछ ।

९) विलम्ब तथा हर्जना शुल्क

सम्झौता अनुसार तोकिएको अवधिमा सावाँ तथा व्याज नबुझाएमा म्याद नाघेको १ महिनादेखि १० प्रतिशतले हुने हर्जाना रकम दिन गन्तीको हिसाबले लाग्नेछ ।

१०) ऋण र धितोको जोखिम व्यवस्थापन

क) महत्वपूर्ण कागजातहरू सेफ डिपोजिट भल्टमा राखिनेछ ।

ख) ऋणी संस्थाले भाखा नाघेको ऋण नतिरेसम्म बचत र शेयर फिर्ता गरिने छैन ।

ग) ऋणी संस्थाले ऋण नतिरेमा बचत तथा शेयर खाताबाट कट्टा गरी सिधै असूल उपर गर्न सकिनेछ ।

घ) १ देखि १२ महिनासम्म भाखा नाघेका ऋणमा जोखिममा रहेको ऋणको ३५% र १२ महिना भन्दा बढी समय भाखा नाघेको ऋणमा सतप्रतिशत ऋणको सुरक्षणको व्यवस्था गरिनेछ । साथै असल ऋणको १ प्रतिशत ऋण सुरक्षणकोषको व्यवस्था गर्नेछ ।

११) प्रतिवेदन दिने

प्रमुख कार्यकारी अधिकृतले प्रत्येक महिनाको ऋणी संख्या, ऋण लगानी रकम, भाखा नाघेको ऋणी संख्या र रकम, ऋण असूली र भाखानाघेका ऋण उठाउन गरिएका कार्यवाहीहरूको प्रतिवेदन सञ्चालक समिति समक्ष पेश गर्नुपर्नेछ ।

१२) ऋण प्रशासन सम्बन्धी व्यवस्था

१२.१ ऋण प्रवाह

क) स्वीकृत भएको ऋण सम्बन्धी कागजपत्र, अनुसुची ६ बमोजिमको सम्झौता पत्र, अनुसूची ७ बमोजिम तमसुक, भुक्तानी तालिका र भौचर तोकिएको कर्मचारीले तयार गरी, वित्त तथा प्रशासन अधिकृतले रूजु गरी प्रमुख कार्यकारी अधिकृत समक्ष पेश गर्नेछ ।

ख) प्रमुख कार्यकारी अधिकृतले ऋण आवेदन फारम ऋण स्विकृतिको प्रमाण, तमसुक धितो र त्यसको मूल्याङ्कन र भुक्तानी तालिका तयार गरी ऋण प्रदान गर्नेछ।

ग) ऋण आवेदक संस्थाले ऋण माग गरी स्विकृत भएको ऋण रकम कारोवार गर्नको लागि सदस्य संस्थाको ऐच्छिक खातामा जम्मा गरिनेछ ।

१२.२ ऋण सङ्कलन प्रकृया तथा छुट व्यवस्था

क) ऋणीले जुनसुकै प्रकारको ऋण लिएको भए पनि ऋणमा ऋण लिएको मितिदेखि नै शर्त अनुसार मासिक वा त्रैमासिक रूपमा व्याज बुझाउनु पर्नेछ ।

ख) छुट पाउने व्यवस्था भएको ऋणको हकमा मासिकरूपमा व्याज बुझाएमा सदस्य संस्थालाई व्याजदरमा ०.२५ प्रतिशत छुट दिइनेछ ।

ग) ऋणीले लिएको ऋणको भाखा नाघ्नु अगावै ऋण बुझाउनु पर्नेछ ।

घ) विशेष परिस्थितिमा सञ्चालक समितिको निर्णयअनुसार विलम्ब शुल्कमा निश्चित प्रतिशत छुट दिन सकिनेछ ।

१२.३ ऋण नवीकरण सम्बन्धी व्यवस्था

क) संघबाट लिएको ऋण समयमै बुझाउने ऋणी संस्थाको कर्तव्य हुनेछ ।

ख) विशेष कारणले समयमै ऋण बुझाउन नसक्ने ऋणी संस्थाको सञ्चालक समितिको निर्णय सहित ऋण नवीकरणको लागि अनुरोध गर्न सक्नेछ । त्यस्ता संस्थाले कम्तिमा तिर्नुपर्ने व्याज बुझाउनु पर्नेछ ।

ग) मनासिव कारणले ऋण नवीकरण हुने संस्थाले ऋण रकमको ०.५० प्रतिशत नवीकरण शुल्क बुझाई ऋण नवीकरण गर्न सक्नेछ ।

घ) ऋणी संस्थाले तोकिएको समय भित्र ऋण बुझाउन नसकेको अवस्थामा ऋण रकमको १० प्रतिशत बुझाई नवीकरण गर्ने संस्थालाई प्राथमिकता दिईनेछ ।

**१२.४ ऋण ताकेता**

क) ऋणको भाखा मितिको ७ दिनअगावै अनुसूची ८ बमोजिमको स्मरण पत्र, इमेल, टेलिफोन, एस.एम.एस., मेसेन्जर, भाइबर, ह्वाट्स्याब वा कुनै एक वा बहु माध्यमबाट ऋणी सदस्य संस्थालाई सूचित गरिनेछ ।

ख) ऋणको भाखा नाघेको ७ दिनभित्र अनुसूची ९ बमोजिम इमेल, टेलिफोन र एस.एम.एस.,मेसेन्जर, भाइबर, ह्वाटस्याब वा कुनै एक वा बहु माध्यमबाट ऋणी सदस्यलाई ताकेता गरिनेछ ।

ग) उक्त सूचना प्राप्त गरेको १५ दिनभित्र पनि ऋणी सदस्य संस्थाले भुक्तानी नगरेमा अनुसूची १० बमोजिमको पुनः दोस्रो ताकेता पत्र पठाइनेछ ।

घ) उक्त ताकेता पत्रको पनि बेवास्ता गरी भुक्तानी प्राप्त नभएमा ऋणीले उक्त पत्र बुझि लिएको ३५ दिनभित्र ऋण भुक्तानी प्राप्त नभएमा अनुसूची ११ बमोजिमको तेश्रो पत्रको सचेत गराउनका लागि प्रमुख कार्यकारी अधिकृत र अन्तरलगानी तथा वित्तीय प्रवर्द्धन उपसमिति ऋणी संस्थामा गई ऋणी सदस्य संस्थाको प्रतिबद्धता लिईनेछ ।

**१३) शेयर खरिद**

क) कुनै पनि प्रकारको ऋण लगानी गर्दा आवश्यकताअनुसार सञ्चालक समितिले तोकेअनुसार ऋण माग गर्ने संस्थाले शेयर खरिद गर्नुपर्नेछ ।

**१४) ऋण सेवा शुल्क**

सदस्य संस्थालाई ऋण लगानी गर्दा धन जमानी ऋण बाहेक अन्य ऋणमा सेवा शुल्क लाग्नेछ ।

क) तीन महिने तरलता व्यवस्थापन ऋण ०.२५ प्रतिशत

ख) अन्य सबै प्रकारको ऋणमा ०.५० प्रतिशत

**१५) भाखा नाघेको ऋणको गणना र सुरक्षण वर्गीकरण**

क) ऋण नीति अनुरूप ऋण लगानी हुँदा दुई पक्षबीच गरिएका भुक्तानीका शर्तबमोजिम फिर्ता नभई अतिरिक्त समय लगाएमा वा न्युन भुक्तानी भएमा त्यस्तो ऋणलाई भाखा नाघेको ऋणमा गणना गरिनेछ ।

ख) शर्त बमोजिम ऋणको सावाँ र व्याज फिर्ता प्राप्त नभएमा भाखा नाघेको ऋणमा गणना गरिनेछ ।

ग) भाखा नाघेको ऋणको नियमानुसार ऋण सुरक्षण कोषको व्यवस्था गर्नुपर्नेछ ।

घ) भाखा नाघेको ऋणको मासिक प्रतिवेदन तयार गरी अभिलेखीकरण गर्नेछ ।

ङ) भाखा नाघेको ऋणलाई दुई प्रकारमा वर्गीकरण गरिनेछ ।

अ) शंकास्पद ऋणः १ महिनादेखि १२ महिनासम्म तिर्न ढिलाई भएको ।

आ) खराब ऋणः एक वर्षदेखि माथि तिर्न ढिलाई भएको।

**१६) भाखा नाघेको ऋण सुरक्षण व्यवस्था**

क) भाखा नाघेको ऋणको देहायका आधारमा ऋण सुरक्षण कोषको व्यवस्था गरिनेछ ।

अ) भाखा ननाघेको ऋण असल ऋणको रूपमा लिइनेछ र सोको ऋण सुरक्षण कोष १ प्रतिशत व्यवस्था गरिनेछ।

आ) १ दिन देखि १ बर्ष भाखा नाघेको ऋणलाई शंकास्पद ऋणको रूपमा लिइनेछ र सोको ऋण सुरक्षण कोष ३५ प्रतिशत व्यवस्था गरिनेछ।

इ) १ वर्ष भन्दा माथि भाखा नाघेको ऋणलाई खराब ऋणको रूपमा लिइनेछ र सोको ऋण सुरक्षण कोष १०० प्रतिशत व्यवस्था गरिनेछ ।

**१७ ऋण अपलेखनसम्बन्धी व्यवस्था**

देहायको अवस्थामा ऋण अपलेखन गर्न सकिनेछ ।

क) कुनै पनि सदस्य संस्थाले लिएको ऋण दुई बर्ष भन्दा बढी भाखा नाघि ऋण असुली हुन नसकेमा ।

ख) सदस्य संस्थाबाट लिएको ऋण नवीकरण हुन योग्य नभएको अवस्थामा ।

ग) सदस्य संस्था खारेज भई संस्थाको भौतिक जायजेथाबाट ऋण असुल हुने पर्याप्त आधार नभएमा ।

घ) धितो विक्रिबाट पनि ऋण पुरा चुक्ता हुने अवस्था नभएमा ।

ङ) माथि उल्लेखित व्यहोरा अनुसार ऋण अपलेखन गरेता पनि ऋण असुली प्रक्रियालाई थप पहलकदमी गर्नुपर्नेछ ।

**१७.१ ऋण अपलेखन प्रक्रिया**

क) वार्षिक रूपमा व्यवस्थापनले अनुसूची १२ बमोजिमको ढाँचामा अपलेखन गर्नुपर्ने ऋणको विवरणसहित सञ्चालक समिति समक्ष सिफारिसको लागि पेश गर्नुपर्नेछ ।

ख) भाखा नाघेको ऋण र सोसंग सम्बन्धित हरेक लेखा खाताहरू अन्तरलगानी वित्तीय प्रवर्द्धन उपसमितिले समीक्षा गर्नेछ । जुन प्रतिवेदनलाई वार्षिक रूपमा सञ्चालक समिति समक्ष पेश गर्नेछ ।

ग) अपलेखन गर्ने कारवाहीको निर्णय सञ्चालक समितिको बैठकबाट निर्णय गरिनेछ र अपलेखन गरिने ऋणी सदस्य संस्थाको संघमा रहेको मौज्दात बचत तथा शेयरको विवरणहरू निर्णय पुस्तिकामा नै संग्लन गरिनेछ ।

घ) अपेलिखित ऋणलाई वासलातबाट हटाई ऋणको विवरण तयार गरी छुटै राखी अन्य ऋण भन्दा बढी यसको असुलीलाई प्राथमिकता दिइनेछ ।

ङ) अपलेखन गरिएको ऋणहरूको विवरण वर्षको अन्तमा सञ्चालक समितिमा छलफल गरी आवश्यक निर्णय गरिनेछ ।

च) अपलेखन गरेका ऋणीको विवरण माथिल्लो संघहरूलाई जानकारी गराइनेछ ।

**१७.२ अपलेखन लेखाको मिलान**

क) अपलेखन गरिने ऋणलाई अपलेखन गरिने मितिसम्मको साँवा तथा व्याजलाई ऋण सुरक्षण कोषबाट अपलेखन गरिनेछ ।

ख) ऋणीले भुक्तानी गर्नुपर्ने रकममध्ये एकैपटक बुझाउन नसकी आँशिक रकम बुझाउन चाहेमा रकम स्वीकार गरी आम्दानी जनाइनेछ ।

**१७.३ अपलेखन पश्चातका कार्यहरू**

क) अपलेखन गरिएको ऋणलाई असुल गर्नका लागि संघको तर्फबाट ऋणी संस्थासंग भेटघाट, ताकेतालगायतका प्रक्रिया संघनरूपमा अगाडि बढाइनेछ । कुनै असुली अभिकर्ता, ऋण असुली न्यायाधिकरण वा संघको न्यायिक कानुन क्षेत्रको सहयोग लिन सकिनेछ ।

ख) अपलेखन गरिएको ऋणको समय समयमा समीक्षा गरिनेछ । ऋणी संस्थाका सञ्चालकहरूबाट ऋण असुलीको सम्भावनाको खोजी गरिनेछ ।

**१७.४ सेवाबाट बञ्चित**

ऋण अपलेखन गरी वा अन्य कुनै निकायको सहायताबाट ऋण असुल गर्नुपर्ने अवस्था सृजना भएमा त्यसरी ऋण असुल गरिसकेपश्चात त्यस्तो ऋणी सदस्य संस्थालाई संघको सदस्यता नीतिमा तोकेको अवधिसम्म वा संघका सेवाहरूमा आशिंक वा सम्पूर्ण सेवा बञ्चीत गरी सदस्यताबाट निष्काशन गर्नेछ ।

**१८ लिलाम बिक्रि गर्ने कार्यविधि**

संघको सदस्य संस्थाले संघबाट ऋण लिई ऋण सम्झौता वा शर्त कबुलियतको पालना नगरी पटक पटक ताकेता गर्दा पनि भाखा नाघेको १ बर्ष नाघेको अवस्थामा साँवा, व्याज र हर्जना चुक्ता गर्नको लागि सहकारी ऐन २०७४ को दफा ७९ बमोजिम ऋण असुल गर्नेछ । साथै सहकारी नियमावली २०७५ को नियम ३० को कार्यविधि बमोजिम ऋण तथा बाँकी बक्यौता धितो लिलामबाट असुल उपर गरिनेछ ।

**१८.१ लिलाम सम्बन्धी अन्य प्रक्रिया**

लिलामसम्बन्धी प्रक्रिया सहकारी नियमावली २०७५ को नियम ३१, ३२, ३३, ३४, ३५ र ३६ बमोजिम हुनेछ ।

**१८.२ खर्च असूल गर्ने :**

संघले ऋणीको बाँकी बक्यौता असूल उपर गर्दा साँवा, व्याज, हर्जनाको रकम र जायजेथा लिलाम बिक्री गरी लिलाम बिक्री गर्दा लागेको सबै किसिमको खर्चसमेत असूलउपर गर्नेछ ।

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

सूर्यविनायक न.पा. वडा नं. - ८, भक्तपुर

| | |
|---|---|
| नीति तथा तथा कार्यविधिको नाम | **कर्मचारी प्रशासन नीति २०८१** |
| सञ्चालक समितिको बैठकबाट पुनर्लेखन स्वीकृत मिति | २०८१।०४।१५ |
| अघिल्लो स्विकृत मिति | २०६८।५।२६ |
| लागू हुने मिति | साधारण सभाबाट अनुमोदन भएपछि |

**प्रस्तावना**

संघको कर्मचारी व्यवस्थापनलाई सक्षम सुदृढ, सेवामूलक एवम् प्रभावकारी र उत्तरदायी बनाउन कर्मचारीहरूको नियुक्ति, सेवाको सुरक्षा, बढुवा र सेवा सुविधाका शर्तहरू व्यवस्थित गर्न वाञ्छनीय भएकोले सहकारी ऐन, नियम र संघको विनियम २०८० को दफा ५५ को अधिनमा रही यो कर्मचारी प्रशासन नीति २०८१ बनाइएको छ ।

**१) संक्षिप्त नाम र प्रारम्भ**

क) यस नीतिको नाम भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. भक्तपुरको कर्मचारी प्रशासन नीति २०८१ रहनेछ

ख) यो नीति सञ्चालक समितिले स्वीकृत गरी साधारणबाट अनुमोदन गराई लागू हुनेछ ।

**२) परिभाषा**

क) "प्रशासन" भन्नाले भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.को कर्मचारी प्रशासनलाई सम्झनु पर्छ ।

ख) "कर्मचारी" भन्नाले संघका नियमित, कार्यगत, समयगत, आकस्मिक र आँशिक कर्मचारीलाई बुझाउँछ ।

ग) "प्रमुख कार्यकारी अधिकृत" भन्नाले संघको व्यवस्थापन प्रमुखलाई सम्झनु पर्छ।

घ) "संघ" भन्नाले भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडलाई सम्झनु पर्छ।

ङ) "सञ्चालक" भन्नाले सञ्चालक समितिमा रहेका पदाधिकारी र सदस्यहरूलाई सम्झनु पर्छ ।

च) तोकीए बमोजिम भन्नाले सञ्चालक समितिले तोके बमोजिम भन्ने सम्झनु पर्छ।

छ) परिवार भन्नाले कर्मचारीसंग बस्ने तथा निज आफैले पालनपोषण गर्नुपर्ने निजको पति, पत्नी, छोरा, अविवाहित छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्छ। र सो शब्दले विवाहित महिला कर्मचारीको हकमा निजको सासु सासुरालाई समेत जनाउँछ ।

ज) तलब भन्नाले संघको नियमानुसार पाउने भत्ता तथा सुविधा बाहेक तोकिएको आधारभुत तलब र ग्रेड समेतको रकमलाई सम्झनुपर्छ ।

**३) व्यवस्थापन संरचना**

संघमा कार्यरत कर्मचारीहरूको व्यवस्थापनका लागि अनुसूची १ बमोजिमको व्यवस्थापनको संरचना कायम गरिनेछ ।

**४) कर्मचारीको दरवन्दी**

संघले समय समयमा दरबन्दीमा हेरफेर गर्न सक्ने गरी हाललाई देहायका दरवन्दीको श्रृजना गरेकोछ ।

| सि.नं | पद | तह | दरबन्दी संख्या | न्यूनतम योग्यता | तलब दरको आधार |
|---|---|---|---|---|---|
| १ | प्रमुख कार्यकारी अधिकृत | आठौं | १ | स्नातकोत्तर | |
| २ | बरिष्ठ अधिकृत | सातौ | १ | स्नातक | सञ्चालकसमितिले तोके बमोजिम |
| ३ | अधिकृत | छैटौं | २ | स्नातक | |
| ४ | बरिष्ठ सहायक | पाँचौ | २ | प्रमाणपत्र तह | |
| ५ | कार्यालय सहायक | चौथो | २ | प्रमाणपत्र तह | |
| ६ | सहायक | तेस्रो | २ | प्रमाणपत्र तह | |
| ७ | सुरक्षा गार्ड | प्रथम | २ | साधारण लेखपढ | |
| ८ | कार्यालय सहयोगी | प्रथम | १ | साधारण लेखपढ | |

नोटः ४.१ उपयुक्त योग्यता नभएका तर कम्तिमा ३ (तीन) वर्षसम्म सहकारीमा काम गरी अनुभव प्राप्त व्यक्तिले एक तह मुनीको योग्यता भएपनि आवेदन दिने मौका दिन सकिनेछ ।

४.२ निर्धारित दरबन्दीमा पदस्थापन हुने प्रमुख कार्यकारी अधिकृतलाई सञ्चालक समितिले र अरू कर्मचारीहरूको हकमा प्रमुख कार्यकारी अधिकृतले कार्यविवरण उपलब्ध गराइनेछ।

**५) कर्मचारीको किसिमः**

क. नियमित कर्मचारी

ख. कार्यगत कर्मचारी

ग. समयगत कर्मचारी

घ. आकस्मिक कर्मचारी

ङ. आँशिक कर्मचारी

स्पष्टीकरण :

क) नियमित कर्मचारी भन्नाले बुँदा ४ को ख, ग, घ र ङ मा उल्लेखित कर्मचारी बाहेकको स्थायी प्रकृतिका कर्मचारी सम्झनु पर्छ ।

ख) कार्यगत कर्मचारी भन्नाले कुनै खास काम वा सेवा किटान गरी तोकेर दिने अस्थायी कर्मचारीलाई सम्झनु पर्छ ।

ग) समयगत कर्मचारी भन्नाले निश्चित समयावधि तोकी सो अवधि भित्र कुनै सेवा प्रदान गर्न नियुक्ति गरेको करार कर्मचारीलाई सम्झनु पर्छ ।

घ) आकस्मिक कर्मचारी भन्नाले तीन महिना अवधि वा ७ दिन वा सो भन्दाकम अवधिको लागि कुनै काम सम्पन्न गर्ने गरी नियुक्ति गरेको कर्मचारीलाई सम्झनुपर्छ ।

ङ) आँशिक कर्मचारी भन्नाले बुँदा नं. ५ को उपबुँदा क, ख, ग, र घ को गणना भित्र नपर्ने कर्मचारी सम्झनु पर्छ ।

**६) कर्मचारीको माग**

पदपूर्ति गर्नु पर्ने आवश्यकता परेको खण्डमा सम्बन्धित विभागीय प्रमुखले आवश्यक परेको कर्मचारीको माग अनुसूची २ बमोजिमको माग फारामद्वारा प्रमुख कार्यकारी अधिकृत समक्ष कर्मचारीको माग प्रस्तुत गर्नुपर्छ । देहायबमोजिमका कारणले कर्मचारी खाली भएको अवस्थामा फाराम भरेर पेश गर्नुपर्ने छ ।

(क) राजिनामा
(ख) सरूवा
(ग) सुत्केरी विदा वा वेतलवी विदा
(घ) अवकाश
(ङ) मृत्यु भएमा
(च) नयाँ पदको श्रृजना/ पुनसंरचना

**७) कर्मचारी नियुक्तीः**

क) कर्मचारीको नियुक्ती सञ्चालक समितिले गर्नेछ । स्वीकृत दरबन्दी अनुसार कर्मचारी आवश्यक परेमा सञ्चालक समितिले कर्मचारी छनौटका लागि सञ्चालकहरू मध्येबाट एक जना संयोजक, एक जना सदस्य र प्रमुख कार्यकारी अधिकृत सदस्य सचिव रहने गरी ३(तीन) जनाको कर्मचारी पदपूर्ति उपसमिति गठन गर्नसक्नेछ । आवश्यक भएमा विषय विशेषज्ञसंग राय लिन सक्नेछ ।

ख) दफा ४ मा उल्लेखित दरवन्दीमा नियुक्ति गर्दा संघको कार्यबोझलाई दृष्टिगत गरी आवश्यक कर्मचारीको मात्र नियुक्ति गर्न सक्नेछ ।

ग) नियमित कर्मचारी नियुक्ति गर्दा कम्तिमा १५ दिन र अन्य कर्मचारीहरूको हकमा ७ दिनको सूचना दिई खुल्ला प्रतियोगिता गराई छनौट गर्न सक्नेछ ।

घ) खुल्ला प्रतियोगितामा लिखित, मौखिक र प्रयोगात्मक परिक्षा मध्ये ३ वटा वा कुनै २ वटा परिक्षा लिइनेछ ।

ङ) लिखित परीक्षामा आवश्यक संख्या भन्दा २ गुणा बढी उम्मेदवारको नामावली प्रकाशित गरिनेछ। तर दरखास्त पर्ने संख्या नै कम भएमा ५० वा सो भन्दा माथि अंक ल्याउने सबैलाई उत्तिर्ण गरी अन्तवार्ता लिइनेछ ।

च) परिक्षामा ५० प्रतिशत भन्दा कम अंक प्राप्त गर्ने उम्मेरदबारलाई नियुक्ति दिइने छैन। यदि सबै उम्मेरदबारले उपरोक्त अंक प्राप्त गर्न नसकेमा पुनः दरखास्त आव्हान गरिनेछ ।

ज) छनौट भएका कर्मचारीले नतिजा प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ७ दिनभित्र नियुक्ति लिई सक्नु पर्नेछ। अन्यथा बैंकल्पिक उम्मेरदवारलाई मौका दिइनेछ ।

झ) विशेष अवस्थामा समयगत, आकस्मीक, आशिंक कर्मचारी नियुक्ति गर्दा उपरोक्त प्रक्रिया बिना पनि सञ्चालक समितिले निर्णय गरी नियुक्त गर्न सक्नेछ ।

**८) परीक्षणकालसम्बन्धी व्यवस्था**

क. नियमित कर्मचारीको परिक्षणकाल ६ (छ) महिनाको हुनेछ । परीक्षण अवधिमा नियुक्ति भै काम गरि रहेको कर्मचारीको काम संघले आशा गरे अनुसार छैन र निजलाई सुधार हुन थप अवधि दिनुपर्छ भन्ने लागेमा संघको प्रमुख कार्यकारी अधिकृतको सिफारिसमा परीक्षण अवधी थप हुन सक्नेछ । प्रमुख कार्यकारी अधिकृतको हकमा सञ्चालक समितिबाट परीक्षण अवधि थप हुन सक्नेछ ।

ख. परीक्षण अवधीमा रहेका कर्मचारीको साविक कार्य विवरण अनुसार काम गर्न नसक्ने देखिएको र संघमा निजलाई सुहाँउदो कार्यको आवश्यकता भएको अवस्थामा सो कार्य विवरण अनुसारको काम दिएर परीक्षण काल थप गर्न सकिनेछ

ग. परीक्षणकालको अवधी जम्मा एक पटक मात्र थप हुन सक्दछ । यदि यसरी थप गरेको परीक्षणकालको अवधीभरमा योग्य सावित हुन नसकेमा त्यस्ता व्यक्तिको परीक्षण अवधी अन्त्य गरि सेवाबाट हटाईनेछ ।

**९) नियमित कर्मचारी नियुक्ति**

परीक्षण अवधिमा रहेका कर्मचारीको परिक्षणकाल समाप्त हुनु ७ दिन अगावै (अनुसूची ३ बमोजिम) प्रमुख कार्यकारी अधिकृतले नीज कर्मचारीको कार्य सम्पादन मूल्यांकन सञ्चालकसमितिमा पेश गर्नु पर्नेछ । सोको आधारमा निजलाई नियमित गर्ने, परीक्षण अवधि थप गर्ने वा हटाउन सक्नेछ ।

**१०) कर्मचारीको आचार संहिता**

संघमा नियुक्त सबै कर्मचारीले देहाय बमोजिमको आचार संहिता अनिवार्य रूपमा पालना गर्नुपर्नेछ ।

क) प्रत्येक कर्मचारीले संघको हितमा कार्य गर्नुपर्छ।
ख) संघको गोपनियता भङ्ग गर्नु हुँदैन ।
ग) आफू भन्दा माथिल्लो तहको कर्मचारी वा पदाधिकारीहरूले अह्राएको काम तदारूकताका साथ गर्नुपर्छ।
घ) संघ भित्र कुनै किसिमको धार्मिक, साम्प्रदायिक, राजनैतिक तथा आर्थिक स्वार्थबाट प्रभावित भई कुनै किसिमको काम गर्नु हुँदैन ।
ङ) संघका सदस्यहरूको काम सधै छिटोछरितो र सरल तरिकाबाट गरी दिनु पर्छ।
च) संघका सदस्यरूलाई अप्रिय शब्द बोल्ने वा रिसाउने कार्य गर्नु हुँदैन । सधैँ नम्र र शिष्ट व्यवहार गर्नु पर्छ।
छ) आफुलाई लगाईएको काम तत्परताका साथ समयमै सक्नु पर्छ।
ज) संघलाई आघात पर्ने खालको कुनै किसिमको प्रचार प्रसार गर्नु हुँदैन ।
झ) आफूमा निहित अधिकार वाहेक अन्य कुनै किसिमको संस्थागत निर्णय दिनु हुँदैन ।
ञ) संघको सम्पत्तिको हिनामिना गर्नु हुँदैन ।
ट) संघको कुनै पनि वस्तुको नीजि प्रयोग गर्नु हुँदैन ।
ठ) कसैको काम गरिदिएबापत कुनै किसिमको पारितोषिक लिनु हुँदैन ।

**११) कार्यालय समय**

क) यस संघको कार्यालय समय कार्तिक १६ देखि माघ १५ गतेसम्म विहान १० वजेदेखि वेलुकी ४ वजेसम्म र अन्य दिन बिहान १० बजेदेखि बेलुका ५ वजेसम्म खुल्नेछ ।
ख) संघका कर्मचारीले न्यूनतम प्रतिदिन ७ घण्टा काम गर्नु पर्नेछ र ३० मिनेट खाजा खाने समय हुनेछ ।
ग) कार्यालय समयमा कर्मचारी अनिवार्य रूपमा उपस्थित हुनु पर्नेछ ।
घ) प्रत्येक शनिबार र सार्वजनिक बिदाका दिनमा कार्यालय बिदा हुनेछ ।

**१२) तलव**

कर्मचारीहरूको तलबमान वार्षिक रूपमा पुनरावलोकन गरिनेछ । तलब संरचनामा पुनरावलोकन गर्दा संघको व्यवसायिक योजना, आयक्षमता, समग्र व्यवसायमा भएको प्रगति र राज्यले तलब बृद्धि गर्ने आधारलाई समेत आधारमानी तलबमानलाई समयसापेक्ष र प्रतिस्पर्धात्मक बनाईनेछ ।

**१३) सञ्चयकोष**

क) संघमा कार्यरत नियमित कर्मचारीहरूको लागि सञ्चयकोषको व्यवस्था गरिनेछ ।
ख) कर्मचारीको तलबबाट १० प्रतिशत रकम कट्टा गरी संघबाट सोही बराबरको रकम थप गरी सम्बन्धित व्यक्तिको नाममा सञ्चयकोषमा खाता खोली जम्मा गरिनेछ ।
ग) सामाजिक सुरक्षा कोषमा आबद्ध भएमा कोषको व्यवस्था अनुसार नै हुनेछ ।

**१४) ग्रेड**

क) संघमा कार्यरत नियमित कर्मचारीले न्यूनतम वार्षिक १ ग्रेड स्वत पाउने छन् । कार्यसम्पादनको आधारमा प्रोत्साहन स्वरूप थप ३ ग्रेडसम्म प्रदान गर्न सकिनेछ ।
ख) ग्रेडको रकम आधार तलबमानको १ दिन बराबरको हुनेछ र अधिकत्तम ग्रेड संख्या अधिकृतस्तर कर्मचारीको ८ र सहायकस्तर र सो भन्दा मुनीको कर्मचारीलाई १० हुनेछ ।
ग) कर्मचारीले ग्रेड प्राप्त गर्नको लागि कुनै पदमा रही स्थायी कार्य गरेको १ वर्ष पुर्ण रूपमा पूरा गरेको हुनुपर्नेछ । ग्रेड १ वर्ष नाघेको महिनादेखि लागु हुनेछ ।
घ) कुनै कर्मचारीको पदोन्नती भई निजको आधार तलबमान अघिल्लो खाईपाई आएको तलबमान भन्दा कम हुन गएमा ग्रेड संख्या थप गरी समायोजन गरिनेछ ।

**१५) चाडपर्व खर्च**

संघमा कार्यरत सम्पूर्ण कर्मचारीलाई १ महिनाको खाईपाई आएको तलबमान बराबरको रकम चाडपर्व खर्च उपलब्ध गराईने छ । चाडपर्व खर्च उपलब्ध गराउँदा संघमा काम गरेको १ वर्ष पूरा नभएको कर्मचारीहरूको हकमा भने काम गरेको कार्यदिनलाई आधार मानिनेछ ।

**१६) औषधि उपचार खर्च**

क) २० बर्ष नोकरी अवधिको आधारमा संघमा कार्यरत नियमित कर्मचारीलाई १२ महिनाको औषधि उपचार खर्च प्रदान गरिनेछ ।
ख) सेवारत अवस्थामा स्वयम् वा एकाघरका (आमा, बुबा, श्रीमती, छोरा र छोरी) परिवार बिरामी भई उपचार गराउनुपर्ने भएमा उक्त सुविधामा नबढ्ने गरी खर्च प्रदान गर्न सक्नेछन् । सो सुविधा प्रयोग गरी खर्च लिएमा अवकास समयमा कट्टी गरिनेछ । यो सुविधा लिनका लागि स्वास्थ्य उपचारको बिल भपाईका साथ आवश्यक कागजात पत्र पेश गर्नुपर्नेछ ।
ग) यो सुविधा ५ वर्ष नोकरी अवधि नपुगेका कर्मचारीले पाउनेछैन ।
घ) सामाजिक सुरक्षा कोषमा आबद्ध भएमा कोषको व्यवस्था अनुसार नै हुनेछ ।

**१७) पोशाक भत्ता**

संघको पहिचान र कर्मचारीहरूवीचको एकरूपता कायम गर्न उपयुक्त पोशाक वर्षको एक पटक बार्षिक बजेटमा व्यवस्था गरेबमोजिमको पोशाक भत्ता आकस्मिक र आशिंक कर्मचारी बाहेकका कर्मचारीलाई उपलब्ध गराईने छ । कार्यालय समयमा अनिवार्य रूपमा पोशाक लगाउनुपर्छ।

**१८) बोनस**

संघको विनियमअनुसार कर्मचारी बोनस कोषमा जम्मा भएको रकमबाट सञ्चालक समितिको निर्णय बमोजिम संघमा कार्यरत सम्पूर्ण कर्मचारीहरूलाई अधिकतम ३ महिनासम्मको तलबमान बराबरको रकम बोनस स्वरूप प्रदान गर्नसक्नेछ। नयाँ कर्मचारीको हकमा सो सुविधाको लागि संघमा कार्य गरेको १ आर्थिक वर्ष पूरा भएको हुनु पर्नेछ ।

**१९) बीमा**

क) संघमा कार्यरत नियमित कर्मचारीहरूको दुर्घटना लाभ सहित बढीमा रू. १००,०००|- (एक लाख रूपैंया मात्र) सम्मको २० वर्षे वा नोकरी वर्षेको आधारमा जीवन विमा गरिनेछ । यसरी बिमा गर्दा ५०% विमा शुल्क सम्बन्धित कर्मचारीले भुक्तानी

ख) संघले कार्यरत कर्मचारीहरूको कम्तीमा वार्षिक १,००,०००। (एक लाख रूपैंया) बराबरको औषधी उपचार बीमा गराउनुपर्नेछ ।

गर्नुपर्नेछ ।

ग) संघमा कार्यरत कर्मचारीहरूको जुनसुकै प्रकारको दुर्घटनालाई समेट्ने गरी कम्तीमा ७,००,०००। (सात लाख रूपैयाँ) बराबरको दुर्घटना बिमा गराउनेछ ।

घ) सामाजिक सुरक्षा कोषमा आबद्ध भएमा कोषको व्यवस्था अनुसार नै हुनेछ ।

**२०) उपदानको व्यवस्था**

२०.१ नियमित कर्मचारीहरूको वर्षमा कम्तीमा १ महिनाको तलब बराबर हुने रकम उपदान कोषमा छुट्याईनेछ । उक्त कोषमा वार्षिक रूपमा उपदानको गणना गर्दा नपुगेमा थप व्यवस्था गर्न सकिनेछ ।

संघको स्थायी कर्मचारीले देहायबमोजिम अवकाश भई जाँदा उपदान पाउने छन् ।

क) सेवा अवधि ५ देखि १० वर्ष सम्म आखिर महिनाको आधा महिना बराबरको तलब

ख) सेवा अवधि १० देखि १५ वर्षसम्म आखिर महिनाको एक महिना बराबरको तलब

ग) सेवा अवधि १५ देखि २० वर्षसम्म आखिर महिनाको डेढ महिना बराबरको तलब

घ) सेवा अवधि २० देखि २५ वर्षसम्म आखिर महिनाको दुई महिना बराबरको तलब

ङ) २५ वर्षभन्दा माथिको सेवा अवधिको लागि आखिर महिनाको २ महिना र आधा बराबरको तलब

२०.२) सामाजिक सुरक्षा कोषमा आबद्ध भएमा कोषको व्यवस्था अनुसार नै हुनेछ ।

**२१) दैनिक भ्रमण भत्ता तथा यातायात खर्चको व्यवस्था**

कर्मचारीको हकमा दैनिक भ्रमण भत्ता तथा यातायात खर्चको ब्यवस्था संघको आर्थिक प्रशासन नीतिमा उल्लेख गरिए बमोजिम हुनेछ ।

**२२) अतिरिक्त समय**

संघमा कार्यरत कर्मचारीहरूले संघमा अतिरिक्त समय काम गर्नु परेमा संघको अतिरिक्त समय कार्य गर्ने कार्यविधि तयार गरी सोको आधारमा प्रमुख कार्यकारी अधिकृतले अन्य कर्मचारीहरूको र प्रमुख कार्यकारी अधिकृतको हकमा अध्यक्ष/सचिवबाट स्वीकृति गराई तलब स्केलको आधारमा घण्टाको हिसाब गरी वा एकमुष्ट अतिरिक्त कार्यको पारिश्रमिक उपलब्ध गराईनेछ ।

**२३) अन्य भत्ता**

संघमा कार्यरत कर्मचारीहरूको संघको कार्यप्रतिको लगनशीलता अभिवृद्धिको लागि जिविकोपार्जनमा प्रत्यक्ष प्रभाव पार्ने कारक ( महंगी, घरभाडा, सञ्चार, यातायात आदि) हरूको पहिचान गरी सञ्चालक समितिले समय सापेक्ष अन्य भत्ताहरूको ब्यवस्था गर्न सकिनेछ ।

**२४) सहुलियत ऋण**

संघका नियमित कर्मचारीहरूलाई घर जग्गा तथा सवारी साधन खरिद गर्नका लागि संघबाट सहुलियत ऋण प्रदान गरिनेछ । उक्त ऋणको सिमा, समय र व्याजदर सञ्चालक समितिले तोके अनुसार हुनेछ । यसरी प्रदान गरिने ऋणको छुट्टै कार्यविधि बनाई प्रदान गरिनेछ ।

**२५) बिदासम्बन्धि व्यवस्था**

क) प्रत्येक कर्मचारीले देहाय बमोजिमको विदा उपभोग गर्न पाउने छन्ः

अ) कार्यालय विदा शनिबार ।

आ) बिरामी विदा वर्षको १२ दिन ।

इ) भैपरी आउने विदा वर्षको ६ दिन ।

ई) घर विदा वर्षको ३० दिन ।

उ) सुत्केरी विदा २ महिना (बढिमा २ पटक) र सुत्केरी हेरचाह १५ दिन

ऊ) क्रिया विदा १५ दिन । श्रीमान, श्रीमती, आमा बुबा, आफैले क्रिया गर्नुपर्ने भएमा नजिकको अन्य नातेदार ( महिलाहरूको हकमा सासु ससुरा )

ए) पर्वविदा बढीमा ६ दिन

ख) घर विदा र विरामी विदा संचित रहने छन् । तर घर विदा (पैतालिस दिन) र विरामी विदा (नब्बे दिन) गरी १३५ दिनसम्म विदा संचित गर्न सकिनेछ । १३५ दिन भन्दा बढी संचित रहन गएमा बढी संचित रहन गएको विदाको खाइपाई आएको तलब बराबर रकम भुक्तानी दिइनेछ । यस व्यवस्था अनुसार संचित विदाको सम्बन्धित कर्मचारीलाई भुक्तानी दिई आ.व.२०८१।०८२ देखि संचित विदाको रकम सोहि आर्थिक बर्षको अन्तमा सम्बन्धित कर्मचारीलाई भुक्तानी गरिनेछ ।

ग) उपदफा १ मा उल्लेख भए बाहेक कर्मचारीले कुनै पनि बिदाको सुविधा प्राप्त गर्ने छैनन् र वर्ष भरिमा देहायका चाडपर्वमा कार्यालय विदा गरिनेछ ।

अ) बैशाख २१ गते संघ स्थापना दिवस ।

आ) चैत्र २० गते सहकारी दिवस ।

इ) बिदा वस्ने कर्मचारीले अग्रिम स्वीकृत गराएर बस्नु पर्नेछ । बिदा स्विकृत नगराई वस्ने कर्मचारीलाई गैर हाजिर मानि सो अवधिको तलब भत्ता कट्टा गरिनेछ ।

ई) विदा अधिकारको कुरा होइन सुविधा मात्र हो ।

उ) प्रमुख कार्यकारी अधिकृतको विदा अध्यक्षले र अन्य कर्मचारीको विदा विभागीय प्रमुखको सिफारिसमा प्रमुख कार्यकारी अधिकृतले स्विकृत गर्नेछन् ।

**२६) यस नीतिमा** व्यवस्था भएको सुविधाहरू प्रदान गर्न बार्षिक बजेटमै व्यवस्था गरी भुक्तानी गरिनेछ ।साथै कार्यगत र समयगत कर्मचारीले उपदान, संचय कोष र ग्रेडबाहेक अन्य सुविधाहरू पाउन सक्नेछ ।

**२७) तालिम र क्षमता बृद्धि**

क) कर्मचारीहरूलाई संघमा काम गर्न सक्षम र दक्ष बनाउन संघले तालिमको आयोजना गर्नेछ र अन्य संघ/संघहरूबाट गरिने तालिममा पनि कर्मचारीलाई प्राथमिकता दिई पठाईनेछ ।

ख) कर्मचारीलाई तालिममा पठाउँदा नियमानुसारको भत्ता दिइनेछ । तर तालिम आयोजना गर्ने संघले खाना तथा आवासको व्यवस्था गरेको अवस्थामा आतेजाते यातायात खर्च मात्र दिइनेछ ।

**२८) उमेरको हद**

क) संघमा काम गर्ने कर्मचारीको उमेरको हद ६० वर्षसम्म हुनेछ ।

ख) नयाँ कर्मचारी नियुक्ति गर्दा अधिकृतस्तरको कर्मचारी भन्दा माथिल्लो पदको हकमा २३ बर्षे पूरा भई ४५ बर्ष ननाघेको र अन्यको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

**२९) पदोन्नतिको व्यवस्था**

क) कर्मचारीहरूको कार्य दक्षता हेरी रिक्त रहेको माथिल्लो पदमा पदोन्नति गर्न सकिनेछ ।

ख) पदोन्नति गर्दा आन्तरिक प्रतियोगिता वा कर्मचारीको कार्यदक्षता मूल्याङ्न को आधारमा फाइल बढुवाबाट पनि गर्न सकिनेछ ।

ग) कर्मचारीको कार्यदक्षता मूल्याङ्न फाराम प्रत्येक चैत्र मसान्त भित्र भरी अभिलेख राखिनेछ । कार्यदक्षता मूल्याङ्न ६०% कर्मचारी स्वयंले र ४०% निजलाई काम लगाउने सुपरिवेक्षेकले भर्ने छन् । (सुपरिवेक्षक भन्नाले कर्मचारीको लागि प्रमुख कार्यकारी अधिकृत र प्रमुख कार्यकारी अधिकृतको लागि सञ्चालक समितिको अध्यक्षलाई बुझाउँछ । )

घ) सञ्चालक समितिले कार्यदक्षता मूल्याङ्कन, नोकरी अवधी, योग्यता आदिको आधारमा कर्मचारीको पदोन्नती गर्नेछ ।

**३०) कर्मचारीको पुरस्कार तथा पद्धोन्नति सम्वन्धि कार्यविधि**

क) कर्मचारीको प्रत्येक वर्ष भरिको कार्यदक्षता मूल्याङ्न को आधारमा निजको नोकरी अवधि, क्षमता योग्यता, इमान्दारिता, नियमितता, लगनशीलता आदिको आधारमा सञ्चालक समितिले पद्धोन्नति गर्ने, ग्रेड थप गर्ने, तलव थप गर्ने तथा पुरस्कृत गर्ने निर्णय गर्न सक्नेछ । यसरी निर्णय गर्नको लागि सञ्चालक समिति वा विशेषज्ञहरूको समिति गठन गरी मूल्याङ्न गर्ने गराउनेछ । मूल्याङ्नका आधारहरू निम्नानुसार हुने छन्ः

अ) कार्यदक्षता मूल्यांकनः स्वमूल्यांकन ६०% र सुपरीवेक्षकद्वारा गरिने मूल्यांकन ४०% अंक

आ) तोकिएभन्दा माथिल्लो शैक्षिक योग्यताको लागि विशिष्ट श्रेणी ५ अंक, प्रथम श्रेणी ४,अंक, द्धितीय श्रेणी ३ र तृतीय श्रेणीलाई २ अंक ।

इ) न्युनतम शैक्षिक योग्यतामा विशिष्ट श्रेणी १० अंक, प्रथम श्रेणी ८, द्धितीय श्रेणी ६ र तृतीय श्रेणीलाई ४ अंक ।

ई) नोकरी अवधिः ५ वर्षसम्म ५ अंक, १० वर्षसम्म १० अंक, १५ वर्षसम्म १५ अंक, २० वर्ष वा सोभन्दा माथि २० अंक ।

उ) उत्कृष्ट काम गरी संघ स्वयं वा अन्य संघ/संस्थाबाट पदक वा पुरस्कार प्राप्त गरेकोमा ५ अंक

ऊ) विशेष गुण वा क्षमताको लागि १० अंकसम्म ।

ए) माथिको मापदण्डलाई आधारमानी कर्मचारीको पद्धोन्नति, ग्रेड बृद्धि, तलव थप, प्रशंसा-पत्र तथा पुरस्कारको लागि छनौट गर्नुपर्नेछ ।

ऐ) पद्धोन्नति गर्दा पद्धोन्नतिको सूचना प्रकाशित भएको ७ दिनभित्र सो कुराको चित्त नबुझेमा अन्य कर्मचारीहरूले सञ्चालक समिति समक्ष उचित कारण सहित आवेदन दिन सक्ने छन् । सञ्चालक समितिको निर्णय अन्तिम निर्णय हुनेछ ।

**३१) दण्ड सजाय**

देहायको अवस्थामा कसुरको मात्रा हेरी दण्ड सँजाय गरिनेछ ।

क) संघको आर्थिक हिनामिना गरेमा हिनामिना भएको सम्पूर्ण रकमको २०% हर्जना सहित घरघरानाबाट असूल गरी नोकरीबाट बर्खास्त गर्ने ।

ख) संघको गोपनियता भङ्ग गरी संघलाई आँच आउने किसिमको प्रचार प्रसार गरेमा नोकरीबाट हटाउने ।

ग) उपदफा (१) (क) र (ख) बाहेक अन्य कसुर गरेमा कसुरको मात्रा हेरी चेतावनी दिने नसिहत दिने, तलब कट्टा गर्ने, निलम्बन गर्ने ग्रेड घटुवा तथा ग्रेड बृद्धि रोक्का गर्ने ।

**३०) संजाय गर्ने अधिकारी**

नीति २९ (क) र (ख) को लागि सञ्चालक समिति र (ग) को लागि प्रमुख कार्यकारी अधिकृत वा अध्यक्षले गर्न सक्नेछ ।

**३१) कर्मचारी दण्ड तथा सजायँसम्बन्धी कार्यविधि**

कुनै कर्मचारीले कार्यालयको काम कार्यवाहीमा बाधा पुऱ्याएको, ढिला सुस्ती गरेको वा आचार संहिताको पालना नगरेको कर्मचारीको हकमा प्रमुख कार्यकारी अधिकृत र प्रमुख कार्यकारी अधिकृतको हकमा सञ्चालक समितिको अध्यक्षलाई लागेमा उक्त कर्मचारीमाथि देहायअनुसारको कार्यविधि अपनाई कारबाही चलाउनु पर्नेछ ।

क) कर्मचारीले कुन किसिमको कसुर गरेको हो सोबारे स्पष्ट किटान गरी सो कसुर के कारणवाट हुन गएको हो र सो कसुर गरेबापट तपाईलाई किन कारबाही नगर्ने सोको कारण सहित पत्र हात परेको मितिले २४ घण्टा भित्र लिखित स्पष्टिकरण दिनु भनी पत्रलेखी सम्वन्धित कर्मचारीलाई बुझाउने वा व्यक्ति फेला नपरेको अवस्थामा नीजको एकाघर परिवारको सदस्यलाई बुझाउने र घरपरिवारको मानिस पनि फेला नपरेमा ३ जना छिमेकीहरूको रोहबरमा घर दैलोमा सूचना टाँस गर्ने छ । यसरी बुझाएको वा टांस गरेको प्रमाण संघमा सुरक्षित राख्नु पर्नेछ ।

ख) तोकिएको समय भित्र स्पष्टिकरण नदिएमा नीज उपर आवश्यक कारबाही चलाउने र स्पष्टिकरण प्राप्त भएमा त्यसको अध्ययन गरी मुनासिब कारण देखिएमा नीजलाई अभियोगवाट सफाई दिने र कारण चित्त नबुझेमा वा सो कसुरमा कारबाही गर्नुपर्ने ठहर भएमा कसुरको मात्रा हेरी चेतावनी दिने वा ग्रेड घटुवा वा ग्रेड रोक्का वा ३ महिनासम्म सो पदवाट निलम्बन गर्ने वा नोकरीवाट बर्खास्त गर्ने निर्णय गरी सम्बन्धित कर्मचारीलाई लिखित सूचना दिने ।

ग) निलम्बन परेको अवधिभर कर्मचारीले खाईपाई आएको कुनै तलब सुबिधा पाउने छैन तर सञ्चालक समितिले नीजलाई सफाई दिएमा सो अवधिभरको पूरै सुविधा पाउनेछ ।

घ) यसरी कार्यबाहीमा परेका कर्मचारीले आफूमाथि गरिएको कार्यबाहीमा चित्त नबुझेमा सूचना पाएको मितिले ३५ दिन भित्र सञ्चालक समितिमा चित्त नबुझेको कारण खोली पुनरावेदन गर्न सक्ने छन र सञ्चालक समितिको निर्णय अन्तिम निर्णय हुनेछ ।

ङ) यसरी कारबाही गरिएका रेकर्डहरू सम्बन्धित कर्मचारीको व्यक्तिगत फाईलमा सुरक्षित गरी राख्नु पर्नेछ ।

**३३) पुनरावेदन दिन पाउने**

प्रमुख कार्यकारी अधिकृत र अध्यक्षले गरेको कार्यबाहीमा चित्त नबुझेमा सञ्चालक समितिमा पुनरावेदन दिनसक्ने छन् तर सञ्चालक समितिको निर्णय अन्तिम निर्णय हुनेछ ।

## भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

सूर्यविनायक न.पा. वडा नं. - ८, भक्तपुर

| | |
|---|---|
| नीति तथा तथा कार्यविधिको नाम | **आर्थिक प्रशासन नीति २०८१** |
| सञ्चालक समितिको बैठकबाट पुनर्लेखन स्वीकृत मिति | २०८१।०४।१५ |
| अघिल्लो स्विकृत मिति | २०६८।५।२६ |
| लागू हुने मिति | साधारणसभाबाट अनुमोदन भएपछि |

**प्रस्तावना**

संघको आर्थिक क्रियाकलापलाई समय सापेक्ष चुस्त दुरूस्त, पारदर्शी एवम् मितव्ययी ढंगले संचालन गर्न, वित्तीय अनुशासन र जवाफदेहिता कायम गरी संस्थामा सुशासन कायम गर्नको लागि आर्थिक नीति तयार गरी लागू गर्न बाञ्छनीय भएकोले संघको विनीयम २०८० को दफा १०४ को अधिनमा रही यो आर्थिक प्रशासन नीति तयार गरिएको छ ।

**परिच्छेद-१**

**प्रारम्भिक**

**१. नाम र प्रारम्भ**

१) यी नीतिको नाम आर्थिक प्रशासन नीति २०८१ रहेको छन् ।

२) यो नीति सञ्चालक समितिबाट पेश भई साधारण सभाबाट पारित भएपछि लागु हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नीतिहरूमा :

क) "संघ" भन्नाले भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. भक्तपुर सम्झनु पर्छ ।

ख) "समिति" भन्नाले संघको सञ्चालक समिति सम्झनु पर्छ ।

ग) "लेखा सुपरिवेक्षण समिति" भन्नाले संघको लेखा सुपरिवेक्षण समितिलाई सम्झनु पर्छ ।

घ) "उप-समिति" भन्नाले संघको विनीयम र सो बमोजिम बनेको नीतिबाट गठन भएको उप-समिति सम्झनु पर्छ ।

ङ )"प्रमुख कार्यकारी अधिकृत" भन्नाले संघको प्रमुख कार्यकारी अधिकृत सम्झनु पर्छ ।

च) "सञ्चालक" भन्नाले संघको अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष लगायत अन्य सञ्चालक सदस्यलाई समेत सम्झनु पर्छ ।

छ) "सदस्य" भन्नाले संघको सदस्य संस्थालाई सम्झनु पर्छ ।

ज) "विनियम" भन्नाले संघको विनियम २०८० सम्झनु पर्छ ।

झ) "आर्थिक वर्ष" भन्नाले श्रावण १ गते देखि आषाढ मसान्तसम्मको अवधि सम्झनु पर्छ ।

ञ) "स्थानीय कार्यालय" भन्नाले जिल्ला प्रशासन कार्यालय, भूमि व्यवस्था तथा मालपोत कार्यालय, प्रदेश सहकारी महाशाखा, स्थानीय तहका कार्यालयहरू लगायतका अन्य सरकारी कार्यालयहरूलाई सम्झनु पर्छ ।

ट) "स्थानीय तहहरू" भन्नाले नगरपालिकाहरूलाई जनाउँछ ।

**परिच्छेद-२**

**बजेट तथा कार्यक्रम**

**३. बजेट तथा कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने**

१) संघको निर्धारित लक्ष्य तथा उद्धेश्य प्राप्त गर्न प्राथमिकताको आधारमा समितिले आर्थिक वर्षको बजेट तथा कार्यक्रमको तर्जुमा चालु आर्थिक वर्षको कम्तीमा जेष्ठ महिनासम्मको यर्थाथका आधारमा असारमसान्त भित्रै आगामी बर्षको प्रस्तावित बजेट प्रमुख कार्यकारी अधिकृतले बजेट तथा कार्यक्रम निर्माण उपसमितिमा पेश गर्नु पर्नेछ ।

२) समितिले निम्न व्यक्तिहरू रहने गरि ३ सदस्यीय बजेट तथा कार्यक्रम निर्माण उप-समिति गठन गरिनेछ ।

क) कोषाध्यक्ष संयोजक रहने गरी सञ्चालकहरू मध्येबाट १ जना सदस्य समेत गरी- २ जना

ख) सदस्य सचिवको काम गर्ने गरी प्रमुख कार्यकारी अधिकृत - १ जना

तर आवश्यकताअनुसार विषय विशेषज्ञको रूपमा कुनै व्यक्तिलाई उप-समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

३) बजेट तथा कार्यक्रमको मस्यौदा तयार गर्दा देहायका कुराहरूमा ध्यान दिनुपर्छ ।

क) चालु वर्षको वार्षिक प्रगति समीक्षा गर्ने ।

ख) आगामी वर्षको कार्यकम निर्धारण गर्ने ।

ग) निर्धारित वार्षिक कार्यकमको लागि बजेटको व्यवस्था गर्ने ।

घ) वार्षिक कार्यकम कार्यान्वयन गर्न रणनीति तर्जुमा गर्ने ।

ङ.) प्राथमिकताका आधारमा संघको उद्देश्यअनुरूप वार्षिक कार्यकम प्रभावकारी कार्यान्वयनको लागि अपनाउनु पर्ने कार्य नीति ।

अ) सञ्चालन गर्न खोजेको विस्तृत कार्यक्रम, कार्यान्वयन गर्न खोजको अवधि, चाहिने जनशक्ति, पुँजी, सञ्चालन खर्च आदि ।

आ) कार्यक्रम सञ्चालनको लागि चाहिने पूँजीको श्रोत ।
इ) बजेट तथा कार्यक्रमको कार्यान्वियनबाट हुने भौतिक तथा आर्थिक उपलब्धि ।
ई) बजेट तथा कार्यक्रमको कार्यान्यिवनको नियन्त्रण ।
उ) बजेट तथा कार्यक्रमका कार्यान्वियनबाट सदस्यहरूमा पर्न सक्ने आर्थिक प्रभाव ।
ऊ) बजेट तथा कार्यक्रमका कार्यान्वयनको अनुगमन, प्रगति मापन र समीक्षा ।

४) बजेट तथा कार्यक्रम निर्माण उपसमितिले सञ्चालक समितिमा पेश गरेपश्चात सञ्चालक समितिले स्विकृत गरी साधारण सभामा अनुमोदनको लागि पेश गर्नेछ ।
५) समितिबाट स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न गराउन प्रमुख कार्यकारी अधिकृतलाई अधिकार सहित निर्देशन दिन सक्नेछ ।
६) समितिले बजेट तथा कार्यक्रम कार्यान्वयन प्रगति समिक्षा त्रैमासिक वार्षिक रूपमा गर्नु पर्नेछ ।

**परिच्छेद-३**
**दैनिक तथा भ्रमण भत्ताको व्यवस्था**

**४. भत्ता तथा पारिश्रमिक**
सञ्चालक समिति/उपसमितिहरूको बैठक भत्ता सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।

**५. परिबहन तथा यातायात खर्च**
संघलाई आमन्त्रित गरेको कार्यक्रम, संघमा आवद्ध संस्थाहरूको औपचारिक कार्यक्रमहरूमा संघको तर्फबाट प्रतिनिधित्व हुने समिति/उपसमिति/कर्मचारीलाई सञ्चालक समितिले तोकिए बमोजिमको परिवहन तथा यातायात खर्च दिइनेछ ।

**परिच्छेद-४**
**स्वीकृत बजेट खर्च गर्ने**

**६ खरीद वा निर्माण गर्ने अधिकार ।**
१) संघका लागि खर्च भई जाने सामान (जस्तैः मसलन्द आदि) खरीद गर्दा स्वीकृत बार्षिक बजेट र कार्यक्रम भित्र रही निम्नानुसार गर्नु पर्नेछ ।
क) एक पटकमा रू.१०,०००।- सम्मको सामान खरीद गर्दा प्रमुख कार्यकारी अधिकृत आफैले नियमानुसार खर्च गर्न सक्नेछ ।
ख) एक पटकमा रू.१०,०००।- भन्दा बढीको सामान खरीद गर्दा अध्यक्ष वा कोषाध्यक्षको पुर्वस्वीकृति लिई बजेट तथा कार्यक्रम अनुसार खर्च गर्न सक्नेछ ।
२) संघको प्रयोगको लागि स्वीकृत बजेट तथा कार्यक्रम अनुसार यन्त्र, घर, जग्गा, गोदाम, सवारी साधन इत्यादि स्थायी प्रकृतिका चल अचल सम्पति खरीद गर्दा वा निर्माण गर्दा वा विशेष मर्मत गर्दा समितिबाट निर्णय गराई मात्र गर्नु पर्नेछ ।

**७. रकमान्तर**
१) समितिले अति आवश्यक देखेमा संघको एक शीर्षकको स्वीकृत वार्षिक बजेट रकम २० प्रतिशतसम्म अर्को शीर्षकमा रकमान्तर गर्न सक्नेछ । तर संघको प्रयोगको लागि स्थायी सम्पति सामान खरीद गर्न वा कारोबारको मालसामान खरीद गर्न वा कर्मचारीको तलब भत्ता शीर्षकमा छुट्याईएको बजेट रकम अपुग हुने गरी अर्को शीर्षकमा रकमान्तर गर्न सकिने छैन ।

**८. बजेट संशोधन**
१) कुनै आर्थिक वर्षमा स्वीकृत वार्षिक बजेट रकम कुनै शीर्षकमा नपुग भई बजेट संशोधन नगरी नहुने अवस्था भएमा समितिले निर्णय गरी बजेट संशोधन गर्न सक्नेछ । तर त्यस्तो संसोधित बजेट रकम आगामी साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।
२) उप-नियम (१) बमोजिमको बजेट संशोधन गर्दा अन्य शीर्षकमा विनियोजित रकमबाट रकमान्तर गर्न नपुग्ने भएमा मात्र गर्न सकिनेछ ।

**९. खाता सञ्चालन**
संघको विनियम बमोजिम वा पर्ल्सको मापदण्ड अनुसार कुल सम्पत्तीको बढीमा १ प्रतिशत भन्दा बढी नहुने गरी भल्टमा राखिने रकम बाहेक अरू रकम बैंक तथा वित्तीय संस्था र माथिल्लो संघहरूमा संघको नाममा खाता खोली व्यवस्थापन गरिने छ ।
१) संघको विनियम दफा ५९ उपदफा ङ) बमोमिजम संघको नाममा बैंक तथा वित्तीय संस्था र माथिल्लो संघहरूमा खाता संचालन गर्दा सञ्चालक समितिमध्ये अध्यक्ष र कोषाध्यक्षमध्ये एक जना र प्रमुख कार्यकारी अधिकृत र समितिले तोकेको कर्मचारीमध्ये एक जना गरी दुईजनाको संयुक्त दस्तखतबाट खाता संचालन गरिनेछ ।

२) उपदफा १ बमोजिम बैंक तथा वित्तीय संस्था र माथिल्लो संघहरूमा खाता संचालन गर्दा संघको विनियमको दफा ६ उपदफा ङ) बमोजिम उद्देश्य अनुसार अन्तर लगानी गरी बाँकी रहेको रकम तपसिल बमोजिम खाता संचालन गर्न प्राथमिकता दिइनेछ ।

क) तरल लगानी (बचत खाता र तीन महिने आवधिक बचत खाता)

ख) वित्तीय लगानी (तीन महिना भन्दा बढीको आवधिक बचत खाता)

**१०. बैंकबाट भुक्तानी दिने**

१) संघको कारोबार वा प्रयोगको मालसामान खरीद गर्दा वा संघसंग सम्बन्धित कामको सिलसिलामा खर्च गर्दा सामान्यतया चेकद्वारा भुक्तानी गर्नुपर्नेछ ।

२) संघ र सदस्य संस्था विच अन्तर लगानी कारोबार गर्दा संस्थाको नगद भुक्तानीको लागि गरेको अनुरोध पत्रको आधारमा बाहेक बैंकको चेक मार्फत भुक्तानी गरिनेछ ।

**११. लेखा :**

१) संघको लेखा प्रणाली दोहोरो लेखा प्रणालीमा आधारित हुनेछ । संघले लगानी गरेको ऋणमा पाकेको व्याज बाहेकका आम्दानी तथा खर्चको लेखांकन प्रोदभावी (एक्यूरल) सिद्धान्तका आधारमा गरिनेछ ।

२) संघले स्थिर सम्पत्तीको ह्रास खर्च कट्टी गर्दा घट्दो ह्रास प्रणाली अवलम्बन गर्नेछ ।

३) कुनै सम्पत्ति निसर्ग (डिस्पोल) गर्दा निसर्ग गरेको अघिल्लो दिनसम्मको ह्रासको आधारमा ह्रासकटी गरिनेछ । सम्पत्ति निसर्गबाट हुने लाभ वा नोक्सानीलाई नाफा नोक्सान खातामा आम्दानी खर्च लेखाङ्कन गरिनेछ ।

४) कम्प्युटर सफ्वेयरलाई लागत मुल्यमा लेखाङ्कन गरी ५ वर्षभित्र समदर प्रणालीमा अपलेखन गरिनेछ ।

५) ऋण नीतिको व्यवस्थाअनुसार मासिक रूपमा ऋण प्रतिवेदन तयार पारी सोही अनुसार ऋण जोखिम कोषको खर्च तथा आम्दानी बाध्ने व्यवस्था प्रमुख कार्यकारी अधिकृतले गर्नेछ ।

६) संघले प्रचलित ऐनबमोजिम कर बुझाउनेछ । कर भुक्तानी गर्ने जिम्मेवारी व्यवस्थापनको हुनेछ । नियमानुसार कर भुक्तानी नगरी संघलाई थप दायित्व सिर्जना हुन गएमा जसको कारणले सिर्जना भएको हो सो पक्षले व्यहोनुपर्नेछ ।

७) प्रचलित सहकारी लेखामानको अधिनमा रही लेखाका शीर्षकहरू वार्षिक बजेटमा निर्धारण गरिनेछ ।

८) संघमा कुनै पनि नगद, बैक वा जर्नल सम्बन्धी काम कारोबार हुँदा तयार गरिने भौचर आवश्यकताअनुसार दोहोरो प्रविष्टि विधिअनुसार तयार गरिनेछ । यस्ता भौचरहरको नियन्त्रण निष्काशन गरिएको वर्षको भौचर संख्याको आधारमा हुनेछ ।

९) संघमा दैनिक रूपमा कार्यालय सञ्चालनमा आइपर्ने सानातिना खर्च गर्न रू. १०,०००। सम्मको सानो नगदी कोषको स्थापना गरि प्रमुख कार्यकारी अधिकृतले तोकिएको कर्मचारीको मातहतमा संचालन गर्न सकिनेछ । सानो नगदी कोषको शोध भर्नाको स्विकृती प्रमुख कार्यकारी अधिकृतले गर्नेछ ।

१०) संघको स्विकृत कार्यक्रम सञ्चालन गर्न अनुमानित खर्च गर्नलाई तोकिएको कर्मचारीलाई अध्यक्षको स्विकृतीमा पेश्की प्रदान गर्नेछ । उक्त पेश्की कार्यक्रम सम्पन्न भएको १५ दिन भित्र पेश्की फछ्यौट गर्नुपर्नेछ ।

११) संघमा भएका प्रत्येक कारोवार सहि, वास्तविक र उपयुक्त छ, छैन हेरि सम्बन्धी फाँटवालाले जनरल भौचार तयार गरी वित्त तथा प्रशासन अधिकृतले रूजु गरी प्रमुख कार्यकारी अधिकृतले स्विकृत गरेर कोषाध्यक्षले प्रमाणित गर्नुपर्नेछ ।

१२) संघमा प्रत्येक दिन प्राप्त भएको नगद तथा जिन्सि माल सामानलाई निम्न बमोजिम गर्नु पर्छ।

क) बचत, ऋण असुली, अन्य शुल्क र स्टेशनरी बिक्री तथा अन्य किसिमले प्राप्त रकमलाई सम्बन्धित फाँटका कर्मचारीले रकम बुझिलिई भौचर तथा बिलभर्पाई दिनुपर्नेछ । सो रकमको तुरून्त लेखा अभिलेख राख्नु पर्नेछ । यसरी प्राप्त रकमलाई दैनिक रूपमा माथिल्लो तहको कर्मचारीबाट भिडान गरी सोही दिनमा भल्ट वा बैंक तथा वित्तीय संस्था वा माथिल्लो संघमा दाखिला गर्नु पर्नेछ ।

१३) माथिको बुँदामा जुन सुकै कुरा लेखिएको भएतापनि प्रचलित कानुन बमोजिम राख्नुपर्ने लेखामान वा एन एफ आर एस लागु भएको अवस्थामा सोही बमोजिम लेखामान कायम हुनेछ ।

## परिच्छेद-५
## माल सामान खरीद तथा काम गराउने व्यवस्था

**१२. माल सामान खरीद आदेश**

१) संघले आफ्नो प्रयोगको लागि तथा कारोवार सञ्चालन गर्न आवश्यक माल सामान अधिकार प्राप्त अधिकारी/समितिको लिखित आदेशबाट नियमानुसार खरीद गर्न सक्नेछ ।

**१३. माल सामान खरीद गर्ने**

१) दफा ६ को उपदफा २ बमोजिम माल सामान खरीद गर्ने आदेश प्राप्त गरेपछि संघले माल सामान खरीद वा ढुवानी गर्दा देहाय बमोजिम गर्न सकिनेछ

क) एक पटकमा रू.५०,०००।- (पचास हजार रूपैयाँ) सम्म विना दरभाउ पत्र (कोटेशन) सोझै बजारबाट ।

ख) एक पटकमा रू.५०,०००।-(पचास हजार रूपैयाँ) भन्दा माथी जति सुकै भए पनि दरभाउ पत्र (कोटेशन) बाट ।

२) उपदफा (१) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्थामा दरभाउपत्र आवश्यक हुने छैन ।
क) सहकारी संघ/संस्था र त्यसको शाखा उप-शाखाबाट निर्धारित बिक्री मोलमा सामान खरीद गर्न ।
ख) राष्ट्रिय वा अर्न्तराष्ट्रिय सहकारी संजालबाट निर्धारित बिक्री मोलमा खरिद गर्न ।
३) माल सामान खरीद गर्दा सकभर स्वदेशमै उत्पादित वस्तु खरीद गर्न प्राथमिकता दिइनेछ ।

**१४. दरभाउ पत्रद्धारा खरीद प्रक्रिया**

१) दफा १३ को उप-दफा (१) को खण्ड (ख) बमोजिम दर भाउ पत्रद्धारा खरीद गर्न सम्बन्धित माल सामानको कारोबार गर्ने फर्म, कम्पनीहरूको विवरण सम्बन्धित कर कार्यालय वा अन्य कार्यालयहरूबाट लिई सो विवरणमा परेका फर्म वा कम्पनीमध्ये उपलब्ध भए सम्म घटीमा ३ वटा फर्म वा कम्पनीबाट दर भाउ पत्र प्राप्त गर्नु पर्नेछ । सबै भन्दा कम मुल्यमा दिने फर्म वा कम्पनी सँग खरीद गर्नु पर्नेछ ।

२) उप-नियम (१) बमोजिम कम मुल्यको दरभाउ पत्र दिने फर्म वा कम्पनीले पेश गरेको सामानहरूको गुणस्तर र दरभाउ पत्रका सर्तहरू उपयुक्त नदेखिएमा बढी दरभाउपत्र वालासंग पनि खरिद गर्न सकिनेछ । यसरी बढी दरभाउपत्रवालासँग खरीद गर्नुपर्दा सोको कारण खुलाई समितिको पुर्व स्वीकृति लिई खरिद गर्नु पर्नेछ ।

**१५. निर्माण सम्बन्धि काम गर्ने**

१) संघको साधारण सभाबाट अनुमोदीत वार्षिक कार्यक्रम तथा बजेट अनुरूप कुनै पनि निर्माण, मर्मत सम्भार र सुधार कार्यको निमित्त नक्सा, नमुना र आधार तयार गरी सो को लागत अनुमान तयार गर्न र सो बमोजिम काम भए नभएको समेत मुल्याङ्कन गरी जाँच पास गर्न आवश्यकता अनुसार उप-समिति गठन गर्न सक्नेछ ।

२) उप-दफा (१) बमोजिमको काम गर्न सबै भन्दा सक्षम, योग्य र विश्वासिलो व्यक्ति वा फर्मलाई समितिले कन्सलट्यान्टको रूपमा नियुक्त गर्न सक्नेछ ।

३) परामर्शदाताले संघलाई परामर्श सेवा उपलब्ध गराए वापत पाउने सेवा र सुविधाका शर्तहरू समिति र कन्सलट्यान्टको विचमा भएको सम्झौता अनुसार हुनेछ ।

४) उप-दफा (१) बमोजिम स्वीकृत भएको लागत अनुमानमा उल्लेखित कामको परिमाण र मुल्यमा कुनै हेरफेर गर्नु परेमा वा स्वीकृत नक्सा, नमुना र आधारमा कुनै परिवर्तन गर्नु परेमा पुनः समितिबाट निर्णय गराउनु पर्नेछ ।

५) स्वीकृत लागत अनुमान नक्सा र नमुनाबमोजिमको निर्माण कार्य समितिले अमानत वा ठेक्काबाट गराउन सक्नेछ ।

६) निर्माण सम्बन्धि काम ठेक्काबाट गराउनु पर्दा देहाय बमोजिम गर्नु पर्नेछ :

क) स्वीकृत लागत अनुमान अनुसार रू.१००,०००।-(एक लाख रूपैयाँ) सम्मको काम दरभाउ पत्र नलिई वा घटाघट नगराई सोझै गर्न सकिनेछ ।

ख) रू.१००,०००।-(एक लाख रूपैया) भन्दा बढी रू.५,००,०००।-(पाँच लाख रूपैयाँ) सम्मको कामको लागि कम्तीमा ३ वटा फर्मबाट सिलबन्दि दरभाउपत्र प्राप्त गरी वा घटाघट गरी गर्न, गराउन सक्ने छ छ

ग) रू.५,००,०००।-(पाँच लाख रूपैया) भन्दा बढी जतिसुकै रकमको काम बोलपत्र माग गरी वा घटाघट गरी गर्न, गराउन सकिनेछ ।

७) उप-दफा (६) को खण्ड (ग) बमोजिम बोलपत्र माग गरिएकोमा बोलपत्र नगरी वा अन्य कुनै कारणबाट अमानतबाट निर्माण कार्य गराउनु परेमा स्वीकृत लागत अनुमानअनुसार निर्माण कार्य गराउन सकिनेछ ।

८) उप-दफा (७) बमोजिम अमानतबाट निर्माण कार्य गर्नुपरेमा त्यस्तो निर्माण कार्यको खण्ड-खण्ड गरी ठेक्कामा दिन वा आवश्यक निर्माण सामाग्री उपलब्ध गराई ज्यालामा काम लिन सकिनेछ ।

९) यस नियमबमोजिम दरभाउपत्र वा बोलपत्र वा घटाघट गरी ठेक्काबाट काम गराउँदा स्विकृत प्राप्त ठेकेदारहरूबाट गराउनु पर्नेछ ।

१०) स्वीकृत लागत अनुमानबमोजिम निर्माण सम्बन्धि काम हुँदाकै बखतमा र सम्पन्न भई सकेपछि निर्धारित नक्सा, नमुना र आधारबमोजिम गुणस्तर युक्त काम भए नभएको जाँच बुझ गराउन समतिले आवश्यकताअनुसार विशेषज्ञबाट जाँच गराउन सक्नेछ ।

११) यस नीतिबमोजिम प्राप्त हुन आएका दरभाउपत्र वा बोलपत्रको मुल्याङ्कन र छनौटका आधारहरू त्यस्तो दरभाउपत्र वा बोलपत्र खोलीनुभन्दा अगावै नै तय भई सकेको हुनु पर्नेछ ।

**१६. बोलपत्र**

१) बोलपत्रसम्बन्धी कागजात तयार गरी समितिबाट स्वीकृत भईसकेपछि ५००,०००।- पाँच लाख रूपैयाँ भन्दा बढीको बोल पत्रको माग स्थानीय पत्रपत्रिकामा देहायका कुराहरू खुलाई दुईपटक सम्म प्रकाशित गर्नू पर्ने र संघको कार्यालय, स्थानीय कार्यालयहरू र स्थानीय निकायहरूमा समेत सबैले देख्ने ठाउँमा टास्नु पर्नेछ । :

क) बोलपत्र पठाउनु पर्ने तरीका,
ख) बोलपत्र वापत लाग्ने दस्तुर,
ग) बोलपत्र दाखिला गर्नु पर्ने म्याद र स्थान,
घ) बोलपत्र खोल्ने मिति, समय र स्थान,
ङ) जमानत वापतको रकम,

च) अन्य आवश्यक कुराहरू ।

२) बोलपत्र दाखिला गर्नु पर्ने म्यादको हकमा ५०००००।- पाँच लाख रूपैयाँ सम्मको बोलपत्र भए बोलपत्र प्रकाशित भएको मितिले १५ दिन, दुईलाख रूपैयाँ देखि पाँचलाख रूपैयाँसम्मको बोलपत्र २१ दिन र सो भन्दा बढी भए आवश्यकता ३५ दिनसम्मको म्याद दिनु पर्नेछ ।

३) बोल पत्र दिने व्यक्तिले पाँच लाख रूपैयाँ सम्मको बोलपत्रको लागि रू.६००।-, ५०००००। पाँच लाख रूपैयाँ देखि १००००००। पाँचलाख रूपैयाँ सम्मको लागि रू.१०००।- र दश लाख भन्दा माथि जतिसुकै रकमको बोलपत्र भए पनि रू.५,०००।-तिरी संघबाट संघको छाप र प्रमुख कार्यकारी अधिकृतको दस्तखत सहितको बोलपत्र फारम किन्नु पर्नेछ र यस्तो बोल पत्र फारमको साथमा ठेक्काको साधारण र विशेष शर्तहरू पनि संलग्न रहेको हुनु पर्छ । बोलपत्र फारमको अतिरिक्त नक्सा, नमुना लिनु परेमा समितिले तोकिदिए बमोजिम रकम तिरि लिनु पर्नेछ । निर्माण गर्दा वा सेवा उपलब्ध गर्दा वा मालसामान दिँदा लिँदा ठेकेदारले पालना गर्नु पर्ने मुख्य मुख्य शर्तहरू फारममा उल्लेख गर्नु पर्छ ।

४) बोलपत्र फारम विक्रि भएको र बोलपत्र दर्ता भएको विवरण छुट्टै कितावमा उल्लेख गरी राख्नु पर्छ ।

५) बोलपत्र दिँदा उप-दफा (३) बमोजिमको बोलपत्र दिने व्यक्तिले बोल पत्र सम्बन्धि कागजातमा दस्तखत गर्नु पर्नेछ ।

६) उप-दफा (१) को खण्ड (ङ) बमोजिमको जमानत वापतको रकम लागत अनुमान अङ्कको साढे दुई प्रतिशतले हुने मुल रकमको नगद जमानत बोलपत्र साथ बोलपत्र पिच्छे छुट्टा छुट्टै दाखिला गर्नु पर्ने र बोल पत्र स्वीकृत भएपछि ठेक्का पट्टा गर्ने, ठेक्का अङ्कको पाँच प्रतिशत बराबरको नगद जमानत दाखिला गर्नु पर्नेछ ।

**१७. बोलपत्र खोल्ने**

१) दफा १६ को उप-नियम(६) बमोजिम सुचना अनुसार पर्न आएका बोलपत्रहरू सोही सुचनामा तोकेको मिति, स्थान र समयमा उपस्थित बोलपत्र दाताहरू वा नजिकको प्रतिनिधिको रोहवरमा खोली सबैको सही छाप गर्नु, गराउनु पर्छ । तर बोलपत्रदाताहरू वा निजका प्रतिनिधिहरू तोकिएको मिति, स्थान र समयमा उपस्थित नभएमा पनि बोल पत्र खोल्नमा बाधा हुने छैन ।

**१८. बोलपत्र स्वीकृत गर्ने अधिकार**

१) दफा १७ बमोजिम खोलिएको बोलपत्र ठेक्काको कुल रकमको आधा रकम स्वीकृत गर्ने नगर्ने र ठेक्का दिने नदिने अधिकार समितिमा निहित रहनेछ ।

२) बोलपत्र स्वीकृत गर्ने सिलसिलामा समितिको देहाय बमोजिमको कर्तव्य हुनेछ ।

क) दफा १६ बमोजिमको रीत नपुगेको बोल पत्र स्वीकार गर्नु हुँदैन ।

ख) साधारणतः सबभन्दा घटि दरवालाको बोलपत्र स्वीकृत गर्नु पर्ने छ तर बोल पत्रहरूको स्वीकृतिको लागि विचार हुँदा बोलपत्र दिने व्यक्ति वा संघको क्षमता, अनुभव, भरपर्दो भए नभएको आदि कुराको अतिरिक्त आर्थिक हैसियतको पनि ख्याल राख्नु पर्छ र घटीवालाको बोलपत्र स्वीकार गर्न मनासिव नदेखिएको कारण स्पष्ट खोली सो भन्दा बढी वालाको बोलपत्र पनि स्वीकार गर्न सकिनेछ । यसरी बोलपत्र स्वीकृत गर्दा आगामी साधारण सभालाई सोको मनासिव कारणको जानकारी दिनु पर्नेछ ।

ग) यी नीतिहरू बमोजिम पर्न आएको बोलपत्रहरूमा आशिंक रूपले स्वीकार गर्दा संघलाइ फाईदा हुने भएमा बोलपत्र दिनेको मञ्जुरी लिई त्यस्तो आशिंक रूपमा पनि स्वीकृत गर्न सकिनेछ ।

घ) लागत अनुमान भएकोमा सो लागत अनुमान गर्दा कायम भएको अङ्कको सय कडा १० सम्म बढी आएको बोल पत्र मनासिव भए सो कुरा जनाई बजेटको व्यवस्था मिलाई स्वीकृतगर्न सकिनेछ ।

ङ) लागत अनुमान भएको आको सयकडा १० भन्दा बढी कमसेकम ३ वटा बोलपत्र पर्न आएमा स्थिति र औचित्य हेरि बोलपत्र दिनेहरू सबैबाट वा सबै भन्दा घटी रकम कबुल गर्ने बाट घटाघट गर्न सकिने छ र घटाघट गराउँदा अनुमान आएको १० प्रतिशत भन्दा बढी हुन नआएमा अन्तिम घटाघट गर्नेलाई दिनु पर्ने छ तर घटाघट गर्दा पनि अनुमान आएको १० प्रतिशत भन्दा बढी हुन आएमा कारणहरू खुलाई बजेटको व्यवस्था मिलाई बोलपत्र स्वीकृत गर्न सकिनेछ ।

च) एक मात्र रीतपुर्वकको बोलपत्र पर्न आएमा सामान्यतः पुनः आर्को बोल पत्र माग गर्नु पर्छ । तर सो बोलपत्रमा कबुल गरीएको रकम स्वीकृत लागत अनुमान आएभित्र पर्न आएमा वा मोल खरीदमा त्यस्तो मोलको मोल कुनै कार्यालयबाट निर्धारित दर बराबर वा सो भन्दा घटी देखिएमा वा पुनः बोलपत्र माग गर्दा कार्यक्रम वा काममा ढिलाई हुन जाने भएमा त्यस्तो बोलपत्र पनि स्वीकृत गर्न सकिनेछ ।

छ) एउटा पनि बोल पत्र नपरेमा वा एक मात्र बोलपत्र परेकोमा खण्ड (च) बमोजिमको बोलपत्र नभएमा पुनः बोलपत्र माग गर्नु पर्नेछ । पुनः बोलपत्र माग गर्दा पनि एक मात्र बोल पत्र पर्न आएमा त्यसलाई स्वीकृत गर्न सकिनेछ । दुई पटक बोलपत्र आह्वान गर्दा पनि बोल पत्र नपरेमा र पुनः बोल पत्र माग गर्दा काममा बाधा पर्ने भएमा दरभाउपत्र वा लागत सम्बन्धि कुनै आधार लिई औचित्यको आधारमा वार्ताद्धारा खरीद गर्न वा अमानतबाट निर्माण गर्न सकिनेछ ।

ज) पुनः बोलपत्र गर्नु पर्दा शुरूको बोलपत्रलाई कायम राखी आफ्नो बोलपत्र आह्वान गर्न सकिनेछ । तर यसरी कायम राखेको बोलपत्र वालालाई चित्त नबुझे आफ्नो बोलपत्र खारेज होस भनी पुनः बोलपत्र दाखिला गर्ने निर्धारित म्याद भित्र दरखास्त दिएमा निजको बोलपत्र खारेज गरिदिनुपर्ने र यसरी बोलपत्र खारेज भएमा त्यस्तो बोल पत्र स्वीकृत भए सरह जमानत फिर्ता गर्नु पर्नेछ ।

झ) कुनै पनि कारणबाट पुनः बोलपत्र माग गर्नु पर्दा दफा २२ को उप-दफा (२) अनुसारको म्याद दिनु अनिवार्य हुने छैन ।

३) नेपाली उत्पादनका बस्तु वा सेवा वा निर्माण कार्यको लागि ठेक्का पट्टा दिँदा सामान्यतः नेपाली नागरिकलाई नै दिनुपर्न छ ।

४) उप-दफा (२) मा लेखिएको अवस्थामा बाहेक बोलपत्र ठेक्का पट्टा सम्बन्धमा अरू विशेष अवस्था परेमा समितिको निर्णयानुसार गर्नु पर्नेछ ।

**१९. बोलपत्रमा कारवाही नहुने**

१) निम्नलिखित रीत नपुगेको बोल पत्रमा कारवाही गरिने छैन ।
  क) संघबाट बिक्री भएको बोल पत्र फारम भरी नआएको,
  ख) सिलबन्दि भई नआएको,
  ग) बोलपत्र दिनेको सही छाप भई नआएको,
  घ) म्याद भित्र दाखिला हुन नआएको,
  ङ) बोलपत्र माग गरेको सुचना बोमोजिम जमानत वापतको रकम साथ नभएका।

**२०. सार्वजनिक घटाघटको व्यवस्था**

१) दफा २२ बमोजिम बोलपत्रद्धारा माल सामान खरीद गर्दा वा निर्माण कार्यको निमित्त ठेक्का बन्दोबस्त गर्दा समयमा काम नहुने भई त्यस बाट संघलाई हानी नोक्सानी हुने देखिएमा सार्वजनिक घटाघट गरी ठेक्का बन्दोबस्त गर्न सकिनेछ ।

२) उप-दफा (१) बमोजिम घटाघट गर्नु पर्दा निम्न कुरा खोली कम्तिमा ७ दिनको म्याद दिई राष्टिय वा स्थानिय पत्र पत्रिका भएको स्थानमा पत्र पत्रिकामा समेत २ पटक सुचना प्रकाशित गरी वा पत्र पत्रिका नभएको स्थानमा स्थानीय कार्यालय तथा निकायहरूमा सबैले देख्ने ठाउँमा सुचना टाँस्नु पर्छ ।
  क) माल सामान वा कामको विवरण,
  ख) घटाघट हुने स्थान,
  ग) घटाघट हुने समय र मिति,
  घ) डाँक स्वीकृत भएमा राख्नु पर्ने ठेक्का आएको ५ प्रतिशत जमानत सोही दिनमा नै राख्नु पर्ने कुरा,
  ङ) अन्य आवश्यक कुराहरू ।

३) यस नियम बमोजिम सार्वजनिक घटाघट गराउँदा संघका अध्यक्ष, प्रमुख कार्यकारी अधिकृत, स्थानीय कार्यालय तथा निकायका प्रतिनिधिहरूको रोहवरमा गराउनु पर्नेछ । तर कुनै कार्यालय वा निकायको प्रतिनिधि घटाघट हुने समयमा उपस्थित नभएको कारणले घटाघट कार्य रोकिने छैन ।

**२१. सार्वजनिक घटाघटको डाँक स्वीकृत गर्ने तोकिएको अधिकारीको अधिकार र कर्तव्य**

१) सार्वजनिक घटाघट डाँक स्वीकृत गर्ने अधिकार सम्बन्धित समितिको हुने छ र यस सम्बन्धमा समितिको कर्तव्य दफा १८ को उप-दफा २ बमोजिम हुनेछ ।

**२२. स्वीकृतिको सुचना तथा पट्टा दिने र कबुलियत गराउने छ**

१) यी नीति बमोजिम बोलपत्र वा घटाघट डाँक स्वीकृत भईसकेपछि संघले ७ दिन भित्र सो सुचना सम्बन्धित व्यक्ति वा निकायलाई दिनु पर्छ ।

२) उप-दफा (१) बमोजिमको सुचना पाए पछि त्यस्तो सुचना पाउने व्यक्ति वा निकायले बाटाको म्याद बाहेक ७ दिनभित्र कबुलियत गरी पछा लिई सक्नु पर्छ । कबुलियत गराउँदा बोलपत्रका शर्त वा काम गर्ने कार्य तालिका र ठेक्का पक्काका शर्तहरू बोलपत्रसम्बन्धि कागजात समेतको आधारमा मितव्ययीता र कार्यक्रम अनुसार काम सम्पन्न गर्ने गरी शर्त कबुलियत गराउनु पर्छ ।

३) उप-दफा (२) बमोजिमको म्याद भित्र हाजिर नभएमा वा कबुलियत गर्न मन्जुर नभएमा निजको जमानत वापत रहेको रूपैयाँ जफत गरिनेछ र निज पछिको क्रमानुसारको घटी बोल पत्र दिने व्यक्ति वा निकायहरूलाई उप-दफा(१) बमोजिम सुचना दिई आवश्यक जमानत लिई ठेक्का बन्दोबस्त गर्न सकिनेछ तर त्यस्तो ठेक्का बन्दोबस्त गर्दा पहिलो बोल पत्र दिने व्यक्तिको बोलपत्रको दश प्रतिशत अङ्क भन्दा बढी हुनु हुँदैन र बढी भएमा पुनः बोलपत्र आह्वान गर्नु पर्नेछ ।

४) एक पटक कायम भई सकेको कबुलियतका शर्तहरू संघ उपर आर्थिक दायित्व बढ्ने गरी थप घट गर्नु परेमा समितिको पुर्व स्वीकृति प्राप्त गर्नु पर्छ । आर्थिक दायित्व नबढ्ने गरी तथा संघलाई हानी नोक्सानी नपर्ने गरी अरू मनासिव कुराहरू लिएर सम्फौता ठेक्कापट्टाका शर्तहरूमा संशोधन गर्नुपर्ने ठहराएमा समितिले विचार गरी संशोधन गर्न सक्नेछ ।

**२३. बीचमा ठेक्का तोड्न नपाईने**

१) दफा २२ बमोजिम ठेक्का पत्ता कबुलियत भई सकेपछि समिति र ठेक्का दिने व्यक्ति दुवैको मन्जुरी बिना ठेक्का अवधि भुक्तानी नहुँदै बीचमा ठेक्का तोड्न वा छाड्न पाउने छैन । तर पत्ता कबुलियत बमोजिम काम शुरू नगरेमा वा शुरू गरी बीचमा छोडेमा वा कबुलियत बमोजिम कामको प्रगति नगरेमा समितिले ठेक्का तोड्न सक्नेछ । यसरी विचमा ठेक्का तोडिएमा ठेकेदारले जमानत वा अन्य कुनै कामबापत राखेको रकम जफत हुनेछ र अर्को ठेकेदार खडा गरी विचमा ठेक्का तोडी अधुरो रहेको काम पुरा गर्न ठेक्का अङ्क भन्दा जे जति बढी खर्च पर्छत्यति नोक्सानी भएको रकम प्रचलित कानुनबमोजिम ठेकेदारबाट असूलउपर गरीनेछ ।

**२४. भुक्तानी दिने**

१) ठेकेदारले काम सम्पन्न गरी समय समयमा प्रस्तुत गरेको रनिङ बीलको ९० प्रतिशत सम्म रकम भुक्तानी दिन सकिनेछ ।

२) यस नीति बमोजिम काम सम्पन्न नभई ठेकेदारलाई पेश्की दिन सकिनेछैन ।

३) उप-दफा (१) बमोजिम ठेकेदारलाई भुक्तानी दिँदा कटाएको रकम र बोलपत्र दिँदा र बोल पत्र स्वीकृत हुँदा जमानत वापत रकम ठेक्का पट्टाको शर्त अनुसार काम सम्पन्न भई समितिले कार्य समाप्त भएको प्रतिवेदन स्वीकृत गरेको ३ महिना पछि फिर्ता दिनु पर्छ ।

४) माथि उल्लेखित विषय बाहेक सार्वजनिक खरिद ऐन नियम बमोजिम हुनेछ ।

**परिच्छेद-७**

**ढुवानी तथा ज्यालादारीको बन्दोबस्त**

**२५. ढुवानी व्यवस्था**

१) संघलाई कारोबार वा प्रयोगको लागि चाहिने माल सामान तथा सम्पति ढुवानीको बन्दोबस्त समितिले ठेक्का वा ज्यालादारी मध्ये मितव्ययीताको आधारमा गर्नुपर्नेछ ।

२) उप-दफा (१) बमोजिम ठेक्काबाट ढुवानीको बन्दोबस्त गर्नुपर्दा आर्थिक वर्ष भरीमा ढुवानी गर्नुपर्ने माल सामानको अनुमानित परिमाण र कुन कुन स्थानमा के कति दर रेटमा ढुवानी गर्न सक्ने हो सो समेत खुलाई ढुवानी ठेक्का दिने सम्बन्धमा सुचना प्रकाशित गर्नु पर्ने छ छ

३) उप-दफा (२) बमोजिम ठेकेदारहरूबाट पर्न आएका दरखास्तहरू उपर विचार गरी सामान्यतः सबै भन्दा कम दर रेटमा ढुवानी गर्ने ठेकेदारको दरखास्त समितिले स्वीकृत गर्नुपर्ने छ तर ठेकेदार संग उपलब्ध ढुवानीका साधनहरू, ठेकेदारको आर्थिक स्थिति, विश्वासनीयता, क्षमता तथा व्यवहार समेत विचार गरी बढी दर रेट वालाको दरखास्त पनि समितिले स्वीकृत गर्न सक्ने छ छ तर बढी दर रेटवालाको दरखास्त स्वीकृत गर्नुपर्ने कारणहरू स्पष्ट रूपमा उल्लेख गर्नु पर्ने छ छ यसरी बढी दर रेटवालाको दरखास्त स्वीकृत गर्नु परेमा सो को मुनासिव कारण समेत खोली साधारण सभालाई जानकारी दिनुपर्नेछ ।

४) उप-दफा (३) बमोजिम समितिबाट ठेक्का दिन स्वीकृत दरखास्तवाला र संघको विचमा ठेक्काका शर्तहरूको सम्बन्धमा कबुलियतनामा गर्नु पर्नेछ ।

५) उप-दफा (४) बमोजिम ठेक्का दिन स्वीकृत ठेकेदारले समितिले तोकेको रकम धरौटी स्वरूप संघमा जम्मा गर्नु पर्नेछ ।

६) यस नियम बमोजिम ढुवानी ठेक्का स्वीकृत गर्दा सम्बन्धित जिल्ला प्रशासनबाट निर्धारित दर रेटलाई पनि आधार मान्न सकिनेछ ।

**२६. निर्धारित ज्यालाको दर रेटमा थपघट गर्न नहुने**

१) दफा २५ बमोजिम समितिबाट ज्यालाको दर रेटमा थपघट हुने गरी ज्याला दिनु हुँदैन ।

२) उप-दफा (१) मा जे सुकै कुरा लेखीएको भएता पनि कुनै कामको निमित्त कुशल ज्यालादारीको आवश्यकता परी नियम ३१ बमोजिम दर रेटमा त्यस्ता कुशल ज्यालादारी पाउन सम्भव नभएमा वा ढुवानी गर्नु पर्ने मालसामानको परिमाण, प्रकृति, जरूरीपना इत्यादि समेतलाई विचार गरी सो बमोजिमको दर रेटमा ढुवानी गर्न नसकिएमा समितिले बढ्दो दररेटमा काम वा ढुवानी गराउन सक्नेछ । तर यसरी बढी दर रेटमा काम वा ढुवानी गराउँदा सो गर्नु पर्नाका कारणहरू स्पष्ट रूपमा उल्लेख गर्नु पर्नेछ ।

**परिच्छेद-८**

**सम्पतिको जिम्मा, लगत, संरक्षण र बर बुझारथ**

**२७. सम्पतिको जिम्मा**

१) संघमा रहेका सम्पुर्ण नगदी तथा जिन्सि सम्पतिहरू समिति र प्रमुख कार्यकारी अधिकृतको मातहतमा रहनेछ ।

२) उप-दफा (१) बमोजिम प्रमुख कार्यकारी अधिकृतलाई जिम्मा दिईएका सम्पति सामानहरू प्रमुख कार्यकारी अधिकृतले पनि समितिको परामर्शमा आफु भन्दा मुनिका अन्य कर्मचारीलाई जिम्मा दिन सक्नेछ ।

३) यस नीति बमोजिम समितिले प्रमुख कार्यकारी अधिकृतलाई र प्रमुख कार्यकारी अधिकृतले समितिको परामर्शमा आफुभन्दा मुनिका कर्मचारीलाई जिम्मा दिएको सम्पति हिना मिना त्यसको जवाफदेही क्रमशः प्रमुख कार्यकारी अधिकृत र सम्बन्धित कर्मचारीको अलावा अन्तिम जवाफदेही समिति नै हुनु पर्नेछ ।

४) यस नीति बमोजिम प्रमुख कार्यकारी अधिकृत र अन्य कर्मचारीको जिम्मामा रहेका सम्पति सामानको हिनामिना नहुने गरी लगत श्रेस्ता सहित त्यसको संरक्षण गर्ने, सम्भार गर्ने वा चालु अवस्थामा राख्ने मुख्य दायित्व सम्बन्धित प्रमुख कार्यकारी अधिकृतको हुनेछ ।

५) उप-दफा (४) बमोजिमको काम गर्न सम्बन्धित प्रमुख कार्यकारी अधिकृतले आफ्नो जवाफदेहीमा आफु भन्दा मुनिका अन्य कर्मचारीलाई गराउन सक्नेछ ।

**२८. जिन्सि सम्पतिको लगत तयार गर्ने**

संघमा रहेका सम्पतिको लगत तयार गरी सम्बन्धित खातामा श्रेस्ता अद्यावधिक राख्नु पर्नेछ ।

**२९. निरिक्षण गर्ने**

१) नीति २८ बमोजिम लगत खडा गरी राखिएको सम्पति के कस्तो अवस्थामा छन्, प्रमुख कार्यकारी अधिकृतले अर्धवार्षिक रूपमा स्वयम् वा अन्य कर्मचारी वा प्राविधिज्ञद्धारा निरीक्षण गरी वा गर्न लगाई देहाय बमोजिमका विवरणहरू खुलेको प्रतिवेदन लिखित रूपमा लेखी वा लिई समितिमा प्रस्तुत गर्नु पर्नेछ । :

क) सम्पतिको संरक्षण र सम्भार राम्रो संग भएको छ वा छैन,

ख) के कति सम्पति सामानहरू बेकम्मा भई लिलाम गर्नुपर्ने अवस्थामा छन,

ग) के कति सम्पति सामानहरू मर्मत गर्नुपर्ने अवस्थामा छन,

घ) सम्पति सामानको हानी नोक्सानी भए नभएको, यसमा कस्को लापरवाही वा गलतिबाट सो भएको हो, र

ङ) सम्पति खातामा आम्दानी नबाँधिएका सम्पति सामानहरू भए के कति र कस्तो अवस्थामा छन ।

२) उप-दफा (१) बमोजिमको निरिक्षण प्रतिवेदन समितिमा प्रस्तुत भएपछि प्रमुख कार्यकारी अधिकृतले सम्पतिको मर्मत, सम्भार र संरक्षण आदि सम्बन्धमा समितिबाट निर्णय भए बमोजिम गर्नु, गराउनु पर्नेछ ।

**३०. बुझ बुझारथ गर्ने**

१) नगदी, जिन्सि मालसामन तथा श्रेस्ताको जिम्मा लिने कर्मचारी साधारण तया बढुवा, निलम्बन वा अवकाश प्राप्त भई वा अन्य कुनै कारणले संघ छोडी जाँदा वा सो कामबाट अलग हुँदा ७ दिन भित्र बरबुझारथ गर्नु निजको कर्तव्य हुनेछ । बुझिलिने कर्मचारीले पनि तुरून्त बुझिलिनु पर्नेछ ।

२) उप-दफा (१) बमोजिम बुझ बुझारथ हुँदा नगद वा जिन्सि मालासामान, श्रेस्ता आदिको हानी नोक्सानी वा हिनामिना भएको देखिएमा त्यस्तो हानी नोक्सानी वा हिनामिना भएको मालसामान वा आफ्नो जिम्मा रहेको कुनै पनि मालसामान सबुद दाखिला गर्न नसकेका त्यस्तो मालसामान जिम्मा लिने व्यक्ति सित समितिले माल सामानको मुल्य असुल उपर गरी निजमाथी प्रशासनिक कारवाही समेत गर्न सक्नेछ ।

३) उप-दफा (२) बमोजिम मुल्य असुल उपर गर्नु पर्दा समितिले सो माल सामानको अवस्था तथा वर्तमान बजार मुल्यलाई समेत विचार गरी मुल्य कायम गर्ने छ । समितिले आवश्यक देखेमा सम्बन्धित प्राविधिकको समेत राय लिन सक्नेछ ।

४) उप-दफा (१) बमोजिम बुझ बुझारथ गर्ने कर्तव्य भएका कर्मचारी नोकरी बाट अवकाश लिई सकेको, पत्ता नलागेको वा मरेको, स्वास्थयको कारण र मानसिक रूपमा असुन्तलित भएका कर्मचारीले गर्नुपर्ने बुर बुझारथ निजको परिवारका सदस्यले गर्न चाहेमा समितिको रोहवरमा जसले बुझिलिनुपर्ने हो बुझिलिनु पर्छ ।

५) उप-दफा (१) बमोजिम बर बुझारथ गर्ने कर्तव्य भएको कर्मचारीलाई सोबमोजिम बर बुझारथ गरी सकेपछि संघले बर बुझारथ विवरणको ३ प्रति तयार गरी एक प्रति बुझाउनेलाई, एक प्रति बुझ्नेलाई दिई एक प्रति संघले राखी छोड्नु पर्नेछ ।

६) बर बुझारथ गर्ने व्यक्ति बहाल टुटेको कर्मचारी भए निजले उप-दफा (५) बमोजिमको बर बुझारथ तालिका पेश नगरी संघबाट पाउने कुनै पनि सेवा, सुविधाको रकम पाउने छैन ।

**३१) लिलाम गर्ने कार्यविधि**

(१) संस्थामा रहेको मेशिन, औजार तथा भारी उपकरण र सवारी साधन (घोडा, साइकल बाहेक) चालु हालतको भए पनि पुरानो मोडल, त्यसको स्पेयर पार्ट पूर्जाको अभाव तथा मर्मत सम्भार तथा सञ्चालनमा बढी खर्च लाग्ने तथा वर्तमान अवस्थामा अनुपयोगी भनी मेकानिकल प्राविधिकबाट प्रतिवेदन पेश गरेका मेशिन औजार तथा भारी उपकरण र मालसामान अधिकार प्राप्त अधिकारीले लिलाम गर्नुपर्ने भनी ठहराएमा त्यस्ता मालसामान जाँचबुझ एवं सर्भेक्षण गरी सिफारिश गर्न संघले उपनियम (२) बमोजिम गर्नु पर्नेछ ।

(२) सवारी साधन, उपकरण, मेशिन वा औजार लिलाम गर्नुपर्ने भएमा सम्बन्धित संघले देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) सञ्चालक समितिले तोकेको पदाधिकारी संयोजक रहने गरी प्रमुख कार्यकारी अधिकृत सहित तीन सदस्यीय उपसमिति गठन गरिनेछ । उक्त उपसमितिमा विज्ञ प्राविधिकलाई समेत आमन्त्रित गर्न सकिनेछ।

(ख) प्राविधिक प्रतिनिधि तोक्दा यथासम्भव सम्बन्धित जिन्सी मालसामानको ज्ञान भएको विज्ञ प्राविधिक तोक्नु पर्नेछ ।

(ग) दशलाख रूपैयाँ भन्दा बढी मूल्य पर्ने वा विशेष प्रकारको जिन्सी मालसामानको हकमा संस्थाले बढीमा दुई जनासम्म सम्बन्धित विषयका प्राविधिक आमन्त्रण गर्न सक्नेछ ।

(घ) उपनियम (४) बमोजिम आवश्यक अध्ययन सर्वेक्षण गरी संघको नियमानुसार ह्रास कटी गरी बाँकी रहेको मूल्य न्यून भएमा सोको अनुमानित मूल्य समेत तोकी उपसमितिले संघको सञ्चालक समिति समक्ष सिफारिसको प्रतिवेदन दिनेछ ।

(३) उपनियम (२) बमोजिमको उपसमितिको सिफारिस प्राप्त भएपछि सम्पूर्ण बेहोरा खुलाई सम्बन्धित संघको सञ्चालन समिति समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपनियम (२) बमोजिमको उपसमितिले मूल्य नखुलेको मालसामानको मूल्य कायम गर्दा मालसामानको उपयोगिता, सेवा आयु, हास कट्टि, अवशेष मूल्य र बजार मूल्य समेत बिचार गर्नु पर्नेछ । हास कट्टि गर्दा आयकर सम्बन्धी प्रचलित कानून बमोजिमको दरमा काट्नु पर्नेछ । भन्सार नतिरेको मालसामानको मूल्य कायम गर्दा भन्सार शुल्क समेत समावेश गरी सो शुल्कमा समेत ह्रास कट्टा गर्नु पर्नेछ ।

तर यस नियममा उल्लिखित आधार पूरा वा आंशिक रूपमा किटान गर्न नसकिने माल सामानको हकमा उपनियम (२) को उपसमितिले सम्बन्धित संघ समक्ष पेश गर्नु पर्ने छ । यसरी जानकारी प्राप्त भए पछि त्यस्तो संस्थाले सम्बन्धित विशेषज्ञलाई सामान प्रयोगमा आउने वा नआउने बारे जाँचबुझ गर्न लगाउँनु पर्नेछ । सम्बन्धित विशेषज्ञले त्यस्ता सामान मरम्मत गरेर पुनः प्रयोग हुन नसक्ने वा मरम्मत गर्दा उपनियम (१४) अनुसारको स्थिति हुने प्रतिवेदन दिएमा सोही प्रतिवेदनलाई आधार लिई मूल्य कायम गर्ने निर्देशन दिनु पर्ने छ ।

(५) उपनियम (३) बमोजिमको सिफारिस पेश भएपछि सम्बन्धित संघले लिलाम गर्ने आदेश दिन सक्नेछ । यसरी आदेश प्राप्त भएपछि प्रमुख कार्यकारी अधिकृतले उपनियम (६) बमोजिम लिलाम बिक्री गर्नेछ ।

(६) उपनियम (५) बमोजिम लिलाम गर्ने आदेश प्राप्त भएपछि वा उपनियम (१) बमोजिम लिलाम गर्ने निर्णय भएपछि दुई लाख रूपैयाँसम्मको मालसामान लिलाम बिक्री गर्न पन्ध्र दिनको र सोभन्दा बढी मूल्यको मालसामान लिलाम बिक्री गर्न एक्काईस दिनको म्याद दिई देहायका कुरा समेत खुलाई सूचना प्रकाशन गरी लिलाम बढाबढ गराउनु पर्नेछ :-

(क) मालसामानको विवरण,

(ख) मालसामानको न्यूनतम मूल्य,

(ग) लिलाम बढाबढ हुने स्थान, मिति र समय (बढाबढको लागि शुरू र अन्त्य हुने समय बजे),

(घ) न्यूनतम मूल्यबाट नै बढाबढ शुरू हुने कुरा,

(ङ) लिलाम सकार गर्न डाँक बोल्नु अघि नै बोलिएको अंकको पाँच प्रतिशतले हुने नगद धरौटी राख्नु पर्ने कुरा र डाँक अंक बढ्दै गएमा सोही अनुपातमा धरौटी थप गर्दै जानु पर्ने कुरा,

(च) लिलाम सकार गरेको मालसामान उठाइ लैजानु पर्ने अवधि,

(छ) अन्य आवश्यक कुरा ।

(७) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बोलपत्रबाट लिलाम बिक्री गर्न मनासिब देखिएमा मालसामान हेर्न सक्ने व्यवस्था मिलाई उपनियम (६) बमोजिम म्याद दिई बोलपत्र माग गर्न सक्नेछ । यसरी बोलपत्र आह्वान गरिएकोमा बोल आएको पाँच प्रतिशतले हुने रकम बराबरको बैङ्क जमानत वा धरौटी खातामा जम्मा गरेको भौचर बोलपत्र साथ राख्नु पर्नेछ । सम्बन्धित संस्थाले उपयुक्त देखेमा अन्य कुनै संस्थाबाट पनि बोलपत्र खरिद र दाखिला सम्बन्धी व्यवस्था मिलाउन सक्नेछ ।

(८) उपनियम (६) वा (७) बमोजिम लिलाम बढाबढ गर्न वा बोलपत्र माग गरी लिलाम बिक्री गर्ने सूचना प्रकाशन गर्दा परल मूल्य नखुलेकोमा हाल मूल्याङ्कन गर्दा पचास हजार रूपैयाँसम्म मूल्य कायम हुने सामान र परल मूल्य खुलेकोमा हाल मूल्याङ्कन गर्दा एकलाख रूपैयाँसम्म मूल्य कायम हुने सामानसम्बन्धित संघको सूचना पाटीमा सबैले देख्ने गरी सूचना टाँस गरी सोको मुचुल्का वा टाँसेको जानकारी प्राप्त गर्नु पर्नेछ र सोभन्दा बढी मूल्य कायम हुने सामान भए राष्ट्रियस्तरको पत्रपत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(९) लिलाम सकार गरेको जिन्सी मालसामान सम्बन्धित संघले तोकेको अवधिभित्र कबोल गरेको पूरा रकम बुझाई नउठाएमा सो बापत राखिएको धरौटी जफत गरी पुनः लिलाम गरिनेछ ।

(१०) पुनः लिलाम बढाबढ गर्दा पनि न्यूनतम् मूल्य कबोल नगरेमा उपनियम (२) बमोजिमको समितिबाट पुनः मुल्याङ्नगराई लिलाम बढाबढ गराउनु पर्नेछ । यसरी पुनः मुल्याङ्नगरिएको मूल्यमा पनि लिलाम बढाबढ हुन नसकेमा सम्बन्धित संघले तोकेको व्यक्ति वा निकाय, जिल्ला प्रशासन कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयको अधिकृतस्तरको प्रतिनिधिको रोहबरमा सिधै बिक्री गर्न सकिनेछ । यसरी सिधै बिकी हुन नसकेमा मिन्हातर्फ कारबाही चलाउनु पर्नेछ ।

(११) मोटर, ट्रक, जीप जस्ता सवारी साधन र ठूला मेशिन उपकरणको जाँच सर्वेक्षण गर्ने मुल्याङ्कन समितिका सदस्यलाई संघले तोकेको दरमा बैठक भत्ता दिइनेछ ।

(१२) सवारी साधन, मेशीनरी, औजार र प्राविधिक सामान बाहेक फर्निचर जस्ता सामानको मुल्याङ्कनगर्दा मुल्याङ्कनसमिति गठन नगरी आयकरको प्रयोजनको लागि तोकिएको ह्रास कट्टी दरको आधारमा मूल्य कायम गर्न सकिनेछ । आयु तोकिएका जुनसुकै सामानको आयु समाप्त भए पछि उपनियम (२) बमोजिम समितिबाट मुल्याङ्कन गराई लिलाम बिकी गर्न सकिनेछ ।

(१३) यस नियमावलीबमोजिम लिलाम बिक्री भए वा नभएको कुराको जानकारी लिनको लागि सम्बन्धित संघले वर्षको एक पटक निरीक्षण गराई प्रतिवेदन लिनुपर्छ र त्यस्तो प्रतिवेदन माथि आवश्यक कारबाही गर्नु पर्नेछ ।

(१४) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बाह्र वर्ष भन्दा बढी पुराना र चालु हालतमा नरहेका वा चालु हालतमा ल्याउन सोही सामानको बजार मूल्यको पच्चीस प्रतिशतभन्दा बढी मर्मत खर्च लाग्ने भएमा अधिकार प्राप्त अधिकारीले उपनियम (२) बमोजिमको समितिको सिफारिसमा लिलाम बिक्री गर्न सक्नेछ ।

(१५) निर्माण भएका भौतिक संरचनाको लिलाम बिक्री गर्दा भत्काउन लाग्ने खर्च र माल सामान बिक्री गर्दा प्राप्त हुने रकमको आइटमवाइज लागत अनुमान तयार गर्नु पर्नेछ । लिलाम बिक्रीबाट प्राप्त रकमभन्दा भत्काउन लाग्ने रकम बढी भएको खण्डमा फरक रकमलाई नै न्यूनतम मूल्य मानी लिलाम घटाघटको माध्यम अपनाउनु पर्नेछ । लिलामबाट प्राप्त हुने रकम भत्काउदा लाग्ने खर्चभन्दा बढी हुन आएमा फरक रकमलाई नै न्यूनतम मूल्य मानी लिलाम बढाबढको कारबाही गर्नु पर्नेछ ।

**३२. अधिकार**

यी नीति विनियमले दिएको अधिकार प्रयोग गरी सञ्चालक समितिले संशोधन गर्न सक्नेछ ।

**३३ खारेजी र बचाउ**

यी नीति संघको विनियम, सहकारी ऐन तथा नियमावली एवं प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

## भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

सूर्यविनायक न.पा. ८, भक्तपुर

| | |
|---|---|
| नीति तथा तथा कार्यविधिको नाम | **सदस्य संस्थाको निरीक्षण तथा अनुगमन कार्यविधि–२०८१** |
| सञ्चालक समितिको बैठकबाट पुनर्लेखन स्वीकृत मिति | २०८१।०५।२४ |
| अघिल्लो स्विकृत मिति | २०७६।०२।२५ |
| लागू हुने मिति | साधारण सभाबाट अनुमोदन भएपछि |

**प्रस्तावना**

संघमा आबद्ध सदस्य संस्थाहरुलाई सहकारीको अर्न्तराष्ट्रिय सिद्धान्त, सहकारी ऐन तथा नियमको प्रभावकारी कार्यान्विन र परिपालना गर्न गराउनुको साथै जोखिम न्यूनीकरण गरी वित्तीय अनुशासन कायम राख्न निरीक्षण तथा अनुगमन कार्यविधि आवश्यक भएकोले सहकारी ऐन २०७४ को दफा ९९ ले दिएको अधिकार प्रयोग गरी सदस्य संस्थाको निरीक्षण तथा अनुगमन कार्यविधि २०८१ तयार गरिएको छ ।

**प्रारम्भ**

यो कार्यविधिको नाम सदस्य संस्थाको निरीक्षण तथा अनुगमन कार्यविधि २०८१ हुनेछ ।

**१. उद्देश्य**

१.१ सदस्य संस्थाहरुको अवस्था मुल्याङ्कन गरी सुझाव पेश गर्ने,

१.२ सदस्य संस्थाहरुको जोखिम न्युनीकरण गरी वित्तीय अनुशासनमा राख्ने,

१.३ सदस्य संस्थाहरुको अनुगमन र निरीक्षणमा दिइएका सुझावहरु पालना नभएमा रजिष्ट्रारसमक्ष सोको जानकारी पेश गर्ने,

१.४ सहकारी ऐन तथा नियमको प्रभावकारी, कार्यान्वियन र परिपालना गर्न गराउने,

१.५ सम्भावित वित्तीय समस्याबाट संस्था र सदस्यहरुलाई बचाउने,

१.६ संघको ऋण लगानीलाई सुरक्षित गर्ने ।

१.७ सहकारी अभियानलाई बलियो बनाउने ।

**२. परिभाषा**

**विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

२.१ **"संघ"** भन्नाले भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. बुझ्नुपर्छ ।

२.२ **"संस्था"** भन्नाले संघमा आबद्ध प्रारम्भिक तहको बचत तथा ऋण सहकारी संस्था लि. बुझ्नुपर्छ ।

२.३ **"टोली"** भन्नाले सहकारी निरीक्षण तथा अनुगमन टोली भन्ने बुझ्नुपर्छ ।

२.४ **"संयोजक"** भन्नाले सहकारी निरीक्षण तथा अनुगमन टोलीको संयोजकलाई बुझ्नुपर्छ ।

२.५ **"कार्यविधि"** भन्नाले यस सदस्य संस्थाको निरीक्षण तथा अनुगमन कार्यविधि सम्झ्नुपर्दछ ।

२.६ **"रजिष्ट्रार"** भन्नाले सहकारी विभागको रजिष्ट्रार वा निजबाट अधिकारप्राप्त नियमन निकायका अधिकृतलाई सम्झनुपर्दछ ।

**३. टोली गठन**

संघको सञ्चालक समितिबाट सञ्चालकमध्ये एक जना संयोजक हुने गरी ३ जनाको संस्था निरीक्षण तथा अनुगमन टोली गठन गरिनेछ । टोलीले आवश्यकताअनुसार समिति, उपसमितिका पदाधिकारी वा कर्मचारी मध्येबाट थप २ जना आमन्त्रित गर्न सक्नेछ ।

**४. टोलीको सीमाडछ**

४.१ टोलीको नेतृत्व सञ्चालक समितिको सदस्य वा समितिले संयोजक गरिनेछ ।

४.२ सामान्यतया संघमा आबद्ध सदस्य संस्थाहरुको निरीक्षण तथा अनुगमन गर्नेछ । आवश्यक भएमा अन्य संस्थाहको पनि अनुगमन गर्नेछ ।

४.३ सहकारी निरीक्षण तथा अनुगमन टोलीले दिएको सुझाव तथा सुधार प्रतिवेदन सञ्चालक समितिलाई दिइनेछ ।

४.४ टोली कुनै पनि राजनीतिक आस्था, दबाब समूह वा व्यक्तिको निहित स्वार्थबाट अलग्ग रहनेछ ।

४.५ टोली संस्थाको विकास तथा सुधारसम्बन्धी सुझावमा केन्द्रित रहनेछ ।

४.६ सदस्य संस्थाले अनुगमनको लागि माग भएमा सो संस्थाको अनुगमन गर्न सक्नेछ ।

५. टोलीको सञ्चालन

५.१ टोलीले आवश्यकता अनुसार संस्थाहरुको अनुगमन गर्नेछ ।

५.२ टोलीले निरीक्षण तथा अनुगमनको बारेमा सञ्चालक समितिमा प्रतिवेदन पेश गर्नेछ ।

५.३ टोलीले निरीक्षण तथा अनुगमन गर्दा देखिएको कैफियतको विषयमा सोही समयमै संस्थालाई लिखित रुपमै सुझाव दिन सक्नेछ ।

५.४ टोलीले दिएको प्रतिवेदनको आधारमा सञ्चालक समितिले सम्बन्धित संस्थालाई सुझाव पालनाको निर्देशन दिन सक्नेछ ।

५.५ निरीक्षण तथा अनुगमनको क्रममा संस्थामा गम्भिर प्रकृतिको समस्या वा जोखिम देखिएमा माथिल्लो संघ वा रजिष्ट्रारसमक्ष तत्काल जानकारी गराउन सञ्चालक समितिसमक्ष सिफारिस गर्न सक्नेछ । सोको आधारमा सञ्चालक समितिले आवश्यकताअनुसार जानकारी गराउन सक्नेछ ।

६. संस्थाको अनुगमनमा प्राथमिकताको आधार

६.१ नियमित रुपमा साधारण सभा नगरेका र संघमा नियमित प्रतिवेदन, नवीकरण र नियमित लगायतका बचतहरु नगर्ने संस्था,

६.२ पर्ल्स अनुगमन प्रणालीको सूचक भन्दा अधिक फरक हुने गरी वित्तीय सूचाङ्क कायम भएका संस्था,

६.३ विशेष गरी ९० प्रतिशत भन्दा बढी ऋण लगानी र कुल बचत निक्षेपको १० प्रतिशत भन्दा कम तरलता भएको संस्था,

६.४ भाखा नाघेको ऋण १० प्रतिशत भन्दा बढी, आर्जन नगर्ने सम्पत्ती १० प्रतिशतभन्दा बढी र नोक्सानमा संचालन रहेका संस्था,

६.५ संघमा लिखित रुपमा गुनासो परेका संस्था,

६.६. संघको ऋण प्रयोग गरी समयमा साावा व्याज चुक्ता नगरेका संस्था ।

६.७. माथि जुनसुकै कुरा लेखिएको भए तापनि सदस्य संस्थाहरुमा आवश्यकता अनुसार नियमित रुपमा वा आकस्मिक अनुगमन गर्न सक्नेछ ।

७. अनुगमन फारम

७.१ अनुसूची १ बमोजिमको फारम अनुगमन टोलीले प्रयोग गर्नेछ ।

८. टोलीको सेवा सुविधा

८.१ टोलीमा संलग्न पदाधिकारीहरुले अनुगमन निरीक्षण गरेको संस्थाको प्रतिवेदनको आधारमा प्रतिदिनको परिवहन खर्च सञ्चालक समितिले अन्य कार्यक्रममा सहभागिता जनाउादा पाउने परिवहन खर्चसरह पाउनेछन् ।

९. संशोधनसम्बन्धी व्यवस्था

९.१ यस कार्यविधिमामा लेखिएका कुराहरुमा संशोधन गर्नुपर्दा सञ्चालक समितिको निर्णयबाट निर्णय गरी साधारण सभाले अनुमोदन गरेपछि संशोधन हुनेछ ।

१०. टोलीको खारेजी तथा बचाउ

टोलीको गठन तथा विघटन सञ्चालक समितिले आवश्यकताअनुसार गर्न सकिनेछ ।

## भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

सूर्यविनायक न.पा. ८, भक्तपुर

| | |
|---|---|
| नीति तथा तथा कार्यविधिको नाम | **निर्वाचन निर्देशिका २०८१** |
| सञ्चालक समितिको बैठकबाट पुनर्लेखन स्वीकृत मिति | २०८१।०४।१५ |
| अघिल्लो स्विकृत मिति | २०७३।०८।०५ |
| लागू हुने मिति | साधारण सभाबाट अनुमोदन भएपछि |

**परिचय**

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.को विनियमको परिच्छेद ५ दफा ३५ उपदफा क) बमोजिम सञ्चालक समिति तथा दफा ४१ को उपदफा १ बमोजिम लेखा सुपरिवेक्षण समितिका निर्वाचन कार्यलाई व्यवस्थित गर्न निर्वाचन निर्देशिकाको आवश्यकता महसुस गरी संघको निर्वाचन निर्देशिका २०८१ लाई संशोधन गरी लागू गरिएको छ।

**उद्देश्य**

संघको सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन कार्य सरल र सहज तरिकाबाट सम्पन्न गर्ने उद्देश्यले यो निर्देशिका जारी गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस निर्देशिकाको नाम "निर्वाचन निर्देशिका २०८१" रहेको छ।

(२) यो निर्देशिका संघका सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिको निर्वाचनको लागि अनुसरण गर्नुपर्नेछ।

२. **परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) ***"संस्था"*** भन्नाले सहकारी ऐन, २०७४ को दफा ३ अनुसार दर्ता भएको प्रारम्भिक सहकारी संस्था सम्झनुपर्छ।

(ख) ***"संघ"*** भन्नाले सहकारी ऐन, २०७४ को दफा ४ अनुसार दर्ता भएको भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.लाई सम्झनुपर्छ।

(ग) ***"बैंक"*** भन्नाले सहकारी ऐन, २०७४ को दफा १२ को उपदफा (१)क अनुसार दर्ता भएको राष्ट्रिय सहकारी बैंकलाई सम्झनुपर्छ।

(घ) "विनियम" भन्नाले यस संघको विनियमलाई सम्झनुपर्छ।

(ङ) ***"निर्वाचन"*** भन्नाले यस संघको सञ्चालक समितिका र लेखा सुपरिवेक्षण समितिका निर्वाचनलाई सम्झनुपर्छ।

(च) ***"निर्वाचन अधिकृत"*** भन्नाले संघले आफ्नो निर्वाचन प्रयोजनका लागि नियुक्त गरिएमा संयोजकलाई निर्वाचन अधिकृत सम्झनुपर्दछ।

(छ) ***"मतदाता"*** भन्नाले संघका सदस्य संस्थाका प्रतिनिधिलाई सम्झनुपर्छ।

(ज) ***"उम्मेदवार"*** समिति र लेखा सुपरिवेक्षण समितिका सदस्य निर्वाचनमा उम्मेदवार हुने व्यक्तिलाई सम्झनुपर्छ।

**३. निर्वाचन समिति र निर्वाचन संयोजकसम्बन्धी व्यवस्था**

(क) संघको सञ्चालक समितिले आफ्नो सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन गर्ने प्रयोजनका लागि संघको विनियमको दफा ९७ उपदफा (२) अनुसार एक जना संयोजक र दुई जना सदस्य रहने गरी तीन जनाको निर्वाचन समिति गठन गर्नुपर्नेछ।

(ख) निर्वाचन कार्यक्रममा मतदान अधिकृतका रुपमा निर्वाचन समितिको संयोजकले आवश्यक काम कार्बाही गर्नेछ। बाँकी दुई जना सदस्य संस्थाका प्रतिनिधिमध्येबाट संघले छनौट गरिएका व्यक्तिहरुले निर्वाचन समितको सदस्यको रुपमा कार्य गर्नेछ।

**४. निर्वाचन कार्यक्रमको सूचना प्रकाशित गर्ने**

संघको सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचनको लागि १५ दिनअगावै सम्बन्धित संघले निर्वाचन समितिको बैठक बसी अनुसूची - १ अनुसारको ढाँचामा निर्वाचन कार्यक्रमको सूचना प्रकाशन गर्नुपर्नेछ।

**५. मतदाता नामावली प्रकाशित गर्ने**

(क) सञ्चालक समितिको निर्णयानुसार गठित निर्वाचन समितिले निर्वाचन गराउने दिनको प्रारम्भमा अनुसूची-२ बमोजिमको ढाँचामा सञ्चालक समितिले उपलब्ध गराएको र निर्वाचन अधिकृतले प्रमाणित गरेको मतदाता नामावली प्रकाशित गर्नुपर्नेछ र सोको मुचुल्का अनुसूची-३ बमोजिमको ढाँचामा राख्नु पर्नेछ। छुटफुट भएको मतदाताको नाम थपघट गर्न छोटो अवधिको म्याद दिई थपघट गर्नुपर्नेछ। थपघट गरी सच्याइएको अन्तिम नामावली पुनः प्रकाशित गर्नुपर्नेछ।

(ख) निर्वाचन शुरु गर्नुअघि उम्मेदवारहरुलाई प्रचार प्रसारको लागि केही समय दिनुपर्नेछ। निर्वाचन शुरु भएपछि प्रचारप्रसार बन्द गर्नु पर्नेछ।

**६. उम्मेदवारबाट दरखास्त लिने**

(क) संघको सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको उम्मेदवारको लागि दरखास्त दिन योग्यता पुगेको सदस्य संस्थाका प्रतिनिधिले अनुसूची-४ बमोजिमको ढाँचामा उम्मेदवारको दरखास्त दिनुपर्नेछ । उम्मेदवारी दर्ता अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र लेखा सुपरिवेक्षण समितिको संयोजकका लागि रु.२,०००। (दुई हजार रुपैंया मात्र) र बाँकी अन्य पदहरुको लागि रु १०००। (एक हजार रुपैंया) दर्ता शुल्क लाग्नेछ ।

(ख) उम्मेदवारको लागि दरखास्त दिँदा एक जना प्रस्तावक र एकजना समर्थकको सही भएको हुनुपर्छ । तर कुनै उम्मेदवारको लागि एक पटक प्रस्तावक वा समर्थक भएपछि अर्को उम्मेदवारको लागि प्रस्तावक वा समर्थक बन्न पाउनेछैन ।

(ग) निर्वाचन अधिकृतले प्राप्त दरखास्त जाँच गरी उम्मेदवारहरुको नामावली अनुसूची-५ बमोजिमको ढाँचामा तयार गरी सूचना प्रकाशित गर्नुपर्नेछ ।

(घ) उम्मेदवारको दाबीविरोध र नाम फिर्ता लिन निश्चित अवधिको म्याद दिनुपर्छ र त्यसपछि अन्तिम नामावली प्रकाशित गर्नुपर्नेछ ।

**७. संघको उम्मेदवार हुन नपाउने अवस्था**

संघको प्रतिनिधित्व गरेको एक जना व्यक्ति एकभन्दा बढी पदको लागि उम्मेदवार बन्न पाउने छैन । निम्न अवस्थामा संघको प्रतिनिधित्व गरेको कुनै पनि व्यक्ति सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको कुनै पनि पदको निर्वाचनमा उम्मेदवार बन्न पाउने छैन ।

(क) संघको विनियमअनुसार तिर्नु बुझाउनुपर्ने शुल्कहरु बाँकी रहेको ।
(ख) संघको रकम हिनामिना गरेको वा सदस्य संस्थाकोनाममा भाखा नाघेको ऋण वा अन्य प्रकारको रकम बाँकी कायम रहेको ।
(ग) संस्था वा संघ वा बैंक वा वित्तीय संस्थाको ऋण चुक्ता नगरेबापत कालोसूचीमा परेको ।
(घ) सम्पत्ति शद्धीकरणसम्बन्धी मुद्दामा कारबाही चलिरहेको वा कारबाही भएको ।
(ङ) संघ वा संस्थाको कर्मचारी भएको ।
च) संस्था संघको सदस्य भएको चार बर्ष (एक कार्यकाल) ननाघेको ।
छ) संस्था अन्य जिल्लास्तरिय सहकारी संघको सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिमा रहेको ।
ज) सदस्य संस्थामा सञ्चालक समिति वा लेखासुपरिवेक्षण समितिमा रहेको वा कम्तीमा सञ्चालक समिति वा लेखा सुपरिवेक्षण समितिमा बसी कार्य नगरेको ।
झ) अध्यक्ष पदको उम्मेदवार बन्नको लागि संघको एक कार्यकाल सञ्चालक समितिमा नरहेको ।

**८. निर्वाचित सदस्य संस्थाको प्रतिनिधि परिवर्तन नहुने**

यस संघको सदस्य संस्थाका प्रतिनिधि विनियमको दफा ३५ बमोजिम सञ्चालक समितिमा वा दफा ४१ बमोजिम लेखा सुपरिवेक्षण समितिमा कुनै पदमा निर्वाचित भएको अवस्थामा सहकारी ऐन २०७४ को दफा ३४ बमोजिम सम्बन्धित सदस्य संस्थाको सदस्य कायम रहन नसक्ने अवस्थामाबाहेक निर्वाचित कार्यकाल अवधिको लागि सम्बन्धित संस्थाको प्रतिनिधिकै रुपमा कायम रहनेछ ।

**९. सञ्चालक समितिको स्वरुप समावेशी बनाइने**

यस संघको सदस्य संस्थाका प्रतिनिधि विनियमको दफा ३५ क) बमोजिम सम्भव भएसम्म ३३ प्रतिशत महिला सञ्चालक हुने गरी सञ्चालक समितिको स्वरुप समावेशी बनाइनेछ । सो दफा कार्यान्वयनको क्रममा सञ्चालक पदमा महिला उम्मेदवारको कोटा दुई (२) अनिवार्य व्यवस्था गरिनेछ ।

**१०. मतपत्र**

निर्वाचनका लागि अनुसूची - ६ बमोजिमको ढाँचामा मतपत्र हुनेछ । मतपत्रमा भएका कोठाहरु नपुग भएमा जति उम्मेदवारहरु हुन्छन् उति नै कोठा संख्या थप गर्दै लैजान सकिनेछ ।

**११. मतदान केन्द्रमा प्रवेश निषेध**

निर्वाचन अधिकृत र निजले तोकेको व्यक्तिहरु बाहेक अन्य कुनै पनि व्यक्तिलाई मतदान केन्द्रमा प्रवेश गर्न निषेध गर्नुपर्नेछ ।

**१२. सदर वा बदर मतपत्र**

(क) मत सङ्केत गर्दा आफूले मत दिन चाहेको उम्मेदवारको नाम थर भएको मत सङ्केत गर्ने कोठाभित्र पर्ने गरी स्वस्तिक चिन्ह (卐) वा रेजा (✓) लगाउनुपर्नेछ ।

(ख) दुई उम्मेदवारहरुको कोठाहरुमा पर्ने गरी स्वस्तिक चिन्ह वा रेजा लगाई ती मध्ये कसलाई मत दिएको हो भन्ने प्रष्ट नभएमा, मतपत्रमा स्वस्तिक चिन्ह वा रेजा नै नलगाएमा र निर्वाचन अधिकृतको सही नभएमा मतपत्रहरु बदर हुनेछन् ।

(ग) एउटा उम्मेदवारको कोठामा स्वस्तिक चिन्ह वा रेजा लगाएको तर रेजा धर्काको टुप्पो दोस्रो उम्मेदवारको कोठामा छुन पुगेको भएता पनि मत सङ्केत भने एकै उम्मेदवारलाई गरेको हो भन्ने प्रष्ट देखिएमा त्यस्तो मतपत्र सदर मान्नुपर्छ ।

(घ) आवश्यक पदभन्दा बढी संख्यामा मतदान गरेमा सो मत बदर हुनेछ ।

(ङ) मतपत्र सदर वा बदर गर्नेबारे निर्वाचन अधिकृतको निर्णय अन्तिम हुनेछ ।

**१३. प्रतिनिधि नियुक्त गर्न सक्ने**
कुनै उम्मेदवारले आफ्नो तर्फबाट निर्वाचनको मतदान कार्यको रेखदेख गर्न उम्मेदवारको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्यको लागि संघका सदस्य संस्थाका प्रतिनिधिहरुमध्ये अनुसूची - ७ बमोजिमको ढाँचामा कसैलाई पूर्ण अधिकार दिई प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।

**१४. मतपेटिकामा मतदान गर्ने**
(क) मतदानको लागि एउटा बाकस वा स्थानीय रुपमा उपलब्ध कुनै बट्टालाई मतपेटिकाको रुपमा प्रयोग गर्न सकिने छ । मतदान शुरु हुनुभन्दा अघि उक्त खाली मतपेटिका उम्मेदवारहरु वा उनीहरुका प्रतिनिधिसामु खोलेर देखाई मत सङ्केत गर्ने गोप्य कोठाको बाहिरपटी सबैले देख्ने ठाउँमा राख्नुपर्छ ।
(ख) मतपत्रमा मत सङ्केत गर्नको लागि एउटा गोप्य कोठा वा ठाउँ बनाउनुपर्छ ।
(ग) मतदातालाई एक व्यक्ति एक मतको आधारमा मात्र मत दिन लगाउनुपर्छ । मतदातालाई अरुको प्रतिनिधित्व गर्ने गरी मत खसाल्न दिनुहुँदैन ।
(घ) मतदाताले निर्वाचन अधिकृतसँग मतपत्र लिई उक्त कोठामा गई मत सङ्केत गरी बाहिर आई उक्त मतपत्र मतपेटिकामा खसाल्नुपर्छ ।
(ङ) मतदान कार्य समाप्त भएपछि अनुसूची - ८ को ढाँचाअनुसार मुचुल्का खडा गर्नुपर्छ र त्यसपछि त्यसै ठाउँमा मतगणना गर्नुपर्छ ।

**१५. निर्वाचन परिणाम घोषित गर्ने**
(क) निर्वाचनको परिणाम अनुसूची - ९ बमोजिमको ढाँचामा मुचुल्का तयार पारी उम्मेदवारलाई वा उनीहरुको प्रतिनिधिहरुलाई सही गराई घोषणा गर्नुपर्नेछ ।
(ख) जुनसुकै पदको लागि जति उम्मेदवार खडा भए तापनि सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवारलाई विजयी घोषित गर्नुपर्नेछ ।
(ग) समान किसिमका एकभन्दा बढी पदको लागि निर्वाचन गर्दा जति पदको लागि निर्वाचन भएको हो त्यति पदसम्ममा बढी मत प्राप्त गर्ने उम्मेदवारहरुलाई विजयी घोषित गर्नुपर्नेछ ।

**१६. गोला प्रथाबाट निर्णय गर्ने**
मत गणनामा एकभन्दा बढी उम्मेदवारको मत बराबर भएमा गोला प्रथाद्वारा निर्णय गराई विजयी घोषित गर्नुपर्नेछ ।

**१७. निर्विरोध घोषणा गर्ने**
उम्मेदवारको संख्या निर्वाचन गर्ने पदको संख्या बराबर भएमा निर्वाचन अधिकृतले त्यस्तो व्यक्तिलाई निर्विरोध विजयी भएको घोषित गर्नुपर्नेछ ।

**१८. प्रमाणपत्र दिने**
निर्वाचनमा विजयी उम्मेदवारलाई अनुसूची - १० बमोजिमको ढाँचामा प्रमाणपत्र दिनुपर्दछ ।

**१९. चित्त नबुभ्नेले उजुर गर्ने**
निर्वाचनमा चित्त नबुझ्ने सम्बन्धित सहकारी कार्यालयमा ३५ दिन भित्र उजुर गर्न सकिनेछ । सम्बन्धित सहकारी कार्यालयका प्रमुखले गराएको निर्वाचन सम्बन्धमा ३५ दिनभित्र सम्बन्धित सहकारी विभागका रजिष्टारसमक्ष उजुर गर्न सकिनेछ ।

**२०. कागजपत्र पेश गर्ने**
मतदान कार्यको समाप्ति र विजयी उम्मेदवारको घोषणा गरी सकेपछि निर्वाचन अधिकृतले मतदान सम्बन्धी कागजातहरु सम्बन्धित संघको कार्यालयमा पेश गर्नुपर्नेछ । निर्वाचन सम्बन्धी सबै कागजातहरु सिल गरी प्रमाणित गराई सुरक्षित साथ राख्नुपर्नेछ ।

**२१. मतदाता नामावली सम्बन्धित प्रदेश सहकारी विभाग वा सम्बन्धित सहकारी विभागमा पेश गर्नु पर्ने**
संघका जिम्मेवार पदाधिकारीले सञ्चालक समितिले स्वीकृत गरेको र निर्वाचन अधिकृतले प्रमाणित गरेको मतदाता नामावलीको एक प्रति सम्बन्धित प्रदेश सहकारी विभागमा मतदान सम्पन्न भएको ७ दिन भित्र उपयुक्त र छिटो सञ्चार माध्यमबाट पठाउनु पर्नेछ ।

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

सूर्यविनायक न.पा. ८, भक्तपुर

| | |
|---|---|
| नीति तथा तथा कार्यविधिको नाम | सदस्य सेवा केन्द्र स्थापना तथा सञ्चालन कार्यविधि २०८१ |
| सञ्चालक समितिको बैठकबाट पुनर्लेखन स्वीकृत मिति | २०८१।०५।२४ |
| अघिल्लो स्विकृत मिति | २०७६।११।०५ |
| लागू हुने मिति | साधारण सभाबाट अनुमोदन भएपछि |

**प्रस्तावना**

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.को सेवालाई विस्तार गर्न र छिटोछरितो एवं प्रतिस्पर्धी वित्तीय सेवा प्रदान गर्नका लागि यो “सेवा केन्द्र स्थापना तथा सञ्चालन कार्यविधि २०८१” पारित गरी लागु गरिएको छ।

**१.संक्षिप्त नाम र प्रारम्भ**

१.१ यो कार्यविधिको नाम “ सेवा केन्द्र स्थापना तथा सञ्चालन कार्यविधि २०८१” रहने छ।

१.२ यो कार्यविधि सञ्चालक समितिबाट पारित गरी साधारण सभाबाट अनुमोदन भएको मितिदेखि लागु हनेछ।

**२.परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

२.१ “संघ” भन्नाले भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.लाई सम्झनु पर्दछ।

२.२ “समिति” भन्नाले संघको विनियमबमोजिम गठन गरिएको सञ्चालक समितिलाई सम्झनु पर्दछ।

२.३ “लेखा सुपरिवेक्षण समिति’ भन्नाले संघको विनियमबमोजिम गठन गरिएको लेखा तथा सुपरिवेक्षण समितिलाई सम्झनु पर्दछ।

२.४ “अन्तर लगानी तथा वित्तीय सेवा प्रर्वद्धन उपसमिति” भन्नाले संघको स्वीकृत विनियमबमोजिम गठन भएको उपसमितिलाई सम्झनु पर्दछ।

२.५ “सदस्य सेवा केन्द्र सञ्चालन उपसमिति” भन्नाले संघको संचालक समितिले सदस्य सेवा केन्द्रहरुलाई व्यवस्थित रुपमा संचालन गर्नका लागि गठन गरिएको उपसमितिलाई सम्झनु पर्दछ। सो उपसमितिले सम्बन्धित नगरको सहकारी नगर समन्वय उपसमितिलाई जनाउनेछ।

२.६ “आर्थिक वर्ष” भन्नाले साउन १ गतेदेखि आषाढ मसान्त सम्मको अवधिलाई सम्झनु पर्दछ।

२.७ “ऋण” भन्नाले संघबाट निश्चित अवधिमा भुक्तानी हुने गरी निश्चित प्रतिशत व्याज लाग्ने गरी दिइएको रकमलाई जनाउनेछ।

२.८ “सदस्य सेवा केन्द्र स्थापना तथा सञ्चालन कार्यविधि” भन्नाले संघले सदस्य सेवा केन्द्रहरु संचालन गर्नका लागि तयार पारिएको कार्यविधिलाई सम्झनु पर्दछ।

**३.उद्देश्यहरु**

३.१ भौगोलिक कठिनाईका कारण संघको सेवा लिनबाट बञ्चित सदस्य सस्थाहरुलाई सेवा उपलब्ध गराउने।

३.२ संघको क्षमतामा विकास गर्दै छिटोछरितो र चुस्त सेवा प्रदान गर्ने।

३.३ वित्तीय क्षेत्रमा आएको परिवर्तित नयाँ प्रविधिको ग्रहण र प्रयोग गर्ने क्षमता विकास गर्ने।

३.४ सदस्य सेवाको स्तर बृद्धि र विविधिकरण गर्ने।

३.५ संघका सदस्य संस्थाको व्यवसायिक क्षमतामा बृद्धि गर्न तथा अधिकारको विकेन्द्रीकरण गर्दै सामूहिक नेतृत्वको भावना अभिवृद्धि गर्ने।

**४.कार्यहरु**

४.१ संघको उद्देश्यप्राप्तीका लागि विनियमबमोजिमका कार्यहरु सम्पन्न गर्नका लागि सहयोग पुऱ्याउने।

४.२ नियमित रुपमा संघले सञ्चालनमा ल्याएका बचत कार्यक्रमअनुसार बचत सञ्चालन तथा परिचालन गर्ने।

४.३ सदस्य संघहरुको आर्थिक सामाजिक विकासका कार्यहरु गर्ने।

४.४ संघका सञ्चालक समितिले तोकेको अन्य कार्यहरु गर्ने।

४.५ सदस्य सेवा केन्द्र सञ्चालन उपसमितिले तोकेको अन्य कार्यहरु गर्ने।

**५.सदस्य सेवा केन्द्र स्थापना र सञ्चालन**

देहायको अवस्थामा सञ्चालक समितिले सदस्य सेवा केन्द्र सञ्चालनका लागि सम्बन्धित निकायमा जानकारी दिएर सदस्य सेवा केन्द्र सञ्चालन गर्न सकिनेछ।

५.१ निश्चित भौगोलिक क्षेत्रमा कम्तीमा ५० भन्दा बढी सदस्य संस्थाहरु भएमा।

५.२. बचत संकलन रकम समेत गरी न्यूनतम १० करोड पूँजी हुने अवस्था भएमा।

५.३ संघको सदस्य सेवा केन्द्र विस्तार गर्दा अरु सदस्य थप हुने आधारहरु तयार भएमा।

५.४ भौगोलिक क्षेत्रविशेषको कारणले सदस्य सेवाको स्तर कम हुनगएमा वा सदस्य संस्थाहरुलाई भौगोलिक क्षेत्रविशेषको कारणले समयमा कारोबार गर्न कठिन परेको मनासिव कारण देखापरेमा।

५.५ सञ्चालित सदस्य सेवा केन्द्रले अपेक्षित प्रगति तथा सफलता हासिल गर्न नसकेको अवस्थामा त्यस्तो सदस्य सेवा केन्द्रलाई सञ्चालक समितिले अन्य सदस्य सेवा केन्द्रमा स्थानान्तरण गर्न, गाभ्न वा खारेज गर्न सक्नेछ।

५.६ संघका सबै कारोबारहरु तथा कागजातहरुको प्रयोगका साथै सफ्टवेयरमा एकरुपता गरिनेछ।

५.७ सदस्य सेवा केन्द्रको लेखा व्यवस्थापन संघको आर्थिक कार्यविधिबमोजिम गर्नुपर्नेछ।

५.९ दैनिक रुपमा भएका सबै कारोबारहरुको संघले तोकेको ढाँचामा अभिलेखकहरु तयार गर्नुपर्नेछ। दैनिक रुपमा भौचर तयार गरी संघको आधिकारिक सफ्टवेयरमा समेत अनिवार्य प्रविष्टी गर्नुपर्नेछ।

५.१० दैनिक खाताबन्दी गरी सेवा केन्द्र प्रमुखले प्रत्येक दिन हिसाब मुख्य केन्द्रमा वित्त तथा प्रशासन प्रमुखलाई पठाउनु पर्नेछ।

## ६.सदस्य सेवा केन्द्र व्यवस्थापन उपसमिति

संघको सदस्य सेवा केन्द्र व्यवस्थापन तथा सञ्चालनको व्यवस्था निर्देशन र रेखदेख गर्ने केन्द्रलाई व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि सम्बन्धित उपसमिति वा नगर सहकारी समन्वय उपसमितिलाई जिम्मा दिइनेछ।

## ७. सदस्य सेवा केन्द्र व्यवस्थापन उप-समितिको काम कर्तव्य तथा उत्तरदायित्व

७.१ सदस्य संस्थाहरुबाट बचत संकलन प्रभावकारी बनाउने।

७.२ आवश्यकता अनुसार संघबाट लगानी भएको ऋण असुलीको अनुगमन तथा निरीक्षण गर्ने।

७.३ कम्तिमा त्रैमासिक बैठक बस्ने तथा मासिक रुपमा प्रतिवेदन तयार गर्ने।

७.४ संघको हितका लागि प्राप्त हुन आएको जानकारी संकलन गरी प्रधान केन्द्रमार्फत सञ्चालक समितिमा पेश गर्ने।

७.५ सदस्य सेवा केन्द्र मातहतका सबै सदस्यहरुलाई समन्वय र सर्म्पक गरी सेवाहरुलाई प्रवर्द्धन गर्ने।

७.६ सञ्चालक समिति र लेखा समितिले व्यवस्थापनमार्फत दिएको निर्देशनको पालना गर्ने गराउने।

७.७ सदस्य सेवा केन्द्रमा रहेका चल अचल सम्पत्तिहरुको रेखदेख तथा संरक्षण गर्ने गराउने।

७.८ आर्थिक नियमावली तथा स्वीकृत बजेटअनुसार संघको हितका लागि आवश्यक पर्ने खर्चहरु गर्ने।

७.९ प्राप्त पूँजी परिचालनका लागि आवश्यक व्यवस्थापन गर्ने।

७.१० संघको कार्यक्षेत्र भित्र रहेका साकोसहरुलाई संघको कार्यक्रममा संलग्न गराई बचत गर्न प्रेरित गर्ने।

## ८. नगद व्यवस्थापन

८.१ सदस्य सेवा केन्द्रमा प्राप्त नगद राख्नको लागि एउटा भल्ट/सेफको व्यवस्था गरिनेछ।

८.२ तोकिएबमोजिमको रकम मात्र भल्ट/सेफमा राखी बढी रकम सधै संघको बैंक खातामा जम्मा गर्नु पर्नेछ।

८.३ सेवाकेन्द्रको नगदको जिम्मा सुरक्षा सबै सेवाकेन्द्र प्रमुखको हुनेछ।

८.४ भल्टको चाबी प्रमुखको जिम्मामा रहनेछ।

८.५ प्रत्येक दिन नगद पुस्तिका भरी एक प्रति मूख्य केन्द्रमा पठाउनु पर्नेछ।

८.६ सदस्य सेवा केन्द्रमा रहने नगदको लागि आवश्यकतानुसार विमाको व्यवस्था गरिनेछ, विमा भएको सीमाभन्दा बढी नगद प्राप्त भएमा सेवाकेन्द्र प्रमुखले तुरुन्त नगद व्यवस्थापन गर्नुपर्दछ।

## ९. बचत अभिलेख

९.१ दैनिक रुपमा संकलन तथा फिर्ता भुक्तानी गरिएको बचतको अभिलेख सफवेयरमा प्रविष्टी गरी प्रमाण सुरक्षित गर्नुपर्नेछ।

९.२ बचत संकलनको २ प्रति भौचर भरी एक प्रति सम्बन्धित संदस्यलाई र एक प्रति संघलाई हुने गरी राखिनेछ।

९.३ बचत फिर्ता गर्दा संघले उपलब्ध गराएको भुक्तानी पुर्जा मार्फत हस्ताक्षर यकिन गरी बचत फिर्ता गर्नु पर्दछ

९.४ बचत अभिलेख गलत राखी वा भुक्तानी गलत गरी नोक्सानी भएमा काम गर्ने व्यक्ति नै जवाफदेही हुनेछ।

## १०. ऋण अभिलेख

१०.१ संघबाट लगानी गरेको ऋणको प्राप्त किस्ता तथा ब्याजको सफवेयरमा प्रविष्टी गरी प्रमाण सुरक्षित गर्नुपर्नेछ।

१०.२ संघको ऋण कार्यविधि तथा संचालक समितिको निर्णयबमोजिम ब्याज गणना गर्ने र किस्ता संकलन गर्ने कार्य गर्नु पर्नेछ।

१०.३ ऋणसँग सम्बन्धित कागजातहरु सुरक्षित साथ राख्नुपर्नेछ।

१०.४ सदस्य संस्थावाट ऋण माग भई आएका फाईलहरु वित्तीय सेवा प्रवर्द्धन उपसमितिमा पेश गर्नु पर्नेछ।

## ११. बैक खाता सञ्चालन

११.१ सदस्य सेवा केन्द्रको बैंक खाता संचालक समितिले निर्णय गरेबमोजिमको दस्तखतबाट संचालन गर्नुपर्नेछ।

११.२ सदस्य सेवा केन्द्र प्रमुखले अनिवार्य रुपमा बैंक हिसाब मिलान गरी मिलान विवरण (Bank Reconciliation Statement) महिना समाप्ति भएको ३ दिनभित्रमा संघको मूख्य केन्द्रमा प्रतिवेदन पेश गर्ने।

## १२. शेयर निवेदन सङ्कलन तथा सिफारिस

१२.१ सदस्य सेवा केन्द्र प्रमुखले संघको सदस्य कार्यविधिमा तोकिएबमोजिमको प्रकृयाहरु पूरा गरी नयाँ सदस्यताको लागि सिफारिस गर्न सक्नेछ।

१२.२ सिफारिस भई सदस्यताका लागि स्वीकृत भएका सदस्यहरुको प्रमाणपत्र मुख्य केन्द्रसँग समन्वय गरी सदस्यहरुलाई छिटोछरितो माध्यमबाट उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ।

**१३. बचत फिर्ता अधिकार**

सदस्य सेवा केन्द्रलाई बचत फिर्ता गर्ने अधिकार मूलतः संघको बचत नीति २०८१ बमोजिम हुनेछ। तथापि दैनिक रुपमा हुने कारोबारमा अधिकतम दश लाखभन्दा कमको बचत फिर्ता नगद भुक्तानी गर्ने र सोभन्दा माथिको रकमको संस्थाको अनुरोधपत्र भएमा सोबमोजिम अन्यथा भुक्तानी पुर्जा वा बैंकको चेकबाट भुक्तानी दिन सक्नेछ।

**१४. हिसाब मिलान तथा प्रतिवेदन**

१४.१ दैनिक अनिवार्य रुपमा सो दिनको सम्पूर्ण कारोबारहरु सफ्टवयर विधिमा प्रविष्टी गर्नुपर्नेछ। दैनिक कारोबार प्रविष्टी गरिसकेपछि अनिवार्य रुपमा सफ्टवेयरमा दैनिक खाताबन्दी गर्नुपर्नेछ। यसरी खाताबन्दी गरिसकेपछि मूख्य केन्द्रलाई आवश्यक प्रतिवेदन दैनिक रुपमा सफ्टवेयरबाट दिनुपर्नेछ।

१४.२ प्रत्येक महिनाको ३ गते भित्र अघिल्लो मसान्तसम्मको प्रगति प्रतिवेदन संघको मूख्य केन्द्रमा प्रमुख वित्त तथा प्रशासन अधिकृतलाई ईमेल वा अन्य छिरितो माध्यमबाट पेश गर्नु पर्नेछ।

**१५. अनुगमन तथा निरीक्षण**

१५.१ सदस्य सेवा केन्द्र व्यवस्थापन उपसमितिले कम्तिमा त्रैमासिक रुपमा कारोबारको निरीक्षण गरी प्रतिवेदन तयार गरी सञ्चालक समितिमा पेश गर्नुपर्नेछ।

१५.२ संघको सञ्चालक समितिले अनुगमन तथा निरीक्षणसम्बन्धी छुट्टै व्यवस्था गर्नसक्नेछ।

१५.३ अध्यक्ष/व्यवस्थापक वा निजले अख्तियारी दिई पठाएको अधिकारी वा लेखा तथा सुपरिवेक्षण समितिले समय समयमा आकस्मिक निरीक्षण गर्नेछ।

**१६. सदस्य सेवा केन्द्र व्यवस्थापन उपसमितिको कार्यकाल**

सदस्य सेवा केन्द्र संचालन उप समिति पदावधि सञ्चालकको पदावधि वा समितिले तोकेबमोजिम हुनेछ ।

**१७. सदस्य सेवा केन्द्र सञ्चालन उपसमिति बैठक**

१७.१ उपसमितिको बैठक कम्तीमा त्रैमासिक रुपमा बस्नेछ। उपसमितिको संयोजकले व्यवस्थापकको समन्वयमा तोकिएको स्थान, मिति र समयमा सेवा केन्द्र संयोजकले बैठक बोलाउनेछ।

१७.२ कुनै सदस्य लगातार तीन पटकसम्म बिना कुनै सूचना अनुपस्थित भएमा उपसमितिको सिफारिसमा सञ्चालक समितिले निजलाई पदबाट हटाउन सक्नेछ।

१७.३ सञ्चालक समितिले सदस्य सेवा केन्द्र सञ्चालन उपसमितिको बैठक सञ्चालन सम्वन्धि कार्यविधि निर्माण गरी लागु गर्नेछ।

**१९. सदस्य सेवा केन्द्र सञ्चालन उपसमिति बहाल रहन नसक्ने अवस्था**

देहायको अवस्थामा कुनै पनि पदाधिकारीहरु सदस्य सेवा केन्द्र व्यवस्थापन उपसमिति बहाल रहनसक्ने छैनन्।

१९.१ पदावधि समाप्त भएमा।

१९.२ निजको मृत्यु भएमा।

१९.३ पदबाट राजीनामा दिई स्वीकृत भएमा।

१९.४ संघको विनियमबमोजिम सदस्यता समाप्त भएमा।

१९.५ संघको विनियमको अन्य व्यवस्थाबमोजिमको योग्यता नपुगेमा।

१९.६ सञ्चालक समितिले सदस्य सेवा केन्द्र उपसमिति विघटन गरेमा।

**२०. सूचना दिनुपर्ने**

२०.१ ऋण लगानी गरेको कुनै पनि ऋण रकमको कुनै ऋणी संस्थाहरुले तोकिएको किस्ता समयमा भुक्तानी नदिएमा सोसम्बन्धी जानकारी मासिक प्रगति प्रतिवेदन संघको मूख्य कार्यालयमा लिखित रुपमा पेश गर्नुपर्नेछ।

२०.२ किस्ता समयमा नतिर्ने वा आलटाल गर्ने ऋणीलाई स्मरणपत्र तथा तारताकेतापत्र पठाइएको अवस्थामा सो पत्रको एक प्रति बोधार्थ मूख्य कार्यालयमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

२६.३ सेवा कार्यालय प्रमुखले केन्द्रले गरेको सम्पूर्ण कारोबारको मासिक प्रतिवेदन हरेक महिनाको १ गतेभित्र अनिवार्य रुपमा केन्द्रले मुख्य कार्यालयमा पेश गर्नु पर्नेछ।

**२१. संशोधन** समय सापेक्ष संघको सञ्चालक समितिले यो कार्यविधिमा संशोधन गर्न सक्नेछ।

**२२. बचाउ** यो कार्यविधिको व्याख्या तथा बचाउ गर्ने अधिकार संघको सञ्चालक समितिलाई हुनेछ।

**समाप्त**

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

**सूर्यविनायक न.पा. वडा नं. - ८, भक्तपुर**

| | |
|---|---|
| नीति तथा तथा कार्यविधिको नाम | तालिम/गोष्ठी सञ्चालन कार्यविधि २०८१ |
| सञ्चालक समितिको बैठकबाट पुनर्लेखन स्वीकृत मिति | २०८१।०५।२४ |
| अघिल्लो स्विकृत मिति | २०७५।११।०५ |
| लागू हुने मिति | साधारण सभाबाट अनुमोदन भएपछि |

## प्रस्तावना

समुदायमा आधारित बचत तथा ऋण सहकारी संस्थाहरुको छाता संघको हैसियतले आफ्ना सदस्य संस्था र ती संस्थाका नेतृत्वकर्ता तथा जनशक्तिको सीप तथा क्षमता अभिवृद्धि गर्ने नयाँ प्रविधिको विकास गराउने, प्रभावकारी सदस्य सेवाको विकास गरी प्रतिस्पर्धी र क्षमतावान् बनाउन विभिन्न तालिम, गोष्ठी सञ्चालन गर्नु आवश्यक देखिएको र त्यस्ता तालिम/गोष्ठी सञ्चालन गर्दा अपनाउने प्रकृया स्वयममा पारदर्शी र स्पष्ट हुनुपर्ने देखिन्छ । सोसम्बन्धी कार्यलाई व्यवस्थित गर्न संघको सञ्चालक समितिले यो तालिम गोष्ठी सञ्चालन नीति तर्जुमा गरेको हो ।

## १. परिचय

यो नीतिको नाम "तालिम/गोष्ठी सञ्चालन नीति २०८१" रहनेछ ।

## २. प्रारम्भ

यो नीति सञ्चालक समितिको बैठकबाट स्वीकृत भएको मितिदेखि नै लागू हुनेछ ।

## ३. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नीतिमा,

१. "संघ" भन्नाले : भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. लाई सम्झनु पर्दछ ।
२. "नीति" भन्नाले : तालिम गोष्ठी सञ्चालन कार्यविधि २०८१ लाई सम्झनु पर्दछ ।
३. "सञ्चालक समिति" भन्नाले : संघको विनियमबमोजिम निर्वाचित सञ्चालक समितिलाई सम्झनु पर्दछ ।
४. "संयोजक" भन्नाले : यस संघको बार्षिक योजना बमोजिम आयोजना गरिने तालिम र गोष्ठी कार्यक्रमको सम्पूर्ण व्यवस्थापकीय जिम्मेवारी लिएको समिति तथा उपसमितिले तोकेको आधिकारिक व्यक्ति सम्झनु पर्दछ ।
५. "कर्मचारी" भन्नाले : यस संघमा कार्यरत कर्मचारी सम्झनु पर्दछ ।
६. "आयोजक" भन्नाले : संघको वार्षिक योजनामा भएका तालिम र गोष्ठी गर्न संघको सर्त तथा सुविधा कबोल गरी सो कार्यक्रमको आयोजना गर्न जिम्मेवारी लिएको उपसमिति, प्रारम्भिक सहकारी संस्था, क्षेत्रीयस्तरमा गठन भएका सहकारी सञ्जाललगायतका विभिन्न निकायहरु सम्झनु पर्दछ ।
७. "संस्था" भन्नाले संघको सदस्य तथा सम्भाव्य सदस्य संस्थालाई सम्झनु पर्दछ ।

## ४. उद्देश्य

१. तालिम/गोष्ठी तथा कार्यक्रमहरुको खर्च व्यवस्थित गरी पारदर्शीता कायम गर्न,
२. आवश्यकताअनुसार खर्च नियन्त्रण गरी मितव्ययिता अपनाउन ,
३. कार्यविधिमा आधारित खर्चको नियमितता कायम गराउन,
४. तालिमसम्बन्धी निर्णय संस्थागत गर्न,
५. सदस्य संस्थाको दक्षता तथा क्षमता अभिवृद्धि गर्न,

## ५. तालिम / गोष्ठी सञ्चालन पूर्व अपनाउनुपर्ने प्रकृया

१. कार्यक्रमबारे साधारण सभा/सञ्चालक समितिबाट स्वीकृत भएको हुनुपर्ने ।
२. स्वीकृत कार्यक्रममा खर्चिने बजेट र सोको श्रोत खुल्नुपर्ने ।
३. साझेदारीमा सञ्चालन गरिने कार्यक्रममा साझेदार संस्थाहरुले व्यहोर्ने लागत स्पष्ट हुनुपर्ने ।
४. सम्पन्न गरिने कृयाकलाप कुन अवधिभित्र गर्नुपर्ने हो सो स्पष्ट हुनुपर्ने ।
५. लक्षित समूह र स्थानबारे आवश्यकतानुसार सञ्चालन पूर्व स्पष्ट भइसक्नुपर्ने ।

६. लक्षित समूह, सहभागी संख्या र स्थानबारे स्पष्ट हुन नसकेको कार्यक्रममा सञ्चालकलाई सोको निर्णय गर्ने अधिकार दिइनुपर्ने ।

७. तालिम तथा गोष्ठीको विषय वस्तुहरु एकिन हुनुपर्ने ।

### ६. पाठयक्रमसम्बन्धी ब्यवस्था

तालिम र गोष्ठीको विषयवस्तुको आधारमा संघले तयार गरेको पाठयक्रम वा तोकिएको विषयबस्तु समेटि प्रशिक्षकले प्रशिक्षण दिन सक्नेछन् । यसरी प्रशिक्षकले तयार गरेको विषयवस्तुका बारेमा प्रशिक्षकले कम्तीमा दुई दिन अगाडि संघमा उपलब्ध गराउनुपर्नेछ ।

### ७. सेशन सञ्चालन सम्बन्धी ब्यवस्था

प्रशिक्षणका लागि प्रति दिन बढीमा ४ वटा कक्षा (सेशन) हुनेछन र एक सेशन २ घण्टाको हुनेछ र प्रतिसेशन सञ्चालन बापत प्रशिक्षकले पाउने पारिश्रमिक अनुसूची १ मा तोकिए बमोजिम हुनेछ ।

### ८. संयोजकसम्बन्धी व्यवस्था

प्रत्येक तालिम/गोष्ठीमा आयोजक संघ/संस्थाले तोकिएबमोजिम पदाधिकारी/कर्मचारीले संयोजकत्व ग्रहण गर्न संयोजन गर्ने पदाधिकारी/कर्मचारीहरुलाई दैनिक एक सेशनको पारिश्रमिक बराबरको रकम उपलब्ध गराईनेछ ।

### ९. तालिम सामाग्रीसम्बन्धी ब्यवस्था

तालिम तथा गोष्ठीको प्रकृतीअनुसार आवश्यक वस्तु तथा विद्युतीय सामान आयोजकले व्यवस्था गर्नेछ । प्रशिक्षकलाई चाहिने अन्य सामाग्रीको व्यवस्था प्रशिक्षक/सहजकर्ता स्वयम्ले गर्नुपर्नेछ ।

### १०. तालिम हलसम्बन्धी व्यवस्था :

तालीम हलको व्यवस्था तालिम आयोजक संस्था स्वयम्ले गर्नुपर्ने र यसको प्रयोगबापत बुझाउनुपर्ने रकम सम्बन्धित पक्षको दररेटमा आधारित हुनेछ । तालिम हलको बन्दोबस्त गोष्ठी गर्द मौसम अनुकूल वातावरणको आधारमा प्राथमिकता दिनुपर्नेछ ।

### ११. गोष्ठीसम्बन्धी व्यवस्था

गोष्ठी कार्यक्रममा संघसंस्थाले तोकिएको बिषयबस्तुमा केन्द्रित रही प्रस्तुत गर्नुपर्नेछ । प्रस्तुत गरिने कार्यपत्र प्रस्तोतालाई प्रति कार्यपत्रबापत उपलब्ध अनुसची १ बमोजिमको पारिश्रमिक दिइनेछ । साथै टिप्पणीकर्तालाई सोको ५० प्रतिशत रकम गराईनेछ ।

### १२. Hand Out सम्बन्धी व्यवस्था

Hand Out को व्यवस्था प्रशिक्षक वा प्रस्तोता स्वयम्ले गर्नुपर्ने छ तर प्रत्येक सहभागीलाई दिनुपर्दा तालिम संयोजकबाट व्यवस्था गरी तालिम खर्चबाटै व्यवस्था गरिनेछ ।

### १३. प्रतिवेदनसम्बन्धी व्यवस्था

तालिम/गोष्ठी सम्पन्न भएको बढीमा १५ दिन भित्र सम्बन्धित संघ/संस्थामा प्रतिवेदन पेश गर्नु तालिम संयोजकको दायित्व हुनेछ ।

### १४. बिल भरपाईसम्बन्धी व्यवस्था

तालिम/गोष्ठी समाप्त भएको बढीमा १५ दिनभित्र खर्च भएको रकमको नियमानुसारको बिलभपाई सहित बिल प्रमाणित गरी सोको विवरण सम्बन्धित संघ/संस्थामा पेश गर्नुपर्नेछ । यसरी पेश भएपछि पे.फ./शोधभर्ना दिनुपर्नेछ ।

**१५.** दाता/परियोजनासँगको सम्झौतामा आधारित कार्यक्रम सञ्चालन गर्दा द्विपक्षीय सहमतिमा उल्लेख भएबमोजिम हुनेछ ।

**१६.** नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह मार्फत सञ्चालन हुने कार्यक्रमका हकमा सोही निकायले तोकिएअनुसार हुनेछ । साथै माथिल्लो संघसंग भएको तालिम कार्यक्रमहरु पनि सम्झौता बमोजिम हुनेछ ।

### १७. अभिलेख व्यवस्था

तालिम गोष्ठीमा उपस्थित सहभागी/प्रशिक्षकको हाजिरी/उपस्थिति लगत तालिम संयोजकले अनिवार्य रुपमा राख्नु पर्नेछ ।

### १८. चिया खाजासम्बन्धी व्यवस्था

तालिम गोष्ठिको समयावधिको आधारमा चिया खाजाको बन्दोबस्त गर्नुपर्नेछ । चिया खाजामा व्यवस्था गरिएको बजेट र उपस्थिति संख्याको अनुपात १० प्रतिशत भन्दा बढी फरक हुने छैन ।

### १९. स्टेशनरीसम्बन्धी व्यवस्था

स्टेशनरीमा एकमुष्ट खुलाईएकोबाहेक संख्या तोकिएकोमा हाजिरीको अनुपातमा मात्रै सो विलको भुक्तानी हुनेछ ।

### २०. प्याकेजमा सञ्चालन गरिने आधारभूत, मध्यम र उच्चस्तरीय तालिम सम्बन्धी व्यवस्था

संघले साकोसहरूको सञ्चालनमा व्यावसायिकता विकासका लागि समिति, उपसमिति तथा विभिन्न पदका कर्मचारी र सदस्यहरूका लागि विगत एक दशकभन्दा अघिदेखि तालिम शिक्षाका कार्यक्रम सञ्चालन गर्दैआएको छ ।

जिल्लाभरि साकोसको क्षमता विकासको लागि तालिम/शिक्षा सुलभ तरिकाबाट उपलब्ध गराउने संघको कार्यविधिअनुरूप तालिम शिक्षा कार्यक्रमलाई ३ भागमा विभाजन गरिएको छ ।

**क) आधारभूत तालिम**

सहकारी शुरु भएको पहिलो वर्षभित्रै लिन आवश्यक पर्ने तालिमहरू यस समुहमा राखिएको छ ।

**ख) मध्यमस्तरीय तालिम**

संस्थाले संस्थागत विकासको गति लिँदै गर्दा दुई, तीन वर्षमा वा एक करोडदेखि तीन करोडको वासलात भएका साकोसहरूले लिन आवश्यक पर्ने तालिमहरु यस समुहमा राखिएका छन् ।

**ग) उच्चस्तरीय तालिम**

संस्था बढ्ने क्रममा तीन करोडभन्दा बढीको वासलात पुगे पछि तथा तीन वर्षभन्दा बढी अवधिको अवस्थाका साकोसहरूका लागि आवश्यक तालिम यस समूहमा राखिएका छन् ।

**१) आधारभूत तथा मध्यमस्तरीय तालिम**

| तालिम अवधि | संघको पाठ्यक्रममा आधारित |
|---|---|
| १ दिने प्रशिक्षण | ८,५००।- |
| २ दिने प्रशिक्षण | १७,०००।- |
| ६ दिने प्रशिक्षण | ४५,०००।- |
| ८ दिने प्रशिक्षण | ६०,०००।- |

**२) उच्चस्तरीय तालिम**

| तालिम अवधि | संघको पाठ्यक्रममा आधारित |
|---|---|
| १ दिने प्रशिक्षण | ११,०००।- |
| २ दिने प्रशिक्षण | २०,०००।- |
| ३ दिने प्रशिक्षण | ३०,०००।- |
| ४ दिने प्रशिक्षण | ४०,०००।- |

क. यसमा छुट्टै संयोजक/सहयोगीको खर्च उपलब्ध गराइने छैन ।
ख. कम्तिमा दैनिक ५ कार्य घण्टा पुग्नु पर्नेछ, तर सेशन संख्या यति नै हुनुपर्छ भन्ने छैन ।
ग. उल्लेखित दरमा करसमेत समावेश गरिएको छ ।
घ. प्याकेजका लागि तालिम सामाग्री लगायतको खर्च प्याकेज सञ्चालन गर्ने स्वयम्बाट व्यहोरिने छ ।

ङ.हलको व्यवस्था/खाना खाजाको व्यवस्था/ सहभागीलाई दिइने सुविधा (स्टेशनरी/परिवहन आदि) आयोजक स्वयम व्यहोर्नु पर्नेछ ।

च. सहजकर्तालाई आयोजकले अनुसूची १ मा उल्लेखित यातायात खर्च छुटै व्यहोर्नु पर्नेछ ।

छ. उल्लेखित प्याकेजमा संघले प्रशिक्षक संयोजन गरेबाट रु. १०००। प्याकेज शुल्कमै समावेश गरिएको छ ।

**२१. विविध**

क. कुनै विशेष प्रकृतिको प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नुपरी विज्ञका रुपमा संघले विशेष आमन्त्रण गरी प्रशिक्षकका रुपमा निम्त्याइएका व्यक्तिलाई दिइने दैनिक पारिश्रमिक भुक्तानीमा यो कार्यविधिअनुसार हुन संभव नभएमा सञ्चालक समितिको निर्णयबमोजिम हुनेछ ।

ख. संघको कर्मचारी कार्यालय समयअघि पछि वा कार्यालय बन्द भएको दिन तालिम गोष्ठीमा पुरा समय दिनुपर्ने गरी उपस्थित हुनुपर्ने भएमा संयोजकको भूमिका निर्वाह गर्नुपर्नेबाहेक अन्यका हकमा अनुकूल भएसम्म कार्यालयको काममा बाधा नपर्ने गरी सट्टा बिदा वा आधा दिनको तलब प्रोत्साहन खर्चस्वरुप उपलब्ध गराइनेछ ।

ग. यो कार्यविधिमा कुनै विषय थपघट हेरफेर वा संशोधन गर्नुपर्ने भएमा सञ्चालक समितिको निर्णयानुसार हुनेछ ।

**अनुसूची १**

| **क्र.स.** | **तालिमको तह** | **प्रति सेशन** | **दर** |
|---|---|---|---|
| १ | आधारभूत तथा मध्यमस्तर तालिम | १ | २५००। |
| २ | उच्चस्तरको तालिम | १ | ३०००। |
| ३ | गोष्ठीमा कार्यपत्र प्रस्तोता | प्रति कार्यपत्र | ३०००। |
| **क्र.स.** | **यातायात तथा प्लेन खर्च** | **आतेजाते** | **रकम** |
| १ | सहजकर्तालाई आयोजकले सहजकर्ताको घरबाट १० किलो मिटरभन्दा बढी यात्रा गर्नुपर्ने कार्यक्रममा आफ्नै साधनबाट जानुपरेमा । | प्रति दिन दुईतर्फी | बजारदर अनुसार पेश भएको बिल तथा भर्पाईको आधारमा र न्यूनतम रु.६००। |
| २ | भक्तपुर जिल्ला बाहिर काठमाण्डौं उपत्यका र बनेपामा कार्यक्रम भएमा । | प्रति दिन दुईतर्फी | बजारदरअनुसार पेश भएको बिल तथा भर्पाईको आधारमा र न्यूनतम रु. १०००। |
| ३ | उपत्यकाबाहेक बस टिकट वा प्लेन खर्च आयोजकले ब्यहोर्नु पर्नेछ । | प्रति दिन दुईतर्फी | बस टिकट वा प्लेन खर्चबमोजिम |

**पुनश्च :** सामसान्यत माथि उल्लेखित दरमा पारिश्रमिक उपलब्ध गराइनेछ । तर तालिम गोष्ठिको गम्भिरता र आवश्यकताअनुसार प्रशिक्षक सँगको वार्ताको आधारमा दर बढाउन सकिनेछ ।

# नगर सहकारी समन्वय उपसमिति

## भक्तपुर नगर सहकारी समन्वय उपसमिति


जगनाथ प्रजापति
संयोजक


अनिल कुमार सुवाल
सदस्य


लक्ष्मी प्रसाद छुस्याबाग
सदस्य


रामकृष्ण त्वायना
सदस्य


राजन जति
सदस्य

## मध्यपुर थिमि नगर सहकारी समन्वय उपसमिति


कान्छाभक्त घजु
संयोजक


दिलकृष्ण प्रजापति
सदस्य


सुरेश साहु श्रेष्ठ
सदस्य


दिगम्बर श्रेष्ठ
सदस्य


हरिकृष्ण द्वारे
सदस्य

## सूर्यविनायक नगर सहकारी समन्वय उपसमिति


काजीबहादुर पञ्च
संयोजक


कञ्चनकृष्ण न्यौपाने
सदस्य


कृष्णभक्त डाखुसी
सदस्य


मिठाराम न्यौपाने
सदस्य


राजेन्द्र खत्री
सदस्य

## चाँगुनारायण नगर सहकारी समन्वय उपसमिति


सन्तोषी खतिवडा
संयोजक


मनोज गिरी
सदस्य


रामचन्द्र बासी
सदस्य


सालिकराम लामिछाने
सदस्य


लिलानाथ निरौला
सदस्य

# व्यवस्थापन समूह



**बालकृष्ण धोजु**
प्रमुख कार्यकारी अधिकृत



**कृष्णश्वरी ह्यौमिखा**
वित्त तथा प्रशासन अधिकृत



**पूर्णकुमारी त्योछिन**
कार्यालय सहायक



**सुनलक्ष्मी चन्यो**
व्यवसाय सहायक



**राजन कासिछ्वा**
कार्यालय सहायक



**श्रृजना तमखु**
सहायक



**रोकेश जोशी**
सहायक



**कृष्णलक्ष्मी साँयजू**
सहयोगी



**सुदर्शन बखुन्छे**
सुरक्षा गार्ड



**सुरेश न्हेम्हाफुकी**
सुरक्षा गार्ड

टिपोट

# टिपोट